प्रेस काउन्सिल नेपालद्वारा राष्ट्रियस्तरको (क) वर्गमा वर्गीकृत

# वैजयन्ती

वर्ष १६ अङ्क १ पूर्णाङ्क ८५ विधाकेन्द्रित साहित्यिक पत्रिका २०८० वैशाख-ज्येष्ठ

**संस्थापक**
वसन्तकुमार शर्म्मा 'नेपाल'

**संरक्षक**
राधादेवी शर्मा

**निर्देशक**
विनयकुमार शर्मा नेपाल

**प्रधान सम्पादक**
ठाकुर शर्मा भण्डारी

**सम्पादक**
यादव भट्टराई

**सहयोगी**
कमला नेपाल
महेशप्रसाद रिजाल
भाभा शर्मा
आभा शर्मा
मातृका आचार्य
विभव नेपाल

**प्रकाशक**
**शब्दार्थ प्रकाशन**
चाबेल, काठमाडौं
**Shabdartha Prakashan**
Chabahil Ganeshthan, Kathmandu, Nepal
977-01-4497351 / 9841-496103
email : shabdarthaprakashan@gmail.com
nepal.vk@hotmail.com / nepal120@yahoo.com
web : http://nepalipublisher.com / http://shabdarthaprakashan.com

;'rgf M j}hoGtLdf k|sflzt /rgfsf] ;DkÜf{lhDd]jf/ :jod\n]vs g}xg\5g\.

# सम्पादकीय

● नेपाली साहित्यको सेवामा समर्पित वैजयन्ती विधा केन्द्रित साहित्यिक पत्रिकाको लक्ष्य भनेको नेपाली साहित्यमा विधागत संवर्द्धन र प्रवर्द्धन गर्नु हो ।

● विगत पन्ध्र वर्षमा वैजयन्तीले अन्तर्वार्ता, नाटक/एकाङ्की, चाड/पर्व, संस्कृति, विदेशयात्रा, स्वदेशयात्रा, पूर्वस्मृति, राष्ट्रियव्यक्तित्व, संस्मरण, निबन्ध, मुक्तक, गीत, गजल, गद्यकविता, छन्दकविता, लघुकथा, कथा, लघुउपन्यास, समीक्षा आदि आठ सयभन्दा धेरै स्रष्टाका अनेक विधा उपविधाका हजारौँ रचना प्रकाशन गरिसकेको सर्वविदित छ ।

● लघुउपन्यास आख्यान विधाअन्तर्गतको उपन्यास उपविधाको सानो वा छोटो रूप लागे पनि वास्तवमा त्यस्तो भने होइन । जसरी कथालाई सानो पार्दैमा लघुकथा बन्दैन त्यसै गरी कथाको संरचनालाई तन्काएर वा उपन्यासको संरचनालाई खुम्च्याएर लघुउपन्यास बन्दैन । लघुउपन्यासको पनि लघुकथा, कथा, उपन्यासको जस्तै आफ्नै छुट्टै पहिचान र संरचना हुन्छ । यसैको उदाहरण स्वरूप यस अघि अङ्क २७ मा वैजयन्तीले ६ स्रष्टाको लघुउपन्यास समेटिसकेको हो । यसपल्ट फेरि अङ्क ८५ मा त्यो प्रयासलाई दोहऱ्याइएको छ ।

● वैजयन्तीद्वारा साहित्यका विविध विधा मार्फत स्रष्टाका भावनात्मक स्वरूपलाई सम्प्रेषण गर्ने, नित्य नवीनतम मार्ग पहिल्याउने समुद्देश्यले निरन्तर रूपमा प्रकाशित गरिरहेका छौं । यसका प्रत्येक अङ्क विशेष रूपमा प्रकाशित हुने गरेको सन्दर्भ वेला-बखत विद्वान्वर्गमा चर्चा-परिचर्चा हुने गरेको हामीले सुन्ने गरेका छौं, सम्पूर्ण साहित्यिक जगत्को यही सत्प्रेरणाले हामीलाई साहित्यसेवा गर्ने ऊर्जा प्राप्त भएको छ ।

● वैजयन्तीको ८५ औं अङ्कमा केही स्वनामधन्य साहित्यकारका लघुउपन्यासहरू यस अङ्कमा समावेश गरिएको छ ।

● आफ्नो लक्ष्य अनुकूल वैजयन्तीले सम्बन्धित विधाको जानकारी **वैजयन्ती विधा केन्द्रित साहित्यिक पत्रिका** र **वैजयन्ती साहित्यिक पत्रिका** नामको फेसबुक भित्तोबाट दिइरहेको छ ।

● वैजयन्तीलाई माया गरेर रचना उपलब्ध गराउनुहुने सम्पूर्ण स्रष्टाहरूमा वैजयन्ती परिवार हार्दिक आभार प्रकट गर्दछ । यसका साथै आगामी दिनमा पनि सम्पूर्ण लेखक, साहित्यकार एवं पाठकहरूबाट स्नेह, सद्भाव र सहयोग प्राप्त हुनेछ भन्नेमा हामी विश्वस्त छौं ।

● **शब्दार्थ प्रकाशन**को **वेब साइट** http://shabdarthaprakashan.com वा http://nepalipublisher.com का साथै http://www. khabarinepal.com **को** Hotlink **मा वैजयन्ती**का सबै अङ्क **'डाउनलोड'** गर्न मिल्ने गरी राखिएका छन् ।

अन्तर्वार्ता-१, हाइकु-१, संस्कृति-१, पूर्वस्मृति-१, लघुउपन्यास-२, चाड/पर्व-१,
गीत-१, नाटक/एकाङ्की-२, विदेशयात्रा-३, मुक्तक-४, गजल-४, लघुकथा-५,
स्वदेशयात्रा-४, राष्ट्रिय-व्यक्तित्व-५, कथा-७, संस्मरण-७, गद्यकविता-७, निबन्ध-८
समीक्षा-८, छन्दकविता-१३ ओटा अङ्कहरू निकालिसकेको

साहित्यिक पत्रिका **वैजयन्ती**को

८६ औं अङ्क **कथा-अङ्क ८** हुनेछ ।

## यस अङ्कमा


| क्रम. के | कसको | पृष्ठ |
|---|---|---|
| **१. कटेरो** | | |
| | आत्माराम खरेल | ५ |
| **२. पञ्चकन्या पानीपुरी** | | |
| | इन्दु पन्त | ३८ |
| **३. गे-लेस्वियन** | | |
| | सागर 'मणि' थापा | ६७ |
| **४. एकराते तानाशाह** | | |
| | हरि भट्टराई | १०० |
| **आख्यान संरचनाका सापेक्षतामा लघुउपन्यासको रचनाविधान** | | |
| | डा. रमेश शुभेच्छु | १२१ |


### स्थायी स्तम्भ

**आवरण चित्र :** अनुभूति गुप्ता, उत्तरप्रदेश, भारत


**अब हाम्रो पालो**

कथा, संस्कृति, मुक्तक, गजल, लघुकथा आदि अङ्क।

वैजयन्तीको लागि रचनाहरू शुद्ध टाइप गरी
shabdarthaprakashan@gmail.com
मा पठाउन सक्नुहुनेछ।

## लोकतन्त्रको उपलब्धिको रक्षा गरौं

* विधिको शासन
* नागरिक स्वतन्त्रताको संरक्षण
* सूचनाको हक
* संवैधानिक सरकार
* आवधिक निर्वाचन
* समावेशी सहभागिताको सुनिश्चितता
* बालिग मताधिकार
* अभिव्यक्ति स्वतन्त्रता
* न्यायिक स्वतन्त्रता

यी लोकतन्त्रका विशेषता हुन्, यिनको अवलम्बन गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

# कटेरो

**आत्माराम खरेल**

राष्ट्रिय निकुञ्जको अवलोकन गर्‍यौं । कहिले कतै हिंस्रक जन्तुको आवाज सुनेर डरायौं । कहिले कतै आलो रगत देखेर भयभीत भयौं । कहिले वन्यजन्तुले स्तनपान गराइरहेका, कहिले मयुर नाचेका त कहिले चखेवाका रोमान्टिक दृश्यले निकै रमायौं । वन्यजन्तु जति देखिँदै गए, उति उत्सुक हुँदै गयौं । समग्रमा वन्यजन्तु अवलोकन निकै आकर्षित र प्रभावकारी थियो । काठमाडौं फर्किएकी म र मिनिता बसबाट ओर्लन्छौं । आपसमा बिदाबारी हुँदै आ-आफ्ना घरतिर लाग्छौं ।

केही सातापछिको कुरो हो । कम्प्युटर टाइप गरिएको पाण्डुलिपिको प्रतिलिपि चारथान बनाएर ल्याएँ । चिया बसालेर बसेको मात्र थिएँ, आवाज आयो - 'ढकढक ...ढकढक ..., जिनिता ! ... जिनू !'

'को, मिनिता हो ?'

'अँ अँ म मिनू !'

ढोका खोल्दै भन्छु - 'कति चिच्याको हो ?'

मिनिता - 'हेर त ! उहाँहरू तिमीलाई भेट्न आउनुभा'को ।'

मुन्टो लम्काउँदै ढोका बाहिर हेर्छु । पाहुनाहरू देखेर भन्छु - 'यहाँहरूलाई स्वागत छ ! भित्र पाल्नोस् न ।'

खाटमा बस्दै मिनिता भन्छिन् - 'उहाँहरूलाई चिनेकी छौ ?'

'कतै देखेजस्तो पनि लाग्छ । एकछिन है, चिया बसालेकी छु, पानी थपेर आउँछु,' भन्दै भान्छामा जान्छु ।

चियामा पानी थपेर आएँ र मिनिताछेउ बसेँ । पाहुनाको परिचय दिँदै मिनिता भन्छिन् - 'प्लास्टिकको मूढामा बस्ने दाइ पत्रकार, बेतको मूढामा बस्ने दाइ पुस्तक प्रकाशक, काठको त्रिपाईमा बस्ने दाइ पुस्तक बिक्रेता र प्लास्टिकको त्रिपाइमा बस्ने दाइ पुस्तकालय अधिकृत हुनुहुन्छ ।'

सबैप्रति मेरो हार्दिक नमन छ । यहाँसम्म भेट गर्न आउनु'भो एकदमै खुसी छु । यहाँ आउनुमा खास कारण पनि होला नि !

'चिया म बनाउँछु, तिमी कुरा गर्दै गर न' भन्दै मिनिता भान्छातिर गइन् ।

पुस्तक विक्रेता - तपाईंबारे मिनिताजीबाट थाहा पाएर आएका हौं ।

हाँस्दै भन्छु - के थाहा पाउनु'भो त ?

पत्रकार - निकुञ्जयात्राको रमाइलो पाण्डुलिपि तयार गर्दै हुनुहुन्छ रे !

असहज मान्दै भन्छु - रमाइलो वा सामान्य, त्यो त पुस्तक सार्वजनिक भएपछि पो ... ।

पुस्तकालय अधिकृत - तपाईंका फुटकर रचना त पत्रिकामा बरोबर आई नै रहेछन् । त्यो पनि अनुमान गर्ने आाधार त हो नि !

टी-टेबुलमा किस्ती राख्दै मिनिता भन्छिन् - सही कुरा हो । लेखकका लागि यो माहोल भन्नु पनि सहयोगी आधार त हो नि ! यहाँ फिक्का, कालो, कागती र दूध चिया छन् । आ-आफ्नो रुचिअनुसार छान्नोस् त ।

चियाको सुर्को लिँदै भन्छु - निकुञ्ज अवलोकन रमाइलो मात्र हैन डर लाग्दो पनि थियो । यहाँ पुस्तिका जस्तो पाण्डुलिपिको केही प्रतिलिपि छन् । चियापान गर्दै बिस्तारै पढ्दै गर्नुहोला । हामी खाजा तयार गर्दै रहन्छौं । समयचाहिँ अलिकबेर लाग्छ होला ।

पाहुना सबैले एकै स्वरमा भने - हवस् ।

भान्छामा जाँदै गर्दा मिनिता भन्छिन् - केही किनमेल गर्नु छ ? नत्र म जाउँला ।

'उम्, पख त, ल लिऊ - यो किनमेलको सूची र खर्च अनि सामान राख्न यो झोला ।

करिब आधा घन्टापछि । जिनू ! ....

उम्, आइपुग्यौ ?

अँ, केही पाइयो, केही पाइएन ।

झोलाका सामान हेर्छु । खाजालाई चाहिने केही सामान त रहेनछ ।

मिनू, पाहुनालाई फेरि १-१ कप चिया बिस्तारै खुवाउँदै गर बाँकी किनमेल गरेर म आइहाल्छु ।

हवस् ।

००

टिङ टिङ ... टिङ टिङ ...

हेलो !

जिनू !

अँ, भन ।

मिनिता - एकछिन मकहाँ आऊ न । हेर न लिशालाई पल्लो कोठामा राखिदिन खोज्या मान्दै मानिनँ ।

किनमेल गर्न निस्केकी छु, १५-२० मिनेटमा पुग्छु ।

मिनिता - हवस् ।

केहीबेर पछि ढकढक ... ढकढक ।

'जिनिता हो ?' भन्दै मिनिताले ढोका उघारिन् ।

'हो, लौ आइपुगें' भन्दै बैठककक्ष पस्छु । मतिर आउँदै गरेकी लिशा देखेर भन्छु - 'ओहो ! यो त निकै दुब्लाइछ ।'

मिनिता - सुत्केरी भई नि । ६-६ वटा छाउरा हुर्काउँदै छे । पल्लो कोठा अलिक न्यानो छ भनेर सार्न खोज्या मान्दै मानिनँ ।

त्यति सजिलै कहाँ मान्छे र ? आगलागी नै भए पनि आफ्ना छाउरा छाडेर माउ कतै जाँदैनन् । बरु, पहिले लिशा र उसका छाउरा बस्ने ठाउँ न्यानो बनाइदिनु । त्यहाँ केही खानेकुरा पनि राखिदिनु अनि लिशालाई त्यहाँ लगेर 'यहाँ तँ बस्ने ठाउँ । त्यहाँ तेरा छाउराका लागि । हेर त यता खानेकुरो छ, अबदेखि यता बस् है' भन न । आवाज र इशारा दुवै माध्यममा भन्नुपर्छ । त्यसपछि आफ्ना छाउरा त्यहाँ सार्छे । आफू पनि त्यही बस्न थाल्छे ।

मिनिता - अलिकअघि पनि उता सार्न खोजेथें मान्दै मानिन । अहिले पो थाहा भयो - यो ठाउँ त सुत्केरी हुन पो तय गरेकी रहिछे ।

जिनिता - हो त, मानिसमा झैं पशुपन्छीमा पनि आत्मा हुन्छ । महिलामा झैं यिनीहरूमा पनि मातृभाव हुन्छ । सन्तानप्रति गर्ने रक्षा र मायामा नै यिनको आत्मीयता र मातृभाव देखिन्छ ।

मिनिता - अनि यो हिउँदमा कतै यात्रा गर्ने सोचमा छ्यौ कि छैनौ ?

जिनिता - यसबारे तिमीलाई फोन गर्ने सुरमा थिएँ । अहिले सम्झायौ ठिकै भयो । तिमीले कुनै वन्यजन्तु निकुञ्जको अवलोकन गरेकी छ्यौ ?

मिनिता - अँह छैन ।

जिनिता - यही शुक्रबार चितवनको सौराहा जाने सोचमा छु ।

मिनिता - कति दिनको लागि हो, कुन ठाउँमा बस्ने हो ?

जिनिता - ४-५ दिनको लागि । कटेरोमा बस्ने सोचमा छु । तिमी पनि सामेल हुन्छ्यौ ?

मिनिता - भइहाल्छु नि ।

जिनिता - अफिस बिदा नि ?

मिनिता - अफिस छाडेर आजकल घरमै अध्यापन थालेकी छु ... ।

जिनिता - किन बीचैमा चुप भयौ ?

मिनिता - बिहीवार यहीं वास बस्ने गरी आउन । यतैबाट सँगै जाऔं ।

जिनिता - अनि यी सुत्केरी र छाउराको रेखदेख नि ?

मिनिता - यता कोठाकी दिदीलाई भन्छु । मेरो अनुरोध सधैं मानेकी छिन् ।

जिनिता - ल त बिहीवार साँझ आउँला, अहिले लागें ।

OO

पहिलो दिन बिहान । पर्यटक वाहनमा चितवन गइरहेका छौं । मिनिता झ्यालछेउको सिटमा छिन् । ठाउँठाउँमा भीर, खोला, बगर आदि देखिन्छन् ।

त्यहाँ सिनोलगायत प्रदूषणजन्य वस्तु पनि थुप्रै देखिन्छन् ।

नाक खुम्च्याएकी मिनितालाई भन्छु - किन मुख बिगार्‍यौ, के भयो ?

मिनिता - किन यतिविधि फोहोर बढ्दै गएको होला ?

जिनिता - सिनोलगायत प्रदूषणजन्य फोहोर खाइदिने गिद्धको सङ्ख्या घट्दै गएर ।

मिनिता - सरसफाइमा गिद्धले पनि सघाउँछन् ?

जिनिता - सघाउँछन् नि, यी त प्रकृतिका कुचिकार हुन् ।

मिनिता - 'जटायु रेस्टुरेन्ट' तथा 'गिद्ध प्रजनन केन्द्र'का बोर्ड पनि देखिन्छन् नि ?

जिनिता - यत्रतत्र हुँदाका यी चरा सस्ता र घृणित हुन्छन् । विरलै देखिँदाका यिनै चरा महङ्गा र प्यारा लाग्छन् । यतिबेला यिनको महत्त्व जनस्तरमा पनि बुझ्िँदै गएको छ । यिनैका कारण नयाँ नयाँ संस्था पनि खुल्दै गएका छन् । तिनको उद्देश्य गिद्ध संरक्षण र वातावरण स्वच्छता हो ।

टाँडी पुग्यौँ ।

हामीलाई पर्खिरहेको जीपमा सौराहातिर गइरहेका हुन्छौँ । बूढी राप्तीको पुल हुँदै गइरहँदा मिनिता भन्छिन् - जिनू ! कटेरो पुग्न लाग्यौँ जस्तो छ ।

झ्यालतिर हेर्दै भन्छु - अँ त, कटेरो हाता रूखैरूखले भरिभराउ रहेछ । ससाना कटेराहरू रहेछन् । कटेरा पनि माटारडका भित्ता र खरका छानाले बनेका रहेछन् । गोलाकार भोजनकक्ष भएको कटेरो निकै आकर्षक रहेछ ।

कटेरो छिर्दै गर्दा मिनिता भन्छिन् - हामी चढेकै बसबाट यता आउने अरू पनि रहेछन् ।

अँ, केही एशियाली तथा युरोपेली पाहुना पनि छन् । पहिले नै आएर बसेका केही पाहुना पनि रहेछन् ।

हामीलाई सरासर सभाकक्षमा लगियो । पाहुनासामु उभिएर एक महिला भन्छिन् - म प्रकृति पथप्रदर्शक मन्दिरा हुँ । यहाँहरू सबैलाई स्वागत छ ।

हामीले पनि आ-आफ्नो परिचय दियौँ । मन्दिरातिर हेर्दै मिनिता भन्छिन् - तपाईं यो क्षेत्रमा लाग्नुभएको कति भयो ?

मन्दिरा - यो क्षेत्रमै लागेको त धेरै भयो । पथप्रदर्शक भएको चाहिँ पाँच वर्ष भयो ।

जिनिता - वन्यजन्तु अवलोकन गराउँदै पैदलयात्रा गर्दाको मानसिकता कस्तो हुन्छ ?

मन्दिरा - वन्यजन्तुसँग जति नै बेला पनि जम्काभेट हुन सक्छ । आफ्नो ज्यान हत्केलामा राखेर हिँड्नुपर्छ ।

मिनिता - यो पेशा कस्तो लाग्छ ?

मन्दिरा - रमाइलो लाग्छ । माउ वन्यजन्तुको गतिविधिमा विशेष रुचि हुने

गर्छ । (घडी हेर्दै) ल, साढे बाह्र बज्न लागेछ । अब शयनकक्ष देखाउँछौं । एकबजे दिवाभोजन लिन आउनु होला । भोजनपछि आरामको समय हो । साँझ चारबजे हात्तीस्नान र थारु गाउँ हेर्न जानेछौं ।

हामी भोजनकक्ष जाँदै थियौं । ढोकाछेवैमा रहेका पथप्रदर्शक मन्दिरा र बिरु आपसमा कुरा गरिरहेका थिए ।

मन्दिरा - केही दिन भयो एउटी बघिनी यतातिर देखिएकी छे । ससाना डमरूसहित घुमिरहेकी हुन्छे । (हामीतिर हेर्दै भन्छिन्) बसाइ सरेकी छैन भने तपाईंहरूले पनि देख्न पाउनुहुनेछ । बिरालो प्रजातिको 'बीग क्याट' भनिने बाघ देख्न पाउनेलाई भाग्यमानी भनिन्छ ।

मिनिता - बिरालो प्रजाति भन्नाले कस्ता जनावर हुन् ?

मन्दिरा - डुलुवा र घरपालुवा बिरालो, वन बिरालो, सुनौलो बिरालो, बाघ, चरीबाघ, चितुवा, हिम चितुवा, सिंह, लाइगर आदि बिरालो प्रजातिका हुन् । यिनले एक बेतमा ६-६ वटा डमरू जन्माउँछन् ।

जिनिता - लाइगरचाहिँ कस्तो जीव हो ?

मन्दिरा - 'टाइगर' र 'लायन'को संसर्गबाट जन्मिने जीव 'लाइगर' हो ।

हामीबीच कुरा हुँदै गर्दा केही पाहुना आए । हामी पनि भित्र छिर्‍यौं ।

आफूसामु रहेकी यूरोपेली महिलातिर हेर्दै मिनिता भन्छिन् - हेलो !

ती महिलाले उसकै भाषामा जवाफ फर्काउँछिन् - हाल्लो !

मिनिता - ह्वेर आर यू फ्रम ? (कहाँबाट पाल्नुभएको ?)

ती महिला - आइ केम फ्रम जर्मनी (जर्मनीबाट आएकी हुँ) ।

म पनि आफूसामु रहेकी मङ्गोल महिलालाई भन्छु - हेलो !

उसले पनि आफ्नै भाषामा जवाफ फर्काउँछिन् - यो बो से यो ।

ह्वेरआर यू फ्रम ? (कहाँबाट पाल्नुभएको ?)

फ्रम कोरिया (कोरियाबाट) ।

ओह ! कोरियन ?

कोरियाली - एस ! एस् ! (अँ अँ) ।

केही टुटेफुटेका र केही लाटो भाषामा कुराकानी गर्दै दिवाभोजन लियौं ।

माघ महिना भनेर के गर्नु, दिउँसो त निकै गर्मी रहेछ । हामी आफ्ना कोठामा कुराकानी गर्दै आराम गर्छौं । साँझ चारबजे मन्दिराको साथ राप्तीनदीतिर जान्छौं ।

राप्तीनदी किनारमा १२-१५ वटा हात्ती थिए । ती हात्ती सूँडमा पानी भर्थे र आफ्नो शरीरमा छर्कन्थे । २-३ वटा हात्तीमा माहुते थिए । ३-४ वटा हात्तीमा बिकिनी मात्र लगाएका विदेशी महिला थिए । त्यस्तै ४-५ वटा हात्तीमा कट्टुमात्र लगाएका विदेशी पुरुष थिए । हामी र अन्य केही पाहुना भने हात्तीस्नान हेरेर रमाइरह्यौं । अलिकपछि सूर्यास्तको दृश्य पनि देख्यौं ।

अब हामी थारु गाउँतिर लाग्छौँ ।

मन्दिरा भन्दै थिइन् - 'थारु संस्कृतिबारे अध्ययन र अनुसन्धानका लागि चितवन महत्त्वपूर्ण क्षेत्र हो ।'

एकाएक मिनिता कराउँछिन् - आम्मै ! कुखुराले उड्दै आएर त्यो कुकुरलाई कस्तरी झम्टेको ।

मन्दिरा - हामी जाबो पन्छी भन्छौँ । हेर्नोस् त ! ती प्रत्येक कुखुरीका आठ-दशवटा चल्ला छन् । तिनलाई हुर्काइ-बढाई गरिरहेकै छन् । तिनका लागि जस्तोसुकै मूल्य चुकाउन पनि तयार रहेकै छन् ।

साँझ । हामी भोजनकक्षमा छौँ । मन्दिरा भनिरहेकी हुन्छिन् - यतिबेला यस कटेरोमा १ रात २ दिनदेखि ६ रात ७ दिनसम्म रहनुहुने पाहुना हुनुहुन्छ । प्याकेज तथा सशुल्क आग्रहअनुसारका अवलोकन गतिविधि हुनेछन् । वन्यजन्तु अवलोकनमा जाँदा ख्याल गर्नुपर्ने कुराहरू जानकारी गराउन चाहन्छु । आफूले लगाउने वस्त्रको रङबारे एकदमै विचार पुऱ्याउनु आवश्यक छ । राता, उज्याला, चम्कने र टल्कने खाल्का वस्त्र लगाउनुहुन्न । त्यस्ता वस्त्रले वन्यजन्तुलाई भयभीत र आक्रोशीत गर्छ । भयभीत हुने वन्यजन्तु टाढैबाट भाग्छन् । अक्रोशीत हुने वन्यजन्तुले आक्रमण गर्छन् तसर्थ फिक्का, खाकी, हरिया वा भलादमी रङका वस्त्र लगाऔँ । धेरै बाक्लो वस्त्र लगाउँदा गर्मी भई उकुसमुकुस हुन्छ । त्यस्तै वस्त्रबाट आउने सऱ्याक-सुरुकले पनि वन्यजन्तु भड्किने हुन्छन् । यसबाट आफैलाई पनि खतरा हुन सक्छ । काँडा अल्झिए पनि सजिलै नच्यातिने र छरिता खाल्का वस्त्र वेश हुन्छन् । कुनै सुगन्धित द्रव्यको प्रयोग गर्नुहुँदैन । चुरोट खानु पनि हानिकारक हुन्छ ।

बेलायती पर्यटक भन्छन् - धूम्रपानको गन्धले पनि खतरा आइलाग्न सक्छ ?

फ्रान्सेली महिला भन्छिन् - सुगन्धित द्रव्यको गन्धले पनि खतरा निम्तिन सक्छ ?

मन्दिरा - निश्चय पनि खतरा निम्तिन सक्छ । कारण बाघ, हात्ती, गैँडालगायत अधिकांश वन्यजन्तुको घ्राणशक्ति एकदमै उच्च हुन्छ । यही शक्तिबाट तिनीहरूले नौला कुरा थाहा पाउँछन् । त्यस्तै तिनीहरूको दोस्रो शक्ति सुन्नुमा र तेस्रो शक्ति देख्नुमा हुन्छ । यतिबेला निकुञ्जको अधिकांश क्षेत्रमा खरखडाई कटानी भइसकेको छ । वन्यजन्तु देख्न केही सहज हुनेछ । १-१ बोतल पिउने पानी साथमा राख्नुहोला । फोल्डिङ छाता छ भने बोक्नुहोला । क्याप छ भने लगाउनु होला । भोलि बिहान ६:०० बजे बिहानीखाजा तयार हुनेछ । ६:३० बजे पैदलयात्राका लागि जानेछौँ ।'

रात्रीभोजन लिन्छौँ अनि चौरमा आगो ताप्दै म र मिनिता कुरा गरिरहेका हुन्छौँ ।

मन्दिरा आएर सोध्छिन् - आज पहिलो दिनको अवलोकन गतिविधि कस्तो लाग्यो ?

मिनिता भन्छिन् - हात्तीस्नान राम्रो लाग्यो । थारु गाउँ अवलोकन पनि रमाइलो भयो ।

म पनि प्रतिक्रिया दिन्छु - नदीपारी देखिएको सूर्यास्त निकै मनमोहक थियो ।

मन्दिरा - हवस् त आजलाई यत्ति नै, शुभरात्री !

प्रत्युत्तरमा 'शुभरात्री !' भन्दै हामी कोठातिर आयौं ।

दाँत ब्रस गर्दै थिएँ । खाटमा खुट्टा पसारेर मिनिता मुसमुसु हाँसिरहेकी थिइन् ।

मिनू !

हजूर !

एक्लै मुसुमुसू हाँसिरा'छ्यौ, केही सम्झ्यौ कि कसो ?

कोठा न्यानो बनाएर लुसीलाई सार्न भनेकी थियौ नि ... ।

अँ ... ।

त्यो रात सपना देखेको कुरा सुनाउँदै मिनिता भन्छिन् - '... म त तीन छक परें । आम्मै नि ! लुशी त मान्छेले झैं बोलिरहेकी थिई - ती भालेहरू कहाँ गए ? यी बालबच्चाको भरणपोषण गर्न लगाओ । बाबु बन्ने बेलामा आँखा नदेख्ने ती मर्दहरू खोजेर यहाँ लेराओ ।'

उनलाई सम्झाउँदै भन्छु - लुशीप्रति तिमी निकै गम्भीर भा'कोले सपना देखेकी हौ । सपना भन्ने कुरो घटनाले दिमागमा पारेको प्रभावमा पनि भर पर्छ । त्यस्तै खाले घटना यहाँ पनि घट्न सक्छ अनि यहाँ पनि सपना देख्न के बेर ।

'हुन त पहिले पनि यस्तैखाले घटना घटेको थियो । सपना पनि देखेको थिएँ । अब सुतौं ल, शुभरात्री !' भन्दै मिनिता ओढ्नेभित्र छिरिन् ।

एकछिन पछिको कुरो हो । म पनि सुत्ने तरखर गर्दै थिएँ । एकाएक अनौठो आवाज सुनिन थाल्यो । कहिले घस्याक्घुसुक् घस्याक्घुसुक् गरेको आवाज आउँथ्यो । कहिले घससस्स घस्स, घससस्स घस्स गरेको आवाज पनि सुनिन्थ्यो । गैंडा पो आयो कि भनेर पछाडिको झ्यालतिर हेरें । के हो घिस्रिरहेको छ । स्पष्ट देखिएन । त्यो जीव हाम्रो शयनकक्ष भएको कटेरोतिर मोडियो । 'न बाघले पो शिकार घिसारिरहेछ कि ? मलाई देख्यो भने झम्टिन पो आउने हो कि ?' आदि तर्कना गर्दै थिएँ । हाम्रै शयनकक्ष अगाडिबाट के हो हिँडिरहेको पनि देखियो । त्यसले के हो घिसारिरहेको थियो । अब अगाडिको झ्याल छेवैमा आएर हेर्छु । आम्मै ! दुईटा गैंडा पो रहेछन् । सुतिरहेकी मिनिता कोल्टे फेर्दै थिइन् । उनलाई पनि गैंडा देखाउन मन लाग्यो ।

मिनू ! ...

उँम् ! ...

जिनिता - हेर त बगैंचातिर गैंडा आइरहेछ ।

मिनिता - हँ ! गैंडा ...।

जिनिता - अँ, अलिक बिस्तारै बोल न ।

उनी मछेउ आइपुग्दा दुईटा गैंडा स्पष्ट देखियो ।

आँखा झिपझिप गर्दै मिनिता भन्छिन् - के हो त्यो गैंडामाथि ?

जिनिता - भाले गैंडा ।

मिनिता - भाले गैंडाले त पछाडिका खुट्टा लतारिरहेछ । पोथी गैंडा चर्दै हिँडिरहिछे । त्यत्रो भाले ज्यानलाई पनि घिसार्दै हिँडेकी छे । त्यसरी पनि चर्न सक्ने त्यो गैंडा निकै बलिइरहिछे । जिनू ! ...

जिनिता - अँ ...

मिनिता - त्यो भाले गैंडा किन घिस्रिरहेको ?

जिनिता - तिनीहरूको समागम भइरहेछ ।

मिनिता - ए ....।

'ती गैंडा खेततिर लागे' भन्दै मैले पर्दा लगाएँ ।

मिनिता भन्छिन् - अब सुतौं होला । यस्तै अरू देखिए मलाई पनि उठाउन ल ।

'हुन्छ' भन्दै म पनि बिस्तारै ओछ्यानतिर जान्छु ।

OO

दोस्रो दिन बिहान । पैदलयात्राका लागि तयारी अवस्थामा थियौं । मन्दिरा हातमा लठ्ठी लिएर उभिएकी थिइन् । फिका हरियो रङको क्याप र त्यस्तै रङको वस्त्र लगाएकी थिइन् । उनको छेवैमा लठ्ठी समाएको एक ठिटो थियो । उसले पनि पथप्रदर्शक वस्त्र लगाएको थियो । यस्तैमा मन्दिराले सबैजनाको ध्यानाकर्षण गरिन् । उक्त ठिटोको परिचय दिँदै भनिन् - यी मेरा सहयोगी पथप्रदर्शक अमीर राउत हुन् । उनले यो पेशा थालेको ३ महिना भयो । सबैले उसलाई सहयोग गर्नुहोला । सबैभन्दा अगाडि म र सबैभन्दा पछाडि राउत हुनेछन् । पैदलयात्रामा ध्यान दिनुपर्ने थप केही जानकारी गराउँछु - 'निकुञ्जयात्रा गरिरहँदा एकदमै शान्त हुनुपर्छ । हल्लाले कुनै वन्यजन्तु भाग्छन् त कुनै वन्यजन्तु आक्रोशीत हुन्छन् । कतैबाट उफ्रिएर आएको बाघ आफ्नै पछाडि पनि हुन सक्छ । त्यसबारे आफूलाई थाहा नहुन सक्छ । हामीले जनावर देखेका हुँदैनौं तर जनावरले हामीलाई देखिरहेको हुन सक्छ । त्यस्तै घाम ताप्न गोही, सर्प, कछुवा आदि उभयचर प्राणी पनि आउँछन् । बिहानीपखको घाममा चिरिबिरी गर्ने चराचुरूङ्गी अस्ताउने बेलाको घाम पनि ताप्न आउँछन् ।'

हामी निकुञ्ज प्रवेशद्वार पुग्यौं ।

मन्दिराले भनिन् - 'यो चितवन राष्ट्रिय निकुञ्ज हो । यहाँ विश्वमै दुर्लभ

मानिएका केही वन्यजन्तु पनि छन् । त्यसमध्ये यहाँ एकसिङे गैंडा, पाटेबाघ र जङ्गली हात्ती पनि छन् ।'

हामी पैदलयात्रा गरिरहेछौं । हरिण, खरायो, वन कुखुरो देखिए । यही क्रममा सर्प र जरायो पनि देखिए । एकजोडी गैंडा चरिरहेको हेर्दै गर्दा मन्दिरा भन्छिन् - 'यतातिर बाँदर पनि छन् । आ-आफ्नो झोला, सरसामान ख्याल गर्नुहोला । ऊ त्यतातिर मृग चरिरहेका छन् । चराहरू पनि छन् । कतिबेला कताबाट फुत्त भालु निस्कन्छ पत्तो हुँदैन । होस गर्दै हिँड्नुहोला ।'

एउटी पाहुना सोध्छिन् - मन्दिराजी ! ऊ त्यो ठूलठूलो सिङ भएको भैंसीजस्तो के हो ?

मन्दिरा - जङ्गली भैंसी अर्ना हो । त्यो पनि बडो खतरनाक हुन्छ । ती ठूलठूला सिङ नै त्यसका हतियार हुन् ।

अर्की पाहुना - त्यो एकदमै अत्तालिएको देखिन्छ नि, किन ?

मन्दिरा - सायद कुनै हिंस्रक जन्तुले लखेट्यो होला । ऊ ... सुन्नोस् त !... बाघ कराइहेछ । बाघ त्यही वरपर हुन सक्छ । सबैजना सतर्क रहनुहोला ।

अकस्मात् अर्नाको पछाडि दुईटा र अगाडि एउटा बाघ देखिए । अर्ना दौड्न खोज्दै थियो । एउटा बाघले पछाडिको फिलामा दाह्रा गाड्यो । अर्ना फनफन घुम्दै त्यो बाघलाई हान्न खोज्दै थियो । दोस्रो बाघ उफ्रेर अर्नाको ढाडमा पुग्यो र दाह्रा गाड्यो । अर्ना कराउँदै फेरि घुम्न खोज्यो । तेस्रो बाघ पनि ढाडमा पुग्यो र दाह्रा गाड्यो । तलको बाघले अर्नाको पछाडि खुट्टामा पटक पटक दाह्रा गाड्यो । माथिका बाघले पनि दाह्रा गाडि नै रहे । कराइरहेको अर्नाको आवाज क्रमशः सानो हुँदै गयो । बाघसितको मुकाबिला कम हुँदै गयो । अन्तमा अर्ना ढुनमुनाउँदै थचक्क बस्यो । दुईटै बाघ ढाडबाट ओर्ले । तीनवटै बाघले एकसाथ अर्नाका मासुका चोक्टा लुछ्न थाले । अर्ना 'आँइइँइँ ! ... आँइँइँइँ ...!' गर्न थाल्यो । त्यो बीभत्स दृश्य हेर्न हामीलाई निकै गाह्रो भइरहेको थियो । मन्दिरा पनि बेलाबखतमा मुन्टो अर्कोतिर फर्काउँथिन् । मेरो त श्वास नै रोकिएला जस्तो भयो । कसैले मेरो पाखुरा च्याप्प समाउँदा पो झस्किएँ । यसो हेरें । मिनिता त डरले मलाई समाउन आइछन् । बिचरी, मैले उनको ढाड सुमसुम्याएँ । मन्दिराले भनिन् - 'अब अगाडि बढौं होला ।'

हामी बिस्तारै पैदलयात्रा गरिरहेका हुन्छौं । एकाएक भारतीय महिला चिच्याउँछिन् - लौ मेरो क्यामेरा त बाँदरले लग्यो ।

मन्दिरा - सानो स्वरमा बोल्नोस् नत्र अरू खतरा आइलाग्न सक्छ ।

भारतीय महिला - अनि मेरो क्यामेरा ?

मन्दिरा - बाँदर ऊ त्यो रूखमा उक्लेको छ । त्यसलाई फकाउनुपर्छ ।

मन्दिराले आफ्नो झोलाभित्र यसो हेरिन् । आफ्नो सहयोगी राउततिर पनि हेरिन् । 'तिमीसित छ ?' भन्ने आशयमा 'केरा' भनिन् । उसले 'छैन' भन्ने

आशयमा शिर हल्लायो अनि हामीतिर हेर्दै भनिन् - 'कसैले केरा बोक्नुभएको छ ? छ भने एक कोसा दिनोस् त ।'

अमेरीकी महिलाले एक कोसा केरा दिइन् । मन्दिराले आफ्नो झोलाबाट पनि एक कोसा केरा झिकिन् । दुवै हातमा भएका एकएक कोसा केरा बाँदरलाई देखाइन् । आवाज र इशारा दुवैमा भनिन् - 'ल ... त्यो ले, यो दिन्छु ।'

बाँदरले क्यामेरा हल्लाइरह्यो । ओल्टाइकोल्टाइ गरिरह्यो । ती क्यामेरा धनीले सानो स्वरमा भनिन् - 'त्यसले मेरो क्यामेरा खत्तम पार्ने भो ।'

मन्दिराले 'सबैजना चुपचाप उभिइरहनु होला' भनिन् । आफ्नो सहायकलाई इशारा गर्दै 'त्यतातिर पनि ख्याल गर्न' अह्राइन् । अब उनले बाँदर भएको रूखतिर पाइला सारिन् । ४-५ पाइला अघि बढेपछि टक्क अडिन् र बाँदरतिर हेरिन् । बाँदर मन्दिरालाई हेरिरहेथ्यो । मन्दिराले १-१ वटा गर्दै दुईटै केरा रूख भएतिर मिल्काइन् । बाँदर बिस्तारै ओर्ल्यो । एउटा हातले एउटा केरा लियो । अर्को हातको क्यामेरा भुइँमा राख्यो अनि अर्को केरा पनि लिएर रूखतिर उक्ल्यो । हामी चुपचाप हेरिरहेका थियौं । मन्दिरा फटाफट क्यामेरा भएतिर जाँदै थिइन् । अकस्मात् नजिकैको रूखबाट सर्प सुलुलुल्ल आउँदै गरेको देखियो । हातमा लठ्ठी लिएकी मन्दिरा बीचमै अडिन् र उभिरहिन् । जमिनमा आइपुगेको सर्पले चारैतिर हेर्‍यो । त्यसले जिब्रो निकाल्यो र फिरफिर फिरफिर हल्लायो । सबैको मन ढक्क फुल्यो तर सर्प बिस्तारै आफ्नो बाटो लाग्यो । मन्दिरा फटाफट गइन् । क्यामेरा लिएर आइन् र ती भारतीय महिलालाई दिइन् । क्यामेरा लिँदै ती महिलाले भनिन् - 'बहुत बहुत शुक्रिया ।'

यसपछि मन्दिराले हामीलाई निकुञ्जछेवैको भोजनालयमा लगिन् ।

हामी भोजन गर्दै थियौं, मन्दिराले भनिन्- 'यसपछि पुनः गरिने पैदलयात्रामा पथप्रदर्शक बिरुले डोऱ्याउनेछन् । अब मसितको भेट कटेरोमा हुनेछ ।'

थारु स्वादको उक्त भोजन अधिकांशले मीठो मानेर खाए । हामीले पनि मीठो मानेर खायौं । विशेष गरी चिचरको परिकार मीठो लाग्यो ।

बिरुले हामीलाई पैदलयात्रा गराउँदै थिए । केही चित्तल र बँदेल देखिए । गैंडा भने मुस्किलले एउटा मात्र देखियो । त्यो पनि निकै टाढाबाट । त्यो गैंडा झाडी नै झाडी भएको घुम्ती नजिक थियो ।

बिरु - त्यो घुम्ती उता अलिक फराक मैदान छ ।

मिनिता - त्यतातिर गए गैंडा राम्रोसित देखिएला नि !

बिरु - जाने बाटो यही हो । पहिला त्यो गैंडा मैदानतिर जानुपर्छ । त्यसपछि हामी अगाडि बढ्ने हो । दायाँबायाँ झाडी नै झाडी छ । निकै होस गर्नुपर्छ । गैंडा वरैबाट फर्किन पनि सक्छ । फर्कियो भने हामी यतै फर्कनुपर्छ र ऊ त्यो ढिस्कोमाथि जानुपर्छ ।

मिनिता - गैंडा त छिटो दौडन्छ नि हैन र ?

बिरु - हो तर तेर्सोमा मात्र ।

मिनिता - त्यो ढिस्कोमाथि गैंडा आउँदैन ?

बिरु - आउँछ तर त्यसलाई ढिस्को उक्लिन निकै समय लाग्छ । ढिस्कोमा आउन लागेपछि हामी पछाडि ओर्लिएर ढिस्कोको अर्को कुनामा जानुपर्छ । जब त्यो अर्को कुनातिर आउन थाल्छ तब हामी अर्को कुनोतिर जानुपर्छ ।

मिनिता - त्यसलाई यहींको त्यहीं कुनामा पुग्न पनि निकै बेर लाग्छ ?

बिरु - सानो मोडमा गाडी मोड्न गाह्रो भए जस्तै हो । गैंडाको शारीरिक तौल करिब दुई टन हुन्छ । यसको शरीर लाम्चो हुनुले पनि मोडिन समय लाग्छ । गैंडा हामीलाई पछ्याउँदै यो कुनाबाट त्यो कुना जान्छ अनि त्यो कुनाबाट हामी गएको अर्को कुनामा आउँछ । यसरी यो कुना र त्यो कुना गर्दागर्दै गैंडा थाक्छ । अन्ततः गैंडा हार खाँदै आफ्नो बाटो लाग्छ ।

अलिक बेरमा नै गैंडा सुरुसुरु अघि बढ्यो । हामी पनि बिस्तारै बिस्तारै अघि बढ्यौं र ससानो मैदानसामु पुग्यौं । निकै पर दुईटा गैंडा र केही मृग चरिरहेका थिए । त्यतातिर चार पाँच रूख र केही ससाना डाँडाजस्ता ढिस्काहरू थिए । त्यसबाहेक कतै लामा त कतै छोटा घाँस मात्र देखिन्थे । अलिक उता भित्रतिर खरखडाई भइरहेको थियो । तिनले कुरा गरिरहेको सुनियो - 'त्यता त गैंडाले लखेटेर हैरान गर्छन्, एकदमै ख्याल गर्नुपर्छ ।'

हामी मैदानछेउ हुँदै गइरहेका थियौं । खर काट्दै गर्नेको आवाज आयो - 'त्यो रिसाहा गैंडा त्यता आउँदै छ है, होस गर्नू ।' केही निमेषपछि झन् ठूलो आवाज आयो - 'गैंडा दौडिन थालेको छ है, ख्याल गर्नू ।'

'सुन्यौ जिनू, ती आवाजहरू सुन्दै गर्दा हामी माझ एकाएक डर र त्रास छायो अनि त बिरुले हामी सबैलाई फटाफट अघि बढौं भने । उनी, म र फ्रान्सेली महिला अलिक वरै थियौं । तिमी र अरू सबै अघिअघि गइरहेका थियौ । तिमीहरू र हामीबीचको दूरी नजिक पार्न बिरुले छिटछिटो हिंडौं भने । फ्रान्सेली महिला पनि छिटछिटो हिंड्न थालिन् । मचाहिं त्यति छिटो हिंड्नै सकिनँ । एकाएक गैंडा कराएको सुनियो । बिरुले पर पुगेकालाई ठूलो स्वरमा भने - 'कि नजिकको रूख चढ्नु कि नजिकको ढिस्कोमाथि जानु ।' फ्रान्सेली महिला पनि तिमीहरूको हुलमा पुगिसकेकी थिइन् । बिरुले 'गैंडा आइसक्यो ...ऊ त्यो रूख भएतिर बेसरी दौडनोस्' भने । म सक्दो दौडिरहेकी थिएँ । 'अब अलिकता हो' भन्दै उनले मेरो हात समातेर बेसरी दौडाए । पछाडिबाट ठूलो आवाज आयो - 'तिमीहरूको पछाडि गैंडा आइरहेछ ... चाँडो रूख चढ हो ... ।'

एउटा रूखसामु पुगेपछि मैले भनें - हामी रूखछेउ आइपुग्यौं ...।

उनले भने - ल यो रूखको आँख्लोमा समाइहाल्नोस् त । उनले हतार हतार मेरो दायाँ हात रूखको एउटा आँख्लोमा पुऱ्याए । बायाँ हात अर्को आँख्लोमा पुऱ्याए अनि भने - रूख चढिहाल्नोस् त ।

त्यसरी उनले मेरा हात समाउँदा मेरो पूरै शरीर हल्लियो। उनका पाखुरा र कुहिनाका ठक्कर पनि यताउता लागे। छक्क परें। 'गैंडा आयो भन्दैमा .. एउटी महिलाको हात ...एकपछि अर्को, त्यसरी... त्यो पनि एउटा केटा मान्छेले ..?.' लगायतका के-के कुरा सोचिरहेथें बिरु त रूख चढिसकेछन् अनि भने- 'ऊ ...पछाडि आइसक्यो, ल छिटो मेरो हात समाउनोस् त .. ।' अगाडि हेर्छु - गैंडा त थुतुनोले मैदान जोतुँला झैं गरी मेरोसामु आउँदै रहेछ । आफ्नो होसहवास उड्दाउड्दै पनि मैले बिरुको सहारामा रूख चढें । माथि हाँगोमा पुगें अनि बिरुले भने - 'अब बच्यौं ।'

केही निमेषपछि अनायासै रूखको फेदतिर हेर्न पुगें । रूखै घुमेझैं देखियो। बिस्तारै मुन्टो उचालें। रूखको फेदबाट माथितिर हेर्दै गएँ। आम्मै ! पृथ्वी नै घुमेझैं भयो। हेर्दाहेर्दै रिङ्टा लाग्लाझैं भयो। आँखा चिम्म गरें। ३-४ मिनेटपछि बिस्तारै आँखा खोलें । बिरु घरी रूखमुनि हेर्थे, घरी हाम्रो समूह भएतिर हेर्थे। मैले पनि हाम्रो समूह भएतिर यसो हेरें। तिनीहरू ३-४ जना एउटा ढिस्को र अरू ३-४ जना छेवैको ढिस्कोमाथि थिए । तिनीहरू घरी हामीतिर हेर्थे, घरी गैंडातिर। गैंडा पनि घरी तिनीहरू भएतिर हेर्थ्यो त घरी हामी भएतिर। तिनीहरू सबैमा डर र त्रास एकदमै थियो। दूरीको हिसाबले त्यो गैंडा हामीतिर बढी नजिक थियो। त्यो गैंडा अकस्मात् हामी भएतिर २-३ पाइला अघि बढ्यो अनि त म भित्रभित्रै छटपटाउन थालें। शरीर काँप्न थाल्यो, हात पनि थरथर हुनथाले। आँखा टिलपिलाउन थाले। उफ मैले बिरुको पाखुरातिर पटक पटक हेरें। आफैलाई सोधें - 'किन ती पाखुरातिर हेरें ?' जवाफ पाइनँ बरु टोलाइरहें। मौनता भङ्ग गर्दै बिरुले भने - 'गैंडाले दुई पाइला भ्याएन नत्र अनिष्ट हुन्थ्यो ।'

उनले त्यसो भनेको मलाई चित्त बुझेको पनि होइन। 'नडराउनोस् म छु नि' भने हुन्थ्यो जस्तो नलागेको पनि होइन। त्यसरी काँपिरहँदा कुनै पाखुराको सहारा नखोजेकी पनि होइन। यस्तै के-के सोच्दै गर्दा म त टोलाउन पो थालेंछु। टोलाउँदा टोलाउँदै मेरा दुवै गाला भिजेछन् साथै आँखाले अगाडि केही हल्लिएझैं देख्यो। के हल्लिएको हो स्पष्ट देखिएन। कानले पनि कसैले केही भनेझैं सुन्यो। के भनेको हो स्पष्टसित बुझिएन। दुई तीन पटक आँखा झिपझिप गरें। यसो हेरें - बिरुले पकेट रूमाल तेर्स्याउँदै 'लिनोस् त' भनेका रहेछन्। रूमाल सरक्क लिएँ। कलेजी रङको एकदमै नरम त्यो रूमालले आँखा पुछें, गाला पुछें र उनीतिर यसो हेरें। उनले बोतल तेर्स्याउँदै भने - 'पानी लिनोस् त ।'

त्यो बोतल हत्तपत्त लिएँ। हतार हतार बिर्को खोलें। झन्डै आधा लिटर पानी एकै सासमा घटघट पिएँ अनि लामो सास फेर्दै बोतलको बिर्को लगाएँ र फर्काएँ। उनले बोतल लिएर तुरुन्तै बिर्को खोले। बोतलको मुख हेरे। बोतलको मुखको घेरामा मेरा ओठका केही रङ लतपतिएका थिए। उनले आफ्नो कमिजको फेरले त्यो रङ पुछे अनि मैले झैं घटघट पानी पिए। अलिकता पानी बाँकी

भएको त्यो बोतल फेरि मतिर तेर्स्याए । मैले फिस्स हाँस्दै भने 'पुग्यो' । उनी पनि फिस्स हाँसे र भने, 'धेरै आत्तिनुभयो । अलिक पहिलेदेखि फटाफट हिँडेको भए रूख चढ्न सजिलै भ्याइन्थ्यो अनि रूखमुनि गैंडा आएर फनफन घुमेको पनि देख्न पाइन्थ्यो । त्यसले रिसाएर माथितिर हेर्दै मुन्टो हल्लाएको पनि देख्न पाइन्थ्यो । अब बिस्तारै हाम्रो समूह भएतिर जाऔँ ।'

झ्याम्म परेको त्यो रूखमा हामी करिब १०-१२ मिनेट रह्यौँ । रूख चढ्न डराएकी म रूखबाट ओर्लन झनै डराएँ । 'अब ओर्लौं' उनले फेरि भने । 'ओर्लिहाल्ने र ? यस्तो बेलामा किन हतार गरेको होला ? एकछिन यहीँ रहँदा पनि हुने नि !' भन्ने मानसिकताले टोलाउन पो थालेछु' भनेर मिनिताले पछि सुनाएकी थिइन् ।

यता हामी सबैजना ढिस्कोबाट ओर्लिएर उनीहरू भएतिर हेरिरहेका थियौँ । गैंडा पनि भर्खरै आफ्नो बाटो लाग्दै थियो । हामीमा बिरु र मिनिताप्रति निकै उत्सुकता र कुतूहलता थियो । बिरु त रूखबाट खुत्रुक्क ओर्ले । मिनूलाई भने निकै गाह्रो भयो । बिरुको सहायतामा बल्लतल्ल ओर्लिन् । उनीहरू यता आउन थालेपछि हामी सबैमा खुसी छायो । हामीसामु आइपुग्दा सबैले बिरुलाई भने - 'वन्डरफुल !' (गजब गऱ्यौ !) । त्यसपछि सबैको नजर मिनितातिर गयो । मिनितालाई एकटकले हेरिरहेकी फ्रान्सेली महिलाका आँसु झरे । मिनिताका आँखा पनि रसाए । उनको दुवै गालामा आफ्ना हात राख्दै ती महिलाले भनिन्, 'मिनूऊँऊँ ...आर यू ओकेएएए... ? (मिनूऊँऊँ ... तिमी ठीक छ्यौऔऔऔ ...?)'

उनले मसिनो स्वरमा भनिन् - 'एस्, बिकज नाओ आई एम विथ यू अल (अँ, अब म सबै माझ भएकीले ठीक छु ।'

त्यसपछि तिनले आपसमा अँगालो मारे । हामी सबैजना भावुक भयौँ । मिनूलाई कसैले दायाँ हात समाउँदै, कसैले बायाँ हात समाउँदै, कसैले कपाल सुम्सुम्याउँदै सान्त्वना दिए । हामी माझ एकदमै भावुक मुस्कान फिँजिरहेको थियो । म उनको छेवैमा थिएँ । मलाई यसो हेरिन् । मैले उनको दुवै हात आफ्नो अञ्जुलीमा राखेँ । हल्कासित मुसारेँ । उनको मुहारतिर कपालका केही रौँ लत्रिएका थिए पछाडि लगिदिएँ । बिचरी उनी त एउटी फुच्ची बहिनी झैँ देखिएकी थिइन् । कति साह्रो माया लाग्दो थिइन् । केहीबेर आफ्नो चिउँडो मेरो कुममाथि राखेकी उनले मेरो आँखातिर हेरिन् । उनका आँखाबाट तप्पतप्प आँसु चुहिरहेका थिए । ती आँसु पुछिदिएँ । दुवै गाला मुसारेँ । दुवै पाखुरा सुमसुम्याएँ र थपथपाएँ अनि सबैजना बिस्तारै पैदलयात्रा गर्दै साँझ पाँच बजे कटेरो आइपुग्यौँ ।

भोजनकक्षमा कोही दूध चिया त कोही दूध कफी पिउँदै थिए । मिनू र मचाहिँ कागती चिया पिउँदै थियौँ । मन्दिराले हाम्रो ध्यानाकर्षण गर्दै भनिन् - 'अब नुहाइधुवाइ गरी फ्रेश हुनुहोला र आराम पनि गर्नुहोला । रात्रीभोजन सात

बजे तयार हुनेछ । पौनै आठ बजेबाट आगो ताप्दै विचार विमर्श गर्नेछौं । भोलि बिहान डुङ्गा चढेर गोही अवलोकन गर्नेछौं । दिउँसो चरा अवलोकनका लागि हजारी ताल जानेछौं ।'

आज निकुञ्जमा दिनभर पैदलयात्रा गरियो । कहिले घामबाट जोगिन खरको छाया नै छायामा हिँड्न खोजिन्थ्यो । कहिले हिंस्रक जन्तु कतिखेर देखिएला भन्ने उत्सुकता हुन्थ्यो । त्यस्तै कहिले एकाएक देखिने हिंस्रक जन्तुबाट भयभीत पनि हुन्थ्यौ । समग्रमा हामी शारीरिक र मानसिक रूपमा निकै थकित थियौं । खुबै भोकाएका थियौं । नुहाएपछि थकाइ निकै मेटियो । खाना पनि थपी थपी खाइयो । शयनकक्ष गएर एकछिन आराम गऱ्यौं अनि छलफलमा सहभागी हुन चौरमा गयौं ।

आगो वरिपरि लहरै कुर्सी राखिएका थिए । केही पाहुना बसिरहेका थिए । केही पाहुना आउँदै थिए । विचार-विमर्शका क्रममा भारतीय महिला भन्छिन् - मान्छेको पुर्खा त त्यही चकचके बाँदर रे हो ?

उनको जिज्ञासा सुन्नासाथ सबैतिरबाट हाँसो फुऱ्यो । आपसमा खासखुस पनि भए । यता मिनिताले मलाई कोट्याउँदै भनिन् - यो कुरो क्यामेराको घटनासित जोडिएर आयो । मैले मुन्टो हल्लाएँ मात्र ।

यसबारे बोल्ने कोही देखिएनन् । मैले आफ्नो धारणा राख्दै भनें - कुनै बेला बाँदर प्राकृत प्रक्रियाअनुरूप (जेनेटिकल्ली) परिवर्तन हुँदै गयो रे ! कुनै निश्चित विन्दुमा पुग्दा त्यसको स्वरूप मान्छेमा परिणत भयो रे ! तर त्यो चकचके बाँदरको पुर्खा को हो ? त्यसको उत्पत्ति कसरी भयो ? यसबारे अझै अनभिज्ञ छौं । हात्ती बुद्धिमान् र सारस ध्यानी मानिन्छन् । काग बाठो र कोइली सुरिलो मानिन्छन् । ती पनि प्राकृत प्रक्रियाअनुरूप मानिसमा परिवर्तन हुँदै जालान् । त्यसरी परिवर्तित मानिस अझ बुद्धिमान्, ध्यानी, बाठो र कोकिल कण्ठे हुन्छन् होलान् । यसले समाज पनि अझै सुन्दर पो हुन्थ्यो कि ?

मन्दिराले - तपाईंको परिकल्पना एकदमै स्वाभाविक छ । 'जेनेटिकल्ली' परिवर्तन हुँदै जाँदा कुनै दिन तपाईंले भने जस्तै हुन पनि के बेर ।

अर्का एक स्वदेशी पाहुना - मन्दिराजी ! सर्प, बिच्छी र झिंगाका कुन अङ्गमा विष हुन्छन् ?

मन्दिरा - सर्पको दाँतमा, बिच्छीको पुच्छरमा र झिंगाको शिरमा विष रहन्छ ।

एक अमेरिकी पाहुना भन्छिन् - बाघका विषयमा केही सुनाउनोस् न ।

मन्दिरा - बाघलाई जङ्गलको शोभाको रूपमा लिइन्छ । यसलाई जङ्गलको राजा पनि भनिन्छ । वन्यजन्तुमध्ये सबैभन्दा आकर्षक जन्तुका रूपमा हेरिन्छ । यसले शिकारको लागि बुद्धिको खूबै प्रयोग गर्छ । यो एकदमै बलवान् र हिंस्रक हुन्छ । एकदमै डरलाग्दो पनि देखिन्छ यसर्थ पनि मांसाहारी जनावरमध्ये यसलाई

सबैभन्दा सशक्त शिकारी मानिन्छ ।

अर्को एक पाहुना - आफ्नो पछाडि बाघ आएको थाहा पाउने जीव पनि छ ?

मन्दिरा - छ, माउसुलीले दुई आँखाले अलग अलग दिसा हेर्न सक्छ । छेपारोले अगाडि पछाडि मात्र नभई चारैतिर देख्न सक्छ । भिंगाले कतै नफर्कीकन चारैतिर देख्न सक्छ । त्यस्तै उल्लूले आँखा घुमाउन सक्दैन तर पूरै टाउको पछाडिसम्म घुमाउन सक्छ । यी र यस्तै विशेषताले कतिपय जीवहरू आफ्ना शत्रुबाट बच्दछन् ।

बेलायती पाहुना - किन बाघले पिछा गरिरहेको जीव छोड्दैन ? त्यो जीवभन्दा अझ नगिच देखिएका अरू जीवको पिछा किन गर्दैन ?

मन्दिरा - बाघले शिकार गर्दा सकेसम्म कलिलो उमेरको, बूढो वा बिरामीलाई रोज्छ किनकि त्यस्ता शिकार उसको पञ्जाबाट उम्कन सक्दैन । त्यसैले बीच बीचमा अन्य जीव देखिए पनि त्यसलाई बाघले हेर्दै हेर्दैन ।

मिनिता भन्छिन् - बाघले सेतो रङमा देख्दैन भन्छन् नि ।

मन्दिरा - हो । त्यसैले बाघलाई पासोमा पार्न सेतो कपडाले घेरा हाल्ने पनि गरिन्छ ।

एक स्वदेशी पाहुना भन्दछन् - 'मरेको बाघको जुँघा उखेल्नु जस्तो' किन भनिन्छ ? वन्यजन्तु अवलोकनमा किन बाघ पहिलो प्राथमिकतामा पर्दछ ?

मन्दिरा - बाघले जीवितलाई मात्र शिकार बनाउँछ । आफ्नै पौरखमा बाँच्ने उपमा बाघ आफै पनि हो । पहिले नै मरेकोलाई छुँदैन । आँखा अगाडिको जिउँदो शिकार छोड्दैन । बरु भोकै बस्छ तर घाँस खाँदैन । मानिसको रगत एकचोटी मुखमा परेको बाघले त्यो स्वाद बिर्सदैन तसर्थ फेरि भोकाउँदाको त्यो बाघले मानिस मात्र खोज्छ । फलतः मानव बस्तीमा पस्न थाल्छ । यही क्रममा त्यो बाघ नरभक्षी नै बन्छ । अर्कोतिर यसको हाउभाउ चालढाल एकदमै आकर्षक हुन्छ । यसको हिँडाइ (क्याटवाक) त सबैलाई मन पर्छ यसर्थ पनि वन्यजन्तु अवलोकनमा बाघ पहिलो प्राथमिकतामा पर्छ ।

यी र यस्तै विचार विमर्श हुँदै गर्दा मिनिता मलाई बीच बीचमा कोट्याउँथिन्, शायद आज उनी थकाइ र निद्राले एकदमै चूर छिन् यसर्थ 'शुभरात्री !' भन्दै हामी बिस्तारै शयनकक्ष जान्छौं ।

००

तेस्रो दिन बिहान । खाजापश्चात् राप्ती नदीतिर जान्छौं । नदीकिनारमा लहरै डुङ्गा छन् । बहना समाइरहेका बोटेहरू पाहुना पर्खिरहेका छन् ।

डुङ्गा चढ्छौं । नदीदेखि बायाँतिर निकुञ्ज छ । दायाँतिर बगर छ । बगरतिर औंलो तेर्स्याउँदै मन्दिरा भन्छिन् - 'घाम तापिरहेको त्यो जीव मासमगर गोही हो । यसको पुच्छर साह्रै कडा र धारिलो हुन्छ । यसले दिने पुच्छरको एक झट्काले

गाईभैंसीका खुट्टै पनि चट् हुन सक्छ ।'

अलिक पर नदीमा कुनै जीव फ्याटफ्याट गरिरहेको थियो । सबैको ध्यानाकर्षण गर्दै मन्दिरा भन्छिन् - हेर्नोस् त ! गोहीले जिउँदो पाडो च्यापेको । कुनै भेलमा फसेर बगाएको पाडो हुनुपर्छ ।

फ्रान्सेली पर्यटक - पाडोलाई पनि गोहीले ... ?

मन्दिरा - पानीमा रहँदाको गोहीमा वयस्क अर्ना, घोडाजस्ता जीवसमेत च्याप्ने शक्ति हुन्छ । अलिक पर हेर्नोस् त, नदीछेउको त्यो चरो माटीकोरे (किङ्गफिशर) हो । त्यो चरो माछा शिकार गर्न एकदमै पोख्त हुन्छ । घन्टौबेर ध्यानमग्न हुने यसलाई एकाग्रताको प्रतीक पनि मानिन्छ । उता नदीछेउको भित्तातिर हेर्नोस् त, त्यहाँ देखिने ठूला ठूला खोपाजस्ता प्वालमा गोही बस्ने गर्छन् ।

दिवा भोजनपछि शयनकक्ष गयौं र केहीबेर आराम गर्‍यौं । सो पश्चात् वन र आरक्षित क्षेत्र हुँदै गइरहेछौं । मन्दिरा भन्छिन् - 'हामी हजारी ताल आइपुग्यौं अब चरा अवलोकन गर्दै बिस्तारै छलफल पनि गरौं ।'

मन्दिरा - नेपालमा मात्र पाइने चरा कुन होला ?

मैले भनें - काँडे भ्याकुर ।

मन्दिरा - सही । गर्मीयाममा गाइरहनु र जाडोयाममा मौन रहिरहनु यसको विशेषता हो ।

मिनिता - यतातिर त वनभोजमा आउने पनि थुप्रै रहेछन् ।

मन्दिरा - यहाँ वनभोजकै लागि पनि थुप्रै पर्यटक आउने गर्छन् । त्यस्तै चरा हेर्नकै लागि आउने चराप्रेमी पनि त्यत्तिकै हुन्छन् ।

मिनिता - चरा हेर्न त जसलाई पनि मनपर्छ नि, हैन र ?

मन्दिरा - हो तैपनि यसको आफ्नै परिभाषा छ । चराचुरूङ्गीको वासस्थान नजिक शान्तपूर्वक पुग्नु, तिनको आनीबानी, तिनले गर्ने आहारको खोजतलास, रोमान्स आदि गतिविधि हेर्नुलाई चरा अवलोकन भनिन्छ ।

म पनि जिज्ञासा राख्छु - हिउँदमा देखिने चराहरू प्रायः कहाँबाट आउँछन् ?

मन्दिरा - साइबेरिया, किर्जिस्तान, तुर्किस्तान, उज्वेकिस्तान, अजरवैजान क्षेत्रबाट आउँछन् । उत्तरी ध्रुवमा हुने हिमपातको प्रारम्भसँगै त्यताका चरा बसाइ सर्ने हुन्छन् । तिनले सुरक्षित वासस्थान र चरन क्षेत्रको खोजी गर्छन् । 'रूख सुडसुडिया' र 'टिमटिमा' नामक जलचरा चीनको उत्तरी भूभागबाट आउने गर्छन् । युरोपेली, कोरियाली र मङ्गोली चराहरू पनि बसाइँ सरेर यहाँ आउँछन् । नेपालमा असोजदेखि चैत्रसम्म त आगन्तुक चराको याम नै हो ।

आकाशतिर औंलो तेर्स्याउँदै भन्छु - 'मन्दिरा बहिनी ! माथि हेर्नोस् त ... ।'

सबै पाहुना आकाशतिर हेर्छन् । निकै लामो सर्प च्यापेर गरूड उडिरहेको थियो । सबैजना अचम्म मान्छन् । एकदमै खुसी पनि हुन्छन् । त्यसको लगत्तै देखियो बकुल्ला - चुच्चोमा माछा च्यापेर उडिरहेको । यी र यस्तै रोमाञ्चक

दृश्य देखेर रमायौं । ती दृश्यहरू आ-आफ्ना क्यामेरामा कैद पनि गर्‍यौं ।

मन्दिरा - त्यता हेर्नोस् त । ती जुरेली चरा हुन् । मायाप्रीतिका सन्दर्भमा यिनका नाम उल्लेख भइरहन्छन् । अलिक उता हेर्नोस् त, चराका ती प्रसिद्ध जोडी चखेवा-चखेवी हुन् । यिनलाई ब्राह्मणहाँस पनि भनिन्छ । यिनीहरू माछा खाँदैनन्, झारपात खान्छन् । यी जोडी सँगै बस्ने र सँगै खेल्ने भएकाले यिनलाई 'लभ बर्ड' पनि भनिन्छ । यी प्रेमिल जोडी कहिले छुट्टिँदैनन् । वास बस्दा भने नदीका दुई किनारामा एक्लाएक्लै बस्छन् । बिहानी हुनासाथ सँगै हुन्छन् । यदि एउटा कसैगरी मर्‍यो-मारियो भने अर्कोले भोकै रहेर आत्महत्या गर्छ । त्यस्तै सारसले पनि आफ्नो साथीको वियोगमा प्राणत्याग गर्छ ।

मन्दिराका पछिल्ला वाक्यहरू सुनेर हामी सबैजना भावुक हुन्छौं । यसपछि पुनः विविध चराचुरूङ्गी हेर्दै कटेरो फर्कन्छौं ।

रात्री भोजनपछिको कुरो हो । हामी चौरमा छौं । छलफल भइरहेछ । मन्दिरातिर हेर्दै मिनिता भन्छिन् - चरालाई विम्बका रूपमा प्रयोग गरिने केही भनाइ सुनौं न ।

मन्दिरा - गोलसिमल भन्ने बित्तिकै टुहुरी, निरीह र अपहेलित महिलाका प्रसङ्ग आउँछन् । यसमा सौतेनी व्यवहार खेपिरहेका चेलीबेटीका प्रसङ्ग पनि जोडिन्छन् । एकदमै एकलकाँटे स्वभावका मानिसलाई 'वनको चरो झैं परपर भाग्छ' भनिन्छ । त्यस्तै एकछिन चुप रहन नसक्ने व्यक्तिलाई 'मैनाजस्तो' पनि भनिन्छ ।

म पनि आफ्नो भनाइ राख्छु - कतिपय बोलीवचन पनि चरी विम्बका रूपमा लिइन्छन् । जस्तै गला सुरिलो हुनेलाई 'कोकिल कण्ठ' भनिन्छ । विनासङ्कोच अप्रिय वचन बोल्नेलाई 'तित्राको मुखै वैरी' भनिन्छ । त्यस्तै घरी घरी आपसमा झगडा गर्नेलाई 'ड्याङ्ग्रेजस्ता' पनि भनिन्छ ।

मन्दिरा - अब यहाँहरू समक्ष एउटा प्रश्न - संसारमा सबैभन्दा सानो चरा कुन हो ?'

यस प्रश्नको जवाफमा भन्छु - फिस्टे चरा (हेमिङ्ग बर्ड) । अढाइ इन्ची लम्बाइ हुने यो चरा दायाँ-बायाँ, अगाडि-पछाडि जताबाट पनि उड्न सक्छ ।

मन्दिरा - ठीक भन्नुभयो । अब अर्को प्रश्न - स्तनपायी जीवहरूमा उड्न सक्ने जीव चमेरो मात्र हो । यो चरो टाउको तलतिर पारेर झुन्डिएर बस्छ, किन होला ?

मिनिता - किनकि यसको दृश्य शक्ति कानमा हुन्छ ।

मन्दिरा - तपाईंले पनि सही भन्नुभयो । यसले कतैबाट आएको आवाज ख्याल गरेर बाटो पत्ता लगाउँछ । हस् त आजलाई यत्ति नै । भोलि बिहान सात बजे बिहानी खाजाका बखत भेटौं । अब आराम गरौं । शुभरात्री !

कोठामा पुगेर हामी दुई केहीबेर कुराकानी गर्छौं ।

मिनिता - अनि छ नि जिनू ।

जिनिता - अँ ।

मिनिता - आज दिउँसो चराका बारेमा सुनेर तिमीलाई अचम्म लागेन ?

जिनिता - कुन कुराले ?

मिनिता - जोडी बनेका कतिपय चराचुरूङ्गी एक वर्षपछि अलग अलग हुन्छन् रे !

अचम्म मान्दै उनको मुखतिर हेर्छु । केही निमेषपछि हाँस्दै भन्छु - तिमीलाई ती चरासित खूबै डाह भयो कि कसो ?

मिनिता - उँ...म्, तिमी पनि...! त्यो सुनेर तिमीलाई कस्तो लाग्यो भन्या नि ।

त्यस्तो हुने-गर्ने महिला र पुरुष त छन् । पशुपन्छीमा हुनु कुन ठूलो कुरो भयो र ? ती जोडी चराले आफ्ना बचेरा मिलीजुली हुर्काउँछन्, बढाउँछन् । हुर्केबढेपछिका ती सन्तान आ-आफ्नो बाटो लाग्छन् अनि ती जोडीले पनि आ-आफ्नो बाटो समाउँछन् । हरेक प्रजातिका चरा चखेवाचखेवी र सारसका जोडी जस्ता त हुँदैनन् नि !

मिनिता - त्यो त हो ।

जिनिता - अब सुतौं ल । शुभरात्री !

००

चौथो दिन बिहान । हात्ती चढेर निकुञ्जयात्रा गर्दै छौं । एउटा ससानो आहाल देखियो । त्यहाँ ३-४ वटा गैंडा थिए । अलिक पर रूखमा आड लागेकी एउटी माउ गैंडा थिई । आफ्नो केटोलाई स्तनपान गराउँदै थिई । अलिक उता एक जोडी गैंडाका भालेपोथी घाँस चरिरहेका थिए । हामी चढेको हात्तीको दायाँ-बायाँ पनि एक-एकवटा हात्ती थिए । यी हात्ती गैंडाका भालेपोथी भएतिर केही लम्किन खोज्थे । भाले गैंडा हामीतिर हेरेर कराउँदा हात्तीहरू तर्सन्थे । जब दुईवटै गैंडा एकसाथ कराउँथे हात्तीहरू भाग्न खोज्थे । हामी बसेको हौदाबक्सा नै बेसरी हल्लिन्थ्यो । हामी खस्छौं कि जस्तो हुन्थ्यो । घरी मिनू मलाई हेर्थिन्, घरी म उनलाई हेर्थें ।

माहुतेले जतिसक्दो नजिकबाट गैंडा देखाउन खोजिरहेथे । चरिरहेका गैंडाहरू कान फिटिकफिटिक हल्लाइरहेथे । हल्लाखल्ला कताबाट आएको हो, निकै चासो गरिरहेथे । यस्तैमा दायाँतिरको हात्ती दुई पाइला अघि सऱ्यो । चरिरहेका र स्तनपान गराइरहेको गैंडाले समेत हामीतिर एकटकले हेरे । बायाँतिरको हात्ती पनि एक पाइला अघि सऱ्यो अनि त गैंडाहरू कराउँदै, दौडँदै र हान्निँदै हामीतिर आउन थाले । हात्तीहरू फरक्क पछाडि फर्केर भाग्न पो थाले । अलिक पर पुगेपछि तै हाम्रो हात्ती नियन्त्रित भयो । अरू हात्ती त कता पुगे कता पत्तो भएन ।

हात्ती नियन्त्रित भइरह्यो । त्यसलाई केहीबेर आराम गर्न दिइयो । चरनका लागि हात्ती सकसकायो । माहुतेले अघि बढ्न आदेश गरे । हात्ती डेक चलेन ।

फेरि आदेश गरे । पाइला पछिल्तिर पो सार्न खोज्यो । 'यसले केराको गन्ध पायो' भन्दै माहुतेले हात्तीलाई दायाँतिर लगाए । हात्ती अघि बढ्यो । दायाँतर्फ लाग्नासाथ केराघारी रहेछ । हात्तीले केही केरा खायो । त्यसपछि माहुतेको आदेश खुरुखुरु मान्न थाल्यो । वन्यजन्तु अवलोकन पुनः प्रारम्भ भयो । कहिले हरिण, कहिले बँदेल त कहिले मयुर देखिएका थिए ।

करिब १५ मिनेटपछिको कुरो हो । हिँडिरहेको हात्ती एकाएक रोकियो । माहुतेले अघि बढ्न आदेश गरे । हात्ती डेक चलेन । माहुते गनगनाए - 'अगाडि जानै मानेन । जङ्गली हात्तीको गन्ध पो पायो कि ।' पाहुना बोकेका अर्का दुई हात्ती पनि हामी भएतिरै आइरहेका थिए । तिनमा एउटा मत्ता थियो, अर्की ढोई थिई । हामीले चढेको हात्ती ढोई थिई । यी तीनवटै हात्ती सँगसँगै हिँड्न थाले । जङ्गली हात्ती भएको सम्भावित क्षेत्रतिर लम्किरहेका थियौं । करिब १२-१५ पाइला हिँडेपछि तीनवटै हात्ती टक्क अडे । सबै माहुतेले आ-आफ्ना हात्तीलाई अघि बढ्न आदेश गरे । कुनै पनि हात्ती अघि बढेनन् । एकाएक मत्ता हात्ती निकै गर्ज्यो । त्यसले जङ्गली हात्ती देखेछ । उसको माहुतेले पनि देखे । त्यसपछि हामीले पनि देख्यौं ।

हामीदेखि सिधा, निकै पर मूर्तिझैं खडिखडाउ थिई - एउटी जङ्गली ढोई हात्ती । हामीतिर एकटकले हेरिरहेकी थिई । सायद त्यसले हल्लाखल्ला र भोकको रिस पोख्न खोजिरहेकी थिई । हाम्रा हात्तीले टक्क अडेर त्यसलाई हेरिरहे । हामीले पनि हेरिरह्यौं । हामीदेखि अलिक उता रहेको मत्ता हात्तीलाई माहुतेले दुई पाइला अघि बढ्न लगाएछ । त्यसपछि अर्को हात्ती पनि एक पाइला अघि सऱ्यो अनि त त्यो जङ्गली ढोई सुँड उचालेर बेसरी कराउन थाली । पुच्छर हल्लाउन थाली । सूँड पनि तलमाथि गर्न थाली । हामी सबै हेरिरहेका थियौं । त्यो ढोई चारपाँच पाइला अघिसरी अनि 'निहुँ खोज्या हो ?' जस्तो गरेर सुँड उचालेर एकचोटी बेसरी कराइ । हाम्रा हात्ती त फरक्क/पछाडि फर्केर भाग्न पो थाले । हौदा बेसरी हल्लिन थाल्यो । छेवैमा रहेकी म र मिनू डरले घरिघरी आँखा चिम्म गर्थ्यौं । म मिनूलाई समाउन चाहन्थें । मिनू मलाई समाउन चाहन्थिन् तर हामी दुवैजना हौदा बेसरी समातिरहेका थियौं ।

अलिकबेर पछिको कुरो हो । अरू हात्ती कता लागे कुन्नि, अत्तोपत्तो भएन । हाम्रो हात्ती स्वाभाविक रूपमा अघि बढिरहेको थियो । वन्यजन्तु तथा वनस्पति अवलोकन गर्दै थियौं । अकस्मात खैलाबैला सुनियो । यतिबेला पाहुना बोकेका अरू हात्ती र केही जीप पनि हाम्रो छेउछाउमा थिए । पारिपट्टि देखिए एकसाथ खडा भइरहेका एकजोडी जङ्गली हात्ती । आम्मै ! अघिकै ढोई हात्ती त पोई हात्ती पो लिएर आइछ । त्यसको छेवैमा थियो - मत्ता हात्ती । ओहो ! कति अजङ्गको । यति वरबाट देख्दा पनि निकै डरलाग्दो । कान पनि कति ठूला । ठूलठूलै नाङ्ला जत्रा । दाह्रा पनि कति ठूला । ठूला रूखका ठूलै हाँगा जत्रा । त्यो

ढोई हात्ती नै पनि हाम्रो मत्ता भन्दा बडेमानकी थिई । ती दुईटै जङ्गली हात्ती सुँड उचाल्दै गर्जन थाले । हामी मूर्तिवत् हेरिरहेथ्यौं । ती जङ्गली हात्तीका गर्जन भन् भन् चर्कँिन थाले । यता पथप्रदर्शक आपसमा सल्लाह गर्न थाले - 'अब हामीले पनि ढ्याङ्ग्रो ठोक्नुपर्ला ।' माहुते र ड्राइभरले पनि सल्लाह गरे । सबै एकमत भए ।

जब ती जङ्गली हात्ती गर्जन्थे तब हाम्रा हात्तीले पनि गर्जेरै प्रत्युत्तर दिन थाले । ड्राइभरले हर्न बजाउन थाले । माहुते र गाइडले ठूलठूलो आवाजमा कराउन थाले । कसैले मोबिल रित्तिएको टिन ठटाए । कसैले पानी रित्तिएको जर्किन ठटाए । कसैकसैले त आफ्ना जुत्ताले जिपको बर्नरमा ढ्याकढ्याक र ढुकढुक् पनि गर्न थाले । कुनै पर्यटकले थपडी मार्न थाले । कुनै पर्यटकले दुई औंला मुखमा हालेर सिटी बजाए । कसैले ओठे सिटी बजाए । कुनै गाइडले वनस्पति पातको त कुनै गाइडले प्लास्टिकको टुक्रो तय गरे । ती टुक्रा मुखमा हालेर एकसाथ सिटी बजाए । दायाँबायाँ दश मिटर जतिको दूरीमा रहेका दुईटा जीपले सल्लाह गरे र एकसाथ करिब २-३ मिटर अघि बढे । जङ्गली ढोईले पुच्छर लुकाई । अन्ततः ती दुइटै जङ्गली हात्ती सुरुसुरु आफ्नो बाटो लागे । हामी पनि हरिण, चित्तल, बँदेल आदि हेर्दै कटेरो फर्कियौं ।

दिवा-भोजन लियौं । केहीबेर आराम गर्‍यौं । कुराकानी पनि गर्‍यौं । साँझ साढे चारबजे टाँगा भाडामा लिएर गाउँ घुम्न गयौं । टाँगा राइड गर्दै जाँदा एउटा पर्यटकले हर्स राइड गरिरहेको देख्यौं । घोडा अलिक सानोखाले थियो । मतिर हल्का हाँसो फ्याँक्दै मिनिता भन्छिन् - जिनू ! हामी पनि हर्स राइड गर्ने कि ?

फिस्स हाँस्दै भनें - 'इलेफेन्ट राइड नै गरिसकियो ! त्यो जाबो हर्स राइड के गर्ने ।'

मिनिता - हेर न त्यो घोडा चढिरहेको पुरुष कति रमाइरहेछ ।

तिमीले थाहा पाइनौ ?

के ?

त्यसले चढेको त सानोखाले घोडी हो । त्यो हर्स राइड हैन, पोनी राइड हो ।

मेरो दायाँ पाखुरामा हल्कासित कोपर्दै मिनिता भन्छिन् - के भो त । ठूलोखाले होस् वा सानोखाले तिमीलाई पनि चढूँचढूँ लाग्दैन ? भन त कस्तोचाहिँ घोडा मनपर्छ ? कुरूक्षेत्रको युद्धमा रथै उफारूँला जस्तो गर्ने घोडा कि ? मनुजबाबु मिश्रको आकाशतिर उडूँउडूँ जस्तो गर्ने घोडा कि ? या त कठोर अनुशासनमा दौडने सैनिक घोडा जस्तो ? या त धार्मिक कथनमा जस्तो सर्र्र दौंडँदै उड्ने बाइपङ्खी घोडा जस्तो ? भनन जिनू तिमीलाई कस्तोचाहिँ घोडा चढूँ चढूँ जस्तो लाग्छ ?

छक्क परें - उनले एकैसासमा यतिका प्रश्न गरिन् । त्यसमाथि जवाफको

छनोट सुविधा पनि उत्तिकै दिइन् । कति विचित्रको सोधाई – 'कस्तोचाहिँ मनपर्छ' रे ! म अवाक् भएँ । उनलाई पुलुक्क हेरेँ । उनको कम्मरमुनि हल्का मुड्की बजाएँ । उनले मेरा दुवै हात बिस्तारै समाइन् र मतिर हेरिरहिन् । मैले उनलाई क्वारक्वार्ती हेरिरहेँ । उनी फिस्स हाँसिन् । म पनि ङिच्च हाँसे अनि उनलाई पुलुक्क हेर्दै भनेँ – 'अनि आफूलाई नि ?, कस्तो घोडा मनपर्छ ? चढ्ने हो भने उमेर छँदै चढ्दा राम्रो हुन्छ ।' अब मैले उनको दुवै हात बिस्तारै समाएँ र उनीतिर हेरिरहेँ । उनले मेरो मुख क्वारक्वार्ती हेरिरहिन् । हामी दुवैलाई के भनौँ के भनौँ भयो । हामी दुवैका ओठमा कम्पन हुन्छ । एकाएक हामी दुवैको हाँसो फुस्किन्छ अनि दुवैजना एकसाथ हाँस्न थाल्छौँ । एकअर्काको कम्मर मुनि सुरुवालमाथि हात राखेर मरी मरी हाँस्छौँ । हाँस्दाहाँस्दै छिल्लिएर हाँस्छौँ । हाम्रो टाँगावालाले हामीतिर हेऱ्यो । ऊ पनि मुसुक्क हाँस्यो ।

टाँगामा घुम्दै, छिल्लिँदै, रमाउँदै कटेरो छिर्छौँ ।

मूल ढोकानेरै रहिछन् – मन्दिरा । सोधिन् – कस्तो भयो टाँगायात्रा ?

मिनितातिर हेर्दै हाँसेर भन्छु – राम्रै भयो ।

मन्दिरा – हाँस्दै पो भन्नु'भो त, के भयो ?

मिनिता भन्छिन् – केही भा'छैन । टाँगा तान्नमा घोडीको भन्दा घोडाको विशेष दम हुँदो रहेछ ।

मन्दिरा भन्छिन् – इन्जिनको विकास हुनुअघि अमेरिका र बेलायतका रेलगाडी घोडाले नै तान्ने गर्थे ।

मिनिता – अनि त ती घोडा खूब थाक्थे होलान् नि ।

मन्दिरा – घोडा कहिल्यै थाक्दैन । जति दौडाए पनि दौडिरहन्छ । त्यसमाथि कान लगाइदिएको घोडा त टाउको निहुराएर दौडेको दौडै गरिरहन्छ ।

मन्दिराका कुरा सुन्दासुन्दै हामी दुई आपसमा हेराहेर गर्छौँ अनि हाँसो फुस्काउँछौँ र मरी मरी हाँस्छौँ । छिनभरमै रोकिन्छौँ अनि मन्दिरालाई भन्छु – 'बैनी ! दुई कप कालो चिया कोठामा पुऱ्याउन लगाऔँ न ।

मन्दिरा – हवस् ।

आजको रात्री भोजनमा सलाद र अचार पनि ताजा थियो । शाकाहारी भोजन मीठो मानेर खायौँ ।

मिनिता भन्छिन् – बाहिर आगो पनि बालिरा'छन् । छलफलमा जाने हैन ?

पहिले शयनकक्ष जाऔँ न ।

हवस् ।

केही छिनमै हामी विचार विमर्शमा सहभागी हुन्छौँ ।

एउटी पाहुना भन्दै थिइन् – आम्मै नि ! ती गैंडाले त झन्डै मारेका नि । कस्तरी दौडिँदै-हान्निँदै आएका थिए ।

मन्दिरा – यस्तो घटना प्राय: माऊ गैंडा बच्चासहित हुँदा घट्ने गर्छ ।

अमेरिकी महिला - किन, आफ्नो बच्चाको सुरक्षाको लागि ?

मन्दिरा - हो, गैंडाले आफ्ना बच्चालाई १८ महिना १५ दिन त गर्भमा हुर्काएको हुन्छ ।

ब्रिटिश पुरुष - ओहो ! महिलाले भन्दा दोब्बर बढी समय ।

फ्रान्सेली महिला - हात्ती कति महिनामा ब्याउँछ ?

मन्दिरा - हात्ती २२ महिनामा ब्याउँछ ।

एकछिन सबै चुपचाप देखेर मन्दिरा भन्छिन् - अरू केही जिज्ञासा छ भने भनौं ।

सबै चुप हुन्छन् अनि मन्दिरा भन्छिन् - हस् त आजलाई यति नै, शुभरात्री !

OO

पाँचौं दिन बिहान । एकछिन भयो बरण्डामा बसेर मनमनै गमिरहेकी छु - 'एकातिर वन्यजन्तु छन् अर्कातिर घरपालुवा जन्तु । वन्यजन्तुदेखि भयभीत हुने गर्छन् - घरपालुवा जन्तु । जङ्गली हात्ती देखेर भाग्छन् - घरपालुवा जन्तु । ठूला चरा देखेर टाप कस्छन् - साना चरा । ठूला माछाले खान्छन् - साना माछा । एकथरीले हालिमुहाली गर्छन् - अर्का थरी विस्थापित हुन्छन् ।'

मिनिता - जिनू ! खाजा खान जाऔं । तिमी त कति चाँडै उठी छौ । किन यति चाँडै उठ्या होला । कहाँ जानु छ र ?

जिनिता - एकछिन भयो उठेको ।

मिनिता - मलाई पनि उठा'को भए हुन्थ्यो नि !

जिनिता - कति मजाले निदाइरा'थ्यौ ।

मिनिता - उठाएको भए सँगै कुराकानी गर्नु हुन्थ्यो नि ! दिज्यू, यसरी एक्लै ..., मानसिक स्वास्थ्यलाई त्यति राम्रो हुन्न नि !

जिनिता - भोलि बिहान जो चाँडो उठ्छ उसले अर्कोलाई उठाउने है त ।

मिनिता - हवस् दिज्यू ।

बिहानी खाजापछिको कुरो हो । हामी जीपमा निकुञ्जयात्रा गरिरहेका छौं । पाहुना बोकेका हाम्रोसहित चारवटा खुला जीप लस्करै छन् । निकै पर तीनवटा डमरूसहित बघिनी देखिएकी छे । मन्दिराले सानो स्वरमा भनिन् - 'त्यो माऊ बघिनीले आफ्ना डमरूमाथि आक्रमण हुन लागेको ठानिरहेकी हुन सक्छे । सबैजना शान्त रहनुहोला ।'

हामी जीपमा उभिएका छौं । सबैका आँखा एक टकले बघिनीतिर हेरिरहेका छन् । हर मुहारमा डरसँगै अचम्मको भाव देखिएका छन् । उता त्यो बघिनी झन् झन् भयानक देखिन थाली । हामीलाई त दाह्रामा झुन्ड्याउँछु झैं पो गर्न थाली । चारवटै जीप केही मिटर पछाडि हटे । केही क्षणपछि त्यो बघिनी डमरूसहित झाडीतिर पसी । हाम्रो जीप पनि अर्को बाटो बिस्तारै गुड्न थाल्यो ।

रूखतिर हेरिरहेकी मिनिता एक्कासी कराइन् - 'आम्मै नि ! ...'

ड्राइभरले जीप रोके ।

'के भो ?' भन्दै मन्दिराले पनि त्यही रूखतिर हेरिन् । त्यो अजङ्गको रूखबाट एउटा चितुवाले फाल हाल्यो । बँदेलको पाठोलाई पन्जामा पाऱ्यो र दाह्रामा झुन्ड्यायो । हामीतिर केही निमेष हेऱ्यो र त्यो शिकार भुईंमा राख्यो । दाह्रा गाडिएका ठाउँबाट बग्दैरहेको रगत चाट्यो । चलमल गरिरहेको त्यो शिकार फेरि च्याप्यो र झाडितिर पस्यो ।

जीप बिस्तारै झाडीतिर नजिकिँदै गयो । त्यो चितुवा गएतिर आँखा निकै घुमायौं । झाडी नजिक पुगेपछि देखियो - चितुवा त पाठोलाई चिथोरी-चिथोरी मासुको चौटा लुछिरहेको थियो । पाठो कराइरहेको थियो ।

मिनिता - 'अब जाऔं होला ।'

उनको मुहार हेरें - निधार खुम्चिएको, मुख अँध्यारो । उनको हात समाएँ । बिचरी उनले आफ्नो शिर मेरो पाखुरामा अड्याइन् । मैले उनलाई थपथपाएँ ।

बेलायती महिलाले भनिन् - 'लेट्स गो अदर प्लेस ।' (अर्को ठाउँ जाऔं होला) । अरूले पनि भने - 'अब लागौं होला ।'

कतै वन बिरालो रूख चढ्दै गरेको थियो । कतै सरर्र पखेटा फिँजाउँदै मयूर नाचिरहेको देखियो । बाँदरले चहचह गरिरहेको पनि देख्यौं । वन कुखुरो भुरूरूर्र उडेर झ्याङतिर जाँदै गरेको हेर्दै थियौं । अगाडिबाट आउँदै गरेको जीपका ड्राइभरले हाम्रो जीपलाई रोके ।

मन्दिरा - के भयो ?

ड्राइभर - निरूले खबर पठा'को छ ।

मन्दिरा - के खबर हो ?

ड्राइभर - उसको गाउँको हर्केलाई गैंडाले कुल्चिदिएछ । अस्पताल लैजानु पर्ने'भो । उसको जीपका ६ जना पाहुनामध्ये २-२ जना गरेर दुईवटा जीपमा राखेर पठायो । अब बाँकी दुई जना तपाईंको जीपमा लगिदिनुपऱ्यो ।

घटनास्थलका बारेमा ड्राइभर-ड्राइभरबीच कुरा भए ।

जीप गुडेको करिब दश मिनेटपछिको कुरो हो । रूखैरूख भएको घनाक्षेत्रमा एउटा मान्छे ढलिरहेथ्यो । उसका कपडा रगताम्य थिए । त्यही नजिक एउटा जीप थियो । उभिइरहेका केही पर्यटक घाइतेलाई हेरिरहेका थिए । त्यतै दुईवटा हात्तीमा रहेका पर्यटक पनि हौदाबाट हेरिरहेका थिए । हामी त्यहीं नजिक पुग्यौं र जीपबाट ओर्लियौं ।

वरिपरि सन्नाटा छाइरहेको । सबैका अनुहार एकदमै मलिन । रगताम्य घाइते विचरा उपचारको पर्खाइमा छन् । उनले निकै असहज महसुस गरिरहेछन् । हेर्दाहेर्दै मलाई त छटपटी भयो । घाइतेको नजिक गएँ । टुक्रुक्क बसेर घाइतेको मुख हेरें । घाइते टुलुटुलु हेरिरहेथे । पानीको बोतल झिकें र ससानो तीन घुट्को पिलाएँ । अर्को घुट्को पिलाउन खोजें । 'पुग्यो' भन्ने इशारामा घाइतेले

मुन्टो हल्लाए । उनी केही मुस्काए झैं लाग्यो । उनको दायाँ आँखाको कुनोमा अश्रु थोपा देखें । मेरा हातखुट्टा फतक्क गले । शरीर शिथिल भयो । त्यहाँबाट उठ्न पनि सकस भयो । छेवैमा रहेकी मिनिताको हात समाउँछु, उठ्छु र उनको कुममा शिर अड्याउँछु ।

घाइतेलाई निरूको जीपमा राखेर लगियो । अघि भनिएका दुईजना पर्यटकलाई हाम्रो जीपमा चढाइयो । त्यहाँ रहेका अरू जीप र हात्ती पनि बिस्तारै आ-आफ्नो बाटो लागे । करिब आधाघन्टापछि मन्दिराले हामीलाई जङ्गलछेउको गाउँमा लगिन् । स्थानीय भोजनालयमा सुख्खा रोटी, काउलीको तरकारी, अचार र मोही खुवाइन् ।

पुनः प्रारम्भ भयो जीपयात्रा । घडियाल प्रजनन केन्द्र पुग्दा मन्दिरा भन्छिन् - 'यता हेर्नोस् त ! यी हुन् घडियाल गोही । यिनका मुख लाम्चा, शरीर पातला र सुलुत्त परेका छन् । त्यता हेर्नोस् त, आँ .. गरिरहेका ती घडियाल । लामा करौंती जस्ता तिनका दाँत तिखा र धारिला हुन्छन् ।'

घडियाल प्रजनन केन्द्रबाट फर्कंदै गर्दा कहिले बँदेल देख्यौं त कहिले वन कुखुरो । कहिले सुगा देख्यौं त कहिले गिद्ध । साँझ पाँचबजे कटेरो पुग्यौं ।

साँझ ६ बजे । साइकल चढेका केही महिला तथा पुरुषको एक हुल कटेरोमा छिरे । लठ्ठी बोकेको त्यो हुल त नाच समूह रहेछ । यता चौरमा नाचगानको तयारी हुँदै थियो ।

हाम्रा खुट्टातिर हेर्दै बिरु भन्छन् - 'तपाईंहरूले त चप्पल लगाउनु भा'रछ । जुत्ता लगाउँदा पो राम्रो हुन्थ्यो । खुट्टा चिसोबाट बच्थ्यो । नाच हेर्दाहेर्दै मन लाग्यो भने नाच्न पनि सजिलो हुन्थ्यो ।'

बिरुले दिएको सल्लाह ठीकै लाग्यो । हामी फटाफट शयनकक्ष गयौं र जुत्ता लगाएर आयौं ।

थारु नाच सुरु भयो । रमाई रमाई हेऱ्यौं । लठ्ठी नाच निकै राम्रो थियो । करिब २० मिनेट नृत्य मनोरञ्जन दिएर त्यो नाच समूह फर्कियो । त्यसको लगत्तै त्यहाँ स्पीकर राखियो । छेवैमा क्यासेट प्लेयर थियो । उत्सुक हुँदै पाहुनाहरू एक आपसमा भनिरहेथे, 'कस्तो नाच हुने हो ? कस्तो गीत बज्ने हो ?'

स्पीकरछेउ उभिँदै मन्दिरा भन्छिन् - 'हामी कहिले घाममा सेकिएका हुन्छौं । कहिले पानीमा रूझेका हुन्छौं । कतिपय दैनिकी पनि डर र त्रासमा बिताएका हुन्छौं यसर्थ हामीलाई बेलाबेलामा नाचगानको पनि आवश्यक हुन्छ । यहाँहरू स्वयम् अवगत नै हुनुहुन्छ - 'जो धेरै नाच्छ ऊ धेरै बाँच्छ' । अब क्यासेट प्लेयरमा बज्ने गीतको तालमा केही कर्मचारी नाच्नेछन् । उनीहरूको नचाई ध्यान दिएर हेरिदिनु होला । उनीहरूले एकसरो नाचेपछि हामी पनि उनीहरूसँगै नाच्नेछौं । नाच्न नजान्ने महानुभाव कृपया नाच्न जान्नेको पछाडि रहनुहोला । नाच्न जान्नेको सिको गर्दै नाच्नु होला । कृपया सामूहिक नाचमा

भरसक कोही पनि नछुटौं ।'

'रेशम फिरिरी' बोलको गीत बज्न थाल्यो । ७-८ जना कर्मचारी नाच्न र गाउन थाले । करिब ६ मिनेटसम्म तिनले एकसरो नाचे-गाए । तिनले केहीबेर विश्राम गरे अनि पुनः नाच्नको लागि सुरसार गर्न थाले । मन्दिराले सबैलाई नाचमा सामेल हुन आग्रह गरिन् । ६-७ जना पाहुनाबाहेक सबैजना गए । अघि नाच्नेका पछाडि पनि केही पाहुना उभिए । मन्दिराले ठूलो स्वरमा भनिन् - 'अब हाम्रो सामूहिक नाच सुरु हुनेछ । क्यासेट प्लेयर अन प्लि...ज ।'

गीत बज्न थाल्यो ।

'रेशम फिरिरी रेशम फिरिरी

उडेर जाउँ कि डाँडामा भञ्ज्याङ रेशम फिरिरी' ।

एकैछिन पछिको कुरो हो । नाच हेर्नेमध्येका दुई तीनजना पनि नाचमा सामेल भए ।

मिनितातिर हेर्दै बिरु भन्छन् - नाच्नोस् न ।

छेउकी फ्रान्सेली महिला पनि भन्छिन् - मिनिता ! लेट्स डान्स (मिनिता ! नाचौं न) ।

मिनिता भन्छिन् - आई जस्ट लुक द डान्स (म त नाच हेर्नेमात्र हो) ।

फ्रान्सेली महिला - समूहमा नाच्नु रमाइलो हुन्छ । दुई मिनेट भए पनि सँगै नाचौंन, प्लि...ज ।

मिनिता सरक्क उठिन् । फ्रान्सेली खुसी हुँदै मिनिताको हात समाउँछिन् र नाचमा सामेल हुन्छिन् ।

नाच भइरहेछ । गाना बजिरहेछ । मन्दिरा पनि नाचिरहेकी छिन् । मिनिताचाहिँ आफू अगाडि रहेकी फ्रान्सेलीको नचाई सिको गरिरहेकी छिन् । मिनिताको नचाई राम्रो भइरहेको हुन्छ । फ्रान्सेलीले उनीतिर बूढी औंला तेर्स्याउँदै इशारामा भन्छिन् - 'भेरी गुड ।'

मिनिता रमाउँदै नाचिरहिन् । म रमाउँदै हेरिरहें । मन्दिरा मतिर आउँदै थिइन् । म पनि उठें र नाचमा सहभागी भएँ । नाच्न थालेको एकैछिन भएथ्यो, मिनिता मेरो पछाडि पो आइछन् । उनले खुसुक्क भनिन्, 'यति राम्रो नाच्नेले, किन आउन ढीलो गरेको ?' मैले उनीतिर पुलुक्क हेरें र एक झट्को हाँसो फ्याँकें । करिब १० मिनेटपछि कुर्सीमा फर्किएँ । त्यसको केहीछिनमै म्युजिकको आवाज सानो हुँदै गयो । गीत टुङ्गियो । नाच पनि सकियो ।

उता मन्दिरा आफू अगाडिको मान्छे देखेर झस्किइन् । उनी पछिल्लो पटक त्यही मान्छेको सिको गरिरहेकी थिइन् । त्यो मान्छे त कपडा बदलेर आएको बिरु पो रहेछन् । उनले मिनितालाई हेर्दै भने - 'नाचमा कत्तिको रमाउनुभयो ?'

'एकदमै रमाएँ !' भन्दै म छेउ आएर बसिन् । उनको मुहारमा खलखल

पसिना आइरहेथ्यो । 'मुख पुछ त' भनेर रूमाल दिएँ । निकै लामो खुइय गरिन् । मुख पुछ्दै, मुसुमुसु हाँस्दै भनिन् - 'तिमी त अलिक चाँडो आयौ है ।'

तिमी भन्दा पाँचै मिनेट चाँडै त हो नि ।

अनि मैले पाँचै मिनेट मात्र बढी नाचेछु त ?

हैन, १२-१५ मिनेट बढी नै नाच्यौ ।

मिनिता मुस्काउँदै भन्छिन् - आखिर आफ्नो ज्यान र अभ्यासको कुरो न हो । तिमीले त राम्रोसित नाचेकी थियौ । मन्दिराले पनि तारिफ गरेकी थिइन् ।

गतसाल अफिसको आयोजनामा ककनीमा पिकनिक गएकी थिएँ । त्यहाँ यही बोलको गीत नाच्दा केही अभ्यास भएको हो । नाच भन्ने कुरो जति जानिन्छ उति नशा लाग्छ । यसले मनमा रहर र तनमा जाँगर थप्छ ।

मन्दिरा हामीछेउ आइन् र भनिन् - रात्रिभोजन तयार भएको छ । अब जाऔँ होला ।

हामी एकपटक कोठामा जान्छौँ । हात, मुख र गोडा धोएर आउँछौँ । आफूहरू निकै भोकाएको महसुस गर्छौं । खानाको मात्रा पनि राम्रैसित लिन्छौँ । खानापछि सरासर कोठामै जान्छौँ । निकै थकान महसुस गरेका हामी ओछ्यानमा डङ्ग्रङ्ग पल्टिन्छौँ ।

जिनू !

अँ !

भोलि एक रात मचानमा बसौँ अनि पर्सी बिहानीखाजा यतै खाएर काठमाडौँ फर्कौं न है ?'

हुन्छ नि ।

OO

छैटौँ दिन । बिहानी खाजापछि हात्तीसार गयौँ । लस्करै आठ दशवटा हात्ती रहेछन् । तिनको स्याहारसुसार गर्ने महिला तथा पुरुष पनि थिए । अवलोकनको क्रममा भन्छु - माहुत दाइ ! हात्तीले मनपराउने आहार के-के होलान् ?

माहुत - 'हात्तीले मनपराउने आहारमा धान, केरा, नर्कट, खर, उखु, सक्खर, बाँस, पीपल एवं रूखका जरा, लहरा, पात तथा बोक्रा आदि हुन् ।

मिनिता - यसको आहारको मात्रा पनि त निकै हुन्छ होला नि ?

माहुत - एउटा जवान हात्तीलाई दिनको करिब ३१७ किलोग्राम हरियो घाँस चाहिन्छ । त्यस्तै यसले दिनको करिब १५० लिटर पानी पिउँछ ।

म पनि थप जिज्ञासा राख्छु - यसले त सुँडले पानी तानेर आफ्नो शरीरमा छर्कंदो रहेछ ।

माहुत - यो सुँडमा आठ लिटरसम्म पानी अटाउँछ । सुँडमा पानी छउन्जेल मुखबाट सास फेर्छ ।

फेरि जिज्ञासा राख्छु - यसको सुँडमा कत्तिको क्षमता हुन्छ ?

माहुत - यसको सुँडमा १४० किलोसम्मको तौल उचाल्ने क्षमता हुन्छ ।

मिनिता - हात्तीको दाह्राको बारेमा बताउनोस् न ।

माहुत - जमिन खनेर खाना खोज्न, जमिनमुनिको पानी निकाल्न, सामान ओसार्न लगायतका काममा हात्तीले आफ्नो दाह्रा प्रयोग गर्छ ।

मिनिता - यसको स्वास्थ्यबारे केही सुनौं न ।

माहुत - हात्तीलाई जुका पर्‍यो भने माटो खान थाल्छ । त्यसैले जुकाको औषधी खुवाउने गर्नुपर्छ । हात्तीलाई सफा ठाउँमा राख्नुपर्छ । यसको मलमूत्र पनि टाढा फ्याँक्नुपर्छ । त्यो सुकेपछि जलाई दिनुपर्छ । हात्तीमा खुबै लाग्ने रोगमध्ये क्षयरोग पनि हो । हात्तीको खुट्टामा घाउ हुनु ठूलो रोग हो । ज्वरो आएको हात्ती बाँच्ने सम्भावना कमै हुन्छ । त्यस्तै हात्ती बौहुलाएमा गरिने उपचारको अहिले पनि अभाव छ ।

हात्तीसारबाट हात्ती प्रजनन केन्द्रमा आइपुगेका छौं । यहाँ सबैजना छक्क परिरहेका छौं । हुन त त्यहाँ कुनै डर थिएन, त्रास थिएन । माहोल एकदमै मौन थियो, शान्त थियो । हात्तीका प्रजनन गतिविधि भइरहेका थिए । ढोईमाथि मत्ता र मत्तामाथि माहुते थिए । आगन्तुक सबैजना ढोईको खुट्टादेखि माहुतेको मुहारसम्म हेरिरहेका थिए । मिनिताले मेरो मुहार पुलुक्क हेरिन् । म एकोहोरो हात्तीतिर हेरिरहेकी हुन्छु । मौन वातावरण भङ्ग गर्दै त्यस केन्द्रका माहुते भन्छन् - 'हात्ती पानीमा पौड्न सक्छ । स्वतन्त्र रहँदाका हात्तीका जोडीले यौनजन्य गतिविधि पानीभित्र गर्छन् ।'

ती माहुतेले हामीलाई हात्ती गोठतिर लगे । त्यहाँ चार महिनाकी सुत्केरी ढोई थिई । त्यसको छावा कहिले यता र कहिले उता खुर्रखुर्र दौडन्थ्यो । त्यो छावा देख्दैमा मजाको थियो । हामी भएतिर पनि आउँथ्यो र एकछिन उभिन्थ्यो । ढोईले त्यो छावा आफू नजिक आउँदा सुँड तेर्स्याउँथी र माया गर्थी । माहुतेले भने - 'हात्तीले कुनै पनि ससाना जीवलाई आक्रमण गर्दैनन् । सौतेलो व्यवहार पनि गर्दैनन् । ससाना जीवलाई त सुरक्षा दिन्छन् र माया पनि गर्छन् ।'

कटेरोमा फर्केपछि मिनिता भन्छिन् - अब भोजनको समय हो । यसपछि त साँझसम्मै फुर्सद छ, त्यतिबेलासम्म के गर्ने ?

जिनिता - साँझ चार बजेतिरै मचान जाने । त्यसअघि मन्दिराकी माहुते सखिनीसित कुराकानी गर्ने । उनी एक बजेतिर आउने कुरा छ ।

मिनिता - त्यो पनि ठिकै हो अनि हामी बिहान हात्ती प्रजनन केन्द्र गा'थ्यौं नि ... ।

जिनिता - अँ ।

मिनिता - त्यो ढोईमाथि मत्ता थियो नि ...?

जिनिता - अँ ।

मिनिता - त्यसरी कतिबेर रहन्छन् ?

उनको सवाल सुनेर अचम्म लाग्यो । उनलाई पुलुक्क हेर्दै भन्छु- डेढ दुई घन्टा ।

मिनिता - आम्मै, त्यति थेरैबेर..., अनि छ नि... त्यो मत्तामाथि माहुते किन ?

जिनिता - मत्तालाई नियन्त्रण गर्न ।

मिनिता - हँ, त्यस्तो बेलामा पनि मत्ताले आतङ्क मच्चाउँछ ?

जिनिता - माहुतेले प्रजनन प्रक्रिया सफल पार्न मत्तालाई अह्राइरहन्छ ।

मिनिता - उफ ! कुरो पनि के-के हो के-के अनि ... तिमी यहाँ आएको पहिलो पटक हैन त ?

जिनिता - हो ।

मिनिता - अनि हात्तीका बारेमा यतिका कुरा कसरी थाहा पायौ त ?

जिनिता - चार पाँच वर्षअघि चार दिनको प्याकेजमा बर्दिया राष्ट्रिय निकुञ्ज गएकी थिएँ ।

मिनिता - ए, त्यसैले पो ।

जिनिता - हेर त मन्दिरा पनि आइन् ।

मन्दिरा - तपाईंहरू आज मचानमा वास बस्नुहुन्छ, हैन त ?

मिनिता - हो ।

मन्दिरा - अनि साँझसम्म के गर्नुहुन्छ त ?

जिनिता - वन्यजन्तुबारे कुराकानी गरौँ भनेर सल्लाह गर्दै थियौँ ।

मन्दिरा - आज दिउँसो त मेरो पनि फुर्सद नै छ । मेरी माहुते सखिनी इन्दिरा पनि आउँछिन् । उनीसित कुराकानी गर्दा पनि राम्रै हुन्छ । यतिबेला उनी आइसक्नुपर्ने ....

टिरिरिर ... टिरिरिर ....

मोबाइल हेर्दै मन्दिरा भन्छिन् - एकछिन है, फोन उनैको हो ।

मन्दिरा - हेलो !

इन्दिरा - म आइपुग्नै लागे यहीँ वरपर छु ।

मन्दिरा - ल ल ... तिमीलाई कुरिरा'छौँ ।

केहीछिनमै इन्दिरा आइपुगिन् ।

एक आपसमा परिचय साटासाट भयो । बेराले कागती सर्बत ल्याए । केही फलफूल र सलाद पनि ल्याए ।

इन्दिरालाई आफ्नो जिज्ञासा राख्छु - तपाईं अजङ्गको जीव हात्तीको माहुते हुनुहुन्छ । हात्ती र माहुतेको सम्बन्धबारे केही सुनौँ न ।

इन्दिरा - माहुतेले त्यो अजङ्गको जीवमा चढ्नुपर्छ । पर्यटकलाई पनि चढाउनुपर्छ र वन्यजन्तु अवलोकन गराउनुपर्छ । रूख चढ्न र पौडी खेल्न सक्नुपर्छ । त्यतिमात्र हैन हात्तीको गोठालोसमेत बन्नुपर्छ । हात्तीका लागि चाहिने घाँसपातको व्यवस्थापनमा ध्यान दिनुपर्छ । त्यसलाई मनपर्ने घाँसपात आदिबारे

थाहा पाउनुपर्छ । हात्तीले राम्रोसित नचिनेसम्म भनेको मान्दै मान्दैन । मैले हेरि रहेको हात्ती सुरुसुरुमा निकै अटेरी थियो । त्यसको सुँडे हिर्काइ धेरै खाइयो । थुप्रै पटक लडियो । सामान्य घाइते त पटक पटक भइयो । निरन्तर माया गर्दै जाँदा त्यसले चिन्दै गयो अनि भनेको कुरो खुरूखुरु मान्दै गयो ।

मन्दिरातिर हेर्दै भन्छु- सामाजिक प्रचलनमा हात्तीको प्रसङ्ग कत्तिको जोडिएको छ ?

मन्दिरा - हात्तीलाई भगवान् गणेशको प्रतीक मानिन्छ । पूजासमेत गरिन्छ । लामो पाइला हुनुकै कारण हात्तीको हिँडाइ छिटो हुन्छ । यसैमा एउटा उपमा पनि छ- 'हात्तीका पाइला झैं कति छिटो हिँडेको !' त्यस्तै मनको तीतो पोख्न परेमा- 'तैंले हात्ती पाल्न परोस् ।' भनिन्छ । कारण हात्ती किन्नुभन्दा पाल्नु गाह्रो हुन्छ । त्यस्तै 'देखावटी हो असली हैन' वा 'देखाउने हो चपाउने हैन' भन्ने उपमाका लागि 'हात्तीको देखाउने दाँत' पनि भनिन्छ ।

मिनिता - हात्ती रिसाउँछ भन्छन् नि, हो ?

इन्दिरा - रिसाउँछ नि । हात्तीको रिस सर्पको भन्दा कडा हुन्छ । रिसाउँदाको यो जीवले गाडी पल्टाइदिन्छ । घर भत्काइदिन्छ । हात्तीलाई अप्रिय लाग्ने काम गरेर भागेर जाने पनि हुन्छन् । हात्तीले पछि कतै देख्यो भने चिन्छ र बदला लिन्छ । कोही कोही त भागेर रूख चढ्न पुग्छन् । हात्तीले त्यो रूख हल्लाइ हल्लाइकन ढलाइदिन्छ । रूखमा चढेका मानिसको ज्यानै पनि लिन्छ । उत्तेजित मत्ता हात्तीको रिसबाट त माहुतेकै ज्यान जाने खतरा पनि हुन्छ ।

जिनिता - त्यस्तो रिसबाट बच्न के गर्नुपर्छ ?

इन्दिरा - उसको खुसी, पीडा र असन्तुष्टिका मनोभावना बुझ्नुपर्छ । ऊ रिसाएको बेला उसलाई नुहाउन र खेल्न दिनुपर्छ । कहिलेकाहीं केरा, ऊखु आदि खान दिएर स्वाद फेराउनुपर्छ । हात्तीलाई साँझ नुहाउन लैजाँदा पनि ख्याल गर्नुपर्छ । कहिले सूँड खुम्च्याएर मुखभित्र लैजाने गर्छ । कहिले पुच्छर ठड्याएर माथितिर लैजाने गर्छ । यस्तो गर्नुको अर्थ हो- त्यसले नुहाउन मन गरेन । त्यस्तै यौन आसक्तिले भोकाएका बेला मत्ता र ढोई दुवैलाई दुई तीन दिन सँगै रहने व्यवस्था मिलाउनुपर्छ । समग्रमा हात्ती सञ्चालन बलले होइन बुद्धिले गर्नुपर्छ ।

इन्दिरातिर हेर्दै भन्छु - एकै वाक्यमा भन्नोस् त, तपाईं कसरी माहुते जागिरमा प्रवेश गर्नुभयो ।

इन्दिरा - ठूलो हिम्मत गरेर ।

मन्दिरा, मिनिता र मैले एकसाथ ताली बजाउँदै भन्यौं - वन्डरफुल कन्फिडेन्स (गजबको आँट !) ।

oo

रात्री भोजन मचानमा पठाइदिन अनुरोध गर्‍यौं । साँझ चार बजे मचान

गयौं । त्यहाँको सूचनापाटी हेऱ्यौं । लेखिएको थियो- 'वन्यजन्तुलाई प्रकाश र ध्वनि प्रदूषणबाट पनि जोगाउनुपर्छ तसर्थ बिजुलीको बल्ब सानो वाटको एउटा मात्र राखेका छौं । झ्याल तथा बरण्डातिर पारेर टर्च लाइट नबाल्नु होला । आपसमा वा मोबाइलमा पनि सानो स्वरमा कुरा गर्नुहोला ।'

साँझ साढे चार बजेको कुरो हो । बरण्डाबाट खाटतिर आउँदै थिएँ ।

मिनिता - जिनू ! मयूरले प्वाँख फिँजाउन थालेको छ, आइहाल त ।

उत्सुक हुँदै बरण्डातिर जान्छु । ओहो ! प्वाँख फिँजाएको मयूर कति सुन्दर । प्वाँखको रङ पनि कति राम्रो । त्यो मयूरले नाच्न थाल्यो । त्यतातिर रहेका अरू तीनवटा मयूर भने चरिरहेका थिए । ती मयूरले नाचिरहेको मयूरतिर घरी घरी हेर्थे ।

मिनिता - उताका मयूरले त नाचेनन् । आलोपालो गरेर पो नाच्छन् कि ?

जिनिता - हेरिरहून, देखिहाल्छ्यौ ।

केही बेरपछिको कुरो हो । नाचिरहेको मयूरको जीउबाट केही खस्यो । अरू मयूरहरू हानाथाप गर्दै त्यतातिर गए । एउटा मयूरले खसेको त्यो वस्तु हत्तपत्त टिप्यो र छेउछेउ लाग्यो । म हेरिरहन्छु र सोचिरहन्छु- 'एउटै मयूरको लागि तीनवटी मयूर्नीको हानाथाप ? भोलि पनि त्यसरी नै हानाथाप हुनेछ । सायद भाउ खोजेर बस्ने मयूर्नी भोकै रहन्छे ।'

'हेर न त्यो मयूरले नाच्न छोड्यो । अरू मयूरले त नाच्दै नाचेनन्' मेरो पाखुरा कोट्याउँदै मिनिता भन्छिन्- 'जिनू ! किन टोला'को ?'

म झस्किएँ तर संयमित हुँदै भन्छु - केही होइन ।

मिनिता - अनि किन चुपचाप छ्यौ त ?

जिनिता - तिमीलाई त्यो नाच कस्तो लाग्यो होला भनेर सोच्दै थिएँ ।

मिनिता - दूबोबाट के हो टिपेर खान ती ननाच्ने मयूरले निकै दौडादौड गरेथे । पछि एउटा मयूरले के हो टिपेर खायो नि .. तिमीले ख्याल गऱ्यौ ?

जिनिता - नाच्ने त्यो पन्छी मयूर हो । ननाच्ने पन्छीचाहिँ मयूर्नी हुन् ।'

मिनिता - ए ...अनि त्यो मयूर्नीले के टिपेर खाई त ?

जिनिता - नाच्दानाच्दै स्खलन भएको मयूर वीर्य । त्यसैबाट मयूर्नीमा गर्भ बस्छ । करिब एक महिनामा त्यसले अण्डा पार्छे ।

मिनिता - ए ... त्यस्तो पो !

केही बेरपछिको कुरो हो । रात्री भोजन लिँदै जङ्गली हात्तीबारे कुरा गर्दै छौं ।

मिनिता - हात्तीसारकै मत्ता हात्तीका दाह्रा त त्यति ठूला हुँदा रहेछन् अनि जङ्गली हात्तीका दाह्रा त्यति ठूला किन नहोस् ।

एशियाली हात्ती मात्र त्यस्ता हुन् तर अफ्रिकी मत्ता र ढोई दुवै हात्तीका दाह्रा हुन्छन् ।

मिनिता - साँच्ची ! ... एउटा कुरा सोधूँ ?

जिनिता - सोध न ।

मिनिता - अफ्रिकी ढोईमा मत्ताको झैँ दाह्रा हुन्छ भन्यौ नि ...!

जिनिता - अँ ।

मिनिता - अफ्रिकी महिलामा पनि पुरुषको झैँ दाह्रीजुँघा हुन्छ त ?

जिनिता - उफ ! तिमी के-के सोचिरा'छ्यौ ? तिमीलाई पनि दाह्रीजुँघाको रहर छ कि कसो ?

मिनिता - उँ...म्, त्यसै सोध्या नि ...! रहरले मात्र हुन्छ र ? (हाँस्दै भन्छिन्) हुने भए दाह्रीजुँघा भएको आफ्नो अनुहार हेर्न एकदमै मन छ । महिला सिने कलाकारले दाह्रीजुँघा राखेका हुन्छ नि ! त्यस्तै तर प्राकृतिक रूपको ।

जिनिता - योगगुरु रामदेवकोमा जानु नि ! तिम्रो रहर पूरा हुन्छ ।

मिनिता - हो र ? त्यस्तो घटना घट्या छ त ?

जिनिता - छ नि ।

मिनिता - सुनाऊ न ।

एउटी महिला बिसन्चो भएर एकपछि अर्को डाक्टर कहाँ खूबै धाइन् । रोग भने २० को १९ पनि भएन । अन्तमा उनी योग गुरु रामदेवकोमा गइन् । आफ्नो समस्या बताइन् । हर्मोनको अत्यधिक न्यूनता नै उनको रोगको कारण रहेछ । गुरुले हर्मोन वृद्धि हुने योग अभ्यास गराए-सिकाए । उनले भने- यो नित्य गर्नु र तीन चार महिनापछि आउनु । योग गर्न थालेको केही सातामै उनले राहत महसुस गर्न थालिन् । खुसी हुँदै उक्त योग ६-७ महिनासम्म गरेको गर्‍यै गरिरहिन् । त्यसपछि के भो था'छ ?

मिनिता - के भो ?

जिनिता - उनको मुहारभरि पुरुषको झैँ दाह्रीजुँघा आयो ।

मिनिता - अनि ... ?

जिनिता - त्यसपछिको कुरो किन चाहियो । तिमीलाई चाहिएको त्यही दाह्रीजुँगा त हो नि ।

मिनिता - त्यो विचरीको त बर्बाद भो नि ! बताउन जिनू अनि के भो ?

जिनिता - ३-४ महिनापछि नै रामदेवकोमा 'फलोअप' गर्नुपर्ने थियो । उनले गरिनन् तर योग भने गरेको गर्‍यै गरिन् । अन्ततः आवश्यकभन्दा ज्यादा योग गरेबाट हर्मोन पनि अत्यधिक वृद्धि हुन गयो । फलतः उनको मुहारमा पुरुषको झै दाह्रीजुँगा पलाए । जति काटे पनि आएको आयै भयो अनि फेरि रामदेवकोमा गइन् ।

मिनिता - कस्तो अचम्मको घटना । जिनू, तिमीले त भोजन पनि कति चाँडै गरिसकिछौ ।

जिनिता - चाँडो खाइसकेको राम्रो नि !

मिनिता - किन र ?

जिनिता - रात छिप्पिँदै जाँदा वन्यजन्तु देखिने सम्भावना बढ्दै जान्छ ।

एकछिन पछिको कुरो हो । झ्याल अगाडि बसेर परतिर हेरिरहेकी छु । वल्लो झ्याडको ठीक दायाँतर्फ एउटा ढलिरहेको रूख छ । त्यहाँनेर तीनवटा डमरू आपसमा खेलिरहेका छन् । 'कति राम्रा छन् ती डमरू । यिनै डमरू वयस्क हुँदा कति हिंस्रक हुन्छन्' भनेर सोचिरहेकी हुन्छु । एउटा शिकार (मूसो) मुखमा झुन्ड्याउँदै माउ बघिनी आई । त्यो मूसो चौरमा राखेर डमरूलाई शिकार कला सिकाउन थाली । मचान नजिकैको रूखबाट एउटा लाटोकोसेरो अर्को रूखतिर गयो । त्यसपछि बघिनीले त हामीलाई पो क्वारक्वार्ती हेरिरही । दाह्रा देखाइरही । एकातिर हाम्रा मनमा अनेक डर, त्रास र आशङ्का उत्पन्न भए । अर्कोतिर मनले भनिरह्यो- 'त्यो मोरी बघिनी कति सुन्दरी ! त्यसको पाइलाका चाल पनि कति राम्रा । शहरी मञ्चमा मात्र देखेंथें आज त प्राकृतिक मञ्चमै देखें - क्याटवाक । आम्मै ! यति राम्रो चालमा हिंड्ने त्यो क्याटवाकी सुन्दरी कति डरलाग्दी । जति सुन्दरी हुन्छन् उती डरलाग्दी पो हुन्छन् कि कसो । सायद त्यो बघिनीलाई आफ्नै सन्तान सुरक्षाको सरोकार छ । उसका लागि मातृत्व नै सर्वोपरी छ किनकि मातृत्व आफैमा सुन्दर हुन्छ । माउको शारीरिक सुन्दरता झनै प्रखर हुन्छ । 'मभित्र पनि यस्तो मातृत्व र शारीरिक सुन्दरताको सम-भावना कहिले विकास होला ?' भनेर टोलाउन पो थालेछु । केही निमेषपछि झस्किन्छु र मिनितालाई हेर्छु । उनी त ओछ्यानमा मजाले सुतिरहेकी थिइन् । अब म पनि सुत्ने तरखर गर्छु ।

००

सातौं दिन । कटेरोमा फर्कने सुरसार गर्दै छौं । सरसामान मिलाउँदै मिनिता भन्छिन् - यहाँ त मङ्सिर-पुसतिर घरपालुवा पशुपन्छीको खेल पनि हुन्छ रे !

जिनिता - हो, क्रिसमसका बखत हुने गर्छ ।

मिनिता - अर्को साल आउनुपर्ला ।

जिनिता - पछि सल्लाह गरौंला ।

मिनिता - हवस् ।

हामी बिहानीखाजा लिँदै छौं । कटेरोमा हामी मात्र थियौं । अरू पाहुना त बिदाबारी भइसकेछन् । आज निकै फुर्सदिलो देखिएकी मन्दिरासित कुरा गर्दै मिनिता भन्छिन् - 'हामीले मचानबाट रगताम्य बघिनी देखेका थियौं । त्यो कुनै हिंस्रक जनावरको आक्रमणमा परेर हो कि ?'

मन्दिरा - डमरू बचाउन बघिनी र बाघबीच बरोबर झगडा भइरहन्छ । साथै अन्य जनावरसित पनि त्यत्तिकै मूठभेट भइरहन्छ । रगताम्य भएरै पनि आफू बच्छे र डमरू पनि बचाउँछे । साथै आहार जुटाएर डमरूलाई खुवाउँछे र आफू पनि खान्छे ।

मिनिताले अर्को जिज्ञासा राखिन् - बिराली रोएको सुन्यौं तर त्यो कुनै महिलाको रूवाइ झैं थियो किन होला ?

मन्दिरा - बिरालाका झगडा प्रायः राती हुने गर्छन् । त्यो झगडा पनि बिरालीले आफ्ना छाउरा जोगाउनकै लागि हो । हार्न लागि भने रोएर दुःख पुकारा गर्छे । त्यतिबेला उसको रुवाइ महिलाको झै सुनिन्छ । अब भन्नोस् त बिरालो प्रजातिको यो माउ स्वभावलाई कस्तो ठान्नुहुन्छ ?

मिनिता - यी पशु हुन् तर पनि यिनको साहसीपना उच्च छ । यो उनीहरूको आमापना हो । आफ्नो सन्तानप्रतिको नैतिकता हो । नैतिकता प्राणीमात्रको सिर्जना हो र त ? भन्न मन लाग्छ - आमा हुनु त बिरालो प्रजातिका माउजस्तो ।

कुराकानी टुङ्ग्याउँदै मन्दिरा भन्छिन् - आज त म पनि टाँडीसम्म जानु छ । काठमाडौं जाने पर्यटन वाहनमा दुईवटा सिट सुरक्षित गरेकी छु । बरु प्रस्थानको लागि ९:३० बजे तयार होऔं र बजारसम्म सँगै जाऔं ।'

कटेराका कर्मचारीसित बिदा हुन्छौं । टाँडी पुगेपछि मन्दिरासित पनि बिदा हुन्छौं र काठमाडौं पुग्छौं ।'

खाजा खान बोलाउनुपर्‍यो भनेर आउँछु, ढोका केही ढप्किएको थियो ।

ढोकातिर हात बढाउँछु - ढक्‌ढक् ... ढक्‌ढक् ...

भित्रबाट आवाज आउँछ - ढोका खुलै छ ।

ढोका उघार्दै भन्छु - खाजा तयार भयो । भोजन कक्षमा जाऔं होला ।

प्रकाशक भाइले भने - उता खाजा तयार हुँदै गर्दा यता पाण्डुलिपि पढ्न भ्याइयो ।

ä ã

# पञ्चकन्या पानीपुरी

**इन्दु पन्त**

'नमस्कार ! म नीलम बन्जाडे प्रेरणा च्यानलमा दर्शकवृन्द यहाँहरूलाई स्वागत छ ।' आज हाम्रा अगाडि पाँच अतिथिहरू उपस्थित हुनुभएको छ । उहाँहरू हाम्रा प्रेरणा र हौसलाका उदाहरण हुन् । आउनुस् दर्शकवृन्द आज हामी उहाँहरूकै मुखबाट उहाँहरूका सङ्घर्षका कथा सुनौं । 'पञ्चकन्या पानीपुरी' रेष्टुरेन्टका मालिकहरू श्री मेघा शर्मा, विमला चौलागाईं, कमला गिरी, रमा रानी र मनकुमारी चौधरी हार्दिक स्वागत छ ।

'नमस्कार !' सबैले पालैपालो नीलमलाई नमस्कार गरे ।

नीलम - 'यहाँहरूको रेष्टुरेन्ट 'पञ्च कन्या पानीपुरी' नामको अर्थ कृपया यहाँ हाम्रा दर्शकवृन्दमा खुलाइदिन अनुरोध गर्दछु । मेघाजी तपाईंले भनिदिनुहोस् ।'

मेघा - नमस्कार ! सर्वप्रथम नीलमजी तपाईंलाई धन्यवाद दिन चाहन्छु । तपाईले हामीहरूलाई यसरी टि.भी.मा उपस्थित गराएर हाम्रो चिनारी सबै दर्शक महानुभावहरूलाई जानकारी दिलाइदिनु भएकोमा आभार प्रकट गर्दछु ।

हामी पाँचजना साथीहरू मिलेर यो रेष्टुरेन्ट खोलेका भएर 'पञ्चकन्या पानीपुरी' नाम दिएका हौं । पानीपुरी नाम पछाडि जोड्नुमा पनि अर्थ छ । सर्वप्रथम गाउँबाट जब हामी काठमाडौं शहर आइपुग्यौं । मलाई सबैभन्दा पहिले कहिलै मैले नखाएको कुरा पानीपुरी खाँदा अत्यन्त मीठो स्वाद लाग्यो । बालाजुको पार्क बाहिर बेचेको पानीपुरी चाखेपछि मनले अठोट गऱ्यो, म पनि पानीपुरी बेचेर रेष्टुरेन्ट खोल्छु भनेर । मैले मेरा साथीहरूलाई पनि यो कुरा व्यक्त गरें उनीहरू सबैले सहमति जनाए । हाम्रो यहि उद्देश्यका लागि हामीले धेरै सङ्घर्ष गऱ्यौं ।

नीलम - 'तपाईंहरू पाँचजना कहाँ कहाँबाट आउनुभएको र कसरी साथी हुनुभयो त्यो कुरा पनि जानकारी गराइदिनुस् न ।'

मेघा - 'म, विमला र कमला एउटै गाउँका मिल्ने साथीहरू हौं । हामी एउटाले भनेको कुरा अर्कोले काट्दै काट्दैनौं, हामीहरूको सोच पनि एउटै छ । हामी सिमिकोट, नजिकैको गाउँ कर्णाली प्रदेशबाट भागेर आएका । बाटोमा रमा र मनकुमारिसँग बसमा भेट भयो । उनीहरू पनि आफ्ना आफ्ना गाउँबाट भागेरै आएका रहेछन् ।'

नीलम - 'रमाजी तपाईं कताबाट भागेर आउनुभएको नि ?'

रमा - 'म डोटीबाट आएको, त्यहाँको देउकी प्रथाअनुसार म मन्दिरमा चढाइएकी छोरी देउकी हुँ । यो प्रथा मलाई पटक्कै मन परेन त्यसैले भागेँ ।'

नीलम - 'मनकुमारी जी तपाईं नि ?'

मनकुमारी - 'मेरो घर नेपालगञ्ज हो । सौतेनी आमाको अत्याचार सहन गाह्रो भएपछि एकजनाको विश्वासमा महेन्द्रनगर पुगेँ तर त्यो मान्छेले मलाई बेच्न लागेको कुरा थाहा पाएपछि म भाग्न सफल भएँ ।'

नीलम - 'मेघाजी तपाईंहरू तीनजना किन भाग्नुभएको आफ्नो गाउँबाट ?'

मेघा - हाम्रो गाउँमा छाउपडी प्रथा अत्यन्त जटिल छ । मैले त्यसको कति विरोध गरेँ तर कसैले हाम्रो कुरा सुनेनन् । छाउगोठमा बस्दा मेरी दिदीलाई जङ्गली जनावरले मारिदियो तैपनि कसैका आँखा खुलेनन्, त्यसैले हामी तीनजनाले आफूहरूलाई नदीले बगाएको भान हुने गरी प्रमाणहरू छोडेर हामी भागेर यहाँ आउन सफल भयौं ।

नीलम - 'केटीहरू भएर तपाईंहरूले कत्रो साहस गर्नुभएको ? कमलाजी तपाईं पनि केही भन्नुस् न ।'

कमला - 'त्यो छाउपडीका कारण त्यहाँ महिलाहरूलाई धेरै दुःख भोग्नुपरेको छ । हामी त्यसको विरोधमा उत्रनका लागि पनि त्यहाँबाट भागेका हौं । अब अहिले भन्नुस् त, हामी अझै पनि महिनावारी हुने गर्छौं तर हाम्रो रेष्टुरेन्टमा सबै कुरा हामीले नै बनाउँछौं । कुनै मान्छे आएर तपाईं छुई भाको त छैन ? भनेर त सोध्दैनन् । सबैले हाम्रो रेष्टुरेन्टमा बनाएको खाना मीठो मानेर खाएर जान्छन् । खोइ ! कसैलाई द्यौता लागेको, बिसन्चो भएको, पाप लागेको केही थाहा छैन ।'

मेघा - 'त्यही त नि । शहरमा छाउको केही मतलवै छैन । गाउँघरमा चाहिं किन त्यस्तो अन्धविश्वास । हुन त शहरमा पनि महिनावारी बार्नेहरू प्रशस्त छन् तर अलि फरक ढङ्गले । हुन त यहाँ पनि राडी पाखीमा भिन्नै सुत्ने चलन थियो रे पहिले पहिले । अहिले अलि फरक भएको होला । पशुपतिनाथको मन्दिर बाहिर फूल बेच्न बस्नेहरू के छाउ भएका छैनन् होला ? तिनीहरूले बेचेको फूलचाँहि चढ्ने । खै के हो यस्तो चलन ।' कसले खोजीनिती गर्ने ?

नीलम - 'विमला जी ! तपाई भन्नुस् न केही ।'

विमला - के बारेमा भनौं ?

नीलम - 'तपाईंहरूको रेष्टुरेन्ट 'पञ्चकन्या पानीपुरीमा' खाली पानीपुरी पाइन्छ कि अरू पानीपुरीचाहिं मेघाले बनाउँछे त्यो चाहिं स्पेशलै छ । धेरै ग्राहकहरू त्यसको स्वादले घरी घरी आइरहनुहुन्छ । त्यसको साथमा अरू पनि धेरै कुराहरू छन्, जस्तै : गाउँले स्वादको ढिंडो र गुन्द्रुक साँधेको, लोकल

कुखुराको झोल र भात, चटपटे आदि । ज्यादा धेरै थरीका पकवान् त छैन तर यिनै हुन् मुख्य ।'

नीलम - 'यी सबै तपाईंहरू आफै बनाउनुहुन्छ ?'

विमला - 'हामी पाँचजना मिलेर बनाउछौं । ग्राहकहरूलाई सर्भ पनि हामी आफै गर्छौं । केवल भाँडा धुनका लागि दुई जना अरू राखेका छौं । जे होस् हामीलाई सन्तुष्टि मिलेको छ आफ्नो कामबाट ।'

नीलम (मेघातिर फर्केर) - 'मेघाजी ! अब म एउटा अन्तिम प्रश्न तपाईंलाई सोध्छु - यत्रो रेष्टुरेन्ट खोल्न सफल हुनाको पछाडि तपाईंहरूले गाउँ गाउँबाट शहर पसेर के कस्ता समस्याहरू बेहोर्नुपर्‍यो ? कृपया विस्तारपूर्वक हाम्रा दर्शकहरूलाई सुनाइदिनुस् न । गाउँबाट भाग्नुका कारणदेखि नै भन्नुहोला है ।'

मेघा - ल सुन्नुहोस् । सुनाउनु अघि म हाम्रा बाबाआमासँग उहाँहरूलाई नसोधी यसरी भागेर आएकोमा क्षमा माग्छु । उहाँहरूले त हामी नदीले बगाएर मरिसक्यौं भन्ठान्नुभएको होला । दश वर्षपछि आफ्ना छोरीहरूलाई टेलिभिजनमा देख्दा कति अचम्म मानिरहनुभएको होला ।

नीलम (बीचमै रोकेर) - मेघाजी ! तपाईंका बाआमाले टेलिभिजन हेरिरहनुभएको होला र ?

मेघा - 'मैले विमलाको दाइलाई फोन गरेर आजको यो कार्यक्रम गाउँले सबैलाई ठूलाबाको घरको ठूलो टि.भी.मा हेर्न लगाउनु भनेर फोन गरिदिएकी छु ।'

नीलम - 'ए ! त्यसो भए त पक्कै सबै जना भेला हुनुभएको होला ।'

ooo

बाह्र वर्षकी भई मेघा । गोरी, राता राता गाला भएकी, कैलो कपाल कुमसम्म छरपष्ट भएका, लामो घुँडासम्म आएको बुट्टे घाँघर लगाएर गाउँघरमा बाख्रा खेद्दै हिंड्थी । उसको हिंडाइ बोलाइले गाउँका सबैजनाको मन जितेकी थिई । ऊ जे गर्न पनि पछि पर्दिन थी । रूख चढ्ने, गाई भैंसी बाख्राहरूलाई स्याउला काटेर ल्याउने काममा आफ्नो बुवाआमालाई सघाउँथी । उसको एउटा भाइ दिनेश र एक दिदी रूपा ऊभन्दा दुई वर्षले जेठी थिई । रूपा सोझी खालकी कसैसँग धेरै नबोल्ने आमाको घरायसी काममा सहयोग गरी बसिरहन्थी । रूपा र मेघामा आकाश जमीनको अन्तर थियो । मेघा सबैसँग बोल्ने, कोहीसँग नडराउने हक्की स्वभावकी थिई । बाह्र वर्षकी भए पनि ठूलाले जस्तो काम गर्न सक्थी ऊ । ऊ खान पनि दिदीले भन्दा बढी सक्थी । पाँच वर्षे उसको भाइ ऊसँग निकै घुलमिल हुन्थ्यो । मेघा जता गयो दिनेश पनि उसकै पछि पछि लाग्थ्यो । मेघा कहिलेकाहीं भाइ पछि लाग्यो भनेर उसलाई छलेर रूखको टुप्पामा गएर बसिदिन्थी । मेघाका थुप्रै साथीहरू थिए । ऊ आफ्ना साथीहरूसँग

हातमा एउटा लठ्ठी लिएर जङ्गल, जङ्गल घुम्न हिँड्थी । उसको ताल देखेर उसका आमाबुवा भन्ने गर्थे- 'मेघा जङ्गलतिर नजा ! जङ्गली जनावरहरू हुन्छन्, तँलाइ खाइदेलान् ।' मेघा भन्थी - 'मलाई खान आए भने त म तिनीहरूलाई यही लठ्ठीले हिर्काई हिर्काई मारिदिन्छु ।' म लठ्ठी नबोकी वनमा जान्न । नडराउनुहोस् आमा । म आफ्नो सुरक्षा आफै गर्न सक्छु ।

आमाबाबु उसलाई सम्झाएर थाक्थे ।

मेघाको घरको तल्लो डाँडामा रहेको सरकारी विद्यालयमा धेरै जसो केटीहरू भन्दा केटाहरू नै बढी पढ्न आउने गर्थे । पाँचकक्षा पास भएपछि रूपालाई उसका बाआमाले स्कूल जान दिएनन् । घरधन्दाको काम सिक्नुपर्छ छोरी मान्छेले धेरै पढेर के गर्नु ? अक्षर चिनी हाली, अलिअलि लेख पढ गर्न जाने पछि भैगयो नि, भनेर घरैमा राखिदिए । उसलाई पनि पढ्नमा भन्दा घरेलु काममै बढी रुचि थियो । पहिलोपल्ट पर सरेपछि उसलाई स्कूल जानबाट बञ्चित गरिएको थियो । महिनावारी हुँदा अधिक रक्तश्राव हुने, अरूलाई छोइछाई गर्न नहुने भएका कारण ऊ स्कूल जान नपाएकी थिई । महिनाको चार दिनसम्म छाउगोठमा बस्नुपर्ने चलन थियो ।

ठूला ठूला रूखहरूले घेरिएको सानो छाउगोठमा एउटा सानो झ्याल र सानो ढोका भएका कारण हावा ओहरदोहर गर्न पनि गाह्रो । ढोका खुल्लै राख्दा जङ्गली जनावरको डर ।

मेघा दिदीलाई खानेकुरा पुऱ्याउन छाउगोठमा आउने जाने गर्थी । छाउगोठमा दिदीलाई यसरी राखेको उसलाई पटक्कै मन परेको थिएन । उसले आमालाई सोधी- 'आमा दिदी भरखर चौध वर्षकी भई, त्यति सानै बेलामा उसलाई यसरी एक्लै किन राखेको ?'

आमा- 'यहाँ यस्तै चलन छ महिनाबारी भएपछि कसैलाई छुन हुँदैन । गाईको दूध, दही केही खानु हुँदैन । तेरी दिदी त झन् पहिलोपल्ट पर सरेकी छ, उसले त आफ्ना बाबु, भाइ या अरू कुनै केटा मान्छेलाई हेर्न पनि हुँदैन ।'

'किन आमा के हुन्छ ?'

'पाप लाग्छ ।'

'कसरी पाप लाग्छ ? म त यो कुरा पत्याउन्न आमा ।' मुख बिगार्दै मेघाले भनिन् ।

'त्यस्तो नभन् । भोलि पर्सि तँ परसरेपछि पनि त्यस्तै गरी बस्नुपर्छ । जानिराख् ।' आमाले भनिन् ।

दिदीसँग म गएर सुत्छु है त त्यसो भए । हुन्न दिदीलाई छुन टाढैबाट कुराकानी गर्नुपर्छ सुत्ने कुरा त पर । आमाले अलि उच्च स्वरमा छोरीलाई सम्झाइन् ।

मेघाको चित्त बुझेको थिएन । खोइ दिदीलाई खाजा म पुऱ्याएर आउँछु । आमासँग मेघाले खाजा मागेर गई । एउटा भाडोमा मकै भुटेको, आलु उसिनेको र पानी थियो खाजाको नाममा कस्तो चलन होला यस्तो ? मनभरि अनेक कुरा खेलाउँदै मेघा दिदी कहाँ पुगी ।

छाउगोठमा रूपा रोएर बसिराखेकी थिइन् ।

'किन दिदी तिमी रोएकी' के भो ?

मलाई यहाँ एक्लै कस्तो पट्यार लाग्छ । त्यसमाथि अघि ऊ पर जङ्गलमा हाप्सिलो कराएको आवाज आएको थियो । 'मेघा दिनभरि तँ मलाई छोडेर नजा है ! राती त तँलाई मसँग राख्न पनि पाउँदिन के गर्नु ।' रूपाले बहिनीलाई आफ्नो दुःख पोखी ।

दिदी पख ! तिमीलाई म दुईवटा बलियो लठ्ठी ल्याएर दिन्छु अनि हँसिया पनि दिन्छु । तिमी दुवै आफ्नो सिरानमा राख्नु । कुनै जनावर आयो भने त्यसैले हिर्काइदिनु ।

आज दिनभरि हामी गट्टा खेल्ने है !

दिदीसँग झमक्क साँझ परून्जेल गट्टा खेलेर मेघा अबेला घर गई । आमा परबाट आउँदै थिइन् । उनको हातमा रूपाको लागि बेलुकाको खानेकुरा थियो । मेघाले आउँदै गरेकी आमालाई भनी- 'आमा म दिदीलाई आज दिनभरि साथी बसेँ । अब राती दिदी एक्लै कसरी बस्छे ? कस्तो डराइराखेकी छे ।'

'डराउन्न म सम्झाएर आउँछु । तँ घर जा, भाइ र बुवालाई खाना दे । म आउँछु अनि तँ र म खाउँला ।'

'मलाई पनि भोक लागेको छ । म पनि सँगै खान्छु । तपाईंलाई राखिदिउँला ।' मेघाले ढृढ हुँदै भनी । 'लौ लौ खा ।' आमाले हाँस्दै भनिन् । 'तपाईंले पहिला खाएर आएको भए पनि हुन्थ्यो नि ! तपाईंलाई चाँहि भोक लागेको छैन र' ? 'तेरो बाउलाई नदिई मैले कैले खाको छु ? जा जा धेरै कुरा नगर ।' आमा फर्किदै आफ्नो बाटो लागिन् ।

मेघा घरतिर लागिन् ।

मेघ गर्जियो, हुरी बतास बेसरी चल्न थाल्यो । मेघा मस्त निदाइरहेकी थिई । उसकी आमा जुरुक्क उठिन् हावाले बतासिएको झ्यालको खापा बन्द गरिन् । मुसलधारे पानीले गर्दा केही पनि देखिँदैनथ्यो त्यसमाथि रातको समय । उनी रूपालाई सम्झेर बहुतै चिन्तित भइन् ।

यस्तो वर्षा भो, त्यो बिचरी के गरिरहेकी होली ? गएर हेरौँ भने कसरी जाऊँ यस्तो पानीमा ? 'डरऱ्याम्म' अर्को बिजुली चम्कियो । आमाको मन समाजको डरले उनले नचाहेर नै छोरीलाई छाउगोठमा राख्न बाध्य भएकी हुन् । मेघा तर्सेर उठी । दिनेश पनि रूँदै आमा भन्दै उठ्यो । दिनेशका बाबु पनि के भो भन्दै

उठे । रात्रीले भयङ्कर रूप लियो ।

ढोका खोली, टोलाइरहेकी आमा दिनेशको रुवाइले ओछ्यान नजिक आइन् । दिनेशलाई बाबुले काखमा राखी सुमसुम्याइरहेका थिए । मेघा आमासँग टाँसिदै भन्न थाली- 'आमा गएर हेरौं दिदीलाई ।' 'यस्तो पानीमा कसरी जाने नानी हेर त बाहिर केही देखिँदैन । भोलि बिहानै जाउँला । तँ पीर नगर ।' सम्झाई बुझाई गरी मेघालाई आमाले सुताइन् तर मेघा सुत्न सकिनँ । उसको आँखामा वरिपरि दिदी रूपाको मुख झलझली घुमिरह्यो । कहिले रात बित्ला ? कहिले पानी थामिएला ? भन्ने लाग्यो उसलाई ।

'कुखुरी काँ' गरी भाले बास्यो । बिहान छर्लङ्ग आकाश खुलिसकेको थियो । आमाले दूध र चिउरा दिइन् दिनेश र मेघालाई अनि मेघालाई भनिन् 'ल फटाफट यति खाएर भाइलाई बुवासँग छोडेर तँ र म दिदी कहाँ जाऊँ हिँड् । दिदीको चिन्ता लागिराखेको छ । हिजोको त्यो डरलाग्दो वर्षाको कारण दिदी डराएर के गति भा होला ।'

आमा र छोरी हतार हतार छाउगोठतिर लागे । आमाछोरी दुवै छाउगोठको ढोका खुल्लै देखेर तर्सिए । हुन त रूपा दिसा पिसाप गर्न जङ्गलतिर गई होली भन्ने पनि आमाले सोचिन् ।

'रूपा ! ए रूपा !' आमाले बोलाइन् ।

उत्तर केही आएन ।

'दिदी ए दिदी तिमी कहाँ बोल न ।' मेघाले छाउगोठको खुल्ला ढोकाभित्र छिर्दै दिदीलाई बोलाई । झ्यालको खापा खुल्लै थियो तर दिदी त्यहाँ थिइन ।

'आमा ! दिदी त भित्र छैन त ।'

'धोई धाई गर्न गई होली पख न आइहाल्छे नि ।' आमाले छोरी मेघालाई सान्त्वना दिंदै भनिन् ।

एकछिन आमा र छोरी मेघा यताउता गर्दै रूपाको आगमनको प्रतीक्षा गरिरहे तर रूपा निकैबेर हुँदा पनि त्यहाँ आइन । आमाको मनमा चिसो पस्यो । मेघा पनि आत्तिई । यतिबेर त लाग्दैन थियो । 'जाऊँ हिँड्नुस् जङ्गलमा खोज्न ।'

'रूपा ! ए रूपा !'

'दिदी ए दिदी !'

आमा र छोरीको पुकार वृक्षपातहरूमा ठक्कर खाई प्रतिध्वनित भई फर्किए ।

जङ्गलभित्र आमाछोरी दुवै चिच्याउदै कराउदै रूपालाई खोज्न लागे । उनीहरूको आवाज सुनेर अरू दुईचार जना गाउँलेहरू पनि के भो भन्दै जङ्गलतिर आउँदै थिए । अचानक मेघाको आँखा एउटा रूखको हाँगामा पऱ्यो । मेघा बेस्सरी चिच्याई । 'दिदी !' आमाले पनि त्यतैतिर हेरिन् । उनको होसै उड्यो, उनी बोल्नै नसक्ने अवस्थामा पुगिन् । आफू धर्तीभित्र भासिँदै गएको

अनुभव गर्न थालिन् । त्यतिकैमा गाउँका अरू मानिसहरू त्यहीँ आइपुगे । सबैका आँखा विष्मयले भरिएको थियो । कसैको मुखबाट निस्कियो कठै ! बरी लौ न यो के भयो, कस्तो दृश्य देख्नुपऱ्यो हरे शिव ! रूपा र मेघाको बाबु भाइ दिनेशसहित त्यहाँ आइपुगे ।

रूपाको शरीरको लगभग आधा भाग कुनै जङ्गली जनावरले खाइसकेको रहेछ । उसको टाउको र शरीरको माथिल्लो भाग रूखको हाँगामा अट्किएको अवस्थामा देखियो । कुन नृशंस पशुले यस्ती बालिकालाई यसरी मारेछ नि ! 'चितुवाले होला ।' 'चितुवा रूख चढ्छ नि ।' भीडबाट आवाज आयो ।

'होइन होइन बाघैले होला । त्यो पनि एउटाले मात्र होइन दुई तीनवटा आएजस्तो छ । बाघको पञ्जाको डोबहरू थुप्रै छन् ।' अर्कोको आवाज आयो । होइन के भन्या बाघ समूहमा कहिले हिँड्दैन । पोथी चितुवा हुन सक्छ, डमरूहरू पनि भएका हुँदा धेरै पञ्जाका डोबहरू देखिएका होलान् ।

आफ्ना आफ्ना तर्कहरू ओइरिँदै गए तर त्यसो हुनाको कारणपट्टि कसैको ध्यान गएन । दया र करुणाका शब्दहरू खन्याउँदै त्यो आधा लाशलाई कसरी झिक्ने भन्ने उपाय खोज्न लागे ।

ए ! रूपा त पर सरेकी थिई त्यो लासलाई छुन हुन्छ र ? हुन्न होला ।

'हत्तेरी मरिसकेपछि के छुन हुने के नहुने ? त्यस्तो कुरा नगरौं ।' भन्दै लास झिक्न एउटा समूह अगाडि बढ्यो । आमा र बुवाका मुखबाट कुनै शब्द निस्कन सकेन । रूपाको बीभत्स मृत्युबाट आमाबुवा प्राणहीन जस्ता देखिए । मेघाको मनमा भने विद्रोही भावनाले जरा गाड्यो । उसले आफू जस्तै मिल्ने साथीहरूलाई बोलाएर भनी- 'हामी केटीहरूलाई यसरी मर्नुपर्ने कारण यो छाउपडी जस्तो कुप्रथाले गर्दा हो । आऊ हामी सबै मिलेर यो छाउगोठ भत्काइदिऊँ ।'

मेघा र उनका आठ दश जना साथीहरू मिलेर रूपा बसेको छाउगोठ भत्काउन थाले । बाह्र वर्षकी मेघामा यस्तो भावना र त्यही भावनाको बलले ऊ र उसका साथीहरू मिलेर छाउगोठलाई 'डाङडुङ' पारिदिए । पूर्णरूपले भत्काउन नसके पनि त्यहाँ बस्न भने नमिल्ने भयो ।

'डाङडुङ' आवाज सुनेर गाउँलेहरू त्यहाँ आइपुगे । के गरेकी मेघा तैँले, कमला, विमला के हो यस्तो चाला तिमीहरूको ? छाउगोठ भत्काउन हुन्छ ? भोलि तिमीहरूलाई पनि त यहाँ बस्नुपर्ने हुन्छ नि !

तपाईंहरूलाई लाज लाग्दैन रूपा दिदीको त्यस्तो अवस्था देख्दा पनि अझै छाउगोठमा हामीलाई पनि राख्ने भन्नुहुन्छ ?

'के गर्छौ त बा ! कसले छोरी भएर जन्मनुभनेको थियो त ? छोरा भएको भए त्यस्तोमा बस्नुपर्दैनथ्यो ।'

'हामी छोरा भएको भए तिमीहरू कहाँबाट आउथ्यौ नि ?' मेघाले रिसले

आगो हुँदै भनी ।

'हेर ! यो मेघा कस्ती चोथाले । यत्रा लोग्नेमान्छेका अगाडि त्यस्तो भन्नुहुन्छ ? यसलाई त नठटाई भएन ।' भन्दै एक दुई जना बुज्रुक भनाउँदाहरू अगाडि बढे । मेघा र उसका साथीहरू लठ्ठी हातमा लिँदै भन्न थाले - 'लौ हेरौँ त हामीलाई ठटाएको ।' लठ्ठी उठाउँदै उनीहरू पनि अगाडि बढे । त्यतिकैमा झगडा साम्य पार्न मेघाका बुवाआमा र उसका साथीका दाजुभाइ सबै त्यहाँ आइपुगे र आफ्ना आफ्ना सन्तानहरूलाई गाली गर्दै, फकाउँदै घरतिर लिएर गए । अनेक आलोचना गर्दै भीड तितरबितर भयो ।

रूपाको दुर्घटना बिस्तारै बिस्तारै गाउँले समाजले बिर्सँदै गए, छाउगोठ फेरि ठडियो । पहिलाको भन्दा बलियो हुने गरी निर्माण गरियो । समाजका केही व्यक्तिहरूबाहेक रूढीवादीको सोचमा खासै परिवर्तन आएको देखिएन तर मेघाको मनमा त्यो दुर्घटना काँडासरी प्रत्येक दिन बिझिरह्यो । उसले त्यो दृश्य बिर्सन सकेकी थिइन । छोरी भएर किन जन्म्या त भनेर गाउँलेहरूले भनेको कुरा पनि उसले बिर्सन सकेकी थिइन ।

मेघा तेह्र वर्ष पुगेको महिनामै पर सरी तर उसले आफ्नो महिनावारी भएको कुरा कसैलाई पनि भनिनँ । उसले निश्चय गरेकी थिई, आफू पर सरेको कुरा कसैलाई पनि नभन्ने र केही गरी कसैले थाहा पाए भने त्यो छाउगोठमा मरिगए पनि नबस्ने उसको अटल प्रतिज्ञा थियो । आमाका पुराना कपडा प्रयोग गर्दै ती कपडालाई कसैले नदेख्ने गरी जङ्गलको छेउछाउमा गई आगो लगाएर छोडिदिन्थी । उसले आफ्ना मिल्ने साथीहरूलाई पनि यही सल्लाह दिएकी थिई । ऊ मन्दिर पनि जान्थी र मूर्तिको अगाडि उभिएर भन्ने गर्थी- 'यी सबै मानिसले आकार दिएर बनाएका मूर्ति त हुन् नि ! अस्ति पनि त्यो गणेश कुमाले दाइले सरस्वतीको मूर्ति बनाएको थियो । साँच्चीकै देउता मूर्ति बनेर प्रकट भएको त होइन । मान्छेले यसै मूर्तिलाई देउता भनेका हुन् । देउता साँच्चीकै भएको भए मेरी दिदी रूपालाई किन बचाउन आएनन् त ?' यस्तै कुरामा उसको अरू मानिसहरूका बीचमा भनाभन परिरहन्थ्यो । कसैलाई उसको कुरा ठीक लाग्थ्यो भने कसैलाई कत्ति जान्ने भएकी भनेजस्तो लाग्थ्यो ।

मेघा कसैसँग दब्ने खालकी थिइन । ऊ विद्यालयमा केटाहरूसरह कराते पनि सिक्ने गर्थी । कमला र विमलालाई पनि कराते सिक्न उसैले हौस्याएकी हो । ऊ तर्क-वितर्क गरी सही कुरामा अरूलाई हराउन मजा मान्थी ।

मेघा दश कक्षामा पुगी । पढाइमा ऊ अब्बल नभए पनि उत्तीर्ण हुँदै गएकी थिई । दश कक्षाको परीक्षा पनि सिद्धियो । अब फुर्सदको बेला भयो । परीक्षाको नतिजा नआउन्जेल मेघा, कमला र विमला करातेको अभ्यास गर्न विद्यालय गई रहन्थे ।

एक दिन कमला, विमला र मेघा तीनै जना कर्णाली नदीको किनारमा बसेर गफ गर्दै थिए ।

मेघा - 'हेर ! (चारैतिर हेर्दै) मेरो बाआमाले त अहिलेसम्म म परसरिसकें भन्ने कुरा थाहा पाएका छैनन् ।'

विमला - 'मेरो पनि त हो नि ।'

कमला - मेरो त आमाले अलि अलि शङ्का गरेजस्तो लाग्छ । सोध्नुभएको थियो- 'ए ! त पर सरेकी त होइन ? किन निदाउरो मुख लगाएर बसेकी । तातो पानी खाँदा पनि पेट दुख्या जाति भएन भन्छेस् । यो उमेरसम्म त हुनुपर्ने ।' 'मैले काँ हुनु, आफूलाई पखाला लागेर छुट्टी छ । पर सऱ्या भए भनिहाल्थे नि ! आमा पनि त्यत्तिकै शङ्का गर्नुहुन्छ,' भनेर टारिदिएँ ।

मेघा - 'मेरो आमा त सोझी हुनुहुँदो रहेछ । अहिलेसम्म सोध्नु पनि भा छैन ।'

विमला - 'आफ्नो त आमा नभएर होला । बाउलाई के पत्तो, दाइलाई के पत्तो । बाउ त बे गर्न केटी हेर्दै छन् ।'

मेघा - 'जसले जेसुकै भने पनि हामी नभन्नी है यो कुरा । मेरो दिदीलाई त्यस्तो भएको देखेर पनि हाम्रा गाउँलेलाई चेत छैन । हाम्रै साथी शान्तालाई हेर त छाउगोठमा राख्न छोड्या छैनन् । हामले भन्या त हो नि नबस् भनेर । छुई भा भन्दा पनि नभन् भन्या होइन ।'

विमला - 'हो त नि । त्यो सारै डरपोक छे । के ढाट्न सक्थी ।'

कमला - 'ढाटेर साध्य पनि हुँदैन । कतिन्जेल ढाँट्ने एक न एक दिन त थाहा भइहाल्छ नि ।' थाहा पाएपछि बरु के गर्ने होला ? कुनै उपाय त खोज्नै पऱ्यो ।

मेघा - 'विद्रोह गर्ने । हामी ज्यान गए पनि छाउगोठमा बस्दैनौं भन्ने । यत्रा दिन नभन्दा केही अनिष्ट भयो ? भनेर उल्टै अरूलाई सोध्ने ।'

विमला - 'केही गरे हाम्रा कुरा सुनेर गाउँले सबै मिलेर हामीलाई कुट्न थाले भने नि ।'

मेघा - 'हाम्रा हातमा दही जम्या छन् । आइलागे जाइ लागौंला । डराउन्या कामै छैन । मलाई त बुझिस् कैले कैले यस्तो रूढीवादी भा ठाउँबाट भागेर जाउँ जस्तो लाग्छ ।'

कमला - 'हो भन्या, त्यो बाटुले घरकी ठूलीआँ छन् नि । तिनी त झन् कस्ती कट्टर्नी बाहुनी छन् । मनै पर्दैन मलाई त ।'

विमला - 'घर्ती घर्तीनी पनि त त्यस्तै छन् नि ! उसका छोरी छैनन्, अनि के !' यस्तै कुरा गर्दै समय निकै बित्यो ।

पर क्षितिजमा सन्ध्याले घुम्टो ओढ्न लागिसकेछन् । भोलि भेट्ने वाचा

गर्दै तीनै जना आफ्ना आफ्ना घरतिर लागे ।

झलमल्ल घाम लागिसकेछ । चराचुरूङ्गीको चिरबिरले पनि आज मेघालाई उठाउन सकेन ।

'ए मेघा उठ् कति सुतिरहेकी ? घाम लागिसक्यो ।' आमाले बोलाइन् । मेघा जुरुक्क उठी । उसलाई आज अति नै कम्मर दुखिरहेको छ । ऊ फेरि ओछ्यानमा पल्टिएर घोप्टो परी पेटलाई थिचेर सुती । जिउ कटकटी दुःखेको अनुभव भयो । आमाले धेरैपल्ट बोलाएपछि मेघा बिस्तारै उठेर ट्वाइलेटतिर लागि । ट्वाइलेट भन्नु मात्रको थियो । बारीको कुनामा एउटा निगालाले वरिपरि बारेको माथिपट्टि फूसको छाना हालेर बनाइएको थियो ।

मेघा पर सरेकी रहिछ । मेघा महिना पुग्ने बेलादेखि नै कपडा लगाएर हिँड्ने गर्थी । यसपल्ट अलि चाँडै भएछ । पूर्व तयारी गर्न भ्याइन । शरीरको तल्लो भाग, तिघ्रा र गोडामा लागेको रगत पखालेर घरभित्र छिरी । आफू सुतेको कोठामा पुग्दादेखि उसकी आमा तन्नाभरि लागेको रगतका टाटा देखेर एक्लै फतफताइन् - 'हरे ! यो मेघा पर सरेकी रहिछ कस्तो हुस्सु थाहा पनि नपाकी त्यसैले पो पेट दुख्यो भनेकी रहिछे । लौ अब के गर्ने होला । छाउगोठमा राख्न मन छैन । रूपाको त्यो हालत भो ।'

मेघाले आमाको फतफत स्पष्टसँग सुनी । 'आमा म छाउगोठमा बस्दिनँ, यही घरभित्रै भए बस्छु नत्र अन्त बस्दिनँ ।'

'के गर्छेस् नानी । मलाई पनि तँलाई छाउगोठमा राख्न त मन छैन तर के गर्नु ? गाउँले, समाजको डर छ । उनीहरूले थाहापाए मारिहाल्छन् । त्यसमाथि पापको पनि डर । तैँले अब भाइ र बालाई बाह्र दिनसम्म हेर्न हुँदैन । हेरिस् भने उनीहरूको आयु घट्छ । तँलाई पाप लाग्छ ।' आमाले चिन्तित हुँदै भनिन् ।

'केको पाप लाग्नु । तपाईंले म पर सरेको यो पहिलोपल्ट भन्ठान्नुभएको होला । होइन आमा म त तीन वर्ष अगाडि नै पर सरिसकेको थिएँ । मैले कसैलाई पनि भनिन । मन्दिर पनि गएँ, खाना पनि पकाएँ, बालाई भाइलाई पनि हेरेँ । खोइ त केही भा छैन । यस्ता नचाहिने कुरा म पत्याउन्न । म त यस्तो छाउ बार्ने वाला होइन,' मेघाले आफ्नो अठोट सुनाई ।

'ए ! के बोलेकी चुप लाग । अरूले सुन्लान् ।' आमा डराइ डराइ यताउता हेर्न थालिन् । पल्लाघरकी साननानी गोबर लिन भनेर मेघाको घरछेउ आइपुगेकी थिइन्, उनले आमाछोरीको कुरा सुनिन् । जिब्रो टोक्दै दौडेर आफ्नो घरतिर लागिन् ।

'ए आमोई ! आमोई ! मेघा त परसरिछ । छाउ बार्दिनँ भनेर आमासँग झगडा गरिराकी छे । कस्ती पापीनी हेर् ।'

साननानीले मेघाको छाउ नबार्ने भन्ने कुरा गाउँभरि फैल्याई । महिला,

पुरुष सबै जना मेघाको कुरा सुनेर आक्रोशीत हुन थाले ।

'समाज भ्रष्ट गर्न खोज्दिरहिछे त्यो मेघा त ! ल ल सबै जना गएर फकाई फुलाई हुन्छ कि डराई धम्काई गरेर हुन्छ, त्यसलाई छाउगोठ पठाउनैपर्छ । अहिले त छाउगोठ पनि बलियो गरी बनाइदेको छँदै छ नि !' बूढापाकाहरूले भन्न थाले ।

केही महिलाहरू आएर मेघालाई सम्झाउन लागे । एउटीले भनिन् - 'तिम्री आमा पनि छाउगोठमा बस्छिन् त पर सरेको बेलामा । तिमीलाई मात्र किन बस्न नहुने ? पैलेदेखि चलेको चलनलाई बिगार्न हुन्छ ? हामी सबैले आफ्नो परिवारको हितको लागि जे पनि गर्नुपर्छ । नर्क पर्ने डर पनि लाग्दैन तिमीलाई ?'

मेघा उत्तेजित हुँदै भन्छे - 'परिवारको के हित आफ्नो ज्यानै गएपछि । रूपादिदीको त्यस्तो डरलाग्दो मरण देखेर पनि तपाईहरू चेत्नुहुन्न हगि ?'

'त्यो एउटा भवितव्य हुन गयो । सधैं त्यस्तो हुँदैन नि । अर्कीले भनिन् ।'

मेघाका साथीहरू कमला र विमला पनि त्यहाँ आइपुगे । उनीहरूले मेघालाई आँखा झिम्काउँदै छाउगोठमा बस्न मनाए ।

मेघालाई साथीहरूले छाउगोठ लिएर गए । आमाले खानेकुरा पनि तिनकै साथमा पठाइदिइन् । अरू गाउँलेहरू पनि (महिला वर्ग) छाउगोठसम्म आए ।

कमलाले भनी - 'तपाईंहरू घरतिर लागे हुन्छ । विमला र म मेघालाई साथी बस्छौं । उसले केही गरी भने हामी तपाईंहरूलाई भन्न आउँछौं ।'

अरू सबै आ-आफ्नो बाटो लागे ।

मेघा, विमला र कमला तिनै जना बसेर कानाखुसी गर्दै आफ्नो केही योजना बनाउन थाले, जुन कुरा त्यहाँ वरिपरि कसैले बुझ्न सकेनन् ।

रात्रीले सारा जगत्लाई निद्रामा मस्त सुताइदिइन् । आकाशमा ताराहरू टिमटिमाइरहेका थिए । यस सुनसान रातमा तीन छाया अनभिज्ञ यात्रातिर हतास लम्किरहेका थिए । नदीमा गर्लम्म हाम्फालेको जस्तो आवाज आयो । त्यो आवाज प्रतिध्वनित हुँदै शून्यतामा बिलायो ।

ooo

महेन्द्रनगरबाट काठमाडौं जाने बसमा एउटी केटी करिब पन्ध्र सोह्र वर्ष जतिकी आत्तिँदै पसी । उसको हातमा एउटा ठूलो झोला थियो । बसको चारैतिर हेरी सिट पाउने आशमा । ऊजस्तै एउटी केटीले उसलाई आफूसँग बस्न बोलाई । त्यो केटी एक्लै थिई अब दुई जना भए । 'मेरो नाम रमा हो म डोटीदेखि आएकी तिमी नि ?' सिटमा पहिले नै बसकी केटीले सँगै बस्न आएकी केटीलाई सोधी- 'म मनकुमारी मेरो घर नेपालगञ्ज हो ।'

'अनि यहाँ कहाँबाट आयौ त ? तिम्रो मुख हेर्दा त एकदम डराएकी जस्तो देखिन्छ्यौ ?'

'मलाई त्यो काले मोरोसित डर लागिराखेको छ । त्यसले भेट्यो भने फेरि मलाई समातेर लैजान्छ ।' मनकुमारीले डराई डराई भनी ।

'को काले मोरो ?' रमाले उत्सुक भएर सोधी ।

'त्यो कालेको नाम राकेश हो । त्यो मेरो गाउँदेखि नै पछि लागिरहन्थ्यो । मेरो आमा हुनुहुन्न । बुवाले सौतानी आमा ल्याए । उनले मलाई देखी सहन्नन् । खाली गाली गर्ने, कुट्ने गर्थिन् । मरे हुन्थ्यो यो भनेर सरापी रहन्थिन् । राकेशलाई मेरो अवस्था थाहा थियो । ऊ हाम्रो घरमा आउने जाने गर्थ्यो । एक दिन उसले सौतेनी आमाले मलाई कुटिरहेको बेलामा घरमा आइपुग्यो र देख्यो । उसले आमा र मलाई छुट्टाएर आमापट्टि फर्केर भन्यो- के गर्नुभा काकी तपाईंले, यसरी कुटेपछि यो मर्दिन ?'

'मरोस् आनन्द हुन्छ मलाई' भन्नुभो । मलाई पनि घरमा बस्नै मन लागेन । म रुँदै रुँदै घर छोडेर हिँडे । राकेशले मलाई सम्झाई बुझाई गरेर काम मिलाइदिन्छु हिँड भनेर महेन्द्रनगर लिएर आयो । उसको सहानुभूति देखेर मेरो मनमा ऊप्रति विश्वास जाग्यो । उसले गरेको माया, स्नेहले म पग्लिएँ । उसले खानपानको बन्दोवस्त गरी मलाई एउटा कोठामा ल्याइराखिदियो । त्यसपछि एकदुई दिन ऊ मलाई भेट्न आएन । तेस्रो दिन जब ऊ आयो उसको हातमा थुप्रै सामानहरू थिए । उसले कोठाको ढोका लगायो अनि सामानहरू फिँजार्‍यो सुन्दर घाँघर चोली, कुर्ता सुरुवाल, शृङ्गार गर्ने सामान सबै रहेछ । उसले भन्यो - 'यो सबै तिमीलाई हो । ल अब कुन मन पर्छ त्यही लुगा लगाएर तयार होऊ । आज म तिमीलाई काम गर्ने ठाउँ देखाउन लग्छु र काम दिने मान्छेसँग भेटाइदिन्छु ।'

राकेशको कुरा सुनेर म एकदमै खुसी भएँ अनि तुरुन्तै उसलाई बाहिर जाने आग्रह गरेर मैले कुर्ता सुरुवाल लगाई तयार भएँ । जब ढोका खोलेँ राकेश मलाई हेरेको हेरेकै भयो । उसले भन्यो- 'शृङ्गारपछि त तिमी कति राम्री देखिएको आहा !' मलाई उसको कुरा सुनेर लाज लाग्यो । उसले मलाई लिएर एउटा ठूलो घरमा लग्यो । त्यहाँ एउटी अधबैंसे महिला र दुई डरलाग्दा पुरुषहरू थिए । उनीहरूले मलाई खुब नियालेर हेरे अनि त्यस महिलाले खुसी हुँदै भनिन् - 'मनकुमारी तिमीले यही घरधन्दाको काम गर्ने हो, गर्न सक्छ्यौ होइन त ?' मैले सक्छु भने । महिनाको ६ हजार दिने निर्णय गरी भोलिपल्टदेखि काममा आउने भनी मलाई पठाइयो । बाटोभरि राकेशले मलाई आफ्नो प्रेम व्यक्त गर्दै विभिन्न किसिम भविष्यका सुन्दर सपना देखाउँदै कोठामा ल्याई छोडिदियो । म पनि उसको विश्वास गरेर मख्ख परेँ । भोलिपल्ट फेरि राकेश आयो र मलाई लिएर त्यही ठूलो घरमा लग्यो । म त्यहाँको खाना पकाउने, भाडा माझ्ने, घर सफा गर्ने जस्ता काम गर्न थालेँ । ती अधबैंसे महिलाले खुब माया गर्थिन् । ती दुई पुरुषहरू भने यसो मौका पाए कि मेरो शरीरलाई छुने प्रयास गर्थे । मलाई

उनीहरूको चालचलन ठीक लागेन तर विवश मैले केही भन्न पनि सकिनँ । र ाकेशलाई यी कुराहरू सुनाएँ । राकेशले भन्यो- 'तिनीहरू असाध्यै जिस्कन्छन् तर नडराऊ, तिमीलाई केही गर्दैनन् ।' एक दिन मैले तिनीहरूको कुरा सुनें । ती अधबैंसे महिलाले भन्दै थिइन्- 'ए राकेश अब तँ यो मनकुमारीसँग बिहेको नाटक गर अनि घुम्न जानी भनेर इण्डिया पस् अनि यसलाई बेचेर आइज । म तँलाई एउटा मान्छेको ठेगाना दिन्छु त्यो मान्छेसँग मेरो कुरा भइसकेको छ । एक लाख दिन्छु भन्या छ ।'

राकेशले 'ल ल त्यो काम म गरिहाल्छु नि ! मानिनँ भने मनाउने धेरै उपायहरू छन्' भन्यो ।

'म राकेश र नितीहरूको योजना सुनेर तीन छक्क परें अनि म त्यहाँबाट भागेर जहाँ पुगिन्छ त्यहीं जान्छु भनेर भागेर आएको । रमा ! यो बस नहिंडेसम्म म डरले थुरथुर भइराको छु । मनकुमारीको कुरा सुनेर रमा छक्क परी । उनले भनी- तिमी नडराऊ, म छु नि ! हेर अब बस गुड्नै लाग्यो ।'

बस महेन्द्रनगरबाट हिंड्यो । मनकुमारी ढुक्क भई । रमा र मनकुमारी केही क्षणमै मिल्ने साथी भए । मनकुमारीको कथा त सुनी रमाले तर आफ्नो कथा उसले बताउन सकेकी थिइनँ ।

मनकुमारी - 'रमा तिमी कहाँ जान लागेकी ? काठमाडौं नै हो ?'

रमा - 'हो ।'

मनकुमारी - 'को छ तिम्रो काठमाडौंमा ?'

रमा - 'कोही पनि छैन । काठमाडौं शहर कस्तो छ भनेर हेर्न जान लागेकी । धेरै मान्छेहरूले काठमाडौंको बारेमा बयान गरेको सुनेकी थिएँ ।'

मनकुमारी - 'एक्लै जान लागेको त ? तिम्रा अरू कोही साथी छैनन् ।'

रमा - 'छैनन्, के हुन्छ र एक्लै हिंड्न ? मान्छे कहाँ कहाँ पुग्छन् एक्लै, विदेश त जान्छन् ।'

मनकुमारी - 'तैपनि ! मेरो पो परिस्थिति परेर हिडें तिम्रा त बा, आमाले माया गर्दा होलान् । यसरी कहिले नदेखेको ठाममा जान दिए त ?'

रमा - 'छोडिदेऊ यो कुरा ।'

मनकुमारी - 'भन न भन । अब त हामी साथी भयौं । तिमीलाई मैले सबै कुरा भनें । तिमी पनि भन न । तिम्रा घरमा को को छन् ।'

रमा (लामो सास तान्दै) - 'मेरो पनि तिम्रै जस्तो कहानी छ ।'

मनकुमारी - 'भनेपछि मन हल्का हुन्छ, भन ।'

रमा - 'म एक गरीब घरकी छोरी । मलाई सानैमा 'देउकी' भनेर मन्दिरमा चढाए- आफ्नै बाउ आमाले । मन्दिरको सरसफाइ गर्दै हुर्किदै गएँ । पुजारीले जे जे काम भन्यो त्यो त्यो काम गर्दै गए । बाह्र वर्ष पुगेकी थिएँ, पुजारीले नै मलाई

चोख्याउने भनेर मेरो इज्जत लुट्यो । म कराएँ, चिच्याएँ तर उसले मलाई फकाई फुलाई लुट्न थाल्यो । मेरो मद्दत गर्न कोही आएनन् । म एक्लै त्यो पुजारीसँग हरेक रात बलात्कृत भइरहेँ । यसै गरी दिन बित्दै गयो । पुलिसका ठूला हाकिम कहाँ मलाई काम गर्न पठाइयो । त्यहाँ पनि मेरो शरीरसित खेल्ने काम भयो । तिमीलाई थाह छ ? मन्दिरमा चढाइएकी 'देउकी' देवीसरह हुन्छे रे ! ऊसँग संसर्ग गर्ने मान्छे चोखो हुन्छ रे ! अनि जति जानासँग संसर्ग गरे पनि देउकी बिटुली हुन्न रे ! 'देउकी'ले बिहे पनि गर्न हुन्न रे ! मलाई यो जीवन नर्कजस्तो लाग्यो । त्यहाँको चलन नै त्यस्तै भए पनि मलाई यो प्रथा पटक्कै मन परेन । पुजारीले मलाई जति दुःख दिए पनि एउटा गुन लगाएको छ । त्यो हो उसले मलाई अक्षर चिनाइदियो । थोर बहुत म पढ्न सक्ने भएँ । त्यो अक्षर चिनाइले गर्दा नै मैले हिम्मत पाएँ । म भागेर यहाँसम्म आइपुगेँ । नत्र देउकीले स्कूल गएर पढ्न कहाँ पाउनु ।' रमा सुँक्क सुँक्क गरी रुँन थाली ।

मनकुमारी - 'मैले दुःख पाएँ भनेको त तिमीले झन् बढी यातना भोगेकी रहिछ्यौ ।' मनकुमारी र रमाका कथा-व्यथा साटासाट हुँदै गए । कलिलो उमेरमै ती दुईले कस्ता कस्ता यातना भोग्नुपऱ्यो तर दुवैलाई थाहा छैन, उनीहरूको गन्तव्य कहाँ गएर टुङ्गिने हो, कस्तो रूप लिने हो । विनाउद्देश्य सहाराको खोजमा दुई अवला भिन्नाभिन्नै ठाउँबाट एकै ठाउँमा जुट्न आइपुगे ।

कोहलपुरमा आएर बस बिग्रियो । ड्राइभर र खलासी ओर्लिएर बसलाई नजिकैको टायर फेर्ने ठाउँमा गएर मेकानिक्सलाई बोलाएर देखाए । उसले इन्जिन धेरै तातेको र भित्रको पाटपूर्जा जलेको हुनाले बस तुरुन्तै बन्न नसक्ने कुरा बतायो । ड्राइभरले यात्रुहरू सबैलाई बसबाट उत्रन आग्रह गऱ्यो । ड्राइभरले भन्यो - 'हेर्नुस् ! अब आज यो बस जान सक्दैन । भोलि नभइकन यो बन्दैन । तपाईंहरू यहीं कतै गएर होटलमा बस्नुहोला ।'

बसका यात्रुहरू भड्किन लागे । कोही रिसाउन लागे, कोही सम्झाउन लागे, कोही खाने र सुत्ने ठाउँ खोज्न लागे । करिब दुई तीन घन्टा त्यसै अलमल हुन थाल्यो त्यतिकैमा परबाट दुईवटा बस आइरहेको देखियो । बस बिग्रेकै ठाउँमा आएर ती दुवै बस अडिए । बिग्रेको बसको ड्राइभरले ती दुई बसका ड्राइभरसँग कुराकानी गरेर आयो र भन्यो - 'तपाईंहरूमध्ये जसलाई काठमाडौं पुग्न हतारो छ दश जना जति त्यो बसमा जानुभए हुन्छ । कर्णाली यातायातमा दुईटा मात्र सिट छ दुई जना गई हाल्नोस् त्यसमा ।'

रमा र मनकुमारी दौडादौड गरेर कर्णाली यातायातमा चढे । उनका पछि आउनेहरू निराश भएर फर्किए । पछाडिको सिटमा दुई जना अटाउने देखेर दुवै त्यतै गएर बसे ।

रमा - 'आहा ! बल्ल सिट पाइयो ।'

मनकुमारी - 'त्यही त भन्या । कसो त्यो बाटोमै अलपत्र परिएन ।'

बस गुड्यो ।

मनकुमारी र रमा बसेको ठाउँमा अरू तीन जना युवकहरू पनि थिए । तीनै जना कलिला सोह्र सत्र वर्षका झैँ देखिन्थे । उनीहरू एकआपसमा मस्त भई कुराकानी गरिरहेका थिए । रमा र मनकुमारीलाई देखेर उनीहरू एकछिन चुप लागे ।

रमाले ती युवकपट्टि फर्केर सोधी- 'तपाईंहरू पनि काठमाडौं नै जान लाग्नुभएको हो ?'

एउटा युवकले जवाफ दियो - 'हो काठमाडौं नै जान लागेको हो तपाईंहरू नि ?'

रमा - 'हामी पनि त्यतै हो ।'

युवकले भन्यो- 'ए ! हामी सबैको गन्तव्य एकै ठाउँमा रहेछ ।'

एक अर्कासँग भलाकुसारी गर्दागर्दै ती युवकहरू, रमा र मनकुमारी घुलमिलिए ।

बस नारायणगढमा आई अडियो । यात्रुहरू खाजा खान बसबाट उत्रिए । कोही कुन कोही कुन होटलमा गई खाजा खान बसे । मनकुमारी, रमा र ती युवकहरू एक ठाउँमा गएर सँगै बसे । ती युवकहरूमध्ये एउटाले सोध्यो - 'बैनीहरू कहाँबाट आएका ?'

रमा र मनकुमारी दुवैले एक अर्काको मुख हेरे । उनीहरूको मनमा प्रश्न उठिरहेको थियो - यिनीहरूलाई आफ्नो सही परिचय दिन होला र ?

रमा - 'पहिले तपाईंहरू भन्नुस् न ।'

युवक - 'हामी तीनै जना सुर्खेतबाट आएका, काठमाडौंमा हाम्रा आफन्त छन् तिनैलाई भेट्न जान लाग्या ।'

रमा - 'तपाईंको नाम के हो ?'

युवक - 'मलाई मेघ भन्छन् ।'

अर्को युवक - 'म कमल'

तेस्रो युवक - 'म विमल'

रमा - 'म रमा अनि यो मनकुमारी डोटीबाट आएकी, म महेन्द्रनगरबाट आएकी ।'

हाम्रो नाम र ठामको परिचय त भयो अब काम के गर्ने गऱ्या छ नि ? मेघले रमालाई सोध्यो ।

मनकुमारी - 'घर धन्दाको काम ! आठसम्म पढेकी छु ।'

रमा - 'मैले त नेपाली पढ्न त सक्छु तर स्कूल गएकी छैन । तपाईंहरूले नि ?'

मेघ - 'हामी एस.इ.इ दिएर बसेका ।'

रमा - 'के हो एस.इ.इ भन्या ?'

मेघ - 'दश कक्षा पूरा भएपछि दिइने परीक्षालाई एस.इ.इ भन्छन् ।'

रमा - 'ए ! घरमा को को छन् नि ?'

मेघ - 'बा, आमा, भाइ सबै छन् ।'

मनकुमारी - 'तपाईंको नि (कमलतिर फर्केर) ?'

कमल - 'मेरा दुईटी दिदी थिए बिहे गरेर गइसके । बाबुआमा छन् ।'

मनकुमारी - 'तपाईंको नि (विमलतिर फर्केर) ?'

विमल - 'मेरो त एउटा दाइ छन् त्यति हो आमा छैनन्, बाउ छन् ।'

कमल, विमल, मेघ, रमा र मनकुमारी एक अर्कासँग यात्राभरिमा निकै नै आत्मीय बन्दै गए ।

काठमाडौं बसपार्कमा आएर बस रोकियो । ती पाँचै जना आ-आफ्ना झोली तुम्बा बोकी बसपार्कबाट बाहिरिए । यता उता अलमलिन थाले । ती पाँचै जनालाई थाहा छैन अब कहाँ जाने भनेर । मेघले अघि बसमा आफन्त छन् काठमाडौंमा त भन्यो तर उसका कोही थिएनन् उसले झुट बोलेको थियो ।

मेघ - 'यसरी के अलमलिनु ? हिँड ऊ त्यो दुकानमा गएर केही खाऔँ झमक्क साँझ भइसक्यो ।' मेघ अघि बढ्यो उसका पछि अरू चारजना लागे । मेघ पछाडि फर्केर - 'रमा, मनकुमारी तिमीहरू कहाँ जाने नि ?'

रमा र मनकुमारी दुवै अकमकिए 'कहीँ जाने ठाम छैन' भने हामीसँगै हिँड । मेघले आफू अगुवा बनी सडक पार गर्न थाल्यो । गाडीको ट्वाँ ट्वाँले उनीहरूलाई बाटो काट्न निकै कठिन भयो । काठमाडौंको बालाजु बसपार्क वरिपरिको चहलपहल, मानिसको घुइँचो देखेर ती पाँचैजना जिल्ल परे । मेघ निडर, आत्मविश्वासी भएको हुनाले उसले सबैलाई एउटा पसलमा लगी चिया नास्ता गराई त्यही पसलेसँग कुराकानी गरी एउटा कोठा मिलायो । पाँचै जना त्यो कोठामा गई विश्राम लिन थाले ।

कमल - 'ओहो - काठमाडौं त कति भीड हो ? तिरीमिरी नै हुने ।'

विमल - 'हो त हराइएला भन्ने नि डर ।'

मेघ - 'के हराइन्थ्यो ! यति टाढा त आइसकेम् ।'

रमा र मनकुमारी अलि कुनामा गएर बसे, उनीहरूको अनुहारमा त्रास मड्राइरहेको थियो ।

मेघ - 'ए केटी हो तिमीहरू किन त्यो कुनामा गएर बसेको हँ ? आओ न यतै, बात मारौं ।'

रमा र मनकुमारी डराइ डराइ नजिक आए । त्यो कोठामा दुईवटा तकिया एउटा ठूलो डस्ना, राडी कम्बल एउटा मात्र थियो । अब सुत्ने कसरी ? यो प्रश्न

थियो उनीहरूको अगाडि ।

मनकुमारी - 'तिमीहरू केटाहरूसँग हामी कसरी सुत्नु ?'

मेघ - 'नसुते जाओ, कहाँ जाने जाओ ।'

कमल - 'ए ! मेघ तँ देखेर यी डराका हुन् जस्तो छ । तेरो त भर छैन केही गर्दिस् भने । 'हा हा हा' कमल हाँस्यो ।'

विमल - 'केही भए पो गर्छ विचरा मेघ हा हा हा .....।'

मेघ - 'विमलको मुख थुन्दै तँ धेरै बर्ता नबोल । अहिले हानिदिउँला नि ! कराते सिक्या यसै हो ।'

कमल - 'तैले भन्न सुहाउँदैन विमल । तँ पनि त्यस्तै हो, कमल बेस्सरी हाँस्छ ।'

विमल - 'कमल तैले त्यसो भन्या ? ओहो ................।'

तीनै जना मरी मरी हाँस्छन् । रमा र मनकुमारी त्यसै जिल्ल पर्छन् । केही बुझ्दैनन् दुवैले मन बुझाए । मनकुमारीले मनमनै भनी अरूले झन्डै बेचिदिइसकेको थियो । यी त जाती नै जस्ता छन् । केही गर्दैनन् होला । गरे पनि के नै गर्न सक्छु र म ?

रमालाई त तिनीहरूसँग सुत्न कुनै आपत्ति लागेन । उसले त 'देउकी' बनेर कतिसँग रात बिताएकी थिई ।

यात्राका थकानका कारण पाँचै जना मस्त निदाए । सूर्यको लालीमा क्षितिजमा बिलाइसकेको थियो । घाम आकाश माथि नीलो रङका बीचमा बसेर आफ्नो प्रकाशले जगत्लाई ताप दिइरहेको थियो ।

मेघ, विमल, कमल उठेर कतै गइसकेका थिए । रमा र मनकुमारी उठे । ओछ्यानमा अरू कोही थिएन । उनीहरू जŕयाक जुरुक उठेर यताउता हेरे । अरू कसैलाई पनि देखेनन् ।

एकछिनपछि ती तीनै जना त्यहाँ आइपुगे । उनीहरूको हातमा बिहानको नास्ताको सामान थियो र चियाका गिलास पनि । एक एकवटा बन र चिया रमा र मनकुमारीलाई पनि दिँदै - 'ल खाओ भनेर मेघ त्यहीँ बस्यो ।'

मेघ - 'एक दुई दिन त यहाँ बसेर काठमाडौं घुमौंला । पछि के गर्ने अब हामीले काम खोज्नुपऱ्यो । नत्र अलि अलि भएको पैसा सिद्धिहाल्छ । घरभाडा तिर्न पऱ्यो । तीन हजार त कोठा भाडा नै छ ।'

रमा - 'कसरी कहाँ गएर काम खोज्नु म त केही जान्दिनँ कसैलाई चिन्दिनँ ।'

मेघ - 'हामीले मात्र कसलाई चिन्या छ र ?'

रमा - 'अनि तपाईंको त आफन्त छन् भन्या होइन ?'

मेघ - 'त्यो त त्यसै भन्दिएको । कोही पनि छैन । मलाई पनि नौलो लागेको छ पहिले आको भए पो ।'

अब सुन हामी पाँचै जना आज ठाउँ ठाउँ घुम्न जाऊँ । भोलिबाट काम खोजौंला।

मेघ, कमल, विमल, रमा र मनकुमारी घुम्न निस्किए। थाहा नभएको भए पनि जानेको जस्तै गरी उनीहरू घुम्दै बालाजुपार्क पुगे । बालाजुपार्कको बाहिर 'पानीपुरी खाइए चटपटा स्वाद लिजिए' भन्दै एक मधिसे पानीपुरी बेचिरहेको थियो ।

रमा - यो कस्तो हुन्छ ? मैले त कहिले खा छैन ?

मेघ - मैले पनि खा छैन। चाखौं न त ल आऊ।

पाँचैजनाले खुब मीठो मानी मानी पानीपुरी खाए । मनकुमारीले चाहिँ नेपालगञ्जमा हुँदा पानीपुरी खाएकी थिई। अरू बाँकीले पहिले कहिले खाएका थिएनन् ।

पानीपुरीको गाडालाई एउटा गाडीले झन्डै धक्का दिएको अझ उल्टै गाडीको सीसा खोलेर तँलाई मधिसे अलि पर बस्न सक्दैनस् भन्दै गाली गरेर गयो। मधिसे आफैसँग फतफताउँदै - 'का करी ! बेपार करने भी ना देई।' अलि कुनामा गएर आफ्नो गाडा मिलाएर राख्न खोज्यो गाडा गुडेर ओरालोतिर लाग्यो। मेघले हत्त न पत्त दौडेर गई गाडालाई समाइदियो । कमल र विमल पनि त्यहाँ आइपुगे । मधिसेले उनीहरूलाई धन्यवाद दियो ।

मेघलाई पानीपुरी एकदमै मीठो लाग्यो । आफूलाई मद्दत गरेको हुनाले मधिसेले अर्को दुई दुईवटा पानीपुरी उनीहरूलाई सित्तैमा खान दियो। काठमाडौं ओर्लेपछि पाँचैजनालाई सबैभन्दा मीठो नै पानीपुरी लाग्यो ।

मेघ - 'ए साथी हो भोलि पनि यहाँ आएर पानीपुरी खाने है ।'

रमा - (मुख मिठ्याउँदै) 'हुन्छ हुन्छ' भनी।

कामको खोजीमा मेघ, कमल, विमल, रमा र मनकुमारी काठमाडौं शहरको विभिन्न ठाउँमा भौंतारिए । आठ दश दिनपछि बल्ल बल्ल एउटा रेष्टुरेन्टमा काम पाए कमल र विमलले । मेघचाहिँ त्यही पानीपुरी बालासँग कुराकानी गरी उसैलाई सहयोग गर्न बस्यो। रमा घरबेटीकै घरधन्दा गर्न थाली। मनकुमारीले चाहिँ काम पाइसकेकी छैन तर ऊ आफ्ना साथीहरूलाई खाना पकाएर राखिदिने, उनीहरूको लुगा धोइदिने काम गर्थी ।

समय बिस्तारै बित्दै गयो । वर्षात् सकियो, शरद्को रमाइलो बेला प्रारम्भ भयो। जताततै सयपत्री गोदावरी फूलहरू फुल्न थाले। वातावरण एक किसिमको उमङ्गले भरिएको जस्तो लाग्न थाल्यो ।

ती पाँचै साथीहरूले आफ्नो आम्दानीको पहिलो रकमबाट एक एकवटा मोबाइल फोन किने। उनीहरूलाई अरूले थरीथरीका मोबाइल चलाएको देखेर खुब इच्छा थियो मोबाइल किन्ने । त्यो अब पूरा भयो । बेलुका पाँचै जना

साथमा बसेर मोबाइलको कुरा गर्न थाले । रमालाई मोबाइलमा नम्बर सेभ गर्ने, आएको कल उठाउने जस्ता साधारण कुराहरू मेघले सिकाइदियो । मनकुमारी त मोबाइल चलाउन त पहिलादेखि नै जान्दथी । उनीहरूको अनुहारमा आनन्द र विजय प्राप्त भएको जस्तो खुसी देखिन्थ्यो ।

मेघ - 'रमा अब तिमीले मलाई फोन गर त ।'

रमा - 'मेघको नम्बर थिचेर कल गर्छे ।'

मेघ - (म्युजिकको धुन बज्छ) 'ल अब जानी हाल्यौ नि !'

रमा - 'मेघ तिम्रो साँच्ची ! पानीपुरी खान जानुपर्ने । आजकल धेरै भो पानीपुरी नखाको ।'

आजकाल मेघले आफै पानीपुरी बेच्न थालेको छ । ऊसँग गाडा त छैन तर पानीपुरी बनाउने सबै सामान छ र ऊ धेरै मानिसको आवतजावत हुने सिनेमाहलको बाहिरपट्टि बसेर पानीपुरी बेच्ने गर्छ । उसले पानीपुरीमा विभिन्न किसिमको आफैले अनुसन्धान गरेर स्वादिष्ट मसला तयार पारी बेच्न थालेको छ । उसको पानीपुरी खान थुप्रै मान्छे जम्मा हुँदै गए । विशेष गरी केटीहरू धेरै हुन्थे । एक त मेघ हेर्दा चिटिक्क परेको सुन्दर युवक स्वर पनि केटीको जस्तो सुरिलो, पानीपुरी पनि स्वादिष्ट ।

मेघ केटीहरूसँग झन् बढी कुरा पनि गर्ने गर्छ ।

ए दाइ ! कसरी बनाको यो पानीपुरीको मसला ? कस्तो मीठो, अन्तको यस्तो हुँदैन ? हामीलाई पनि सिकाइदिनुस् न । केटीहरूको समूहमध्ये एकले उसलाई सोधी ।

मेघ - 'तिमीहरू खाने काम गर न । म बनाएर दिइहान्छु, किन चाहियो अरू कुरा ।'

अर्की केटी - 'दाइ तपाईंको नाम के हो ?'

मेघ - 'विनोद हो' एकछिन अगाडि उसले एउटा मान्छेलाई ए विनोद यता आइज न भनेको सुनेको थियो, त्यही नाम आफ्नो हो भनेर टारिदियो ।

केटी - 'अबदेखि विनोद दाइ भन्छु है तपाईंलाई । हाम्रा अरू साथीहरूलाई पनि म लिएर आउँछु । तपाईंको पानीपुरी त ठूला ठूला होटलको भन्दा मीठो छ ।'

केटीहरूको कुरा सुनेर मेघको दिमागमा एक सपना देखा पर्‍यो । उसले पानीपुरीकै ठूलो रेष्टुरेन्ट खोल्ने दृढ निश्चय गर्‍यो । खुसी हुँदै ऊ साँझ घरमा आयो साथीहरूलाई आजको आम्दानी र आफूले देखेको सपनाबारे बताउनु थियो ।

रमा र मनकुमारी पहिला नै कोठामा बसी खुसखुस कुराकानी गरिरहेका थिए । मेघ भित्र पस्ने बित्तिकै चुप लागे ।

मेघ - 'तिमीहरू के कुरा गरिरहेको हँ ? मैले सुन्न नहुने हो कि । म

आउने बित्तिकै चुप लाग्यौ ।'

त्यतिकैमा कमल र विमल पनि आइपुगे । रमा र मनकुमारी पालैपालो मेघ, कमल र विमललाई हेर्दै हाँस्न थाले ।

कमल - 'के भो किन तिमीहरू हामीलाई देख्ने बित्तिकै हाँसेको ।'

रमा - 'अब तिमीहरूले ढाँट्नुपर्दैन । हामीले थाहा पाइसक्यौं ।'

मेघ - 'के थाहा पायौ ? हामीले के कुरा ढाट्या छौं र ? झन् आज मेरो पानीपुरी क्या बिक्री भो भनेर सुनाउँला भन्या त । के ढाटेम् भन त ।'

मनकुमारीतिर फर्केर- 'ए मनु तँ भन् त ।'

ओढ्नीले छोपिराखेको ठाउँभित्र हात घुसारेर रमाले केही चीज झिकेर देखाई अनि भनी - 'यो के हो' ? उसको हातमा ब्रा थियो ।

मनकुमारीले पनि त्यति नै बेला अर्को चीज देखाई, उसको हातमा सेनिटरी प्याड थियो ।

मेघ - 'धत् ! कहाँ भेट्टाको यो ? तिमीहरू आफ्नै सामान हामीलाई देखाउने ।'

मनकुमारी - 'यी हाम्रा होइनन्, तिमीहरूको हो । तिमीहरू केटा होइनौ केटी हौ । हामीहरूलाई यत्रा दिनसम्म ढाँटेका, हामीले चाँहि पहिले नै तिमीहरूलाई भएको साँचो कुरा भन्यौं । तिमीहरूचाँहि यस्तो । मनकुमारी ठुस्स परी ।'

रमा - 'यस्ता पनि साथी हुन्छन् ? साथी साथीमा त सबै भनिन्छ नि ।'

मेघ, कमल र विमलले एक अर्काका मुखमा हेरे अनि तीनै जना थपक्क बसे ।

मेघ - 'अब जेहोस् तिमीहरू नरिसाओ ।'

रमा - 'सत्य एक दिन त अगाडि आइहाल्छ नि मलाई त लागेकै थियो, यिनीहरूको स्वर केटा भएर पनि किन केटीजस्तो । फेरि सुत्दा पनि तीन जना अलि पन्छिएर सुत्नुपर्ने नि ।'

मनकुमारी - 'मलाई त कस्तो खुसी लागेको थियो । यी केटाहरू भएर पनि हामीसँगै एकै ठाउँमा सुत्दा पनि केही गरेनन् । त्यो राकेश भएको भए के बाँकी राख्थ्यो । कति छाडा कुराहरू पनि गर्‍यौं । तिमीहरू कति सज्जन लागेको थियो ढँटुवाहरू ।'

रमा - 'तिमीहरूको रहस्य थाहा भइसक्यो । हामीलाई आफ्नो साथी मानेनौ धोका दियौ । मनु र म त अब अन्तै जाने यहाँ नबस्ने तिमीहरू जस्ता फटासँग को बसोस् । कुराहरू लुकाका रैछन् र त हामीलाई आफ्ना झोला छुन नदिएका रैछन् ।'

मेघ - 'आक्रोशीत हुँदै 'हो हामी केटी हौं के गर्छौं ? अनि किन हामीले केटाको रूप धारण गर्नुपर्‍यो थाहा छ तिमीहरूलाई ?'

रमा - 'भन न त त्यसो भए ।'

मेघ - 'ल सुन ! मेघ आफ्नो अतीतमा पुग्यो ।'

०००

छाउगोठमा जब उसलाई लगेर राखियो । त्यसपछि कमला र विमला अनि मेघा मिलेर योजना बनाए । छाउपडी विरुद्ध गाउँमा त उनीहरूले कसैलाई सम्झाउन सकेनन् तर आँफै त्यहाँबाट भाग्ने सुर कसे । कमला र विमलाले आफ्ना घरबाट केही पैसा र लुगा लिएर छाउगोठमा आए मेघासँग वनभोज जान र कराते शिक्षकलाई दिने भनेर केही रकम थियो ।

रातको बीचमा कमला, विमला र मेघा हातमा लठ्ठी लिएर आ-आफ्नो कुम्लो बोकी जङ्गलैजङ्गल भागेर नदी किनार पुगे । नदीमा ठूलो बाढी आएको थियो । आफूहरूले लगाएका लुगाहरू नदी किनारामा फालिदिए, कुनै भने नदीमा बगाइदिए र भित्री वस्त्र मात्र लगाई झोलालाई टाउकोमा बाँधी तुइनमा झुन्डिएर अर्को किनारमा पुगे । तुइनको डोरी चुँडिएला जस्तो भएको हुनाले त्यो तुइनबाट अरू मानिस आवतजावत गर्दैन थिए । उनीहरू पारि पुग्दानपुग्दै तुइनको डोरी चुँडियो । कमला र विमला त पार भइसकेका थिए मेघाचाहिँ थोरै बाँकीमा तल खसी भाग्यवश उसले एउटा काठको मुडा समात्न पुगी । हुन त मेघालाई पौडी खेल्न पनि आउँथ्यो तैपनि एक हातले मुडा समाइ अर्को हातले पानी पन्छ्याउँदै ऊ किनारा लागी । पारीपट्टि पुगेर तीनैजनाले आ-आफ्ना घरबाट ल्याएका केटाका लुगा फेरे । कमला र विमलाले दुई तीन जोर आफ्ना बाउ र दाइका लुगा ल्याएका थिए । मेघाले पनि त्यही लगाई । मेघाको त छोटो कपाल थियो । ऊ कहिले पनि कपाल पाल्दिन थिई । कमला र विमलाको भने लामै कपाल थियो । उनीहरूले कुर्ताको ओढ्नेले फेटा जस्तो गरी कपाललाई भित्र पारी बाँधे अनि तीनै जना अनिर्देशीत दिशातिर लागे । हिँड्दाहिँड्दै उनीहरू निर्जन ठाउँबाट बस्ती भएका ठाउँतिर आइपुगे । रातभरि हिँडेका कारण थकाइले चूर भएका थिए । सानो बजार भएको ठाउँमा पुगी भुजा, चना खाए र पानी पिए । बिहान भइसकेको थियो ।

मेघा - 'आजबाट हाम्रो जात बदलियो । म मेघ, तँ कमल र तँ विमल । यो दुनियासँग लड्नलाई पहिले केटा भएर हिँडौं । हाम्रा बाआमाले पुलिसलाई खबर दिए भने के थाहा समातिन्छौं कि । अब केही राम्रो काम नगरी गाउँ फर्किन्न बुझिस् ।'

विमला - 'हो ठीक ! ए मेघा ! जीउ त छोराका कपडाले ढाक्ला, छातीका चुच्चा केले ढाक्ने नि ?'

विमला - 'कस्ती उत्ताउली चुप लाग । खुकुला छन् नि बाका लुगा । छोप्पिइहाल्छ नि !'

मेघा - 'त्यसको उपाय म बताउँछु पख ।'

मेघाले कमला विमला दुवैलाई लिएर एउटा अलि सुनसान ठाउँमा लगी र एउटा झाडी पछाडि लगेर आफ्नो झोलाबाट आमाले दिएको पुरानो गाउनका टुक्राहरू निकाली र कमला विमलालाई पनि एक एकवटा दिई । ती कपडाहरू आमाले छाउ हुँदा लगाउन दिएकी थिइन् तर प्रयोग गरिहालेको थिएन । कमीज फुकाली मेघाले आफ्नो छातीमा त्यो कपडाले टपक्क पारी बाँधी र कमला र विमलालाई पनि त्यसै गर्न लगाई ।

मेघा - 'अब हेर त ! कमीजभित्र के छ के छ कसलाई थाहा ।'

तीनै जना आफूले गरेको उपायप्रति सन्तुष्ट भई त्यहाँबाट हिँडे ।

पर सडकमा बसहरू रोकिरहेका थिए । त्यहाँ गई सोधे हामीलाई सानो बजार जानु छ तीनवटा टिकट दिनुस् न ।

कन्डक्टर - त्यहाँसम्म जान टिकट चाहिन्न । एक जनाको दश रुपियाँ दिए पुग्छ ।

उनीहरू बसमा चढे । उबड खाबड बाटोबाट बस गुड्दै दुई घन्टा जतिमा सानो बजार पुग्यो । त्यहाँ अलि गतिलै बसस्टप रहेछ र उनीहरू तीनवटा टिकट लिएर वीरेन्द्रनगर रवाना भए ।

वीरेन्द्रनगर बजारमा बस रोकियो । मेघ, कमल र विमल ओर्लिए । त्यो रात उनीहरू त्यही नजिकको एउटा साधारण होटेलमा बसे । त्यो बस अब काठमाडौं जाँदैन भनियो र भोलि बस आउँछ भनियो ।

मेघ - 'ए कमल हेर त कपाल काट्ने ठाउँ रहेछ यहाँ ।' कमल र विमलले छोटो पारेर कपाल काटे । तीनजोर कमीज पैन्ट किने । लुगा फेरेर बसे । भोलिपल्ट उनीहरू अर्कै बस कर्णाली यातायातबाट काठमाडौंतिर लागे । कर्णाली यातायातमा आउँदै गर्दा कोहलपुरमा आई एकछिन बस अडियो ।

मेघ - 'सुन्यौ त हाम्रो कथा ।' उसले आफ्नी दिदी रूपाको मृत्युको कहानी पनि रमा र मनकुमारीलाई सुनाई । कमल र विमललाई पनि आफ्ना घरमा कुनै सुख थिएन । छोरी भएर जन्मनु नै पाप ठान्ने समाजमा हामी कसरी टिक्नु ? छेरपटी लाग्यो भने चाहिँ विरामी भए भनेर सबैले सुमसुम्याउन पनि हुने । छाउ भयो भने चाहिँ खोरमा लगेर राखिदिने । दुइटै उस्तै उस्तै त हो नि ! होइन र ? त्यसैले त्यो छाउको विरोध गर्न नै हामी त्यहाँबाट भागेका । यो दुनियाँमा हामी केटीहरूलाई धेरै गाह्रो छ, त्यसै भएर आफ्नो बन्दोवस्त नहुन्जेल, यहाँ काठमाडौंको वातावरण नबुझुन्जेलसम्म केटाकै रूपमा हामी बस्छौं । केही समयको कुरा हो त्यसपछि हामी आफ्नो स्वरूपमा फर्कनेछौं ।

कमल - 'हामी सबै केटी हौं भन्ने कुरा तिमीहरूले कसैलाई पनि नभन्नु नि ! प्रमिस गर ।'

विमल - 'रमा ! हामी साँच्चीकै केटा भएको भए त्यसरी सँगै टासिएर सुत्दा तिमीहरूलाई बाँकी राख्थ्यौं ? तिमीहरू उहिल्यै शिकार भइसक्थ्यौ । जब हाम्रो यो समाजसँग लड्न सक्ने हिम्मत आँउछ, हामी केटीकै रूपमा आउँछौं ।' रमा र मनकुमारी बोल्नै सक्दैनन् । उनीहरू दुवै जना ट्वाल्ल पर्छन् ।

मेघ - 'के ट्वाल्ल परेको ? आज नसुत्ने ? ल म त थाकेको छु पानीपुरी बेच्दा बेच्दा ।' मेघ उता फर्केर सुत्छ । मेघको बानी व्यहोरा वास्तवमा केटाकै जस्तो छ । छिटो रिसाउने, कसैले केही भन्यो भने कराते स्टाइल दिइहाल्ने । अनुहार कोमल भए पनि उसको स्वरमा अरूलाई नियन्त्रण गर्न सक्ने शक्ति थियो ।

सबै जना कामले थाकेका पल्टिने बित्तिकै निदाए तर मनकुमारी निदाउन सकिनँ उसको मनमा अनेक कुरा खेल्न थाल्यो - साँच्ची नै मेघ, विमल र कमल हिम्मतिला हुन् । यिनीहरूले कत्रो साहस गरी यहाँसम्म आइपुगेका रहेछन् । हामी त डरले भागेका, यिनीहरू त केही गर्नुपर्छ भन्ने हिम्मत जुटाएर भागेका । उसले नेपालगञ्जमा हुँदा टेलिभिजनमा महाभारतको शृङ्खला हेरेकी थिई । गुप्तवासमा बस्दा पाण्डवहरूले अनेक भेष बदलेर विराट् राजाको दरबारमा विभिन्न काम गरेर बसेका थिए । अर्जुन त केटीको रूपमा राजकुमारी उत्तरालाई नृत्य सिकाउने भएर बसेका थिए । एक वर्षको तपस्या समाप्त भएपछि उनीहरू आफ्नै स्वरूपमा फर्किएका थिए । आज उसलाई मेघ, विमल र कमल त्यस्तै किसिमका प्रतिनिधि पात्रजस्ता लागे । उसले आफ्नो कुरा पनि सम्झी - दुई दिन अगाडि ऊ तरकारी किन्न बाहिर जाँदा पल्लो घरको झ्यालबाट सधैं आफूलाई घुरेर हेरिरहने मान्छेले अश्लील सङ्केत गरेर आफूलाई डाकेको, आफू डराउँदै घरभित्र छिरेको तर साथीहरूलाई भन्न नसकेको सारा दृश्य आँखा अगाडि घुम्न थाल्यो ।

रमा पनि राम्ररी सुत्न सकिन । उसलाई पनि मेघ, विमल र कमलको कुरा सुनेर अचम्म लागिरहेको थियो ।

घरबाट शङ्खध्वनि र घन्टको आवाजले मेघ, कमल, विमल, रमा र मनकुमारी उठेर आफ्ना आफ्ना काममा लागे ।

मेघ आफ्नो पानीपुरीको सामान लिएर त्यही सिनेमा हलको ढोका बाहिर पुग्यो । ऊभन्दा अगाडि अरू दुईजना मधिसे भाइहरूले आफ्नो डेरा जमाइसकेका थिए । मेघलाई अब कहाँ जाऊँ जस्तो भयो । यताउता हेर्दै ऊ सिनेमा हलको प्राङ्गणभित्र गई गाडी पार्किङ गर्ने ठाउँनिर गएर आफ्नो सामान फिँजायो । एकदुई जना ग्राहक आएर खाँदै थिए । त्यहाँको गार्ड आएर उसलाई गाली गऱ्यो - 'यो गाडी रोक्ने ठाउँमा पसल थाप्न पाइन्न अन्तै जा । जहाँ मन लाग्यो त्यहाँ बस्न पाइन्छ ? होइन भने पैसा तिर् ।'

मेघ - 'म बस्ने गरेको ठाउँमा अरू आएर बसेछन् कहाँ जानु त ?'

गार्ड - 'जहाँसुकै जा यहाँबाट गइहाल् ।'

मेघ - 'मनमा उठेको रिसलाई दबाउँदै नम्र भएर दाइ मैले बनाको पानीपुरी चाख्नुस् न क्या मीठो छ, तपाईं त पल्किनुहुन्छ ।'

गार्ड - 'भाग्, खान्न म ।'

मेघ - 'एउटा त चाख्नुस् म पैसा लिन्न (पानीपुरी बनाएर गार्डतर्फ हात बढाउँदै) ।'

गार्ड - 'खोइ ले त चाखूँ (मेघको बोलीले गार्डलाई पानीपुरी खान मन लाग्छ) ।'

पानीपुरी मुखभित्र हाली चर्याम्म चपाउँदै गार्डले स्वाद लिन्छ ।

मेघ - 'कस्तो लाग्यो दाइ ?'

गार्ड - 'अँ मीठो रैछ । अर्को पनि ले न त ।'

गार्डले आठ दशवटा पानीपुरी स्वाद लिँदै खायो । तँ मीठो बनाउँदो रहेछस् । हेर्दा चकलेटी हिरोजस्तो छस् ।

मेघ - 'यस्तो मीठो पानीपुरी बनाउँछु म, तर कहाँ गएर बेच्नूँ हेर्नुस् न । हिजो अस्ति त्यहाँ बाहिर बस्थें अरूले आएर मेरो ठाउँ ओगटे ।'

गार्ड - 'ऊ त्यो सडक पारि एउटा अर्को बाटो छ त्यो बाटोको केहीभित्र पुगेपछि दुईवटा स्कूलहरू छन्, हो त्यतैतिर गएर बस्, स्कूले विद्यार्थीहरूले खुब खान्छन् पानीपुरी झन् केटीहरू त हुरूक्कै हुन्छन् । आजकल सिनेमा हेर्न पहिलेजस्तो धेरै मान्छे आउँदैनन्, तेरो पानीपुरी के बिक्री होला ? यहाँ नबस् उतै जा ।' गार्डको सल्लाह उचित लागेर आफ्नो झिटी बोकी उसलाई धन्यवाद दिंदै मेघ त्यतै स्कूलतिर लाग्यो । वस्ती पनि बाक्लो, सडक वरिपरि पसलै पसल भएको ठाउँबाट हुदै मेघ तारकेश्वर राष्ट्रिय मा.वि. भनेर लेखिएको बोर्डको मुनि स्कूलको गेट छेउमा गई बस्यो । आफ्नो पोको पन्तरो फुकायो । साँधेको आलु पानीपुरीको झोला र एउटा सिसीमा पानीपुरीको झोल आफ्नो अगाडि राख्यो ।

ल खाऊँ, मीठो पानीपुरी चटपटे स्वाद भन्दै एक दुईपल्ट चिच्यायो । मेघको आवाज सुनेर लुगा पसल, भाँडा कुडाका पसलबाट मानिसहरू पानीपुरी खान आए । एक जना, दुई जना गर्दै उसको पानीपुरी एकैछिनमा बिक्री भएर सिद्धियो । मेघ खुसी हुँदै पैसा गन्दै हिँड्यो । अलि पर पुगिसकेको थियो कसैले उसको हातबाट अचानक झ्याप्प पैसा खोस्यो र भाग्यो ।

मेघ - 'तँलाई मोरा तेरो बाउको सम्पत्ति भन्ठानेको भन्दै चिच्याउँदै त्यसको पछि पछि लाग्यो ।' दौड्दा दौड्दा ऊ कता पुग्यो कता मेघले त्यो मान्छेको मुखसम्म चिन्न सकेन । ऊ लुरुलरु आफ्नो डेरा फर्कियो । आफ्ना साथीहरू कोही त्यहाँ आइपुगेका रहेनछन् । ऊ असिन पसिन भएर थ्याच्चै भुईंमा बस्यो ।

त्यही भुईंमा लुसुक्क पल्टियो र निदायो ।

कमल - 'मेघ, के भो किन भुईंमा सुतेको ? कोठाभित्र नगएर ।'

विमल - 'सन्चो भएन हो ?'

मेघ - 'आँखा मिच्दै आजको दिन सारै झ्याउ भयो यार के गर्नु ।'

कमल - 'किन र ? के भयो ? भन् न ।'

विमल - 'पहिले कोठामा जाऔँ । रमा र मनकुमारी अझै आइपुगेका छैनन् ।' बेलुकीको आठ बजिसकेको थियो ।

मेघले सिनेमा हलभित्र गार्डले भनेको र उसको सल्लाह बमोजिम स्कूलनेर गएर सबै पानीपुरी बेचेर खुसी हुँदै पैसा गन्दै गरेर हिँडेको, पैसा खोसियो र मानिस पत्ता लगाउन नसकेको सबै कुरा सुनायो ।

कमल - 'त्यो पैसा तँलाई त्यही बेला किन गन्न परेको ? खुरुक्क खल्तीमा राखेर घर आएपछि गन्या भए हुन्थेन ? यहाँ शहरमा थरी थरीका मान्छे हुन्छन् भन्ने थाहा छैन ?'

विमल - 'अस्ति एउटा जुङ्गेले मेरो पछाडिको खल्तीमा हात घुसारि सकेको मैले थाहा पाइहालें । त्यसको हात समातेर पछाडि फर्केर एक घुस्सा दिइहानें । मोरो रन्थनेर भाग्यो ।'

मेघ - 'झन् आज कति चाडो सबै सामान बिक्री भो भनेर खुसी भा त के गर्नु । आजको मेहनत त्यसै खेर गयो ।'

कमल - 'भो भो पीर नगर् कैले कैले त्यस्तै पर्छ, जान दे ।'

विमल - 'त्यो ठाममा नजा नजा अर्कैतिर जा ।'

मेघ - 'त्यहाँ बिक्री हुन्छ । त्यति छिटो बिक्री त पहिले कहिले भएको थिएन ।'

रमा - 'त्यतातिर चोर फटाहा पनि थेरै छन् जस्तो छ फेरि पल्क्यो भने के गर्ने नि ?'

मेघ - 'फेला पऱ्यो भने त एक दिएर ढाली नै दिन्छु नि ! सधैं कहाँ त्यस्तो होला र ?' मेघले कराते स्टाइल दिइहाल्यो ।

रमाले मेघलाई घरबेटीले दिएको खाना अलिकति बोकेर ल्याएकी थिई त्यही खाना दिई । अरू सबैले बाहिरै खाएर आएका थिए ।

मनकुमारी पनि आजकल नजिक एउटा बालबच्चाको स्कूलमा आयाको रूपमा काम गर्न थालेकी छे । पाँचैजना साथीहरूले आ-आफ्नो काम गरिरहेका थिए । एक दिन मेघले पानीपुरी बेचेर कोठातिर फर्कदै थियो । तीन चार जना केटाहरू उसको पछि पछि लागे ।

केटाहरूमध्ये एक - 'यो फुच्चे हेर् क्या हिरो जस्तो छ वहाँ भने पानीपुरी बेचेर हिँड्छ, हा हा हा ।'

अर्को - 'आज त निकै पैसा कमाइयो होला नि ! हामीलाई अलिकति दिए हुन्थ्यो ।'

अर्को केटा - 'तँलाई था छ अस्ति मैले ल्याएको यसैको हो ।'

मेघ केही नबोली उठेको रिसलाई दबाउँदै अघि लागिरह्यो । तीमध्ये एउटा केटो अगाडि आएर 'खै पैसा ले भनेको सुनिनस् ।'

मेघ - नियन्त्रित हुँदै बोल्यो- 'छैन पैसा कहाँबाट ल्याउनु, कुन पैसा । मेरो पानीपुरी बेचेको पैसा माग्न लाज लाग्दैन ?'

केटो - 'के भनिस् ? केको लाज ? ए केटा हो, यसलाई म समाउँछु तिमीहरू यसको पकेट छाम ।'

त्यो केटाले मेघलाई च्याप्प समाउन खोज्यो । मेघ अब नियन्त्रणदेखि बाहिर भयो । उसले रिसले आँखा देखेन । त्यो केटाको गर्दनमा एक झट्का दियो । करातेमा खप्पिस मेघको हिर्काइले त्यो केटो थचक्कै बस्यो ।

अर्को केटा - खोज्या हो तँलाई पख् भनेर मेघमाथि आइलाग्यो । मेघको पालो पछाडि फर्केर लात्ताले त्यसलाई एक दनक दियो । अर्को आयो त्यसलाई पनि हातको धारले मेघले हानिदियो । त्यो केटो बत्तासिँदै पर पुगेर लड्यो ।

मेघ - 'रिसले रातो रातो मुख गरी हाफ्दै मलाई कमजोर देखेर हेपेको । लौ आओ आमाका दूध खाएका छौं भने ।' भन्दै तिघ्रा ठटायो ।

ती केटाहरू मेघको हनाइले घायल भएर उठ्न सकेनन् र जिल्ल परेर दुखेको ठाउँमा सुमसुम्याउँदै एकछिन मेघलाई हेरिरहे अनि बिस्तारै उठेर भने - 'पख् न भोलि तँलाई के गर्छौं थाहा पाउलास् । त्यही स्कूलको ढोकामा बस्ने होइनस् पख्लास् ।'

धूलो टकटक्याउँदै ती फर्किए । मेघ पनि आफ्नो झोला बोकेर डेरातिर फर्कियो । घर पुगेर उसले आजको घटना सबै साथीहरूलाई सुनायो । ती गुण्डाहरूलाई हिर्काउँदा उसको हात पनि सुनिएको थियो ।

रमा - 'हेर । हात पनि कस्तरी सुन्निएछ ।'

मेघ - 'बुझ्यौ साथी हो ! तिनीहरूले आज आफ्नो न्वारान देखे । म एक्लो देखेर लुट्न खोजेका थिए । मज्जाले दिएँ दनक । त्यहीमध्ये एउटा हो, अस्ति नै मेरो पैसा लुट्ने पनि । उनीहरूको कुरा गराइबाट थाहा भयो । आज झन् यति धेरै कमाइ भाको झन्डै मोराहरूले नलगेका ।'

मेघलाई आज विजय प्राप्त भए झैं लाग्यो । आफू केटी भएर पनि ती केटाहरूलाई ढलाउन सकेकोमा ।

कमल - 'मेघ हात पनि सुन्निएको छ तिनीहरूले तँलाई धम्की पनि दिएका छन् के थाहा भोलि ठूलै ग्याङ लिएर तँलाई कुट्न आउलान् फेरि । एकदुई दिन तँ घरमै आराम गर् । नजा कतै पनि । हामी छँदै छौं नि !'

विमल - 'हो, कमलले ठीक भन्यो ।'

'छ्या तपाईं त जहिले पनि यस्तै गर्नुहुन्छ, मलाई मन पर्दैन क्या । मालिक्नीलाई भन्दिऊँ ।' रमा श्यामको हात पन्छाउँदै रिसाएर भान्छा पुछ्न लागि ।

श्याम (घरबेटीको विवाहित छोरो) - 'तिमीलाई म कति माया गर्छु । तिमी चाहिँ टाढा टाढा मात्र भागिरहन्छौं । अहिले तिम्रो भाउज्यू छैनन् घरमा एकछिन आऊ न । मेरो असाध्यै टाउको दुःखी रहेको छ मिचिदेऊ न एकछिन ।'

रमा - 'तपाईं गएर दवाइ खानोस् निको भइहाल्छ नि !'

श्याम - 'दवाइ कहाँ छ तिमीले देख्या होलिऊ नि । भाउज्यूले कहाँ राखेकी छे मलाई थाहा छैन । अस्ति कोठाको सामान तिमीले मिलाइदिएकी होइनौ ? त्यही बेला कहाँ राखेको छ कुन्नि ।'

रमा मन नलागि नलागि श्यामको कोठामा गई र उसको घर्राबाट औषधीको बट्टा झिकेर दिई । यहीँ होला म चिन्दिनँ कुन चाहिँ दवाइ टाउको दुख्दा खाने ।

श्यामले उसको हातको बट्टा हातसहित समातेर आफ्नो अँगालोमा बेर्छ । आज त कहाँ जालिऊ र तिमी ? मलाई माया गर म पनि तिमीलाई माया गर्छु । भन्दै रमाको शरीरमा हात फिराउन थाल्छ । छोड्नु दाइ बिन्ती छ । रमा छटपटाउन लागि । श्यामले उसलाई झन् झन् आफ्नो बाहुमा कस्दै गयो । यत्तिकैमा पर उभिएर हेरिरहेकी श्यामकी पत्नी चिच्याई - 'यो के हुँदै छ यहाँ ? रमा तँलाई उत्ताउली ।' पत्नीको आवाज सुनेर डराएको श्यामले हत्त न पत्त रमालाई छोडिदिन्छ । रमा दौडेर श्यामकी पत्नीको नजिक पुगेर रुन्छे ।

रमा - 'भाउज्यू मालिक्नी पनि हुनुहुन्न आज दाइले मलाई..।' भन्नै सकिनँ ।

श्याम - 'हेर शान्ति ! यो कस्ती, तिमी बाहिर गएकी यो मलाई फकाउन आउँछे । छोड्भन्दा पनि मलाई समाउँछे कस्ती बदमास्नी ।'

रमा - 'जिल्ल पर्दै होइन भाउज्यू दाइले नै मलाई जहिले पनि यस्तो गर्नुहुन्छ ।' डाँको छाडेर रून्छे ।

भाउज्यू - 'तँलाई डङ्किनी अझ मेरो पोइलाई दोष लाउछेस् । जा निक्लेर यो घरबाट । मेरो सौता हुन खोज्ने ?' भन्दै रमाको कपाल भुत्ल्याइदिई । रमा रूँदै रुँदै कोठाबाट निस्केर तल आफ्नो डेरामा पुगी, उसका साथीहरू त्यहाँ थिएनन् । ऊ एक्लै रोइरही निकै बेरसम्म । रमाले मेघलाई फोन गरेर चाँडै कोठामा आउन आग्रह गरी । रमाले मनमनै अठोट गरी अब यो घरमा बस्न सकिन्न । मलाई समाउन आएर अझ उल्टो मलाई नै दोष लगाउने कस्तो अपराधी । स्वास्नीको अगाडि थुरथुर मुत्छ । एक्लै भयो भने साँडे हुन्छ नकचरो, राम्रै भो एक किसिमले उसकी स्वास्नीले देखी, मलाई गाली गरे पनि अलिकति त पोइ कस्तो रहेछ भन्ने शङ्का त उब्ज्यो होला नि मनमा । आज रमालाई दिउँसै भए पनि कोठामा एक्लै बस्न डर लागिरहेको थियो । मेघ कहिले आइपुग्ला जस्तो

भइरहेको थियो । साँझ पाँच बजेतिर बल्ल आइपुग्यो । मेघले ढोका ढकढकायो । रमाले ढोका खोली । रमा मेघलाई देखेर छक्क परी । मेघको कमीज च्यातिएको थियो । ओठको कुनाबाट रगत बगिरहेको थियो, कपाल छरपष्ट, जुत्ता हिलाम्मे, घुँडाभरि धुलो र हिलो लागेको थियो । रमाले आफ्नो आजको घटना नै बिर्सी ।

रमा - 'के भो मेघ तँ लडिस् कि क्या हो कि आज पनि अस्ति कै गुण्डाहरू आए ?'

मेघ चुपचाप भित्र पस्यो । एकछिनपछि कमल र विमल पनि आइपुगे । उनीहरूको हालत पनि त्यति राम्रो थिएन । रमा अन्योलमा पर्दै सोध्न थाली ।

रमा - 'होइन तिमीहरूलाई के भयो ? किन यस्तो हालत ?'

मेघ - 'पख् पख् ! एकछिन सुस्ताउन दे अनि भनौंला ।'

डडरङ्ग ओछ्यानमा लडेर मेघ, विमल र कमल एकछिन सुस्ताए । यत्तिकैमा मनकुमारी पनि आइपुगी ।

मेघ - 'ल सुन् । आजको घटना म पानीपुरी बेच्न सामाखुसी चोकमा गएर बसें । दुइचार जना एकै हुल भएर पानीपुरी खान आए । मैले बनाउँदै दिंदै, बनाउदै दिंदै गरें । 'आहा ! क्या मीठो पानीपुरी भाइ तिमीले कसरी जान्यौ यस्तो मीठो बनाउन ?' भन्दै अनेक कुरा गर्न थाले । कुरा गर्दागर्दै चार जनाले दश दशवटा खाए । 'ल है धन्यवाद' भन्दै पैसा नदिएर जान लागे । पैसा खोइ त भनेको भोलि दिउँला भने । मैले हुँदैन अहिले दिनुस् भनेको त मलाई निहुँ खोज्या हो भनेर मेरो नजिक आएर धम्क्याउन थाले । मलाई पनि रिसको पारो छुट्यो । कमल र विमललाई पनि बोलाएँ । यिनीहरूको होटल पनि धेरै टाढा थिएन । के भो के भो भन्दै यिनीहरू पनि पन्ध्र मिनेट भित्रमा आइपुगिहाले अनि त तिनीहरू र हामी बीच घम्साघम्सी भो । मैले नजिकको पुलिस चौकीमा गएर उजुरी गरें । पुलिस पनि आइपुग्यो आखिरमा तिनीहरूले पैसा नदिई सुखै पाएनन् । पुलिसको गाली पनि खाए । कस्ता कस्ता मान्छेहरू फेला पर्छन् भने । अब यसो विचार गर्दा यो ठाउँ छोड्ने बेला भयो जस्तो छ हामीले । यतातिर गुण्डाहरू धेरै छन् जस्तो छ ।' 'किन छाड्ने यो ठाउँ ? मेरो स्कूल त कति राम्रो छ । फेरि त्यस्तो जागिर पाइन्छ कि पाइन्न,' मनकुमारीले चिन्ता व्यक्त गरी ।

रमा - 'तेरो मात्र हेरेर भयो र ? आज मलाई कस्तो पर्‍यो ।'

मेघ - 'साँच्ची तैंले मलाई दिउँसै फोन गरेकी थिईस्, किन हँ ?'

'श्यामले.......... आफ्नो आजको घटना सुनाई ।'

मेघ - 'त्यो घरबेटीको छोरोलाई एक दिएर आउनुपर्‍यो कि क्या हो ।'

रमा - 'एक दिएर होइन बरु अन्त डेरा खोजौं । यहाँ नबसौं ।' पाँचै जनाले त्यो ठाउँ छोड्ने निधो गरे । उनीहरू भौंतारिदा भौंतारिदै ज्ञानेश्वर पुगे । ज्ञानेश्वरमा बल्ल बल्ल एउटा कोठा फेला पर्‍यो ।

ज्ञानेश्वर सरेपछि कमल, विमल र मेघ तीनै जनाले आफ्नो वास्तविक रूपमा आउने निश्चय गरे । रमाले त्यही घरको घरबेटीको सानो बच्चा हेर्ने काम पाई । उसको कामको लागि उसका साथीहरू पनि पैसा नतिरी बस्न पाए । त्यस घरका श्रीमान् श्रीमती दुवै बैंकमा जागिरे थिए । उनीहरूलाई आफ्नो डेढ वर्षको बच्चा हेर्ने मान्छेको खाँचो भएको रहेछ । त्यसैले केही आनाकानी नगरी ती पञ्चकन्यालाई त्यहाँ बस्न दिए । मनकुमारीले मिठाई पसलमा प्याकिङ गर्ने काम पाई । कमला, विमला र मेघा अब तीनै जना मिलेर पानीपुरी, चटपटे, चाउमिन आदि एउटै गाडामा राखेर सडक सडकमा बेच्न थाले ।

समयको गतिसँगै उनीहरूको सङ्घर्ष पनि चल्दै गयो तर उनीहरूले निरन्तरता दिई नै रहे । आज 'पञ्चकन्या पानीपुरी' रेष्टुरेन्टको नामले उनीहरूको पसलले प्रसिद्धि कमाएको छ । रेष्टुरेन्ट खोल्न सक्षम भएपछि पाँचै जना त्यसैमा लागे ।

ooo

प्रस्तोता नीलम -'यहाँहरूको चाख लाग्दो कथा सुनेर पक्कै पनि हाम्रा दर्शकहरूलाई रमाइलो लागेको होला ।' (मेघातिर फर्कंदै अब एउटा अन्तिम प्रश्न - 'मेघाजी तपाईं र कमलाजी, विमलाजीले केटाको रूप धारणा गर्नुको कारण चाहिँ के थियो ? केटी भएर पनि त तपाईंहरूले सङ्घर्ष गर्न सक्नुहुन्थ्यो नि ? आजकल महिलाहरूले कति ठूला ठूला काम गरिरहेका छन् ।'

मेघा - 'मैले पहिले नै भनिसकें नि । हामी आफ्नै रूपमा बसेका भए हुन सक्छ कोही न कोही हाम्रा गाउँका मानिस शहरमा आउन सक्थे र हामीलाई चिन्न सक्थे या पुलिसलाई खबर गरी हामीलाई समातेर फेरि गाउँ नै पुऱ्याइदिन्थे । हाम्रो अभियान पूरा हुने थिएन । जब हामीमा रेष्टुरेन्ट खोल्न सक्ने क्षमता पैदा भयो । त्यसपछि त खुलेआम केटीकै रूपमा आइहाल्यौं नि ! ज्ञानेश्वरको डेरामा आउँदा नै हामी केटीकै रूपमा आइसकेका थियौं ।

'प्रस्तोता नीलम बन्जाडेले भनिन्- दर्शकवृन्द ! मेहनत गर्न, सङ्घर्ष गर्न, दुःख कष्ट सहन सक्ने शक्ति भएमा र कुनै पनि उद्देश्य लिएपछि हार नखाईकन निरन्तर अघि बढ्ने मानिसले सफलता पाएरै छोड्छ । यसका उदाहरण आज हाम्रा सामु प्रस्तुत भएका पाँच वीराङ्गना प्रशंसाका पात्र छन् । उहाँहरूलाई बधाई दिन्छु, साथै हाम्रो कार्यक्रममा आई आफ्नो सङ्घर्षको वयान गरी दर्शकलाई हौसला दिनुहुने मेघा शर्मा, विमला चौलागाईं, कमला गिरी, रमा रानी र मनकुमारी चौधरीलाई धेरै धेरै धन्यवाद । दर्शकवृन्द आगामी दिनहरूमा पनि यस्तै खालका प्रेरणादायी कार्यक्रमहरू लिएर आउनेछौं, हेर्दै गर्नुहोला प्रेरणा टि.भी. च्यानल ।

म प्रस्तोता नीलम बन्जाडे बिदा चाहन्छु, नमस्कार ।

ä ã

# गे-लेस्वियन

**सागर 'मणि' थापा**

अङ्कलको पूरा नाम अग्निकुमार विष्ट । जेठी भतिजीको नाम मिली विष्ट अनि कान्छी जुली विष्ट । अग्निको मुखारवृन्दबाट आशीर्वचनका भावधारा बहनै आँटेका थिए तर अनायासै उनको हृदयतलबाट धामन सर्पले फणा उठाइदियो ।

मिली विष्फोट भइन्– 'अङ्कल, तपाईं पनि सङ्कुचित मानसिकता बोकेका मान्छेहरूकै लाइनमा पुग्नुभयो । आखिर यस्तो नौटङ्की किन अङ्कल ?'

अग्नि त एक महान् लेखक थिए । त्यसमाथि सह-प्राध्यापक पनि । जुलीले आफ्नो सारीको घुम्टो पन्छाइन् । अङ्कलको मुहार निहारिन् । तब प्रतिकारात्मक सवाल-तीर प्रहार गर्न थालिन्– 'अङ्कल ! के यही हो प्रगतिवादी एक लेखकको विचार ? तपाईंजस्तो महान् साहित्यकारबाट पनि यत्ति ठूलो अपमान ?'

– 'चुप लाग नखरमाउलीहरू !' कविलाई सह्य भएन, होस् पनि कसरी, जब दुई भतिजीहरू समलिङ्गी बनेका थिए । विवाह पनि गरेका थिए । दिदी बेहुलो बहिनीचाहिँ बेहुली ।

'खबरदार ! घरभित्र पस्न पाउन्नौ तिमीहरू' एक्कासि आँगनबाटै इन्जिनियर बाबाले चेतावनी दिए । अमोघकुमार विष्ट हुन् उनी । कवि अग्निकुमार विष्टका सहोदर दाजु । अमोघले नव विवाहित सलिजोलाई घरबाट निकाला गरेको घोषणा गरिदिए । सावित्री चाहन्थिन्, छिमेकीले चाल नपाऊन् तर समाज भनेको समाजै हो । तिनका आँखा बिच्छीका खील भैँ गाडिन्छन् । अहिले त्यस्तै भयो । कोही छतबाट हेर्दै थिए अनि कोहीचाहिँ कौसी र झ्यालहरूबाट ।

अमोघले प्रहरीलाई खबर गरिसकेका रहेछन् । एउटा भ्यान आइपुग्यो । भ्यानबाट चार महिला प्रहरीहरू निस्किए । मिली-जुली समातिए । दुवै छोरीलाई भ्यानमा राखेर लगिसकेपछि सावित्रीको मन खिन्न भयो । रुन्चे स्वर गर्दै उनी कराउँन थालिन्– 'इन्जिनियर साप ! लौ न केही गर्नुपर्‍यो । हाम्रो इज्जत लिलाम हुने भयो । चाँडो गएर छुटाएर ल्याउनोस् छोरीहरूलाई ।'

सावित्री बरन्डामा थुचुक्क बसिन् । पुर्पुरोमा हात राखेर सुँक्कसुँक्क गर्न थालिन् । रमिता हेर्ने तमासेहरू आ-आफ्ना गुँडतिर पसे । उता थानामा इन्स्पेक्टर वर्षा तिवारीले केरकार गर्न थालिन्– 'सलिजो बनेर के सन्देश दिन चाहन्छौ

तिमीहरू यो समाजलाई ? हाड नातामा समलैङ्गिक सम्बन्ध राख्न कसले उक्सायो तिमीहरूलाई ?'

दिदी–बहिनीले एक मुख गरेर जवाफ दिए । लोकतन्त्रको वैयक्तिक स्वतन्त्रतता उपभोग गर्न पाउनुपर्ने जिकिर थियो मिली–जुलीको ।

त्यो जोडी विवाहकै भेषभूषामा थियो । वरिपरिका महिला प्रहरीहरू जिल्ल परिरहेका थिए ! केही नलागेपछि दुलहीले रोएरै जित्न खोजिन् तर दुलहालाई दुलही रोएकी मन परेन । उनको भनाइमा आँसु भनेको त नारीको कमजोरी हो । अतः हप्काइ–दप्काइ पारेर ठीक बाटोमा ल्याइन् ।

इन्स्पेक्टर तिवारी थोरै नरम भइन्– 'ल ठीक छ । प्राकृतिक रूपमै तिमीहरू समलिङ्गी हौ रे ! यो कुरा एकछिनलाई मानें मैले तर त्यस्तो के बाध्यता पऱ्यो, जसले गर्दा हाडनातामै अनमेल विवाह गऱ्यौ ? सलिजो बन्नु नै थियो भने बेग्लाबेग्लै केटीहरू रोज्न सक्थ्यौ नि तिमीहरूले ?'

'यो सकिन्थ्यो र त्यो सकिन्थ्यो जस्ता अज्ञात भूतको कुरा गरेर किन समय बर्बाद पार्नुहुन्छ इन्स्पेक्टर तिवारी ?' मिलीले धीरता गुमाइन्– 'हाम्रो मन मिल्छ, उमेर मिल्छ, त्यसैले जोडी बाँध्यौं । हामी फ्रिडम चाहन्छौं । छिटो मुक्त गर्नोस् यो कालकोठरीबाट ।'

अन्ततः इन्स्पेक्टर वर्षा तिवारीले एउटा कागज गराएर मिली–जुलीलाई छाडिदिइन् । जाँदाजाँदै चेतावनी दिनचाहिँ भुलिनन् ।

अग्निको कार एउटा चोकमा पुगेर रोकियो । सलिजो झसङ्गियो । अग्नि पानका अम्मली नै हुन् । मऱ्याङ–मऱ्याङ चपाइरहेका छन् । पटक पटक पिचिक्क पिचिक्क थुक्दै भुइँ फोहर पारेर हैरान । उनीहरू मसाज टोलमा आइपुगेका थिए ।

उनले सात तल्ले भवनको एउटा कोठामा सलिजोलाई राखिदिए अनि केही रकम पनि दिए । त्यो मसाज टोलले धेरै बदनामी कमाएको थियो । त्यहाँ वेश्यावृत्ति हुन्थ्यो । युवतीहरूको तस्करी धन्दा चल्थ्यो । जुवाडे थिए । चोरहरू पनि बस्दथे, डाँकाहरू पनि बस्दथे ।

कविका भतिजीद्वयलाई त्यहाँ बस्न मन लागेन । अङ्कलले फेरि अर्को एक बिडा पान मुखमा हाले । भतिजीद्वयप्रतिको रिस पनि पानसँगै चपाउन थाले । उनले दुई विकल्प दिए । पहिलो विकल्प– बुवाआमासँग क्षमा मागी विवाह रद्द गर्ने । दोस्रो विकल्प– यही डेराबाट सङ्घर्षको यात्रा सुरु गर्ने ।

बिहे काण्डको करिब डेढ महिनापछि...।

सावित्री भाउजूले कडा टिप्पणी गरिन्– 'तपाईंले जुन महिलालाई पत्नीको रूपमा वरण गर्नुभयो नि, त्यो गलत कार्य थियो देवर बाबु । जुठो आँप चुस्ने कस्तो मान्छे तपाईं ? हामीलाई मरेतुल्य गराएर त्यति ठूलो निर्णय एक्लैले लिनुभएको थियो होइन ?'

'विचार आ–आफ्नो हो भाउजू। मलाई जुठै आँप स्वादिलो लागेको थियो..।' देवरले एक वाक्यमै चाहिँदो जवाफ दिएर पान मुखमा हाले। एकछिन चपाए र पिचिक्क थुक्दै दर्शन सुनाउन थाले– 'म भ्रष्टाचार गर्न हुँदैन भन्थेँ तर बुवालाई त्यही नगरी भएन। म घुस खाने मान्छे चोर हुन् पनि भन्थेँ तर बुवा त्यही काण्डमा जेल पर्नुभयो र आखिरमा जेलमै प्राण गयो।'

'त्यो त हो तर मिली र जुलीको समलैङ्गिक सम्बन्धप्रति तीव्र कटाक्ष गर्ने प्रथम व्यक्ति त तपाईं नै हो नि !' सावित्रीले आरोप लगाइन्– 'तपाईंकै रोहवरमा बिहे भएको रहेछ नि !'

देवरले त्यो आरोपलाई स्वीकारे तर आफ्नो बचाउ गर्न पछि परेनन्। ठूलो दोष भाउजूकै देखाइदिए। देवर त्यहाँबाट बाटो लागे। उनी दाजु–भाउजूको घरमा बस्दैन थिए। विचार मिले पो बस्नु। सावित्री भाउजू दुईवटा शब्दबाट प्रभावित थिइन्, साउँ–ब्याज र जुठो–आँप।

तर कविजीलाई मतलबै थिएन। उनी हाकाहाकी भनिदिन्थे। जुठो–आँप खाएकै हो। साउँ–ब्याज पनि ल्याएकै हो। सावित्री भाउजूले देवरलाई कज्याउने अधिकार गुमाइसकेकी थिइन् किनकि तिनीले असत्‌लाई अँगालिन्। इन्जिनियर पतिलाई भ्रष्टाचार गर्न उत्प्रेरित गरिरहिन्।

सावित्री बैठक कोठामा यता र उता गर्न थालिन्। कुनै दिन त्यही देवर उनका छोरा समान थिए। माया लाग्दा थिए। अग्नि पनि भाउजूलाई आमालाई दिने सम्मान दिन्थे, आदर गर्थे तर समयले दुई किनारा बनाइदियो।

त्यसको जड अग्निका दाजु हुन्। उनले आफ्नो परिवारलाई मात्र सर्लक्क छुट्याएका थिए। भाइ त्यस घरमा अटाउन सकेनन्। बाहिरै बसे। सफल पनि भए।

अन्ततः मिली–जुली एक संस्थाको सम्पर्कमा पुगे। उक्त संस्थाको नाम ब्रेन एण्ड ब्युटी थियो। त्यो संस्था गैरनाफामूलक थियो। गैरसरकारी थियो। ब्रेन एण्ड ब्युटीले समलिङ्गीहरूको हक, अधिकारका बारेमा आवाज उठाउँदै आएको थियो। त्यस संस्थाका केन्द्रीय अध्यक्ष थिए– श्री कला।

श्री कला पुरुष हुन् वा स्त्री ? उनको लवाइले अनुमान गर्न सकिन्थ्यो, तिनी पुरुष हुनुपर्छ। श्री कलाले सवाल गरे– 'ल भन्नोस्। तपाईँ किन पुरुष व्यक्तिसँग विवाह गर्न चाहनुहुन्न ?'

मिलीले सोझो उत्तर दिइन्– 'किनभने म पुरुष–पीडित नारी हुँ सर।' तिनीले आफ्नो कथा–व्यथा यसरी सुनाइन्– 'म आठ क्लासमा पढ्दाको समय हो, मेरो रूप र सौन्दर्यप्रति एकजना पुरुष आसक्त थियो। ऊ हाम्रो घरमा बारम्बार आइरहन्थ्यो। एकान्तमा पारेर मलाई यौनदुर्व्यवहार गर्ने गर्दथ्यो। त्यो मान्छे हाम्रो नातेदार हो...।'

मिलीले आफ्नो विगत खोतल्दै गइन्। अध्यक्ष श्री कलाले जुलीसँग पनि

त्यस्तै प्रकारको अन्तर्वार्ता लिए । सबै कुरा सुनिसकेपछि केही दिनपछि पुनः भेट्न आउन सल्लाह दिए ।

अग्नि कोठाको सोफामा बसेका थिए । कमलाचाहिँ सुँकसुँकाइरहेकी थिइन् । अग्नि हाँस्दै जिस्क्याउन थाले– 'लाठी खाने म, रुँनेचाहिँ तिमी ?'

'ठट्टा नगर्नोस् है तपाईं....।' कमलाले रन्चे मुख लगाएर भनिन् । पति चुप लागे । कमलाले केही बेरपछि आँसु पुछपाछ पारेर गुनासो गर्न थाल्छिन्– 'किन जानुपरेको थियो तपाईंलाई आन्दोलनमा ?'

हतपति मर्दिनँ के म ।' पतिले ठट्टामै उडाइदिए– 'आन्दोलनमा मर्न पाए त शहीद भइन्छ होला नि त कमला । म शहीद भएँ भने तिमी पनि शहीद–पत्नी भनेर चिनिने थियौ ।'

'चुप लाग तिमी ।' उनले पतिको मुखलाई आफ्नो दाहिने हत्केलाले बन्द गरिदिइन् । एकछिनसम्म कोठामा सन्नाटा छायो । त्यसपछि कमलाले राजनीतिक इतिहासका पन्नाहरू एक एक गरेर उघारिदिइन् । त्यस्ता आन्दोलन कति भए कति तर जनताले के पाए ? जनता मरेको मर्‍यै । नेताहरूचाहिँ डुम्किएको डुम्कियै ।

तारफोनको घन्टी कुरकुरायो । अग्निले बिस्तारै गएर रिसिभर उठाए– 'हेल्लो, कसलाई खोज्नुभयो ?'

उताबाट नारीस्वर गुञ्जियो । कमला पर उभिएर आशङ्कित दृष्टिले हेरिहेकी थिइन् । पतिले रिसिरभरको मुख बन्द गरेर मसिनो स्वरमा बताए– 'भाउजूको फोन रहेछ ।' बल्ल कमला ढुक्क भइन् । तिनी भान्सातिर अलमलिन थालिन् ।

सावित्री भाउजूले हकार्दै भनिन्– 'काम नपाएर आन्दोलनमा होमिन गएको तपाई ? छोरीको माया लाग्दैन तपाईंलाई ? हाम्रो माया लाग्दैन ? भोलिदेखि कतै जाने होइन । मैले भन्देकी छु ।'

'को हो तपाईं मेरो स्वतन्त्रतामाथि आँच पुर्‍याउने ?' कविले हाकाहाकी भनिदिए– 'तपाईंको र मेरो विचार भिन्न छ भाउजू । भावना नै मिल्दैन । त्यही भएर मलाई फोस्रो माया देखाउन पर्दैन । त्यसैले मलाई अर्तीबुद्धि दिने दुष्प्रयास नगर्नोस् भाउजू । दाजुले त्यत्रो बिल्डिङ ठड्याएका छन् । आरामसँग बस्नोस् न । बेकारमा किन टेन्सन लिनुहुन्छ ? आज लास्ट चोटि आग्रह गर्दै छु कि तपाईं त्यो पिंजडाबाट बाहिर निस्कनोस् कि भने देवरलाई बिर्सिदिनोस् भाउजू ।'

'त्यो बाहेक अरू कुरा बोल्न जान्दैनौ तिमी ?' सावित्री भाउजूले रिसाएर रिसिभर थेचारिन् । लाइन काटियो । भाउजूलाई चिढ्याउन सफल भए उनी । त्यो खुसीमा टेबलको ड्रयरमा राखेको एउटा बट्टा निकाले । त्यसबाट एक बिडा पान निकालेर मुखमा हाले र मर्‍याङ मर्‍याङ चपाउन थाले ।

फेरि कमला आएर कराउन लागिन्– 'तपाईं आन्दोलनमा सरिक भएकोमा

मलाई यत्ति पनि चित्त बुझेको छैन कविजी । भोलि फ्याट्ट केही भइहाल्यो भने त हाम्रो कन्तबिजोग हुन्छ नि ! तपाईंलाई पनि ठूलै पदको मोह छ कि क्या हो ?'

'अँ, छ छ । मलाई विश्वविद्यालयको उपकुलपति बन्न मन छ । त्यही भएर अहिलेको आन्दोलनमा ज्यान फालेर लागिरहेको छु । चित्त बुझ्यो अब त ?' कवि रिसाए ।

कमला एकाएक सिरियस भइन् र पतिको छातीमा मुन्टो अड्याउँदै भावुक उच्छवासहरू छाड्न थालिन्– 'कविजी, मलाई त कताकता डर लागिरहेछ । कतै त्यो अजय फर्केर आउने त होइन ? प्रत्येक पल मलाई त्यही कुराले पिरोलिरहन्छ कविजी । कतै ऊ ज्यूँदै छ कि ? कतैबाट उसले हाम्रा क्रियाकलापलाई चियाएर हेरिरहेको छ कि जस्तो लागिरहन्छ । ऊ आयो भने के गर्ने ?'

'के गर्ने ? मैले तिमीलाई उसकै बाहुपासमा फकाई दिने, हाहाहा...।' रोमाञ्चित बन्दै कविजीले ठट्टा गरिदिए । उनको मुखभरि पानको रस थियो । डस्टबिनमा पिचिक्क थुके । कमलालाई पटक्कै मन परेन । उसो त अग्निकुमार विष्टको पहिलो ठट्टा थिएन त्यो ।

कमलाको पहिलो पतिसँग पनि प्रेमविवाहै भएको हो । माधुरी पाँच-छ वर्षकी हुँदासम्म कमला र अजयको जीवन ठीकठीकै किसिमले चलिरहेको थियो । पछि-पछि असमझदारी बढ्दै जान थाल्यो । वास्तवमा कमला विम्ब उच्च महत्त्वाकाङ्क्षी महिला थिइन् ।

कमलाको जागिर हुलाक अड्डामा थियो । खरिदार पदमा । उनी त्यो जागिर बाट सन्तुष्ट थिइनन् । तिनी चाहन्थिन्, अजय वैदेशिक रोजगारीमा जाऊन् र धेरै पैसा कमाऊन् ता कि आफ्ना हरेक सपनाहरू पूरा गर्न सकियोस् । काठमाडौंमा एउटा घर बनोस् तर अजय ? उनी त पत्नीको कमाइको भरमा राजनीति गर्न चाहन्थे । पत्नीको आग्रहलाई लत्याइरहन्थे । अजय खासमा चित्रकार थिए । उनले कोरेका चित्रहरू छिः भन्ने खालका हुँदैनथे तर उनको त्यो सौखले कमलाका चाहनामाथि तुषारापात लगाइदिन्थ्यो ।

पत्नीको नजरमा पतिको राजनीति जङ्गली थियो । त्यही भएर एक दिन अजय जङ्गलबाटै लापत्ता हुन पुगे । अजयले परिवार सम्झेनन् । फर्केर आएनन् । कमलालाई डरबाट मुक्त पनि गराइदिएनन् । कमलालाई पतिको प्रत्यागमनको आशाको त्यान्द्रोले अड्याइराख्न सकेन ।

कमलाको चरित्र विवादास्पद हुन पुग्यो । आफ्नो पतिको कलाकारिताप्रति मोहै थिएन । पटक्कै आकर्षित भइनन् तर कवि अग्निकुमार विष्टकी चाहिँ डाई हार्ट फ्यान बन्न पुगिन् । मान्छेको अनुहारै नदेखी उनको पुस्तक सिरानीमा राखेर निदाउने गर्दथिन् ।

एक दिन कमलाले उनको प्यारो कविसँग साक्षात्कार गर्ने मौका पाइन् । पुस्तक प्रदर्शनी स्थलमा पहिलो भेट भएको थियो, कवि अग्निकुमार विष्टसँग ।

पहिलो नजरमै कविजीसँग दिल बस्यो । आफ्नो साहित्यप्रति यति विघ्न लगाव । आफ्नो कविताप्रति यति धेरै अनुराग ? कविजी पनि कमला विम्बलाई देखेर पुलकित हुन पुगे ।

कविजीले दायाँ, बायाँ कतै हेरेनन् । उनले वरण गरिदिए, परस्त्रीलाई । ठिकै भनेकी हुन् सावत्री भाउजूले । कविजीले सावाँ र ब्याज दुवै उठाएर घरमा ल्याए ।

○○

राष्ट्रिय सभागृहको सभाहल ।

त्यहाँ एक कार्यक्रमको आयोजना गरिएको थियो । आयोजक थियो, ब्रेन एण्ड ब्यूटी । कार्यक्रममा विभिन्न पेसाका मानिसहरूको उपस्थिति रहेका थिए । महान् व्यक्तित्वहरूको जमघट थियो । तीमध्ये एक थिए, कवि अग्निकुमार विष्ट ।

उक्त कार्यक्रममा कविजीका भतिजीद्वय पनि सहभागी भएका थिए । अतिथिको आसनबाट बोल्दै कविजीले समलिङ्गीहरूको बारेमा समालोचनात्मक टिप्पणी गरे । जस्तै : १. देह व्यापारमा लाग्नु । २. सृष्टिको नियमलाई पूर्ण रूपले पालना नगर्नु । ३. हाडनातामा समलैङ्गिक सम्बन्ध कायम भएको देखिनु । आदि ।

कविजीले केही सकारात्मक कुरा पनि बताए । जस्तैः

१. समलिङ्गीहरूभित्र लुकेर रहेको प्रतिभालाई बाहिर ल्याउनुपर्दछ ।

२. तेस्रो लिङ्गीलाई समाजका अभिन्न अङ्ग बनाउन समाजसेवामा लगाउनुपर्दछ ।

३. उनीहरूले सिर्जना गरिरहेका विकृति र विसङ्गतिलाई रोक्नुपर्छ ।

४. आर्थिकरूपले सबल बनाउने कार्यतिर पाइला चाल्नुपर्छ आदि ।

कविजीले समलिङ्गी र तेस्रो लिङ्गीहरूको समस्यालाई पनि उजागर गरिदिए । उनीहरूको आधारभूत आवश्यकता भनेको नागरिकता नै थियो तर कट्टर धार्मिक समाजमा परिवर्तन नआइन्जेलसम्म उनीहरूको प्रगति असम्भव नै थियो ।

अन्ततः ब्रेन एण्ड ब्यूटीका अध्यक्ष श्री कलाले सभा विसर्जन गर्दै गुनासो पोखे– 'नेताजीहरू आन्दोलनको समयमा चाहिँ मीठा-मीठा कुरा गर्नुहुन्छ । आश्वासन पनि बाँड्नुहुन्छ तर आन्दोलन सफल भइसकेपछि पुरानै रोग दोहोरिन्छ । आन्दोलनमा घाइते भएका समलिङ्गीहरूले उपचार खर्च पाएनन् । घाइते प्रमाणित गर्ने निकायले वास्तै गरेन ।'

राती सुत्ने बेलामा मिली र जुलीले छलफल गरे । दिउँसोको कार्यक्रमको समीक्षा गरे । मिलीले अङ्कलको अभिव्यक्तिलाई रुचाइनन् । बहिनीसामु अङ्कलको कुरा काटिन् । कडा शब्दमा आलोचना गरिन् तर जुलीको मूल्याङ्कन

फरक थियो । त्यही भएर दिदी–बहिनीको विचार बाझियो ।

मिलीले हाकाहाकी निर्णय सुनाइदिइन्– 'तँ मेरी श्रीमती होस् । मेरै भएर रहने छेस् । तँलाई कुनै केटाले मन पराएको चाल पाएँ भने त्यसलाई मारिदिन्छु ।'

बहिनीले हाँसी हाँसी जवाफ दिइन्– 'मलाई त चार सन्तान चाहिन्छ दिदी । ड्याडीले हाम्रा लागि केटा खोजिसक्नुभएको रहेछ भने म त बिहे गर्छु ।'

सावित्री आफ्नो बिछ्यौना मिलाउँदै थिइन् । अचानक छोरीहरूको कोठाबाट आवाज आयो । एकदमै अस्वाभाविक आवाज ! आमालाई शङ्का लाग्यो । केही गडबडी पक्कै छ । कतै दिदीले बहिनीलाई कुटपिट त गरिन ? सावित्री गइन् र ढोका उघार्न खोजिन् ।

अहँ छोरीहरूको कोठाको ढोका खुलेन । भित्रबाट छेस्कनी लगाइएको रहेछ । तब त आमाका कान टाठा भए । जुलीको रोदनलाई उनका बाठा कानले ठम्याइहाले । झ्यालको पर्दा आधा मात्र लागेको रहेछ । सावित्रीले पलङ देखिन् । पलङमा दुवै छोरीलाई पनि देखिन् ।

आम्मै नि ! कस्तो दृश्यसँग सामना गर्नुपर्‍यो आमाले । मिलीले जुलीलाई घोडा बनाएकी रहिछन् । सावित्रीलाई अचम्म लाग्यो ! मिलीका दुवै हात जुलीका वक्षस्थलमा थिए । मुखचाहिँ जुलीको मुखसँग जोडिएको अवस्थामा थियो । आमा ढोका ढक्ढकाउँदै कराइन् । बल्ल बल्ल जुलीले ढोका खोलिन् । त्यतिन्जेलसम्ममा दुवैजना ठीकठाक भइसकेका रहेछन् ।

मिली फुत्त निस्केर बाथरुमभित्र पसिन् । त्यसपछि जुलीको नाटक मञ्चन भयो । केही नभएजस्तो गरिन् र आमा अहिलेसम्म नसुतेकी देखेर अचम्म माने झैँ गरिन् ।

भोलिपल्ट दिउँसो...।

मिली श्री कलालाई भेट्न पुगिन्, ब्रेन एण्ड ब्यूटीको कार्यालयमा । उनी बिहे गर्ने पक्षमा थिइनन् र कुनै पनि मूल्यमा बहिनी बिहेलाई भाँड्न चाहन्थिन् । श्री कलाले हाकाहाकी भनिदिए– 'ब्रेन एण्ड ब्यूटी मानिसहरूको जीवन आवाद गर्न स्थापित भएको हो न कि बर्बाद पार्न ।'

अन्ततः त्यो प्रतीक्षाको घडी पनि तोडियो । इन्जिनियरका पुत्रीद्वयलाई हेर्नका लागि केटाटोली आएका थिए । इन्जिनियर साहेबको गार्डेन सजिसजाउ थियो । उनले नचाहिँदो ढर्रा गरेको प्रस्ट देखिन्थ्यो । घर पनि विलासी, भोज पनि विलासी ।

इन्जिनियरले 'एकपन्थ दुई कार्य'को नीति लागू गरेका थिए । इङ्गेजमेन्ट पनि गर्ने । विवाहको साइत पनि जुराउने । त्यो कार्यक्रममा सावित्रीले देवर–देवरानीलाई पनि बोलाएकी थिइन् । तिनी प्रार्थना गर्दथिन्, देवरले दुःख नपाऊन् भनेर ।

कमलाले मिलीलाई पनि सारी-ब्लाउज पहिरिन आग्रह गरिन् तर मिलीले

टेर्दै टेरिनन् । उता केटातिरका महिलाहरूको पहिरन पनि निकै भड्किला देखिन्थे । यस्तो लाग्थ्यो, तिनीहरू लुगा र गहना देखाउनकै लागि आएका हुन् ।

दुई जना डाक्टर केटाहरू रातो सोफामा कुम जोडेर बसिरहेका थिए । तिनका आफन्त, पाहुनाहरूको व्यग्रता हेर्न लायकको थियो । जुली आएर डा. केटाहरू सामुन्नेको सोफामा बसिन् । मिलीचाहिँ साइडतिर थिइन् ।

एक महिलाले जिस्क्याइहालिन्– 'ल है डा. विकर्ण, राम्ररी नियालेर हेर । केटीका आँखा टेढा पो छन् कि ? हाहाहा...।'

'अनि प्रितम, भनाइको मतलब, डा. प्रितम । तिमी पनि गौर गरेर हेर है । कतै केटीको नाक बाङ्गो पो छ कि ?' फेरि अर्कीले गिज्याइन् ।

जुली सारीको घुम्टोभित्र मुख लुकाएर मुसमुसिइरहेकी थिइन् । मिलीको हाउभाउचाहिँ असभ्य देखिन्थ्यो । तिनीको पारा ठीक थिएन । केटातिरका पाहुनाहरूले सोच्नै सकेनन्, मिली पनि सम्भावित दुलही हुन् भनेर ।

कमलाले कान्छी भतिजीको परिचय खुलाइन् र घुम्टो अलिकति माथि सारिदिइन् । डा. विकर्ण मक्ख परे । तब त डा. प्रितमलाई उछिनेर बोलिहाले– 'यिनी मलाई मनपर्‍यो । अतः म एकान्तमा बसेर दुईचार कुरा गर्न चाहन्छु आन्टी ।'

'भनेपछि दुलहीको मनको कुरा पनि बुझिसकेको रहेछ होइन यो डा.ले ?' बीचैमा अर्की महिलाले ठट्टा गरिन् । फेरि हाँसोको फोहरा फुट्यो । ताली पनि पड्कियो ।

जुली डा. विकर्णसँग गार्डेनको एक छेउतिर गइन् । त्यहाँ झुल्ने–पिङ थियो । दुवैजना सँगसँगै झुल्दै गफ गर्न थाले ।

डा. प्रितम जुरुक्क उठेर गुनासो पोख्न थाल्छन्– 'के नाटक मञ्चन हुँदै छ यहाँ ? डा. विकर्णले त केटी पाइहाल्यो । अर्की केटी खै त ? मलाई जोकर फाल्तु बनाउन खोजेको ?'

'देख्नुभएन मलाई यहाँ ?' मिली असभ्य तरिकाले बोल्न थालिन्– 'सायद साडी नलगाएकी भएर...। डा. प्रितम, तपाईंले खोजेको केटी म हुँ तर म तपाईंसँग बिहे गर्न चाहन्नँ ।'

'ल, हिँड् खुरुक्क उता ।' बुवाले छोरीको पाखुरामा समातिहाले । अङ्कलले पनि समाते तर मिली फुत्किहालिन् । तिनी सासै रोकेर कराइन्– 'हेर्नोस् पाहुना महोदयहरू, हामी समलिङ्गी जोडी हौं । हाम्रो बिहे पनि भइसकेको छ । मलाई त मेरै फुपाजुले बलात्कार गरेको हो ।'

'चुप लाग नालायक !' मिली बोल्दै थिइन्, बुवाले गालामा झ्याम्म बाघेझापू दिए ।

'किन छोरीलाई पिट्छौं इन्जिनियर ?' डा. विकर्णका बुवा औधि रिसाए । आफ्नै साथीमाथि यत्ति ठूलो विश्वासघात गरेको दोष पनि लगाए । मिलीले

जुलीको ब्लाउजका हुकहरू चटाचुर्ण पारिदिइन् । ब्लाउज च्यातियो, ब्रा देखियो । पाहुनाहरू लाजले पानीपानी भए ।

डा. विकर्णले जुलीसँगै बिहे गर्ने निर्णय सुनाइदिए । नाटकीय रूपमा उक्त कार्यक्रम समापन गरियो । पछि अग्निले दाजुलाई हाकाहाकी भनिदिए– 'डा. विकर्ण कि त गे अर्थात् पुरुष समलिङ्गी हुनुपर्छ, कि भने तपाईंको सम्पत्ति ताकेको हुन सक्छ । जुलीलाई साँच्चीकै मन पराएको होला भन्ने मलाई लाग्दैन दाइ ।'

भाइको तर्क मन परेन दाजुलाई । बेसरी हकारे– 'के बोलेको तैंले यो ? थुक्क तेरो बुद्धि । कसरी महान् कवि भइस् हँ तँ ?'

अग्निले कार स्टार्ट गरे । त्यो विलासी महलको ढोकातिर नहेरी बाटो लागे । इन्जिनियर पागलजस्तो भएका थिए । हातमा रबरको एक टुक्रा पाइप लिए अनि गए जेठी छोरीलाई ठटाउन ।

००

ब्रेन एण्ड ब्यूटीका अध्यक्ष श्री कला पुलिस चौकी पुग्छन् । उनी संस्थाकै एक सदस्यलाई छुटाउन पुगेका हुन्छन् । पुलिसले कल्की उप–नामधारीलाई थुनेको हुन्छ । कल्की पनि समलिङ्गी हो । उसमाथि आरोप रहेछ, देहव्यापार गरेको । श्री कलाले कल्कीलाई भेटे । कल्कीले गुहार माग्यो– 'कला दाइ, मलाई छुटाउनोस्, मलाई छुटाउनोस् यहाँबाट ।'

'ल ला तँलाई ।' श्री कलाले डण्डीबाट हात छिराएर कल्कीको गालामा एक थप्पड लगाए । कल्की त दश–बाह्र वर्षीय बच्चामा अनुवाद भइदियो । ह्वाँ ह्वाँ रुँन थाल्यो ।

श्री कलाले अभिवादन गरे– 'जय नेपाल इन्स्पेक्टर म्याडम ।'

इन्स्पेक्टर तिवारीले कलम रोकेर प्रश्न गरिन्– 'तिमीलाई थाहा छ यो जय नेपालको अर्थ के हो ? अर्थ न बर्थ गोविन्द गाईं, नाइटाको ओखती टाउकोमा लाई !'

श्री कलालाई उनको व्यवहार मन परेन । नेताको भाषणजस्तो बोली सुनेर आलोचना गरे । कल्कीलाई छाडिदिन आग्रह गरे । इन्स्पेक्टर श्री कलासामु उभिइन् । कडा आरोप लगाउँदै भनिन्– 'तिमीहरू 'ब्रेन एण्ड ब्युटी'लाई आपराधिक क्रियाकलापतिर उन्मुख गराउँदै रहेछौ हैन ? संस्था स्थापना गरेर देहव्यापार गराउने ? कसैलाई नआएको लोकतन्त्र तिमीहरूजस्ता हिजडाहरूलाई आएको...।'

'इन्स्पेक्टर...!' बीचैमा श्रीकला बेस्सरी च्याँठिए– 'मुखमा आयो भन्दैमा मनलागी शब्द बक्न पाइन्न । हाम्रो पनि त इज्जत छ...।' अपमान बोधले श्री कलाका नसा–नसामा क्रोध बग्न थाल्यो । कञ्चटतिर चिट्चिट् पसिनाका दाना उम्रिन थाले । शरीर लगलगी काँप्न थाल्यो ।

कल्कीलाई उपस्थित गराइयो । इन्स्पेक्टरले कडा शब्द प्रहार गरिन्– 'ए

होमो ! बताइदे तेरो अध्यक्षलाई, हिजो रातीको घटनाको बारेमा। मसाज टोलमा तँ र तेरा साथीहरू के के गर्दै थियौ ? एक एक कुरा नढाँटी बता, छिटो बता।'

इन्स्पेक्टर तिवारीले छडी टेबुलमा ठोकेर तर्साइन् । कल्कीले झर्केर जवाफ दियो– 'हामीले नचाहिने काम गरेका थिएनौं । डान्सबारको काम सकेर बाहिर निस्केका थियौं । एक्कासि पुलिसहरूले हामीमाथि अभद्र व्यवहार गर्न थाले । लठ्ठीले गुप्ताङ्गमा घोच्दै भ्यानमा कोचेर यहाँ ल्याए ।'

'ए होमो, अझ बढ्ता बोल्छस् ? तेरो मुखमा लौरो घुसाइदिऊँ साले ?' इन्स्पेक्टर आवेशमा चिच्याइन् । तब त श्री कलाले भन्ने मौका पाइहाले– 'यो के काइदा हो इन्स्पेक्टर म्याम ? फेरि जथाभावी बोल्न थाल्यौ तिमी ? जतिखेर पनि होमो–होमो भनेर अपमान गर्न पाउँदिनौ तिमी । थाहा छ, कस्तालाई होमो भन्छन् ?'

अब त कल्कीले पनि बोल्ने साहस गऱ्यो– 'होमो त बिग्रेका पुलिसहरू हुन्, जसले हाम्रा साथीहरूलाई विनागल्ती भ्यानमा कोचेर ल्याउँछन् अनि चौकीभित्र बलात्कार गर्छन् । एकातिर हामीलाई समलिङ्गी भनेर घृणा गर्ने । होमो भनेर अपमान गर्ने । फेरि उल्टै मनपरी गर्ने पुलिसलाई पुरस्कार दिनुहुन्छ तपाईंहरू ।'

अखबारहरूले कहिलेकाहीं लेखिइन्थे 'समलैङ्गिक यौनसम्बन्ध प्रहरीहरूको क्वार्टरमा पनि भइरहेको छ ।'

अन्ततः श्री कलाले कल्कीलाई छुटाएर लगे । आफ्नो कार्यालयमा पुऱ्याए । त्यहाँ एउटा प्रशिक्षण कार्यक्रम थियो । अध्यक्षले आसन ग्रहण गर्नासाथ कार्यक्रम सुरु गरियो ।

प्रशिक्षण कार्यक्रममा अध्यक्षले जागरुक गराउँदै भने– 'साथीहरू, भोलिदेखि हामी आन्दोलनका लागि सडकमा उत्रिँदै छौं । यो लोकतन्त्र त्यत्तिकै आएको छैन । त्यसका लागि हाम्रा तीनजना साथीले सहादत प्राप्त गरेका छन् तर यो राज्यसत्ताले ती साथीहरूलाई शहीदको दर्जा दिएको छैन ।

भोलिपल्ट...।

ब्रेन एण्ड ब्यूटीले रत्नपार्क क्षेत्रमा भव्य जुलस प्रदर्शन गऱ्यो । समलिङ्गी र तेस्रो लिङ्गीहरूले गगनभेदी नारा लगाए । सडक जाम गरिदिए । कहिले पनि नसुनेको, कतै पनि नदेखेको मान्छेलाई अचम्म लाग्यो ! कोही स्त्री पुरुषजस्ता देखिन्थे । कोही पुरुषको भेष स्त्रीको थियो ।

आकाशे पुलमा एक हूल श्रीपेचवादीहरू थिए । तिनीहरूलाई राजाको सिंहासन खोसिएको मन परेको थिएन । तिनीहरू हरतरहले नयाँ सत्तालाई बदनाम गराउन चाहन्थे । त्यही भएर ढुङ्गा हानेर टाप कसे । इन्स्पेक्टर वर्षा तिवारीको टाउको फुटेछ ।

'ठोक् सालेहरूलाई !' प्रहरी-दमन सुरु भइहाल्यो । इन्स्पेक्टर तिवारी

कराउँदै थिइन्– 'शान्ति । शान्ति...। आक्रमण बन्द गर ।' अहँ, कसैले पूरा वाक्य सुनेन । इन्स्पेक्टरको आक्रमण शब्द मात्र ध्वनित भयो । त्यसपछिका शब्दहरू भीडमै बिलीन हुन पुगे ।

अर्को दिन छापाहरूमा देखिए, आन्दोलनको असर । अखबारका अघिल्ला पृष्ठहरूमा तस्वीरहरू छापिए । प्रहरी–दमनको सर्वत्र निन्दा गरिएको रहेछ । श्री कलाको टाउकोमा पट्टी लगाइएको तस्वीर भाइरल भयो ।

श्री कलाले एक पत्रिकामा भनेका रेहछन्– 'जनताले गर्ने हरेक आन्दोलनमा प्रतिक्रियावादीहरूको घूसपैठ हुन्छ । हिजो पनि त्यस्तै भयो । हाम्रो गुनासो वर्तमान प्रहरी–प्रशासनसँग होइन, सत्ताधारीसँग मात्र छ । जनान्दोलन भाग-२ सम्पन्न भयो तर हेर्नोस् त शासक वर्गको ताल । हाम्रा मान्छेलाई शहीद घोषणा गर्न महाभारत परिरहेछ । जनान्दोलनमा हामी काम लाग्यौं तर अब सरकारका लागि अभिशाप भयौं ।

तर एक माघको जाडो गयो । फरि अर्को माघ त आउँछ नि ।'

इन्जिनियर अमोघ विष्टको हातमा पनि अखबार पऱ्यो । सामूहिक तस्वीरमा डा. विकर्ण पनि देखिएका रहेछन् । इ. अमोघको सातो उड्यो । नउडोस् पनि किन ? जब कि उनी डा. विकर्णलाई ज्वाइँ बनाउने प्रयासमा थिए । त्यसो त डा. विकर्ण र अधिवक्ता जुली डेटिङ्ग जान थालिसकेका थिए ।

एक दिन उक्त जोडी दक्षिणकाली मन्दिर क्षेत्रमा देखा पऱ्यो । जुलीले पहिरिएकी लुगा यौनोत्तेजक थियो । डा. विकर्णले प्रेमिकालाई अँगालेर मन्दिरतिर लगे । उनी रोमान्टिक मुडमा थिए । त्यही भएर जुलीले मीठो आलोचना गरिन्– 'तिमी त मान्छे बदमास रहेछौं नि डाक्टर ! यस्तो ठाउँमा त रोमान्स गर्न खोज्छौं । हस्पिटलमा नर्सहरूसँग झन् कति जिस्किँदा हौ ?'

प्रेमिकाको ठट्टा सुनेर प्रेमी खिलखिलाएर हाँसे । त्यो हाँसोले जुलीको आशङ्कालाई पुष्ट्याइँ गरेजस्तो लाग्यो ।

तब जुली च्याँट्ठिइन्– 'साँच्चै हो कि क्या हो डाक्टर ?'

'तिमीलाई कस्तो लाग्छ ?' उल्टै प्रतिप्रश्न गरिदिए डा. विकर्णले ।

त्यसपछि जुली गुत्थिइन् । तब प्रेमीले फकाउनै पर्ने भयो । उनले प्रेमिकाका दुवै गालामा स्पर्श गर्दै सोधे– 'ए, तिमी रिसाएकी ? साँच्चै भाउ खोजेकी हौ तिमीले ? हेर है जुली । यदि तिमी यसरी नै ठुस्किरहन्छ्यौ भने झन् बढी बदमास भइदिन्छु म ।'

– 'हेरुँ न त म पनि ।' लौ हेर ! छिनको छिनैमा जुली छिल्लिन थालिन् । उनलाई डा. विकर्णले बदमासीको पराकाष्ठा नाघेको हेर्ने रहर भयो । त्यो दृश्य देख्नेहरू फिल्मको सुटिङ हो कि भनेर चाख मानी मानी हेरिरहेका थिए ।

दुवैजना कारमा बसे । कारभित्रै रोमान्स चल्न थाल्यो ।

'जुली..ई...ई...!' डा. विकर्ण चिच्याए । हे भगवान् ! जुलीले त डा. को ओठ

टोकेर रगतै निकालिदिइछन् । त्यो देखेर जुली लाजले भुतुक्कै भइन् । केही बेरपछि कार अघि बढ्यो । प्रेमी चुपचाप थिए । केही समयपछि जुलीको घर सामु ल्याएर छाडिदिए ।

घरको दैलोमै जुलीलाई पिताजीसँग सामना गर्नुपर्‍यो । इ. अमोघ विष्टलाई कान्छी छोरीको चाला निको लागेन । जेठी छोरीको अत्तोपत्तो थिएन । कहाँ छे ? के गर्दै छे ? कुन हालतमा छे ? बुवालाई उसको मतलबै थिएन । मिली हराएपछि जुलीलाई पनि हाइसन्चो भएको थियो ।

००

मध्यरातको समय छ । श्रीमती कमला विष्ट तर्सिएर उठ्छिन् । कारण, तिनीले नराम्रो सपना देखेकी हुन्छिन् । अग्निकुमार विष्टको निद्रा भङ्ग हुन पुग्छ । त्यो पहिलो घटना थिएन । एक रात नमीठो घटना भयो । कमलाले सुतिरहेका पतिलाई मारसँग भकुरिछन् ।

त्यो रात सपनामा कमलाको पूर्वपति अजय विम्ब आएका थिए । कमलालाई उनले पाखुरामा समातेर घिसार्न थाले । कमलाले क्लियर कट कुरा गरिदिइन्– 'जान्नँ । मैले तिमीलाई छाडेर अग्निलाई अपनाइसकेँ । तिमी होइन, अब त मेरो पति अग्नि हुन् ।'

'बढ्ता बोल्छेस् तँ ?' अजयले हकारे– 'प्रेमविवाह गरेकी मसँग तर लोग्नेचाहिँ अग्निकुमार ? यो हुनै सक्तैन कमला । अग्निले त तँलाई भाउजू भन्छ ...।'

'त्यो त भनेको मात्रै हो । भाउजू नै त होइन नि !' कमलाले तर्क गरिन्– 'सम्बोधन गर्दैमा सक्कली नाता हुन्छ र ? कविजी त मेरो दोस्रो पति हुन् अजय । म उनीसँगै रमाइरहेकी छु । के छ तिमीसँग ?'

'ई.. यो छ ।' पूर्वपति अजयले कमलाको चुल्ठो समातेर रिङाउन थाले । अजयले पत्नीमाथि खुकुरी प्रहार गर्न खोजेका थिए । कमला अजयको दाह्री मुठ्याउँदै प्रतिवाद गर्न थालिन् । बिउझिँदा त पसिनाले उनको नाइट ड्रेस जिउमै लपक्क टाँसिएको रहेछ ।

अग्निले गिलासमा पानी दिँदै चिन्ता प्रकट गरे– 'आज पनि उही सपना ? अब त अति भयो कमला । यदि अझै पनि तिम्रो हृदयमा अजय विम्ब नै रहेको छ भने मलाई त्यागिदेऊ । पटक पटक यस्तो हुने हो भने त मलाई पनि...।'

'तपाईंको कुरा सुनेर मलाई दिक्क लाग्छ कविज्यू ।' गुनासो सुनाउँदै कमलाले आधा गिलास पानी पिइन् । उनी भन्दै थिइन्– 'मैले जानी–जानी त्यस्तो सपना देखेकी हुँ र ? बरु यसो गरौँ न ।'

'कसो गरौँ ?' कविले उत्तरापेक्षी नजरले हेरिरहे ।

कमलाले विदेश जाने प्रस्ताव राखिन् । छोरीलाई भेट्न । विदेशमा चाहिँ सपना नदेखिने हो र ? कमलाले चित्त दुखाइन् । अग्निका साथीहरू पालैसँग अमेरिका गइरहेका थिए । उनीचाहिँ जहाँको त्यहीँ ? अग्निले त डी.भी.फारम

नभर्ने कसम खाइसकेका थिए ।

एकाएक पत्नीको मुड बदलियो र च्वाँक्क चुम्बन गरिदिइन् । कविले पत्नीको गाला आफ्नो मुखतिर फर्काए अनि दाँतले ड्याक्क टोकिदिए । पत्नीले पनि बदला लिइन् । दुवैजना हाँस्दै आ–आफ्ना गाला मुसार्न लागे ।

अर्को दिन अग्निले कमलालाई क्लिनिकमा पुऱ्याए । त्यो क्लिनिक डा. विकर्णको थियो । डा. ले सोधे– 'के समस्या पऱ्यो अङ्कल–आन्टीलाई ? के सेवा गरुँ मैले ?'

कमलाले एकचोटि पतिको मुखमा हेरिन् । पतिले आँखाले इसारा गरे । कमलाले बताउन सुरु गरिन्– 'डा. साहब....।'

'ए...ऽऽ !' डा. ले समस्यालाई गम्भीररूपमा ग्रहण गरे । अर्को दिन घरमै आएर उपचार गरिदिने वचन दिए । त्यसपछि उनीबाट अङ्कल–आन्टीले बिदा लिए । घरमा फर्किएपछि बेड रुममा पसे । ढोकामा चुकुल लगाए । अग्नि पलङमा पल्टिए ।

कमला ठूलो ऐनासामु उभिएर लुगा फुकाल्न थालिन् । भित्री चोली मात्र बाँकी राखिन् र छातीमा हेरिन् । फेरि पिठ्यूँ फर्काइन् । त्यसपछि कम्मरतिर हेरिन् ।

'के हेरेकी ओर्की र फर्की गर्दै ?' पतिले टिप्पणी गरे– 'कहिल्यै हेर्न नपाएझैँ एक एक अङ्ग हेर्न पर्छ ? यसरी त भर्खर तेह्र–चौध वर्ष लागेका किशोरीहरूले मात्रै हेर्छन् बूढी ! तिमीलाई बैँसालु जोवनको यादले सताएजस्तो छ । हाहाहा... हेहेहे...।' उनी हाँस्न थाले ।

'छिः यो कवि त छिल्लिन पनि कति सकेको होला ।' कमला मस्किन थालिन् । पतिको ठट्टाले कमलाका गालामा गुराँस फक्रिए । तिनीले जीउलाई पाइजामा र टी शर्टले सजाइन् । त्यसपछि कम्प्युटर–रुमभित्र पसिन् । आमा–छोरीको भिडियो च्याट सुरु भयो ।

एकछिनपछि कमलाले रमाउँदै सुनाइन्– 'तपाईंलाई थाहा छ कविज्यू ? हाम्री छोरीले पनि जीवनसाथी भेट्टाइछ नि । आहा ! अब हाम्री छोरीको पनि भविष्य उज्ज्वल हुने भयो ।'

पति कापीको नोट्समै घोत्लिरहेका थिए । पत्नी उनीसँग झ्याम्मिइन् । पतिले आदेश जारी गरे– 'अहिले म बिजी छु । तिमी जान सक्छ्यौ, प्लिज...।'

पत्नीको गनगन सुरु भइहाल्यो– 'कस्तो मान्छे हो तपाईं त ! पारिवारिक खुसी बाँडूँ भनेको त मतलबै गर्नुहुन्न बा ! मैले बुझेँ, त्यो छोरी मेरी मात्र रहिछ होइन त ?'

कमलाको अन्तिम वाक्य 'त्यो छोरी....हैन ?' सुनेर अग्निले साह्रै चित्त दुखाए । उनलाई रिस पनि उठ्यो । त्यही भएर प्याच्चै भनिदिए– 'हो ल, माधुरी तिम्री मात्रै छोरी हो । उसको बाउ अजय पो त म हो र ?'

कविजी निकै भावुक बन्न पुगे– 'तिमी चाहन्थ्यौ हैन, मेरो मुखले यही

वाक्य बकोस् ? लौ बकिदिएँ । जाऊ भीडियो कलमा यही कुरा सुनाइदेऊ तिम्री छोरीलाई ।'

कमला सुँक्कसुँक्क गर्न थालिन् ।

तिनीका पूर्वपति अडबाङ्गो खालका थिए । कमला सुत्केरी थिइन् तर ज्वानाको झोल र भात समयमा पाकेन । त्यसको अतिरिक्त अजयले पुस्तक छपाएका थिए, त्यो पनि सञ्चय कोषको रकम निकालेर । अजयको अर्को दुर्गुण पनि थियो ।

उनी पार्टीका इमानदार कार्यकर्ता थिए । पार्टीको जनसङ्गठनको जुझारु नेता तर अजयको पार्टीले शासन–सत्ताको डाडुपन्यौ नै देख्न पाएन । एक दिन अकस्मात् अजय बेपत्ता भए । कमलाले न सास पाइन् न त भेट्टाइन् लास नै ।

कुरो रमाइलै छ । अजय कवि अग्निकुमार विष्टकै कवि–मित्र थिए । कुनै जमानामा उनीहरू एउटै क्याम्पसमा पढ्ने गर्दथे । अग्निको मिहिनेत सफलीभूत भइदियो तर अजयलाई राजनीतिको हावाले छोयो, बरबाद भयो ।

OO

'ब्रेन एण्ड ब्युटी' को संस्थागत मूल्याङ्कन हुन थालिसकेको थियो । श्री कला एक राष्ट्रवादी नागरिक कहलिएका थिए । 'ब्रेन एण्ड ब्युटी'लाई एक स्वतन्त्र संस्थाको रूपमा चिनाउन सफल थिए ।

श्री कलाले आफ्ना सदस्यहरूलाई मूलमन्त्र घोकाएका थिए र त्यो थियो– स्वावलम्बी भएर बाँच्न सिक्नु । त्यसको एक उदाहरण श्री कलाले पोखरामा देखाए । देशमा पर्यटन वर्ष मनाइँदै थियो । ब्रेन एण्ड ब्युटीले पोखराको फेवाताल छेउमा भव्य चित्रकला प्रदर्शनीको आयोजना गरेको थियो ।

ती चित्रकलाहरू संस्थाकै सदस्यहरूले बनाएका थिए । संस्थाले सांस्कृतिक कार्यक्रमको पनि आयोजना गरेको थियो । फेवा टाइम्स एफ.एम.की महिला पत्रकारले श्री कलासँग अन्तर्वार्ता लिइन् ।

पत्रकार - 'श्री कलाजी । तपाईंहरूले संस्थाको नाम 'ब्रेन एण्ड ब्युटी' किन राख्नुभयो ?'

श्री कला - 'हेर्नोस् पत्रकार बहिनी, ब्रेन भनेको दिमाग हो अनि ब्यूटीको माने हो, सुन्दरता । यस मानेमा हाम्रो संस्थाले दिमाग र सौन्दर्यलाई महत्त्व दिएको छ ।'

पत्रकार - 'अरू कसैले बताइदिनोस् त । तपाईंहरूको दिमागले के के गरेका छन् ?'

श्री कलाको दायाँतर्फ पोखरा शाखाकी सचिव, दुर्गा थिइन् । तिनीका स्तन हलिउडकी कामुक नायिका पामेला एण्डरसनका जस्ता थिए ।

समलिङ्गी दुर्गा - तपाईंहरू हामी समलिङ्गी र तेस्रो लिङ्गीलाई अर्कै लोकका जन्तु ठान्नुहुन्छ कि क्या हो पत्रकारज्यू ? हामी पनि त मान्छे हौं । के

यी सारा चित्रकलाहरूमा हाम्रो ब्रेन र ब्युटी झल्किँदैन र ? समलिङ्गी र तेस्रो लिङ्गीहरू पनि राम्रो दिमाग भएका सुन्दर सर्जक हुन् पत्रकारज्यू ?'

पत्रकार - एउटा कुरा बुझाइदिनोस् न है ? तपाईंहरू आफूलाई समलिङ्गी हौं भन्नुहुन्छ । तेस्रो लिङ्गी हौं भन्नुहुन्छ । त्यो भन्या के ? समलिङ्गी र तेस्रो लिङ्गी बीचको केही भेद त होला नि ?'

दुर्गा - समलिङ्गीको हरेक स्वभाव, आनीबानी विपरीत लिङ्गीको भन्दा फरक हुन्छ । पुरुषले पुरुषसँग र स्त्रीले स्त्रीसँग जुन सम्बन्ध कायम गर्छन्, यस्ता व्यक्तिहरू समलिङ्गीको समूहमा पर्दछन् । कुनै व्यक्तिको लिङ्ग छुट्टिँदैन भने ऊ न पुरुष हो, न स्त्री । त्यस्ता व्यक्तिहरू तेस्रो लिङ्गीको समूहमा पर्दछन् । तेस्रो लिङ्गी भनिनेसँग दुईटै लिङ्ग पनि हुन सक्छ तर यौनिकरूपले कुनै अङ्गले पनि काम गर्दैन । कोही पुरुषजस्ता भएर पनि स्त्रीको स्वभावमा बाँच्दछन् र कोही चाहिँ स्त्रीजस्ता भएर पनि पुरुषको स्वभावका हुन्छन् ।'

श्री कलाको लिङ्गबारे पत्रकारको खास चासो थियो । हुन पनि उनको स्वर करिब पचहत्तर प्रतिशत महिलाको जस्तो थियो तर श्री कलाले आफूलाई पुरुष मान्दथे । पुरुष तेस्रो लिङ्गी । फेवा टाइम्स एफ.एमकी पत्रकार ब्रेन इण्ड ब्यूटीको कलाबाट निकै प्रभावित भइन् ।

उक्त कार्यक्रमको व्यापक प्रचार भयो । राष्ट्रियस्तरका अखबारहरूले समेत ब्रेन एड ब्यूटीको तारिफ गरेर समाचार छापिदिए । हातको पत्रिका हेर्दै इ. अमोघकुमार विष्टले मुख छाडिहाले– 'थुइयः सालाहरू ।'

जुली र सावित्री नजिकै थिए । बाबाको संवादप्रति व्यङ्ग्य गर्दै जुलीले सावित्रीसँग सोधिन्– 'मामु, यी मान्छेहरू तपाईंका दाजुभाइ हुन् ?'

'हैन, के भन्छे यो केटी ?' सावित्री रिसाउँदै प्रतिप्रश्न गर्छिन्– 'खै, कहाँ देखिस् तेरा मामाहरू ?'

जुलीले बाबुतिर कर्के नजर लगाउँदै भनिन्– 'हजुरका स्वामी इ. अमोघकुमार विष्टज्यूले साला भनेपछि हजुरका भाइ र दाइ परेनन् त मामु ? त्यसैले मेरा मामाहरू पर्न गए कि । कि कसो ड्याडी ?'

'मलाई रिस उठाउन त्यसो भनेकी तैंले ?' अमोघलाई रिस उठिहाल्यो । समलिङ्गीहरूको प्रसङ्ग निक्ल्यो कि उनको शरीरको रगत उम्लेर आउँथ्यो । उनले भएभरका पत्रिकाहरू च्यातेर फालिदिए ।

पुत्र आलोककुमार विष्ट स्वदेश फर्कियो ।

बुवालाई पूर्ण विश्वास थियो, आलोकले 'होटल एण्ड टुरिज्म म्यानेजमेन्ट' विषयमा डिग्री हासिल गरेको छ । राती घरमा पारिवारिक बैठक बस्यो । आलोकको बारेमा जे सोचेका थिए, त्यसको ठीक उल्टो भएछ । आमाले हकारिन्– 'तैंले त हामीलाई बर्बादै पारिछस् छोरा । नालायक, किन बीचैमा पढाइ छाडिस् भन् त ? त्यत्रो रकम खर्च गरेको सित्तैं भो हैन ?'

छोरो बोलेन, खाली घोस्से मुन्टो लगाएर बसिरह्यो । त्यही भएर सान्दिदी जुलीले पनि कडा शब्दमा भनिन्– 'विदेशमा पढ्ने रहर गरेर मात्र हुन्छ मामु ? क्यापासिटी पनि त हुनुपर्‍यो ।'

फेरि बुवातिर कर्के आँखा लगाउँदै घोचिन्– 'हुन त यसको पनि के दोष छ र ? जाने मन गरेको त थिएन नि मामु । यसलाई बिगार्ने त ड्याडी...।'

'ल भो भो ।' बुवाले रिसाउँदै भने– 'जे हुनुभइसक्यो । अब कराएर काम छैन । घरमा आउन पाएको छैन, करकर गर्नुपर्छ ? अब नेपालमै बसेर पढ्छ मेरो छोरोले ।' बल्ल आलोक मुस्कुरायो । पैसा दिने बुवाले नै मत्याएपछि कसलाई मान्छे गनोस् उसले ? कुरालाई एकदमसँग मोडेर ठूली दिदीको बारेमा सोधिहाल्यो ।

बुवाले मिली 'पोइल गएर हराएकी' कुरा सुनाइदिए । आलोकले पत्यायो । अमोघ एउटा पार्टीमा जानु छ भनेर बाहिर निस्किए । उनी ट्याक्सीमा चढेर गए । अमोघ मसाज टोल पुग्छन् । उनी त्यहाँ पार्टीको लागि गएका थिएनन् । गैर कानुनी रात बिताउन गएका थिए ।

अफसोस् ! केही समयपछि प्रहरीले छापा मार्‍यो । भन्ने पो मसाज त, धन्दा त ससाज (चर्म बेपार) को चल्थ्यो । उही क्या त तरुनी खेती ।

भोलिपल्ट बिहान जुलीले टी.भी. खोलिन् । समाचार प्रसारण भइरहेको रहेछ । जुलीले बुवालाई पनि पक्रिएको देखिन् । समाचारमा भनिए अनुसार करिब पचहत्तरजना जति थुनामा परेछन् । तिनीहरूमध्ये कल्की पनि एक थियो ।

आत्तिँदै जुलीले आमालाई बोलाइन् । कान्छी छोरीको कुरा सुनेर सावित्री छाँगोबाट खसेझैं भइन् तथापि उनले आफ्नो पतिलाई दोषी मान्न सकिनन् र तुरुन्तै छोरालाई चौकीतिर पठाइन् ।

उता श्री कला पनि प्रहरीको हिरासतमा पुग्छन् । इन्स्पेक्टर तिवारीसामु हात जोड्छन् । कल्कीलाई रिहा गरिदिन आग्रह गर्दछन् । कल्कीलाई हाजिर गराए । आफ्नो अध्यक्षलाई देख्नासाथ कल्कीले मुन्टो निहुरायो । हात जोडेर बिन्ती बिसायो । उसको आरोप थियो पुलिसले फसाएको हो । उसले आफ्नो अध्यक्षको गोडामै ढोग्यो । आफूलाई छुटाउन अनुरोध गर्‍यो ।

श्री कलाले धरौटी तिरे । कल्कीलाई हस्ताक्षर गराइयो । प्रहरीले तारेखमा छाडिदियो । चौकीमा आलोककुमार विष्ट पनि आइपुग्यो । ऊ दादागिरी देखाउँदै सोध्छ– 'खै ? यो चौकीको इन्चार्ज को छ ? मेरो ड्याडीलाई पक्रेर ल्याउन आदेश दिने इन्स्पेक्टर को हो ?'

'ओ मिस्टर ! यो कुनै पागलखाना होइन । अलि बिस्तारै बोल्नोस्, यो पुलिस चौकी हो ।' इन्स्पेक्टर वर्षा तिवारीले छडी नचाउँदै चेतावनी दिइन् । आलोकले धम्क्याउन थालिहाल्यो– 'गुहु र गोबर पनि छुट्याउन नसक्ने केटीलाई कसले इन्स्पेक्टर बनायो ? मेरो ड्याडी को हो थाहा छ ?'

'मलाई के थाहा ।' वर्षा तिवारीले बेसरी झ्याँटिन्– 'यहाँ दर्जनौं मानिस थुनिएका छन् । तिम्रो बुवाको नाम निधारमा लेखेको त छैन होला नि ? बिग्रेको बाबुको छोरा रहेछौं । तिम्रो नाम के हो नि मिस्टर ?'

'यो देशको एक वरिष्ठ इन्जिनियरको छोरा हुँ म ।' आलोक विष्टले पोज देखायो । ऊ अझै सन्किरहेको थियो– 'मेरो नाम आलोककुमार विष्ट हो, अनि मेरो ड्याडी हुन् इ. अमोघकुमार विष्ट । यो के चाला हो इन्स्पेक्टर ? जीउ मालिस गराउन पनि नहुने भयो अब ? प्रहरीलाई सनक चढ्यो भन्दैमा मनलागी गर्न पाइन्छ ? मेरो ड्याडीलाई खुरुक्क स–सम्मान छाड्ने कि मन्त्रीलाई फोन गरुँ म ?'

'गर्, फोन गर् । कुनचाहिँ मन्त्रीको फोर्स लाग्दो रहेछ हेर्छु म पनि ।' इन्स्पेक्टर वर्षाले निर्भीक भएर भनिन्– 'कुनै माइकालालले टीको लगाएर दिएको पद होइन यो, हेर्छु म पनि । यो देशमा पावरको शक्ति छ कि कानुनको ?'

केटो बल्ल लाइनमा आयो । त्यसपछि नरम भएर बोल्न थाल्यो । यस्तैमा उसको बुवा देखा परे । छोरालाई देख्नासाथ उनले झपारिहाले– 'आलोक, तँ किन आइस् यहाँ ? तँलाई थाहा छैन यो पुलिस थाना हो ? यहाँ त रिस उठ्यो कि नचाहिँदो आरोप लगाएर थुनिदिन्छन् । यी बेक्कारमा म थुनिएको छु । त्यो पनि हिजो रातीदेखि घर गइहाल् तँ ।'

'म त तपाईंलाई लिन आएको नि ड्याडी ।' आलोकले पितृभक्ति देखाउँदै भन्यो– 'तपाईंले मामुलाई खबर गर्न लगाउनुभएको रहेछ तर म मात्र आएँ । बरु गइहालौं ड्याडी । कसैले सुराक पायो भने हल्ला पिटाइदिन्छ ।'

उनी पनि यौनक्रियाकलापमा लिप्त रहेछन्, त्यो पनि समलिङ्गीसँग । छोरासामु आफ्नो पोल खुलेपछि अमोघ लाजले पानी-पानी भए तर त्यहाँ आलोकले केही पनि भनेन । उसलाई साक्षी राखेर इन्स्पेक्टरले बुवालाई रिहा गरिदिइन् ।

OO

समय बित्दै जाँदा इ. अमोघकुमार विष्टलाई यौनरोगले सताउन थालिसकेको थियो । उनले गुप्ताङ्गतिर कन्याएको दृश्य सावित्रीले पनि देखिन् । तिनीले अर्को दृश्य पनि देखिन् र सोधिन्– 'किन महलम दलेको त्यहाँ ?'

'तिमीलाई के मतलब ?' हत्त न पत्त पाइन्ट लगाउँदै पतिले ठाडो जवाफ दिए । सावित्रीले हेर्न खोजेकी थिइन् तर पाइनन् । अमोघ आफ्नो कोठाभित्र पसे । सावित्रीपछि लागेर गइन् । तब त उनले बेसरी हकारे । उनीहरूको ओछ्यान बेग्लै थियो ।

त्यही भएर चियो गरेकीमा पतिलाई सह्य भएन र पत्नीलाई कोठाबाट बाहिर निकालिदिए र ढोकाको छेस्कनी लगाए । जुलीले आमालाई सोधिन् । आमाले सबै वृत्तान्त सुनाइन् । वकिल छोरीलाई आफ्ना पिता वेश्यालयतिर

धाउन थालेछन् भन्ने शङ्का भयो ।

एक दिन.. कल्की इ. अमोघको कार्यालयमै पुगेको देखियो । कल्कीकै कारण उनका कानमा खतराको घन्टी बज्न थाल्यो । अमोघ सर दिक्किए– 'कतिन्जेल ब्ल्याकमेलिङ गरिरहन्छौ तिमी ? फेरि फोन नगरिकन किन अफिसमै अनमरिनुपरेको नि ?'

'फोन उठ्नु पनि पर्‍यो नि सर ।' कल्कीले फुइँ देखाउँदै भन्यो– 'बाह्र-सत्ताइस कुरा नगर्नोस् न इन्जिनियर साप । मलाई यहाँ बस्न रहर पनि छैन । खुरुक्क पैसा दिनोस्, म गइहाल्छु ।'

कल्कीले थर्काएरै छाड्यो । अमोघ सरले नचाहेरै केही नगद हातमा थमाइदिए । उनले कार्यकक्षको ढोका खोले । एक पटक बाहिरतिर चियाएर हेरे । देख्ने मान्छे कोही रहेनछ तब कल्कीलाई गलहत्याएको शैलीमा कोठाबाट निकालिदिए ।

अन्ततः जुलीले बाबाको कर्तुतबारे चाल पाइन् । बाबालाई गनोरिया रोग लागेको रहेछ । थेरै परस्त्रीगमन गर्ने पुरुषमा त्यस्तो रोग सर्छ । जुलीलाई डा. विकर्णले एक प्रसङ्गमा बताएका पनि थिए । समलिङ्गीसँग मैथुन गर्‍यो भने पनि यौनरोग सर्ने सम्भावना हुन्छ ।

मान्छे कतिसम्म स्वार्थी हुँदो रहेछ, त्यो कुरा जुलीले देखाइन् । उनले बाबाको उक्त कमजोरीको पूरापूर फाइदा उठाउने विचार गरिन् । जुलीले सर्त राखिन् । बाबा नतमस्तक भइहाले । बल्ल उनले बुझेछन्, इज्जत भन्ने चीजको कति महत्त्व हुँदो रहेछ भनेर ।

बिहान जुलीले डा. विकर्णसँग एउटा रेष्टुराँमा भेट गरिन् । उनीहरूको टेबलमा पहिले तातो कफी र ब्रेकफास्ट आयो तैपनि जुलीको ध्यान पहिले खानपिनतिर गएन । तिनी त अपलक प्रेमीको अनुहार निहारिरहेकी थिइन् । डा. विकर्णले कारण बुझ्न चाहे ।

जुलीले आफूहरू वैवाहिक जीवनमा बाँधिने सुवर्ण अवसर आइसकेको कुरा बताइदिइन् । त्यति कुरा सुनेपछि डा.को हर्षको सीमै रहेन । उनले जुलीको गालामा गज्जबले चुम्बन गरिदिए अनि गाला पनि थापिदिए । प्रेमिकाले पनि माया दिइन् ।

अन्ततः त्यो प्रतीक्षाको घडी पनि तोडियो । डा. विकर्ण र अधिवक्ता जुली वैवाहिक जीवनमा बाँधिए । त्यो एक उदाहरणीय विवाह थियो, जुन मन्दिरमा सम्पन्न भयो । विवाह कार्यक्रम सकेर अग्नि र कमला घरमा आइपुगे । रातको नौ बजिसकेको थियो ।

कमला लुगा फेर्दै थिइन् । अग्निचाहिँ उनको खँदिलो ज्यानलाई एकोहोरो हेरिरहेका थिए । कमला लाडे पल्टेर भन्न लागिन्– 'प्रोफेसर साहब, के टकटकी बाँधिनुभएको मेरो शरीरमा त्यसरी ? सुहागरातको याद आयो कि क्या हो ?

हिहिहि..।' उनी हाँस्न थालिन् ।

अग्निले अन्तैतिर कुरा मोडिदिए– 'तिमीलाई याद छ कमू ?' बढी माया दर्शाउनुपर्दा उनी कमलालाई कमू सम्बोधन गर्ने गर्दथे । भन्दै थिए– 'एकचोटि हामी एक आफन्तको घरमा गएका थियौं नि ! उनको छोराको बिहेभोज खान क्या त ! तर खाना सकिएर आधा पेट खाइएको थियो हगि ? अनि आधा रातमा तिम्रो पेटमा मुसा दगुर्न थाल्यो । तब चाउचाउ पकाएर खाएकी थियौ नि तिमीले ? याद छ कि बिर्सिसक्यौ ?'

'कुरो बटार्न पर्दैन श्रीमान्जी ।' पतिसँग टाँसिएर बस्दै पत्नीले गुनासो गर्न थालिन्– 'एउटा बच्चा जन्माउन आग्रह गर्दा मान्नुभएन । माधुरी नै मेरी सुपुत्री हो भनेर उदारता प्रदर्शन गर्नुभयो, अब अहिले आएर...?'

'अनि ? मैले ठीक गरिनँ र आज फेरि पुरानो कुरा उठायौ कमला ?' अग्नि एकाएक निराश भई प्रतिप्रश्न गर्छन्– 'त्यो छोरी मेरो पनि त हो नि !'

कमला बिछ्यौनामा पल्टिइन् तर निद्रा लागेन । तिनी उदास मुद्रामा अनेक कुरा सोच्न थालिन् । सत्तरी–असी वर्षे वयोवृद्धहरू सन्तानको बाउ बनेका उदाहरण छन् तर अजयकी छोरीप्रति कति ठूलो भरोसा छ यो पुरुषको ।

'कमला । बत्ती निभाएर निदाउने प्रयास गर न' अग्निले विशेष आग्रह गरे । उनी भित्तातिर फर्केर निद्रादेवीलाई आमन्त्रण गर्न लागे । कमलाले बत्ती निभाइन् र निदाउने कोसिस गरिन् ।

००

हेर्दाहेर्दै ब्रेन एण्ड ब्युटीले इतिहास रच्यो । त्यो संस्थाले सिल्भर जुविली उत्सव पनि मनायो । पच्चीस वर्षको लक्का जवान भयो, ब्रेन एण्ड ब्युटी । श्री कलाले आफ्नै भवनको उद्घाटन गरे । त्यो सात तले भवनको नाम थियो, श्री कला मल ।

ब्रेन एण्ड ब्यूटीले श्री कलाको योगदानलाई अक्षुण्ण राख्न चाह्यो । त्यही भएर त्यो व्यापारिक भवनको नाम श्री कला मल नै जुरायो । उक्त मल निर्माण गर्न 'ब्रेन एण्ड ब्युटी' का करिब सात लाख सदस्यहरूको परिश्रम परेको थियो ।

अतः समलिङ्गी र तेस्रो लिङ्गीहरूको साझा सम्पत्ति थियो त्यो । श्री कला मल विभिन्न व्यापारीहरूलाई भाडामा दिइएको थियो । ब्रेन एण्ड ब्यूटीले ती व्यापारीहरूसँग सर्तनामा गरेको थियो । त्यसअनुसार आफ्ना सदस्यहरूका लागि रोजगारीको व्यवस्था गरिएको थियो ।

सातौं तलामा संस्थाकै कार्यालय थियो अनि एक डिपार्टमेन्टल स्टोर पनि सञ्चालनमा ल्याइएको थियो । श्री कला मल समुद्घाटन कार्यक्रमको चर्चा पनि व्यापक भयो ।

बिहान चिया खाने बेलामा कमलाले आलोचना गरिन्– 'यी पत्रिकाहरूलाई

पनि के भएको हो कुन्नि ! साराका साराले एउटै समाचारलाई हाइलाइट गरेका छन् । मलाई त यस्तो आभास हुन थाल्यो, यी अखबारवाला पनि हिजडै रहेछन् ! हिजडाले हिजडाकै पक्षमा लेख्छ ।'

'एऽऽ..., तिमी पनि अचम्मकै नारी रहिछौ कमला ! समाचार बनाउने रिपोर्टरहरू तेस्रो लिङ्गी रहेछन् होइन त तिम्रो नजरमा ? हाहाहा...!' पत्नीको टिप्पणीलाई पतिले हाँसोमा उडाइदिए । त्यही भएर कमला खुब रिसाइन् ।

अग्निलाई झोक चलेर आयो अनि त रुखो स्वरमा भन्न सुरु गरे– 'कस्तो अपशब्द प्रयोग गरेकी तिमीले ! त्यो ब्रेन एण्ड ब्यूटीले हाम्रो के बिगारिदिएको छ र यसरी गाली गरकी ? हाम्री माधुरीले पनि समलिङ्गीसँगै वैवाहिक सम्बन्ध राखेकी रहिछ भने तिमी के गर्छ्यौ भन त ?'

'नचाहिने कुरा ! मेरी छोरी कदापि समलिङ्गी हुन सक्तिन कवि महोदय । माधुरीलाई म राम्रोसँग चिन्दछु । उसले जुन कदम चाल्छे, आफ्नो सुखद् भविष्यका लागि चाल्छे । तपाईंले मेरी छोरीको आनीबानीप्रति शङ्का गर्नै पर्दैन ।' कमलाले छाती ठोकेर प्रतिवाद गरिन् ।

कविले फेरि निहुँ खोज्न थाले– 'ए, माधुरी तिम्री मात्र छोरी भइछ हैन त ? मेरो कोही पर्दिन ?'

कमला र अग्निबीच ताइँ न तुइँको 'चिया-बहस' चलिरहेको थियो । डा. विकर्ण टुप्लुक्क आइपुगे । कमला र अग्निले डा.को कारको आवाजै सुनेनन् । नमस्कार आदान–प्रदान पश्चात् डा.ले सोधे– 'अहिले कस्तो छ आन्टीलाई ?'

डा. विकर्ण खाली कुर्सीमा बस्छन् । कमला उनका लागि चिया बनाउन लागिन् । कान्छा ससुराले जवाफ दिए– 'पहिलेको समस्या त हल भयो डा.साहब तर फेरि अर्को समस्या बल्झेला जस्तो छ ।'

'किन के भयो र अङ्कल ?' डा.सशङ्कित हुन पुग्छन् ।

कमलाले ज्वाइँलाई चिया ल्याएर दिइन् । डा.ले चिया पिउन सुरु गरे । चियाकै क्रममा डा. विकर्णले कान्छा ससुरासँग एकान्तमा कुरा गर्न चाहे । कमला भान्छा सम्हाल्न गइन् । उनी गएपछि डा. विकर्ण ढुक्क भए ।

जुवाइँको कुरा सुनेर अग्नि छाँगाबाट खसेझैं भए । नहुन् पनि किन ? कुरै त्यस्तो रहेछ । जुलीले डा. विकर्णबाट डिभोर्स मागेकी रहिछन् तर किन ? त्यो किन ? को ठोस जवाफ अग्निले पाउन सकेनन् । डा. विकर्ण रुनै खोजे ।

अग्निकुमार विष्ट कान्छी भतिजीलाई भेट्न उनकै ल फर्ममा पुगे । त्यतिखेर जुली आफ्नो च्याम्बरमा बसेर काम गर्दै थिइन् । अङ्कललाई देख्नासाथ जुलीले नमस्कार गर्दै आसन ग्रहण गराइन् । अग्निले सिधै सवाल गरिहाले– 'आफूले चाहेको मानिससँग विवाह गरेर पनि मन नमिल्नुको कारण के हो नानी ?'

जुली नानीले मनलाई कठोर तुल्याएर जवाफ दिइन्– 'म अहिले हजुरलाई

कुनै कारण बताउन सक्तिनँ अङ्कल ।' तिनीले असमर्थताभित्रको कुनै कारण खुलाउन मानिनन् । अग्निले डा. विकर्णसँगै कारण बुझ्नुपर्ने भयो ।

उनी बाहिर आएका मात्र थिए, मोबाइलको घन्टी बज्यो । भाउजूको फोन रहेछ । अग्नि बोल्न थाले, बोल्दाबोल्दै उनको अनुहार मलिन भयो र कुरा रोकेर खुइय सास फेरे । अग्निले धेरै पहिलेदेखि आशङ्का गरेको घटना भएछ ।

देवर पुग्दा सावित्री बैठक कोठामा आलोकसँग थिइन् । तिनी रूँदै थिइन् । आलोक सम्झाउँदै थियो– 'नरुनोस् ममी, ड्याडी निर्दोष हुनुहुन्छ । आइहाल्नुहुन्छ नि !'

नभन्दै त्यही भयो । डा. विकर्णले ससुरालाई कारबाट बाहिर उतारे । सबैजना कारलाई घेर्न पुगे यद्यपि जुली पनि आइपुगिन् । उनलाई डा.पतिको अनुहार हेर्न मन थिएन ।

दशैं पर्व नजिकै आइसकेको थियो । अग्निले कमलालाई बजार लिएर गए । कारलाई श्री कला मलको अण्डरग्राउण्ड पार्किङ स्थलभित्र प्रवेश गराए । समय धेरै बदलियो । असन र मखन टोलका गल्ली मात्र चहार्न पर्ने दिन गए । भीडमा घच्चामच्चा सहनुपर्ने अवस्था रहेन । किनमेल सकियो । अग्नि र कमला कला मलकै रेस्टुराँभित्र पसे । उक्त रेस्टुरा ब्रेन एण्ड ब्यूटीद्वारा सञ्चालित थियो । त्यहाँ सबै कामदारहरू तेस्रो लिङ्गी थिए । अग्नि र कमला खाजा खान लागे । कमलाले थपी थपी खाइन् ।

अग्नि कमलाको अनुहार हेर्दै मुसुमुसिइरहेका थिए । भित्रभित्रै रोमाञ्चित भइरहेका थिए । खाजापछि अग्निले पत्नीलाई सांस्कृतिक कार्यक्रम देखाउन लगे । कला मलमा एक नाट्यशाला पनि थियो । त्यसमा ब्रेन एण्ड ब्युटीकै सदस्यहरूले कार्यक्रम प्रदर्शन गर्ने गर्दथे ।

कमला मख्ख परिन् । विभिन्न जातजातिका, भाषाभाषीका लोकनृत्य र गीतमा कलाकारहरूको प्रस्तुति बेजोडको थियो । एउटा नाटिका पनि प्रस्तुत भयो । नाटिका तेस्रो लिङ्गीहरूसँग सम्बन्धित थियो । उनीहरूको सामाजिक र आर्थिक समस्याका बारेमा केन्द्रित थियो ।

'नाटिका कस्तो लाग्यो त बूढी ?' अग्निले मायालु पाराले पत्नीसँग सोधे । पत्नीले नाक खुम्च्याउँदै उत्तर दिइन्– 'त्यस्तो जाबो नाटिका !' तिनीले पतिसँग तीव्र आक्रोश पोखिन् । हेर्नै नचाहेको दृश्य देखाउन ल्याएको भनेर कटाक्ष नै गरिन् ।

अग्निले धीरता गुमाए । त्यही भएर उनको मुखले कला मलको रहस्य उद्घाटित हुन पुग्यो । ब्रेन एण्ड ब्युटीको प्रशंसामा निकै शब्दहरू खर्च गरे । तेस्रो लिङ्गी समुदायको वर्चस्वको बखान गरेरै थाकेनन् उनी ।

अन्ततः कमला पतिलाई छाडेर फटाफट हलबाट निस्किइन् । घरमा आएपछि अग्नि पेट मिचीमिची हाँसे । श्रीमतीलाई सही सक्नै भएन । उनले कवि–सवि

भनिनन् । कपालमा समातेर क्वाइँक्वाइँ पारिन् तर अग्निलाई खासै केही भएन । बरु चायाँले चिलाएको कपालमा समाइदिँदा सन्चो महसुस गरे ।

केही समयपछि अग्निले सम्झाउने प्रयत्न गरे– 'हेर कमू, तेस्रो लिङ्गी हुनु वा समलिङ्गी हुनु कुनै अपराध होइन । त्यो उनीहरूले चाहेर बनेका होइनन् । प्रकृतिले नै उनीहरूलाई त्यस्तो बनाइदिएको छ त के गरुन् ? कहाँ जाऊन् ?'

'भो भो, धेरै ओड नढाक्नोस् ती हिजडाहरूको ।' कमला खुब रिसाइन्– 'कल्कीजस्ता वेश्यावृत्तिमा लाग्ने धेरै हिजडाहरू देखेकी छु मैले । मलाई तिनीहरूको नामै सुन्दाखेरी बान्ता आउलाजस्तो हुन्छ । अघि हलमा झन्डै उल्टी गरेकी थिएँ ।'

पतिले निकै सम्झाए– 'तिमीले एकाध तेस्रो लिङ्गीले गरेका अपराधलाई मात्र इङ्गित गर्‍यौ तर उनीहरूको पौरखलाई हेर्न सकिनौ । उनीहरूद्वारा सिर्जित कलाको महसुस गर्न सकिनौ कमला । कला मलमा तेस्रो लिङ्गीको प्रतिभा प्रष्फुटन भएको आफ्नै आँखाले देखेर आएकी हैनौ र ? भो ! मैले सम्झाउँदा भएन । भोलि छोरी आउँदै छे उसैसँग सोध्नू ।'

काठमाडौँको एयरपोर्टको दृश्य हो यो ।

कवि अग्निकुमार माधुरी विष्टलाई पिकअप गर्न गएका थिए । त्यहाँको धरतीलाई कम्पन दिँदै एक विदेशी जहाज अवतरित भयो । कविजी अन्य नागरिकहरू झैँ प्लेकार्ड देखाउँदै उभिभएका थिए । केही समय बितेपछि छोरी माधुरी विष्ट लगेज घिसार्दै बुवासामु आइपुगिन् ।

माधुरीले बुवालाई ढोग गरिन् । त्यत्रो वर्ष विदेशमा बसेर पनि नेपाली संस्कारलाई भुलेकी रहिनछन् ! बुवा र छोरी पार्किङ्ग स्थलमा पुगे । माधुरीले सोध्दै नसोधी मोटरमा बस्न खोजिन् । अग्निले अवगत गराए– 'माइ डिएर डटर, त्यो गाडी हाम्रो होइन । ऊ पर छ । जाऊँ उतै ।'

बुवा असमन्जसमा परे किनकि माधुरीलाई पिकअप गर्न श्री कला पनि आएका रहेछन् । अग्निलाई अवगत रहेनछ, माधुरी पनि ब्रेन एण्ड ब्यूटी संस्थाकी एक सदस्य हुन् भनेर । श्री कलाले यथार्थ कुरा खोलिदिए । तब त अग्नि छाँगाबाट खसे झैँ भए ।

उनकी छोरी त मिठीमाया पो बनेर नेपाल फर्किएकी रहिछन् ! कस्तो अचम्म ! आफ्नी छोरीको परिचय अर्को व्यक्तिले गराइरहेको छ । माधुरी विष्ट ब्रेन एण्ड ब्यूटीकी विदेश विभाग प्रमुख पो रहिछन् । अग्निको भुइँ भास्सिएजस्तो भयो ।

आमाछोरीको मिलाप हुन सम्भवै थिएन । कि छोरी बाहिरिन्छिन् कि आमा । श्री कलाले कविजीसँग क्षमा माग्दै माधुरीलाई लिएर गए । उनी पूर्वतिरको बाटो लागे । अग्निचाहिँ दक्षिणतिर हानिए । उता कमलालाई आजै व्यस्त हुनुपर्‍यो ।

तिनी बैङ्ककी कर्मचारी थिइन् ।

हुलाकको नोकरी छाडेर बैङ्कतिर हामफालिन् । कमलालाई बैङ्कका ग्राहकहरूको अज्ञानताप्रति निकै झोक चल्यो । हात-हातमा एटीएम कार्ड छ । ठाउँ ठाउँमा एटीएम बुथहरूको व्यवस्था गरिएको छ । मेसिनमा कार्ड छिराएर केही प्रोसेस पूरा गर्ने त हो । त्यसपछि त नगदको बिट्टो छेरिहाल्छ ।

बरु गाईले भन्दासाथ गउँत त्याग नगर्न सक्छ । बैङ्कको एटीएमले नगद बर्सा गराइदिन्छ तैपनि ग्राहकहरू लाममा बस्न छाड्दैनन् बा !

कमलालाई पुत्रीमोहले आसक्त बनाइदिएको थियो । अतः अस्पताल जाने बहाना बनाएर घरतिर कुदिन् । अहँ, कमलाले घरमा छोरीलाई भेटिनन् । आकाशमै होलिन् भन्ने अनुमान लगाइन् । छोरीभन्दा आफू घरमा पहिले आइपुगेकीमा कमलालाई सन्तोष प्राप्त भयो ।

अन्ततः कमलाले पतिसामु नाङ्लोजत्रो प्रश्नवाचक चिह्न उभ्याइन् । पतिले सरासर झूटो अभिव्यक्ति दिए । अग्निसँग सुलभ र सस्तो उपाय एउटै थियो, फ्लाइट क्यान्सिल । कमलाले हैरान पारिन् । फ्लाइट क्यान्सिल हुनाका सबै कारणहरूको खोजी गरिन् ।

कमलाले माधुरीलाई फोन गरिन् । अहँ, सम्पर्क हुन सकेन । माधुरी त ब्रेन एण्ड ब्यूटीको कार्यालयमा थिइन् । त्यहाँ बैठक चलिरहेको थियो । माधुरी उर्फ मिठीमायाले विदेश विभागको प्रगति विवरण सुनाइन् ।

एक समय थियो, जतिबेला दशतिर हात फैलाएकै भरमा ब्रेन एण्ड ब्युटी सञ्चालन हुन्थ्यो तर अब भने राज्यलाई कर तिर्न सक्षम थियो । लैङ्गिक विभेदकारीहरूलाई समेत दानापानी ख्वाइरहेको थियो तथापि राज्यले ब्रेन एण्ड ब्यूटीलाई हेर्ने नजर बदल्न सकेको थिएन ।

अन्ततः अग्निले नाटकीय रूपमा माधुरीलाई घरमा ल्याए । कमला खाना तयार पारेर पर्खिरहेकी थिइन् । छोरीलाई बुवाले पहिल्यै पाठ पढाइसकेका थिए तब त आमाको जिज्ञासा मेटाउन त्यति गाह्रो परेन । जहाजमा मुसा पसेको नक्कली कथा सुनाइदिइन् ।

अर्को दिन बिहान कमला भन्दै थिइन्- 'हेर्नोस् त त्यत्रो वर्ष विदेशमा बसेर आएकी युवतीमा नेपाली कल्चर र नेपाली भाषा, संस्कृतिको प्रभाव रत्तिभर घटेको रहेनछ । आखिर छोरी कसकी ?'

'तिम्रै ल, तिम्रै !' पति रिसाएको नाटक गरिदिन्छन्- 'छोरी बिग्रेकी भए बाबुकी हुन्थी तर सप्रेकी भएर आमाकी मात्र भई । यही होइन तिम्रो भनाइको तात्पर्य ?'

'ल ल । ममी र बाबा त झगडा पो गर्न थाल्नुभयो ।' माधुरीले टिप्पणी गरिन्- 'हजुरहरूको यो बानी अझैसम्म गएको रहेनछ । यत्तिका वर्षसम्म म विदेशमा बसेर आएँ तर पनि उस्ताको उस्तै ? नानीदेखिको बानी कहिले नि

नजानी । हिहिहि...।'

आमाले छोरीलाई अगाँलेर भान्छातिर लाँदै भनिन्– 'देख्यौ होइन तिम्रो बाबाको चाला ? छोरीको विवाह गर्ने उमेर भइसक्यो । उहाँको स्वभावचाहिँ केटाकेटीको जस्तो छ ।'

आमाको कुरा सुनेर माधुरी मुसुक्क हाँसिन् र स्नान गर्न गइन् । कमलाचाहिँ ब्रेकफास्ट तयार गर्न लागिन् । उता शयन कक्षमा बसेर अग्निकुमार कल्पिँदै थिए । कमलालाई यथार्थदेखि टाढा राखिरहन सम्भवै थिएन । उनी घरी वल्लो झ्याल त घरी पल्लो झ्याल गर्न थाल्छन् ।

oo

एक दिन अग्निले छोरीसँग गुनासो गरे । कमलालाई अँध्यारोमा राखिर हेको कुराले उनको मन पोलिरहेको थियो । त्यसरी कति दिनसम्म अँध्यारोमा र ाख्ने ? एक न एक दिन त बादल फाटी नै हाल्छ । सत्य कुरा बोल्न परिहाल्छ । त्यतिखेर कमलालाई थेग्ने कसरी ?

माधुरीले सबै कामकुराहरू समयलाई छाडिदिन आग्रह गरिन् । उनले बाबालाई सहज तरिकाले कन्भिन्स गरिन् । तिनीले हरेक चीजको एउटा उपयुक्त समय हुने कुरा बताइन् । नेपालमा पचास वर्षअघि नै किन गणतन्त्र आएन ? किनभने गणतन्त्र स्थापनार्थ त्यो समय उपयुक्त थिएन । जनता सचेत थिएनन् तर एकदिन त आएरै छाड्यो नि !

माधुरीले सपिङ्गका लागि आमालाई कला मल लिएर गइन् । उनलाई थाहा थिएन, आमालाई कला मल मन नपर्ने सुपर मार्केट हो भनेर । माधुरीलाई थाहा भयो । ब्रेन एण्ड ब्यूटीलाई हेर्ने आमाको भिन्नै नजर रहेछ । तेस्रो लिङ्गीप्रति उनकी आमा अनुदार रहिछन् ।

कमलाले एच.आई.भी.⁄एड्सको दृष्टान्त सुनाइन् । तिनीले ठोकेरै भनिन्, समलिङ्गीहरूले नै एड्स रोगको जन्म गराएका हुन् । त्यो रोग फैलाउने पनि तिनै हुन् । पश्चिमाहरू घरपालुवा जनावरसँग एउटै ओछ्यानमा सुत्छन् । बिहे पनि गर्छन् । पशु करणी गर्छन् अनि त्यस्तालाई रोग नलागे कसलाई लाग्छ ? कमला आफ्नो विचार बदल्ने पक्षमै थिइनन् । तिनीले समलिङ्गीहरूलाई प्राकृतिक हो भनेर मान्दै मानिनन् ।

सरकारले ब्रेन एण्ड ब्यूटीलाई आस देखाउन छाडेको थिएन । त्यही भएर ऊसँग सहकार्य गर्दै आएको थियो तर के पायो त ब्रेन एण्ड ब्यूटीले ? केही पाएन । खाली सरकारलाई डलर उपलब्ध गराइदिने साधन मात्र बनिरहेको थियो ।

अचानक बजारमा हङ्गामा भयो । पुतली–मान्छेको बिक्री चौपट्टैसँग भएछ । उमेर ढल्किसकेकाहरूले पनि गोप्यरूपले खेलौनालाई स्वास्नी बनाएर राख्दा रहेछन् । राजधानीका धेरै घरहरूमा पत्याउनै नसकिने कर्महरू हुने रहेछन् ।

अब त कत्ति सजिलै स्वास्नीको विकल्प पनि पाइन थालेछ, त्यसैगरी लोग्नेको पनि । के भएको यस्तो ? शहरका घर–घरमा पुतली खेलौनाको उपयोग हुन थालेछ । कन्डोम दिवसको कारण ब्रेन एण्ड ब्युटीलाई अझ बढीले चिने । ब्रेन एण्ड ब्यूटीले जनमानसको भ्रम हटायो । समलिङ्गीहरूले असुरक्षित यौनसम्बन्ध राख्छन् भन्ने हल्ला थियो । आरोप पनि थियो तर ब्रेन एण्ड ब्यूटीले उक्त आरोपलाई खण्डन गर्न सफल भयो । ब्रेन एण्ड ब्यूटीले एउटा मुद्दा दायर गरेको थियो अदालतमा ।

उनीहरूको माग थियो, तेस्रो लिङ्गीले नागरिकता पाउनुपर्छ । त्यसमा उसले इच्छा गरेअनुसारको नाम, थर उल्लेख गरिनुपर्छ ।

अन्ततः सर्वोच्च अदालतले सरकारलाई आदेश दियो– 'राज्यले लिङ्गीय आधारमा कसैमाथि अन्याय गर्न पाइँदैन, आवश्यक कानुन निर्माण गरी न्याय दिनू ।'

कुनै तेस्रो लिङ्गीले पहिले नारायण नाम लेख्थ्यो । अब जमुना लेख्न पाउने भयो । त्यसैगरी छोरी मानिएकी राधाले राम लेख्न पाउने भई । कानुन त बन्यो तर व्यवहारमा लागू नै भएन । केही तेस्रो लिङ्गीहरूले नागरिकता फेर्न पाएका हुन् तर विरोधी एक समूह विद्रोहमा उत्रियो । विद्रोहीहरूले हरेक सिडियो कार्यालयमा धर्ना दिए । घेराउ गरे । तेस्रो लिङ्गीहरूलाई नागरिकता दिन हुन्न भनेर दबाव दिए । त्यसपछि त खै के, खै के हुँदै गयो । कुनै व्यक्ति पुरुष भएर जन्मन्छ । अभिभावकहरूले नाम पनि पुरुषकै राखिदिन्छन् । उनीहरूले व्यवहार पनि त्यस्तै गर्छन् ।

त्यो बच्चो बढ्दै जान्छ र ठूलो बन्छ तर उसमा शारीरिक र मानसिक बदलाव आइसक्छ । त्यसपछि ऊ महिलाको रूपमा देखापर्छ । उसको लवाइ, बोलीचाली तथा सम्पूर्ण व्यवहार स्त्रीकै जस्तो हुन थाल्छ अन्ततः ऊ स्त्री नै कहलिन्छ । नाम पनि परिवर्तन गर्छ तर घर र समाजले उसलाई छोरी मान्दैन । छोरा नै मान्छ ।

त्यसपछि समाजविरुद्ध उनीहरू सङ्घर्ष गर्न थाल्छन् । सरकारलाई हायल कायल पारिदिन्छन् । ब्रेन एण्ड ब्यूटीको जन्म त्यसैगरी भएको थियो । ब्रेन एण्ड ब्यूटी थाकेन । उसले बिस्तारै बिस्तारै अन्तर्राष्ट्रिय केन्द्रबाट दबाव सिर्जना गर्न थाल्यो । नेपाल भ्रमण वर्षलाई टार्गेट गरी एउटा ट्राभल एजेन्सी स्थापना गऱ्यो ।

श्री कलाको रणनीति बेग्लै थियो । उनी विश्वको ध्यान नेपालतिर तान्दै थिए । विश्वभरका समलिङ्गीहरूलाई यहाँ भेला गराउने सुरसार गर्दै थिए ।

एकदिन श्री कलाले पत्रकार सम्मेलन गराए । त्यो सम्मेलनमा श्री कलाले ब्रेन एण्ड ब्यूटीको धारणा प्रस्तुत गरे– 'हामीले विश्वलाई सन्देश दिन खोज्दै छौं । हाम्रो समाज पनि व्यापक छ भनेर । हाम्रो पनि राष्ट्रका लागि ठूलो योगदान

रहँदै आएको छ ।'

पत्रकार सम्मेलनमा सोधियो– 'समलिङ्गी हुनु प्राकृतिक हो र ? यो त अवैध यौनक्रिडालाई वैधानिक बनाउने माध्यम मात्र हो भन्छन् मानिसहरू ।'

श्री कलाले जवाफ दिए– 'यो प्राकृतिक नै हो पत्रकार बन्धु किनभने कुनै पनि समलिङ्गीले विपरीत लिङ्गीसँग सम्बन्ध राख्दैन किनकि उसको मितव्ययी आकर्षण समलिङ्गीप्रति मात्रै हुने गर्दछ । यौन सम्बन्ध पनि समलिङ्गीसँगै हुन्छ ।'

फेरि अर्का पत्रकार विवाद उछाल्छन्– 'समलिङ्गीहरू सन्तान चाहँदैनन् । यसको मतलब त उनीहरू प्रकृति विरोधी भए नि । तपाईंहरू अन्ततः यो संसारलाई नै मानवविहीन बनाउन चाहनुहुन्छ हो ?'

श्री कला मुसुमुसु हाँसे मात्र । उनले विदेश विभाग प्रमुखतिर नजर-इसारा गरे । माधुरी उर्फ मिठीमायाले कुरा बुझिहालिन् ।

तिनीले जवाफ दिइन्– 'हजुरले गलत सोच्नुभयो पत्रकारज्यू । समलिङ्गीहरू पनि सन्तान चाहन्छन् । नचाहनुपर्ने कारण केही छ र ? उनीहरूमा पनि मानवीय भावना हुन्छ । मातृवात्सल्यता उजागर हुन्छ । पितृत्व ग्रहण गर्ने लालसा हुन्छ पत्रकारज्यू ।'

बीचैमा एकजना रिपोर्टर कड्किँदै उठे । उनी भन्दै थिए– 'गे अर्थात् पुरुष समलिङ्गीले सन्तान जन्माउनै सक्तैन । त्यसैगरी लेस्वियन अर्थात् स्त्री समलिङ्गीले विनापुरुष सन्तान जन्माउने कल्पना नै नगरे हुन्छ अनि खेलौनासँग सहवास गरेर बच्चा जन्माउने सुर छ तपाईंहरूको ? हा...हा...हा...।'

रिपोर्टर एक्लै हाँस्न थाले । उनी हाँसेको देखेर अरु पत्रकारहरूले पनि हाँसो थाम्न सकेनन्, हतपति रोकिएनन् । त्यो देखेर श्री कलालाई उदेक लाग्यो । माधुरी किञ्चित् नर्भस भइनन् । केही सेकेन्ड पर्खेर बसिन् । हल शान्त भएपछि जवाफ दिइन्– 'पुरुषले पनि बच्चा पाउन सक्छ । त्यो घटना पनि भइसकेको छ पत्रकारज्यू । जहाँसम्म स्त्री समलिङ्गी याने कि लेस्वियन को कुरा छ, उसलाई त झन् सजिलो छ ।'

'त्यो कसरी नि ?' उही रिपोर्टरले सवाल गरे ।

माधुरी बोलिन्– 'किन बुझ पचाउनुहुन्छ तपाईंहरू ? उपाय अनेक छन् । एउटा त टेस्टट्युब बेबी प्रविधि छ अनि अर्को आर्टिफिसियल सिस्टम पनि छ । यो त विज्ञानको युग हो । बच्चा जन्माउन लोग्ने नै चाहिन्छ भन्ने छैन पत्रकारज्यू ।'

'लोग्ने नचाहिए पनि लोग्नेमान्छे त चाहियो नि मेडम ।' कसैले बीचबाट उडायो । फेरि उस्तै हाँसोको फोहरा छुट्यो ।

माधुरी भनिरहेकी थिइन्– 'जसरी लोग्नेमान्छे नभई बच्चा जन्मिदैन, त्यसैगरी स्वास्नीमान्छे नभईकन पनि त जन्मिदैन नि !'

अर्का पत्रकारले ठाडै सोधिदिए– 'तपाईं पनि समलिङ्गी स्त्री हो ?'

किन र ? म तेस्रो लिङ्गी होइन भने तपाईं मसँग विवाह गर्न चाहनुहुन्छ र पत्रकारज्यू ?' माधुरीले उल्टै प्रतिप्रश्न गरिदिइन् । फेरि हाँसो गुञ्जियो ।

अर्को दिन घरघरमा अखबारहरू पुगे । सावित्रीले पनि एक थान पत्रिका हातमा लिएकी थिइन् । सावित्रीले जुलीलाई ठाडै सोधिन्– 'तेरो त्यो डा. पनि हिजडा रहेछ कि क्या हो जुली ? त्यो पनि ब्रेन एण्ड ब्युटीको अफिसतिर खुब धाउँछ रे !'

– 'मलाई के थाहा ?' जुलीलाई असह्य भयो र भनिन्– 'डिभोर्स भइसकेको मान्छेको नाम किन सम्झाइरहनुहुन्छ ममी ?'

'यसकारणले कि, तिमी मैयाले हनिमुन अघि नै डिभोर्स दियौ नि त ।' आमाले मनको तीतो पोखिदिइन् । उनले स्पष्टीकरण पनि मागिन् तर जुलीले यत्तिकै टारिदिइन्– 'पतिसँग विचार मिलेन अनि पारपाचुके गरेँ ।'

आमाको केरकार उस्तै रह्यो– 'के कुरामा विचार बाझियो तिमीहरूको ? डा. विकर्णले बच्चा चाहेनन् ? रमाइलो मात्रै गर्न खोजे ? बोल् न ए बोल् । किन मुख टम्म पार्छेस् ? कि तैँले नै सन्तान जन्माउन चाहिनस् ?'

अहँ, जुलीले अझै मुख खोलिनन् । आमालाई दिक्क लाग्यो । यसो पनि छैन, उसो पनि छैन । तिनीले देवरको नम्बर डायल गरिन् । देवरको स्वर सुन्ने बित्तिकै कटाक्ष गर्न थालिहालिन् । तिनीलाई थाहा भइसकेको थियो, देवर पनि ब्रेन एण्ड ब्युटीका एक सल्लाहकार हुन् भनेर ।

बिहानको समय थियो ।

'ल जा, तँ यो घरमा बस्नै पर्दैन गइहाल्, अहिल्यै निक्लिहाल ।' कमलाले माधुरीलाई गलहत्याउन लागिन् । छोरीलाई बाहिर निकालिन् । पत्रकार सम्मेलनको दुष्परिणाम ! माधुरीको कमजोरी हो नि ! खै त आमालाई कन्भिन्स गरेर चित्त बुझाइदिएकी ?

अन्ततः माधुरीले हार मान्दै भनिन्– 'ठीकै छ मामु । यदि म यो घरमा नबस्दा तपाईंलाई सजिलो हुन्छ भने म निस्किदिन्छु ।'

'किन निस्किने ? कोही निस्किँदैन यो घरबाट ।' मर्निङ्ग वाकबाट टुप्लुक्क आइपुगेका अग्निले आदेशात्मक शैलीमा भनिदिए– 'दुवैजना खुरुक्क भित्र हिँड ।' अग्निले आमाछोरीलाई कोठामा पुऱ्याए । दुवैलाई एक एक मग मनतातो पानी पिउन दिए ।

उनले पत्नीलाई सम्झाउँन थाले– 'तिमीलाई के भइराख्या छ हँ कमू ? त्यो पत्रकार सम्मेलन भएको दिनदेखि तिमीले यो छोरी माथि अन्याय गर्न थालेकी छ्यौ । छिमेकीहरूले चाल पाए भने लाज हुन्न ?'

'अब पनि केही लाज बाँकी छ र श्रीमान्जी ?' कमला सन्किन लागिन्– 'भएकी एउटी छोरीसमेत हिजडा भएर निस्केपछि यो आमाको मनले सहन सक्छ ? तपाई पो बाउ हुनुभयो । कवि भन्दैमा हुन्छ र ? यस्तो कठोर मनको

कवि त अरू कोही पनि छैन होला ।'

'छ नि किन छैन ? अजय विम्ब कठोर मनको कवि नभइदिएको भए तिमीले..?' अग्निले प्याच्चै भनिदिए । कमलाले अझै बढी तीतो कुरा चाख्नुपर्थ्यो होला । हत्त न पत्त पतिको मुख छोपिहालिन् र पो । आमाको मन फेर्न नसकेर माधुरी धरधरी रोइन् ।

कमलाले दुई विकल्प दिइन् । या त घर छाडोस् , या त ब्रेन एण्ड ब्यूटी । अग्निलाई दिक्क लाग्यो । अस्तिसम्म त माधुरीले उनलाई ढुक्कै पारेकी थिइन् । आमालाई कन्भिन्स गर्न सक्ने खुबी भएको प्रमाणित गरेर देखाउन खोजेकी थिइन् तर अहिले ?

कमलाले बल्ल आज थाहा पाइन्, पतिले कुरा लुकाएका रहेछन् भनेर । तब त पति न सती । टाउकोलाई जाँतो बनाइदिइन् । चिच्याएर घरै उचालिन् । बाबुछोरी मिलेर आफूलाई घरबाट निकाल्ने षड्यन्त्र रचेको आरोप लगाइन् ।

कविजीले घरजग्गा कमलाकै नाममा दर्ता गरिदिएका थिए । थातबासकै कुरा उठिसकेपछि त कविजी पनि चुप लागेर बस्ने कुरा आएन, बसेनन् । उनी बोले । कमलालाई मूर्ख नारीको संज्ञा दिए । त्यसपछि त कमलाले आफ्नो हैसियत देखाइहालिन् नि !

कविजीले आगो ओकले । उनका साना दुःखले आर्जेको घर-जग्गा हो र त्यो ? फेरि चानचुने ठाउँको हो र ? सिभिल होम्सको भवन हो । उनले ऋण चुक्ता गर्न सकेका थिएनन् । ऋणको कुरा उठ्नासाथ पत्नीले बैङ्कको कुरा उठाइन् । उक्त ऋण मिलाउनुमा उनकै हात थियो नि त ।

अन्ततः पत्नीले जितिन्, पति स्वाट्टै तल झरे नझरी सुखै पाएनन् । कमलाले डिभोर्स मागिहालिन् भने त...? छोरीले किरिया नै खाइन् । आफू अधिकारवादी महिला मात्र भएकी तर्क पेस गरिन् ।

अहँ, केही जोड चलेन । माधुरीले गृहत्याग नगरी सुखै पाइनन् । तिनीलाई ब्रेन एण्ड ब्युटीले शरण दियो । डा. विकर्ण र वकिल जुलीको मुद्दा पनि त्यही संस्थामा पुगिसकेको थियो । श्री कलाले त्यो दम्पतीलाई मिलापत्र गराउने प्रयास गरे ।

जुलीले बैठकमा सिधैं डा. विकर्णमाथि आरोप लगाइन्, तिनी यौनदुराचारी हुन् भनेर । कविजीको शङ्का यथार्थमा परिणत हुन पुग्यो । डा. विकर्ण त समलिङ्गी पो रहेछन् ! पत्नीमाथि अप्राकृतिक सम्भोग गर्दा रहेछन् ।

डा. विकर्णले आफू समलिङ्गी भएको कुरा स्वीकार गरे । जुलीसँग अप्राकृति मैथुन गरेको कुरा पनि नढाँटी बताए । डा. विकर्णले कसम खाए । एकरात जे भयो सो भयो । अबदेखि त्यस्तो गल्ती दोहोरिने छैन । बैठकमा उनले करिब बीस पटक माफी मागे ।

बैठकका सहभागी समलिङ्गीहरू उदास देखिन्थे । त्यो घटना ब्रेन एण्ड

ब्यूटीका लागि लज्जास्पद विषय बन्न पुग्यो । डा. विकर्ण नक्कली समलिङ्गी ठहरिए । जब डा. विकर्णलाई आपत् पर्‍यो तब कुरो बटार्न थाले । उनले जुली पनि समलिङ्गी भएकी कुरा प्रमाणित गर्न खोजे । पुरानो कुरा कोट्याए ।

अध्यक्ष श्री कलाले फैसला गर्न सकेनन् । विनानिर्णय बैठक सकियो । सबैजना बैठक कक्षबाट निस्किए । त्यही समयमा माधुरीको मोबाइलमा रिङ टोन बज्न थाल्यो । तिनीले थाहा पाइन्, बाबाको फोन रहेछ, तिनी तुरुन्तै स्कुटीमा टिचिङ हस्पिटलतिर कुदिन् । कमलालाई माधुरीको रगत चढाइयो ।

○○

अन्ततः इन्जिनियर अमोघकुमार विष्ट जेलको हावा खान पुगे । जाबो तीन करोड रुपैयाँ त रहेछ नि स्रोत नखुलेको सम्पत्ति ! मन्त्रीले पचाउन सके । इ. अमोघले सकेनन् ।

आँसुले लतपतिएको गह देखाउँदै सावित्रीले बिन्ती गरिन्– 'छोरी ! अब यो घरलाई बचाउने कार्यभार तेरै काँधमा आइपुगेको छ । जसरी हुन्छ, यो घर, यो परिवारलाई खण्डित हुनबाट जोगाउनुपर्छ तैँले ।'

'तपाईंकै कारण यो घटना भएको हो ममी ।' कान्छी छोरीले इमान गुमाउन चाहिनन् र आमालाई सिधैँ भनिन्– 'आफ्नो पतिको कुकर्मलाई मलजल गर्ने त तपाई नै हो नि । अहिले पछुताएर हुन्छ नै के ?'

'तँलाई कति लाख चाहियो ?' एक्कासि आमाले अपमानित हुने गरी भनिन्– 'मुद्दा लडेको फिस म दिन्छु तँलाई ।'

सावित्री दिउँसोतिर पतिलाई भेट्न कारागार पुगिन् । पतिको दूरावस्था देखेर सावित्रीलाई डाँको छाडेर रुँन मन लाग्यो । आशातीत नेत्र विस्फारित गर्दै इ. अमोघ जिज्ञासा राख्छन्– 'सावित्री, कुरो के भइराख्या छ ?'

अहँ, सावित्रीको मुखबाट एक शब्दै झरेन । आँखा पिलपिल पार्दै आँसु मात्र झारिरहिन् । तिनीका कानमा जुलीले भनेका एक एक शब्दहरू गुञ्जिरहेका थिए । अमोघले भाइसँग हारगुहार गर्न सुझाए । सावित्री कारागारबाट प्रस्थान गरिन् ।

बाटो काट्दा होस हराइछन् । एउटा कार किरिर्र आवाज निकाल्दै रोकियो । कार चालकले बेस्सरी झपार्‍यो– 'मर्नैं मन छ भने वनमा गएर मर्नू नि ! किन अनाहकमा अर्कालाई दुःख दिन्छ्यौ बूढी ?'

ए उनी त सावित्रीकै देवर पो रहेछन् ! भाउजू लाजले झुकिन् । अग्निले भाउजूलाई कारमा राखेर लगे । आफ्नो घरमा पुर्‍याए । केही समयपछि बसेर खाना खान लागे । सावित्रीका आँखा तारन्तार ढोकातिर विस्फारित भइरहेका थिए ।

तिनीको दिमागले कमलालाई पटक पटक अपमान गरेकी घटनाहरू टिपिरहेको थियो तर तिनीले मनलाई बेसरी बाँधिन् । अब देउरानीले जति नै कटुशब्दले प्रहार गरे पनि सहने भइन् ।

भाउजूले भनिन्– 'कवि बाबू, दाइको लागि पुनरावेदन गर्न पाए हुन्थ्यो ।

तपाईंको दाइलाई फसाइएको हो ।'

'मुद्दा भन्ने कुरा त्यसै लडिँदैन भाउजू । त्यसका लागि एक धोक्रो पैसा चाहिन्छ ।' देवरले सिधैं भनिदिए– 'मुद्दाका नौ सिङ हुन्छन् । मुद्दा जितिन्छ नै भन्ने के ग्यारेन्टी छ र भाउजू ? मैले तपाईंलाई बारम्बार सम्झाउँदै आएको थिएँ तर...।' अग्निले विगतका सबै कुरा कोट्याए ।

'तपाईंले पनि यसो भन्न थाल्नुभयो भने म कहाँ जानु कवि बाबू ?' सावित्री भाउजू सुँकसुँकाउन थालिन् । देवरले आश्वासन दिलाउँदै भने– 'ठीकै छ । जो भयो सो भयो । तपाईं मेरी आमासरहकी भाउजू हुनुहुन्छ । यो घर तपाईंको पनि हो भन्ने ठान्नोस् । आजदेखि यहीँ बस्नूस् । अब कुनै लफडामा नलाग्नोस् ।'

'मलाई था'थ्यो, तपाईंले यसै भन्नुहुन्छ भनेर ।' सावित्री घुर्की देखाउन थाल्छिन् । आँसु पुछपाछ गर्छिन् र निस्किन खोज्छिन् । देवरलाई नरमाइलो लाग्यो । उनी अनेक तरहले भाउजूलाई सम्झाउँदै थिए । त्यस्तैमा कमला आइपुगिन् । सावित्री झस्किइन् । अग्निको मनमा पनि चिसो पस्यो । कमलाले किनमेलका झोलाहरू बिसाइन् । तिनी आधुनिक पहिरनमा थिइन् । उक्त पोसाकले कमलाको उमेरलाई दश वर्ष कम गरिदिए झैं लाग्थ्यो । कमलाको चश्मा तालुमा अडिएको थियो ।

जेठानीको आँसुले कमलालाई पटक्कै संवेदित बनाएन र व्यङ्ग्य बाण प्रहार गरिहालिन्– 'विनसित्तिमा किन असार–साउन बर्साउनुहुन्छ जेठानीज्यू ? जेठाजु साहेब जेलमा परे पनि देवर त पर्नुभएको छैन नि ! पहिले पनि भनेकै हुन् । सायद अघि पनि भनिसकेका होलान्, यो पनि तपाईंकै घर हो । लिलाममा चढ्नेवाला छैन क्यारे ! मज्जाले बस्न सक्नुहुन्छ जेठानीज्यू ।'

सावित्रीले पश्चात्ताप गर्दै भनिन्– 'विगतमा मबाट ठूलो भूल भो बहिनी । तिमीप्रति मैले दुर्व्यवहार गरेँ । आज म क्षमायाचना गर्दछु । म आज लज्जित छु कमला ।'

'पतिदेवले कमाएको धनको उन्माद बढेको थियो उतिबेला अनि पो बेसरी उम्लिनुभा'थ्यो ।' कमलाले शरणको मरण हुने गरी कटुवचन प्रहार गरिरहिन्– 'मेरो हृदयतलमा लागेको घाउ एक वाक्यको माफीले निको हुँदैन जेठानीज्यू ।'

'के त्यसो भए तिम्रा गोडा ढोग्नुपर्‍यो मेरी भाउजूले ?' कमलाका श्रीमान् औधी रिसाए र भन्न लागे– 'तिम्रा गोडामा नाक रगडेर क्षमा याचना गर्नुपर्ने हो मेरी भाउजूले ? यसरी आलो घाउमाथि नुनचूक लगाउने काम नगर त तिमी ।'

अग्निले पत्नीलाई चेताउनी दिए– 'मान्छेले अहङ्कार पाल्नु राम्रो हुन्न कमला । त्यही अहङ्कारकै कारण महाभारत युद्ध भएको थियो । त्यसैगरी रावणजस्तो महायोद्धाको पनि वध गरिएको थियो । जे भए पनि सावित्री भाउजू तिम्री जेठानी हुन् । त्यसैले मर्यादा गर्न सिक । क्षमादानभन्दा ठूलो अरू कुरा के छ संसारमा ? जेठानीले क्षमा याचना गरेपछि देउरानीले क्षमादान दिनैपर्छ कमला ।'

'पैसा छ, पैसा ।' उफ् ! कमलाको प्रलाप रोकिएन थपिन्– 'यो संसारमा सबैभन्दा ठूलो चीज सम्पत्ति रहेछ कवि महोदय ! त्यही सम्पत्तिको आडमा मेरो अतीतलाई तीतो बनाइदिइन् हजुरकी प्यारी भाउजूले । तपाईं पो छोरा समानका देवर–बाबू हो यिनको तर म ? म त एक परित्यक्ता आइमाई न हुँ ? यिनले धनको आडमा मलाई.....।'

'कमला..!' आवेगमा आएर अग्निले पत्नीको गाला चट्काए । कमला गाला छाम्दै रुँन थालिन् । अग्नि बाथरुमभित्र पसे । सावित्री बिजुली चम्केको गतिमा हिँडिहालिन् ।

मुख धोइसकेर अग्नि पत्नीसामु आए । उनी सोध्दै थिए– 'खै त सावित्री भाउजू ? कतै तिमीले...?'

'हजुरकी भाउजूलाई मैले लखेट्न मिल्थ्यो र ?' कमलाले तीतो वचन प्रहार गरिन्– 'मप्रति गरेको अन्यायको रापले पोल्न थालेछ, गइन् होली निभाउनलाई कुनै खोलातिर ।'

'उफ् ! अब के गर्ने होला ? कहाँ पुग्नुभयो होला मेरी भाउजू ?' कविजीले झ्यालबाट हेरे । नदेखेर भाउजूलाई पुकारे र पुकार्दै पुकार्दै बाहिरतिर दगुरे ।

केही बेरपछि अग्नि फर्केर आए । कोठामा बसेर बिलौना गर्न लागे । कमलाले लुगा फेरिसकेकी थिइन् । तिनीले पतिलाई सहज बनाउने कोसिस गरिन् । कमलाले छोरीको प्रसङ्ग कोट्याइन् । माधुरीको विवाह गरिदिने विचार गरेकी रहिछन् ।

ती आमा–छोरीको भलाकुसारी भयो, मोबाइल टु मोबाइल । छोरीले सोचिन्, आमाको विचार माफिएछ । तब त तिनी आमालाई भेट्न घरतिर कुदिहालिन् । घरमा आइपुगिन् । आमाछोरीबीच माया साटासाट भयो ।

बन्द खामभित्रको यथार्थ छताछुल्ल भएर पोखियो । सम्भवतः त्यसले कविजीको परिवारमा आँधी ल्याइदिन्छ भन्ने भयो । कविजी मलिन मुहार लगाएर हेरिरहेका थिए । अग्निले सपनामा पनि नसोचेको घटना भइदियो ।

कमला बौलाउन थालिन्– 'मलाई यो कुलङ्गार केटीको रगत किन दिएको तपाईंले ?'

'मैले होइन, डाक्टरले दिएको कमू ।' अग्निले प्यारपूर्वक जवाफ दिए । कमलाले भाँडभैलो मच्चाउन छाड्ने स्थिति देखा परेन । अब अग्नि पनि उच्च तापमा आए र कडा आवाजमा बोल्न थाले– 'बालहठ गर्न छाडिदेऊ कमला । थाहा छ तिमीलाई त्यस दिन सडकबाट उठाएर अस्पतालसम्म पुऱ्याइदिने को थियो ? समलिङ्गी थियो तिमीलाई उपकार गर्ने व्यक्ति नत्र मर्थ्यौ तिमी ।'

अग्निले कमलालाई चुनौती दिए । पति र छोरीसँग ऐक्यबद्ध भएर बस्न मन छ ? या यस घरमा मसानघाट कुरे झैँ एक्लै जीवन बिताउने इच्छा छ ? अहिल्यै निर्णय चाहियो ।

'भैगो बाबा, मविना मामुको संसार रमणीय हुन्छ भने म यो घर छाड्न

तयार छु । म मेरी मामुका आँखामा आँसु देख्न सक्तिनँ बाबा । आखिर मैले एक न एक दिन त यो घर छाड्नै पर्छ । फेरि म एक्ली पनि त छैन नि ! मेरा पछि यौनिक अल्पसङ्ख्यकहरू लाखौं छन् ।'

माधुरी विश्वास दिलाउँदै थिइन्– 'तर म समलिङ्गी होइन मामु । तेस्रो लिङ्गी पनि होइन । म त उनीहरूसँग भावनात्मक नाताले मात्र गाँसिएकी छु । मैले सङ्कल्प गरेकी छु बाबा । म ब्रेन एण्ड ब्यूटीका केही मागहरू पूरा नभइन्जेलसम्म विवाह गर्ने छैन । तेस्रो लिङ्गी समुदायको हक, अधिकार प्राप्त नभइन्जेलसम्म म एकलै रहन्छु मामु । यो संविधानमा उनीहरूको मौलिक हक स्थापित हुनैपर्छ । नागरिकता, शिक्षा, स्वास्थ्य तथा सामाजिक जनजीविकाका कुराहरू उल्लेख हुनैपर्छ । लोकगणतान्त्रिक यो संविधान संशोधन नहुन्जेलसम्म मैले विवाह गर्दिनँ । यसलाई मेरो भीष्मप्रतिज्ञा नै ठान्नोस् हजुरहरू ।'

'मलाई घुर्की सुनाउन पर्दैन माधुरी । तँलाई यो घरमा बस्न मन नभए गए हुन्छ ।' आमाले फाइनल डिसिजन सुनाइदिइन् ।

००

**उपसंहार**

काठमाडौंको एक पाँचतारे होटल । त्यहाँ एक भव्य कार्यक्रम आयोजना गरिएको थियो । आयोजक थियो, ब्रेन एण्ड ब्युटी । त्यो विशेष दिन परेको थियो । अक्टोबर २४ तारिख । संयुक्त राष्ट्रसंघ दिवस । उक्त पाँचतारे होटलमा समलिङ्गी तथा तेस्रोलिङ्गीहरूको कुम्भ मेला नै थियो ।

विदेशी पाहुनाहरू पनि निम्त्याइएका थिए । अन्तर्राष्ट्रियस्तरको कार्यक्रम थियो त्यो । बाह्र-पन्ध्रवटा मुलुकका समलिङ्गी जोडीहरू पनि आएका थिए । प्रमुख अतिथि थिए, संयुक्त राष्ट्रसंघका उप–महासचिव ।

ब्रेन एण्ड ब्यूटीले चमत्कारै देखाइदियो ! उच्च उच्च व्यक्तित्वहरूले तेस्रो लिङ्गीहरूको सम्मेलनमा मन्तव्य व्यक्त गरे । सबैको वक्तव्यको निचोड एउटै थियो– मानवाधिकार र लैङ्गिक समानता । सबैको धेय एउटै रह्यो । विश्वमा एउटै मात्र त्यस्तो वाद छ, जसले संसारभरिका मानिसहरूको कल्याण गर्न सक्छ । त्यो वाद भनेको मानवतावाद नै हो । जसले त्यो वादलाई अँगालेर सन्मार्गमा लाग्दछ, ऊ नै महान् व्यक्ति कहलाउँछ । ब्रेन एण्ड ब्यूटी महान् देखियो । मानव कल्याणका लागि त्यो संस्थाले अन्तर्राष्ट्रियस्तरको सम्मेलन गरायो । ब्रेन एण्ड ब्युटीलाई विदेशीसहित पचासवटा संघ-संस्थाहरूले सम्मान गरे । उक्त संस्थालाई मानवतावाद उत्प्रेरकको उपाधिले सुशोभित गरियो ।

ब्रेन एण्ड ब्यूटीले अर्को कार्यक्रमको पनि आयोजना गरेको थियो । त्योचहिँ दशरथ रङ्गशालामा थियो । त्यहाँ भव्य मेला थियो । उक्त मेलामा विभिन्न सामग्रीहरूको पनि प्रदर्शनी गरिएको थियो । विभिन्न उत्पादनहरूको बिक्री–वितरण गरिएको थियो ।

त्यहाँ अशक्त अबाल–वृद्ध–वनिताहरूलाई भोजन पनि गराइएको थियो । उनीहरूलाई लत्ताकपडाहरू पनि वितरण गरिएको थियो । ओहो ! सावित्री विष्ट पनि ? केही दिनदेखि सावित्री लापत्ता थिइन्, आज यहाँ प्रकट भइछन् ।

'भाउजू ! त..त..तपाईं यहाँ पो ? अनि यस हालतमा ?' अचानक अग्निको मुखबाट पीडादायी उद्गार छुट्यो ।

उनले हातमा समातेर बिन्ती बिसाए– 'भाउजू, हिँड्नोस् घर जाऔँ । मैले तपाईंलाई कहाँ कहाँ मात्रै खोजिनँ ? तर तपाईं भने...?'

थुप्रै मानिसहरूले अग्निलाई उदेक मान्दै हेरिरहेका थिए । के ठाने होलान् तिनीहरूले ? सावित्री त बौलाइछन्, उल्टै झपारिन्– 'को होस् तँ ? मलाई भाउजू भन्ने आँट कसरी गरिस् तैँले ? जा जा मलाई बेस्सरी भोक लागेको छ । खान लाग्या देखिनस् पाजी ?'

सावित्रीले देवरको मुखैमा हातको खाना हुत्याइदिइन् र भागिन् । उनका गोडामा चप्पल पनि थिएनन् तैपनि बेपत्ताले कुदिरहिन् ।

कविजी कराउँदै पछ्याइरहेका थिए– 'भाउजू, नभाग्नोस् न, भाउजू नभाग्नोस् न भनेको । भाउजू...... भाउ..!'

बौलाही भाउजू अघिअघि, देवरचाहिँ पछिपछि कुदिरहेका थिए । त्यो दयनीय दृश्य एउटा तमासा नै बनेको थियो । त्रिपुरेश्वरको फुटपाथमा मानिसहरूको भीड लाग्यो । कविजी भाउजू...भाउजू. सम्बोधन गर्दै बोलाइरहेका थिए । सावित्री पिचरोडमा पुगिन् । सडकमा गाडीहरू हुइँकिरहेका थिए । सावित्रीले जाम गराइदिइन् । कविजीले भाउजूलाई भेट्टाउनै सकेनन् । उनको मुटुको धड्कन तीव्र गतिमा बढ्न थाल्यो । उनी हिँड्न पनि असमर्थ रहे ।

भाउजूलाई भेट्ने आशा क्षीण बन्दै गयो तैपनि कोसिस गर्न छाडेनन् । भाउजूलाई पछ्याउँदै गए । पछ्याउँदै गए, पुकार्दै रहे । देवर अग्निकुमार विष्टको मुखबाट एकोहोरो आवाज निस्किरहेको थियो– 'सावित्री भाउजू.., सावित्री भाउजू..., भाउजू...!' बस्, त्यत्ति मात्र ।

समाचार चल्दै थियो । समाचारमा भनियो– 'जेल तोड्न खोज्दा आधा दर्जन तस्करमाथि गोली प्रहार । निरञ्जन बाबा र उनका बोससहित एक दर्जन कैदीहरूको मृत्यु । केही मतियारहरू सख्त घाइते...।'

समाचारमा दृश्य पनि देखाइयो । डा. पवनका आँखा चम्किला भए । भूतपूर्व एस.पी. सीताराम पनि औधि खुसी भए ।

उनी छोरालाई सुनाउँदै थिए– 'बल्ल मुलुकले शान्ति पाउने भो छोरा । ड्रग्सको तस्कर र उसका मतियारहरूबाट मुलुकले छुट्कारा पायो ।'

'त्यही त । अबचाहिँ नेपालमा केही होलाजस्तो छ हगि ड्याडी ?' डा. पवनले यसो भन्दै बाबुको अनुहारमा गौर गरेर हेरे ।

ä ã

# एकराते तानाशाह

**हरि भट्टराई**

जान त साहित्यिक कार्यक्रम भनेर गइएको थियो तर गफका विषय साहित्यिक इतर राजनैतिक बने । माहोल पनि त्यही उत्ताउलो भद्रगोल राजनीतिकको थियो । वक्ताहरूले साहित्यिक विषयमा बोले पनि स्रोताहरू भने आफ्नै राजनैतिक कानेखुसी गफमा मस्त र व्यस्त थिए । दिनभरि अर्थहीन राजनैतिक गफ गरेर साँझ खाना खाए लगत्तै पल्टेको उत्तिखेरै आठ नबज्दै भुसुक्कै निदाएछु ।

'म डायमण्डराज भट्टराई देशको र नागरिकको नाममा राष्ट्रनायकको रूपमा शपथ लिन्छु कि म पदमा बहाल रहदा वा नरहँदा देश र नागरिकको हितमा बाहेक अन्य कुरा कल्पनामा पनि आउँन दिने छैन र कार्य सम्पादन गरिरहँदा देश र नागरिकप्रति इमानदार र बफादारको नमूना भएर देखाउने छु, देखाउने छु, देखाउने छु ।'

म राष्ट्रनायक परामाधिपति सैनिक पोशाकमा सुसज्जित थिएँ । शपथ ग्रहणपछि सर्वप्रथम शहीद गेट पुगी शहीदप्रति माल्यार्पण गरी मनमनै भए पनि वास्तविक रूपमा शहीदहरूको अगाडि पुन. शपथ खाई सिंह दरबार आएर तुरुन्तै मन्त्रीपरिषद्को पहिलो बैठक बस्यौं । शपथ ग्रहण समारोहमा नदेखिएका पन्ध्रजना मन्त्रीहरू बैठकमा देखापरे ।

राष्ट्रनायकको रूपमा मन्त्रीपरिषद्को अध्यक्षता गर्दै मैले भने 'हाम्रो यो सोह्र सदस्यीय चुस्त मन्त्रीपरिषद्को बैठकले निम्न विषयमा छलफल गरी निर्णय पारित गर्नेछ । ल अब एजेण्डातिर जाउँ -

**एजेण्डा नं. १ जल विद्युत् सम्बन्धमा**

विद्युत् एक अति आवश्यक आधारभूत आवश्यकता भएको र पूर्ण रूपमा स्वदेशी उत्पादन भएकोले सर्वसाधारणलाई निशुल्क विद्युत् दिन किन नसकिने ? यसबारे देशव्यापी छलफल चलाई तीन महिनाभित्र कार्यान्वयनमा लैजाने ।

**एजेण्डा नं. २ उद्योग सम्बन्धमा**

बन्द भएका पुराना सम्पूर्ण कारखाना खोल्ने र त्यहाँबाट उत्पादित वस्तुहरू नेपाली नागरिकले अनिवार्य रूपमा प्रयोग गर्नुपर्ने । उत्पादित वस्तुहरू जति नै लागत परे पनि ग्यारेन्टीका साथ सरकारले खरिद गरी विक्री गर्ने । यस सम्बन्धमा विषय विज्ञको देशव्यापी बहस चलाउने । चाँडोभन्दा चाँडो कुनै पनि हालतमा

कारखाना खोलिने । उत्पादित सामग्रीहरू नागरिकहरूले पनि अनिवार्य रूपमा प्रयोग गर्नुपर्ने । स्वदेशी उत्पादित वस्तुहरू प्रयोग नगर्ने वा गर्न नचाहनेको नागरिकको हैसियतले पाएका सुविधाहरू क्रमशः कटौती गर्दै लगिने नीति बनाइने छ ।

**एजेण्डा नं. ३ परराष्ट्र सम्बन्धमा**

हाम्रा मित्र छिमेकी राष्ट्र तथा शक्ति राष्ट्रहरूले नजिक आई धेरै सहयोग गर्नु भन्दा टाढै बसेर प्रविधिजन्य सहयोग गर्न र हामी आफैलाई आफ्नो खुट्टामा उभिन सक्ने बनाउन सहयोग गरून् न कि वैशाखी बनेर काखी च्याप्न । हामी आफै उठ्न चाहन्छौं भनी मित्र राष्ट्रहरूलाई कुनै पनि प्रक्रियाले टाढै रहन आग्रह गर्ने । यसको लागि पनि देशबासी नागरिकको राय सल्लाह लिने प्रक्रिया तुरुन्तै चालिने ।

**एजेण्डा नं. ५ खानी सञ्चालन सम्बन्धमा**

सम्पूर्ण खानी सञ्चालनमा ल्याउने/ल्याउन नसक्ने भए के कारणले नसक्ने ? कहिलेसम्म नसक्ने ? दृढ इच्छा शक्तिका साथ खानी उद्योग सञ्चालनमा ल्याउने । स्वदेशमा खपत हुने स्वदेशमै गर्ने । बढी भए निर्यात गर्ने, विश्व बजारमा अत्याधिक माग रहेको युरोनियम, लिथियम जस्तै अन्य खानी तत्कालै उत्खनन तथा प्रशोधनको प्रक्रिया सुरु गरिहाल्ने ।

**एजेण्डा नं. ६ जनसहभागितामा लगानी**

जनता र सरकारको सयुक्त लगानीको सहभागितामा सय सय विगाहामा सयवटा फलफुल तथा तरकारी कृषि फार्म खोली बजार र लगानीको ग्यारेन्टी सरकारले गर्ने । नागरिकले काम गरी रोजगारि पाउने र वार्षिक ३०% लाभांश नघट्ने गरी लगानीको ग्यारेन्टी पनि सरकारले गरिदिने । यसका लगि विषय विज्ञको भेला गरी कुन ठाउँलाई कुन उत्पादन गर्ने भन्ने कुराको छनोटको थालनी आजैका मितिदेखि सुरु गरिने छ ।

**एजेण्डा नं. ७ स्थीर सरकार**

देश विकासको लागि स्थीर सरकार आवश्यक भएकोले २०७२ को संविधान संशोधन गरी तीन दलभन्दा बढीको दल कायम रहन नसक्ने गरी थ्रेसहोल्ड प्रतिशत बढाई प्रत्येक निर्वाचनबाट अनिवार्य बहुमतको सरकार आउने गरी ऐन कानूनमा व्यावस्था गर्ने कथंकदाचित बहुमत नआए मत परिमाणको अनुपातमा ५ वर्ष क्रमशः शासन गर्ने र एकले सुरु गरेको दीर्घकालीन कार्यक्रम अर्को दलले काट्न नपाउने कानुन ल्याइने ।

**एजेण्डा नं. ८ जनप्रतिनिधिको योग्यता सम्बन्धमा**

जनप्रतिनिधिको योग्यता यस अघि स्थानीय बासी र नेपाली नागरिक भए पुग्ने व्यवस्था खारेज गरी स्थानीय प्रतिनिधि हुनलाई निम्नतम शैक्षिक योग्यता तोकि लोकसेवा आयोग र निर्वाचन आयोगले संयुक्त रूपमा लिएको योग्यता

परीक्षा पास गरेको हुनुपर्ने व्यवस्था लागु गर्ने । यसरी परीक्षा पास गरेको उमेदवार वा प्रतिनिधिले जुनसुकै पालिकामा गएर पनि काम गर्न पाउने । सकेसम्म मिलेसम्म आफ्नै नभए व्यक्तिलाई जुन ठाउँ पठाउन सकिने व्यवस्था गरिने छ ।

**एजेण्डा नं. ९ शाासकीय स्वरूप सम्बन्धमा**

विधमान व्यवस्थालाई खारेज गरी ७७ सदस्यीय व्यवस्थापिका बनाइने छ । तत्काललाई राष्ट्रिय सभा र प्रदेश सभा खारेज गरिने छ । जबसम्म देश आत्मनिर्भर बलियो बन्ने छैन तबसम्मलाई खारेजीमा नै रहने छन् । पछि जनमतसङ्ग्रहको नतिजाअनुसार गरिने छ ।

**एजेण्डा नं १० संवैधानिक नियुक्ति सम्बन्धी**

संवैधानिक नियुक्ति गर्दा देशव्यापी छलफल गरी उच्चतम नैतिक मूल्य र मान्यता भएको व्यापक जन समर्थन प्राप्त व्यक्ति छनोट गरी विशेषाधिकार दिएर संवैधानिक निकायमा नियुक्ति दिइने छ र पूर्ण अधिकार प्रयोग गर्न सक्ने सक्षम सबल बनाई जिम्मेवारी दिइने छ । जसले कमजोरी भेटाए राष्ट्र प्रमुखलाई तुरुन्त निलम्बन गर्न सक्ने छ । जस्तै यो निकायमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग पर्ने छ भने अन्य निकायले पनि आफ्नो क्षेत्राधिकार भित्र जो सुकैलाई पनि ठाउँको ठाउँ कारबाही गर्न सक्ने तर अभियोग पुष्टि नभए आफै कारबाहीमा पर्ने व्यवस्था गरिने छ ।

**एजेण्डा नं. ११ कर्मचारी प्रशासन सम्बन्धी**

राष्ट्रसेवक कर्मचारीले आर्थिक प्रलोभनमा परेर गर्ने बदनियतपूर्ण कार्यलाई रोक्नलाई कुनै कर्मचारी घुससहित वा अन्य अनैतिक कार्यमा फेला पारे वा पुष्टि भएमा तुरुन्त हटाई वैकल्पिकलाई नियुक्ति दिने व्यवस्था मिलाउने । यसको लागि लोकसेवाले केही व्यक्ति सबै तहकालाई तयारीमा राख्ने गरी मिलाउने ।

००

तराइको ठाउँ चैतको महिना रापिलो र हल्का बाफिलो हुदै थियो तर अचानक पश्चिमी वायु सक्रिय भएर आकाशरूपी सावरबाट चिसो पानी झरेपछि प्रकृतिले नुहाएकी थिइन् । हिजोसम्मको धुमिल आकाश आज त निलाम्मे भएको थियो । डढेलो लाग्न नपााएकोले होला ऋतुराज वसन्तले प्रकृतिलाई हरियो पछ्यौरी झ्याप्पै ओढाउन भ्याइसकेका थिए । चुरेका फेदीमा धुयँरो फुलेर रातै हुँदा प्रकृति रातो लिपिष्टिक लगाए जस्तै भएकी थिइन् । मौसम यति सफा कि साठी कटेका आँखाले दूर सुदूरमा खोपिएका ती पहाडी बाटाहरू हातका धर्सा झै प्रष्ट देखिनन्थे । ती धर्सा नभएर पहाडका भाग्यरेखा हुन् सायद ।

रूपन्देही जिल्लाको पश्चिमोत्तर क्षेत्र जुन लोक मार्गसित पनि जोडिएको छ साथै लुम्बिनी जाने तीन चारवटा बाटाहरू पनि जोडिएको छ प्रतापगञ्ज नगरसँग । यो प्रतापगञ्ज बजार यही बस्ने प्रज्ञा जस्तै सुन्दर शान्त हंसमुख छ । प्रज्ञा एक पच्चीस वर्षे युवती हुन् जसको छालाको रङ् मात्र उज्यालो होइन, मनै उज्यालो,

विचार नै उज्यालो अनि अन्योलको भुमरीमा रुमल्लिएकाहरूलाई बाटो देखाउने दियालो हुन् । बरु आफू मैन झैं पग्लिएर सकिएलिन् तर समाजको अँध्यारोलाई उजिल्याउन पछि पर्दिनन् उनी । त्यही भएर होला उनी कहिलेकाहीँ नदेखिँदा प्रतापगञ्ज नै अँध्यारो हुन्छ । प्रतापगञ्जको भूगोल त घाम लाग्दा उज्यालो होला तर प्रज्ञालाई चिन्नेहरूको मनचाहिँ अँध्यारो हुन्छ । घरका परिवार बरु एक दुई दिन उनी बिना ढुक्कले बस्लान् तर गाँउ छिमेकी आत्तिएर घरमा सोधेर हैरान पार्छन् । 'प्रज्ञा कहाँ गएकी हुन् ? कहिले आउँछिन् ? उनी नभएको त गाउँ टोल पनि शून्य लाग्छ उराठ लाग्छ भन्दै ।

प्रतापगञ्ज सधैं झैं आज गमक्क फूलेको छ, गमलामा फूलेको सयपत्री झैं । प्रतापगञ्जको आफ्नै रापताप र शान छ, राष्ट्र गान गाउँदा हाम्रो छाती फुले झैं । बिस्तारै बिस्तारै यो ठाउँ दृष्टान्तको रूपमा प्रयोग हुन थालेको छ । देशैले काँचुली फेर्न लागेको बेला यस ठाउँले अझ सामाजिक रूपमा अर्को एक कदम अगाडि बढ्न खाज्दै छ । यसको श्रेय कसैले चाहे पनि नचाहे पनि कसैलाई मन नपरे पनि प्रज्ञामा नै जान्छ ।

प्रतापगञ्जको भौगोलिक अवस्थिति देखाउनुपर्दा रूपन्देही जिल्लाको पश्चिम उत्तर समेटेर १०० वर्ग कि.मी पर्न जान्छ । यस भित्र ससाना चोक बजारहरू जस्तै : मुर्गिया, बुद्धनगर, रामापुर कलोनी, बाँगढी, सालझण्डी आदि हाइवेमा पर्छन् । यस प्रतापगञ्जलाई दशवटा ब्लकमा बाँडिएको छ । कुनै ब्लकमा बस्ती कुनै ब्लकमा उद्योगमात्र र कुनैमा तरकारी फार्म अनि कसैमा फलफुल फार्म र कसैमा जडीबुटीजन्य फार्मको रूपमा बाँडिएका छन् । प्रायः हाइवेसँग जोडिएको ठाउँमा वस्ती ब्लक छन् भने दक्षिणतिर कृषि उत्पादन र उद्योगहरू ।

लुम्बिनी रोड चोकमा रहेको मन्दिर परिसरमा चारजना काम र समाजको महत्त्व नबुझ्नेहरू तास फिट्दै थिए, प्याट्ट प्याट्ट प्याट्ट अनि त्यसैलाई हेरेर रमाउनेहरू बाँकी तीन तासका पत्तीमा गाडिएका थिए मानौ उनीहरूलाई नाके डोरी लगाएर बाँधिएको होस् ।

कुनै कामले लमक लमक हात्ती झैं लम्किँदै थिइन् प्रज्ञा । प्रज्ञा शर्मालाई प्रतापगञ्जमा नचिन्ने को होला र ? उनी प्रायः पैदल नै हिँड्छिन् । उनको साधन नभएको कहाँ हो र ? स्वास्थ्यको लागि भनेर पनि हिँड्छिन् उनी । उनलाई आफू मात्र स्वस्थ्य भएर कहाँ हुन्छ र ? हिँड्दा दायाँबायाँ हेर्दा समाजका फोहोर मात्र होइन समाजका मान्छेका मनमा रहेका विकृत मनोदशा पनि सफा गर्नु छ । हो यो भन्दा बढी मान्छेका मन मस्तिष्कभित्र रहेका विकार जस्तै : उच्छृङ्खलता, डाहा, रिस, द्वैष, मनमुटाव, ईर्ष्या जलन जस्ता फाहोरका टुक्रा पनि टिपेर फाल्ने प्रयास गर्छिन् ।

आज पनि प्रज्ञा रातो रिसर्ट नीलो पेन्टमा सजिएर पश्चिमतिर आँउदै छिन् । उनलाई यो पहिरन बढी मन पर्ने रहेछ । स्काई ब्लु जिन्स पाइन्ट र रातो टिर्सट

लामो कपाललाई पछाडि गुटमुटाएर भालेको पुच्छर झैं बनाएकी आज त ।

प्रज्ञा आफू त सफा चिटिक्क भएर हिंडेकी छिन् तर समाज भने उनी जतिको चिटिक्क कहाँ भएको छ र ? समयको महत्त्व र पैसाको महत्त्व बुझ्न सक्ने भइसकेको छैन । हेर्दै हिँड्नु पर्छ जे पनि देख्न सकिन्छ । काम छोडेर पुरुषहरू तास क्यारेम बोर्ड र लुँडोमा झुन्मिन्छन् भने महिलाहरू गहना र कपडाको चर्चा र अनुपस्थितिमा आलोचना गर्नमा व्यस्त हुन्छन् । सरकार गतिलो आएको छ रोजगार फालाफाल छ तर समाज र जनताको पारा उही पुरानो छ । केही पैसा भए कमाउनु नपर्ने जस्तो गरी सुतेर, खेलेर बस्छन् भने भएको पैसा पनि दुरुपयोग गरेर सिद्ध्याउँछन् अनि बच्चाहरू पनि पढ्न छोडेर मोबाइलमा घोप्टिन्छन् । यो सानो उमेरमा मोबाइल एकनास लिप्त हुनु पनि राम्रो हुँदैन । यी सबै विकृतिको विरुद्ध उठ्न प्रज्ञा एउटी जन्मेकी रहिछन् प्रतापगञ्जमा । समाजमा अहिलेसम्म राम्रा कुरा पचाउने अमाशय बनाएको छैन प्रकृतिले तैपनि साहसी बहादुर प्रज्ञा लागिपरेकी छन् ।

मन्दिर प्राङ्गणमा अवस्थित वर पीपलको चौपारीमुनि प्लाष्टिकको चटाई बिछ्याएर चारै दिशामा चारैतिर फर्केर चारै जना बसेका छन् । त्यसलाई हेरेर रमाउने पर्यवेक्षक तीन जना पनि छन् । पछाडिपट्टि नीलो बुट्टा भएको तास फिट्दै थियो जोखुले । खेलको नामचाहिँ दहलमारा रे ! आफ्नो भागको तासको थुप्रो सोहोरेर कर्नेले देब्रे हातमा राखेर मिलायो ।

'तारे' बोल तुरूप के हो ? जीते करायो ।

'पाना' तारेले तासको पत्तीमा आँखा गाडेको गाडै बोल्यो ।

'साला जम्मा दुईवटा परेछ' सेते करायो ।

एक राउन्ड के खेल्न भ्याएका थिए पूर्वतिरबाट कोही लसक लसक गर्दै आएको तासका पर्यवक्षकले देख्न भ्याएछन् । सुराकी दिइहाले 'तास लुका लुका आइछ ।'

एउटाले बुझ्न भ्याएन- 'को हो पुलिस ?' भन्दै थियो- 'पुलिस भए डराउनु पर्दैन । खुरुखुरु खेल । ऊ निश्चिन्त जस्तै थियो तर चिन्तेले भन्दिहाल्यो । 'पुलिस हैन प्रज्ञा हो प्रज्ञा ।'

'ए त्यसो भए तास लुकाइहाल । म सुते झैं गर्छु, तिमीहरू जे गर्ने हो गर ।' कर्णबहादुर अर्थात् कर्ने भर्खरको भर्खर चीर निद्रमा परे झैं गऱ्यो । जीते उठेर हिँड्यो । तारे पनि अर्कोतिर पल्टियो तास हेरूवाहरू भने आफू निर्दोष भए झैं त्यही बसिरहे ।

प्रज्ञाका ठूला सजल चम्किला आँखाले भूइँको प्लाष्टिक होइन, विकृतिको कसिङ्गर देखिहाल्यो । उनको सुडौल समाजसेवी पाइलाहरू उतैतिर सोझिए ।

'तिमीहरू यहाँ के गरिरहेछौ ?'

'हामी काममा गाथ्यौं, अहिले यसो आराम गरेको ।' सेतेले कुरा मिलाउँला

मिलाउँला जस्तो गऱ्यो तर प्रज्ञाको तीक्ष्ण छुरा जस्तो बुद्धिका अगाडि उसको आइडिया फेल खायो ।

'अहिले कति बज्यो थाहा छ ?'

'नौ'

'अनि कति बजे गएर काम गरेर नौ नबज्दै आएर पनि निदाइसकेछौ त ?'

ङिच्च सेतेले खैनीले खाएको पहेला दाँत देखायो, बोल्नै सकेन । प्रज्ञासँग सबै डराउछन् तर किन ?

उनले कसैलाई पिटने वा कुट्ने होइन, न त गाली बेइज्जत गर्थिन् । डर त प्रेमील मीठो वचनले हिर्काए पनि लाग्दो रहेछ ।

'खाली समय भएर टाइम पास गरेको हो ?'

'होइन होइन केही गल्ती गरेका छैनौ, डराउनु पर्दैन् । बरु काम गर्छौ भने म लगाइदिन्छु । गर है ? तिमीहरूले कमाएको पैसा फेरि राम्रो ठाउँमा लगानी गराइदिन्छु । ब्लक न. ५ को तरकारी फार्ममा लगाइदिन्छु फाल्टु बस्ने होइन । यसरी बस्ने त पछि उमेर ढल्केपछि असक्त हुँदा हो । भोलि मसँग आऊ अनि सँगै गएर काम गर्नै है त ? सबै, जति खाली छन् सबैलाई लिएर आऊनु नि बरु । सुते भैं गरेका दाइलाई पनि भन्दिनु । मसँग सबै फार्म उधोगसँग नियमित सर्म्पक हुन्छ । कसैलाई मजदुर चाहियो भने मलाई खबर गर्छन् । पहिला जस्तो हो र ? अहिले त डायमण्ड राजको रामराज्य चलेको छ । विनाकाम कसैलाई बस्नु पर्दैन र मैले पनि फाल्टु बसेको त्यति रुचाउँदिन के !'

यता जुवाडेलाई सम्भाउँदै थिइन प्रज्ञा, उता प ...... र बाटोको छेउमा बसेर केही दिदी बहिनीहरू अनुपस्थित हुनेको आलोचना गर्दै थिए ।

'हेर्नुहोस् दिदी ती ठूली दिदी के भएकी हुन् । मैले अस्ति दुई टोक्रा चामल पैंचो दिएकी थिएँ कस्तो नमीठो मोटा चामल फिर्ता ल्याइदिएकी त्यसले'

'अँ त नि, त्यस्तै हुने रैछ । नाम त नभनौं मैले पनि एउटीलाई उनको दूध नआएर आधा लिटर पैंचो दिएको, मलाई भने छर्लक्कै पानी जस्तै फिर्ता गरी बाई ।'

फेरि अर्की महिला बोलिन्- 'म त यस्तोमा कति परेकी छु कति, त्यसैले पैंचो दिने कामलाई कान छोपेकी छु अब कसैलाई दिन्न भनेर ।'

फेरि बाँकी कान्छी बोलिन्- ' कुरो गरो कुरैको दुःख । उनी जोश निकालेर बोल्दै थिइन्- प.......र प्रज्ञा उतैतिर आएको देखेपछि साथीहरूलाई सजग बनाउँदै भनिन्- 'ए ए उता हेर उता प्रज्ञा आई प्रज्ञा, चुप लागौं सबै' अघि भर्खरसम्मको हल्लाखल्ला एकाएक चुपचाप, उत्तिखेरै सुनसान । प्रज्ञाले कसैलाई गाली गर्ने त होइनन् तर पनि उनको व्यक्तित्वको अगाडि सबै नतमस्तक हुन्छन् । प्रज्ञाले फाल्टु कुरा, बेकामी बसाई रुचाउन्न भनेर सबैलाई थाहा छ । कसैलाई हात बाँधेर बसेको देखे जसरी पनि फर्म वा उद्योगमा काम गर्न पठाइहाल्छिन् अनि

उनीहरूको पैसा बुझेर राम्रो ठाउँमा लगानी गरिदिन्छिन् जसको बोनस खान पाएपछि अल्छी गर्नेहरू पनि काम गर्न खोज्छन् । प्रज्ञाको चाहना नै यही हो । गाँउलेहरूलाई कसरी कामप्रति आर्कषित गर्ने र पैसाको महत्त्व बुझाई सहि ठाउँमा मात्र खर्च गर्ने अनि बचतलाई पुनः सहि ठाउँमा लगानी गराउने । आजकल त गाँउ घरमा वर्षमा कसले कुन कम्पनीबाट कति बोनस पायो भन्ने प्रतिस्पर्धा नै चल्न थालेको छ तर समाजमा यदाकता कहीँ कतै यस्तै अल्छी समूह पनि भेटिन्छन् । प्रज्ञाले उनीहरूले थाहा नपाउने गरी अघि नै उनिहरूका कुरा सुनेर गइसकेकी थिइन् । गफमा लिप्त भएका कारण कसैले चालै पाएनन् । प्रज्ञाले परैबाट हात जोड्दै भनिन्- 'नमस्ते दिदीबहिनी हो, सन्चै हुनुहुन्छ ?'

'हजुर सन्चै छौं' सामुहिक उत्तर आयो ।

'के गरेर बस्नुभएको छ ? '

'यसै घाम तापेर '

'केको बारे कुरा गर्दै हुनुहुन्थ्यो यहाँहरूले ?'

'केही होइन छोराछोरीको बारेमा हो ।' एउटीले कुरा टालटुल पार्न खोजी ।

'म अघि यही पसलमा पछाडिबाट आएकी थिएँ सबै कुरा सुनेकी छु, मैले एक घन्टादेखि देखिरहेकी छु तपाईहरू यहाँ बसेको । उता पाँच नम्बर ब्लकमा कामदार नपाएर मलाई भन्दै थिए- कोही भए पठाइदिनु भनेर । एक घन्टा भए पनि काम गर्न गएको भए दुईचार पैसा हुन्थ्यो । एक त तपाईहरूले समयको महत्त्व बुझ्नुभएको छैन अर्को कुरा झिनामसिना तल्ला स्तरका कुरामा आफ्नो दिदीबहिनीको आलोचना गर्नुभएको छ । एकदिन यी कुरा उहाँहरूको कानमा पनि पुग्छ । अनि झैझगडा मनमुटाव बढ्छ । प्रत्येक मान्छेसँग एउटा न एउटा असल काम लाग्ने गुण हुन्छ । त्यसैको खोजी गर्नु न बरु । राम्रो गुणको अनुसरण गर्दा आफूलाई पनि फाइदा, राम्रो गुण दिने व्यक्ति पनि खुसी हुने । कस्तो सौहार्द न्यानोपन बढ्छ समाजमा । अर्कासँग भएको असल गुण तान्ने प्रतिस्पर्धा गर्नुहोस्, अरूको कमजोरी कोट्याउनु भन्दा ।

अघि तपाईंले गरेको कुराकानी मैले सुनेकी छु पैंचो दिएको चीज उस्तै दुरुस्तै आएन भन्ने गुनासो । तपाईले पनि बिर्सनुभयो कि ? तपाईंले पनि कुनै दिन कसैबाट लिएर तिर्दा उहाँहरूले पनि तपाईंप्रति त्यस्तै भन्नुभयो होला कि ! तपाईंले पनि उस्तै र नाप जोखमा उत्तिकै पुऱ्याएर दिनुभएन भन्ने लागेको होला । छिमेकमा सँगै र सधैं बस्ने भएपछि लिइरहने कुरा पनि हुँदैन दिइरहने कुरा पनि हुँदैन । जहिले जसको पनि अलिकति तलमाथि भइहाल्छ । आज तल परे भोलि माथि पर्न सक्छ । एउटासँग भएको दुरुस्तै अर्कोसँग नहुन सक्छ । यस्ता गौण झिनामसिना कुरामा अल्झिनु हुँदैन । कुरा गर्दा विषय पनि राम्रा रोज्नुहोस्, स्तरीय खोज्नुहोस् । अहिलेको सरकार बारे कुरा गर्नुहोस्, कति राम्रा योजनाहरू ल्याएको छ । देशको बारेमा कुरा गर्नुहोस् । पैसा कसरी कमाउने, कसरी

आत्मनिर्भर बन्ने भन्ने बारे चिन्तन गर्नुहोस् । रोजगारीका अवसर कहाँ कहाँ खुलेका छन् सूचना जान्न पाउन चनाखो हुनुहोस् । नभए मसँग निरन्तर सर्म्पकमा रहनुहोस् ।' प्रज्ञाले हात जोड्दै फेरि भनिन्- 'मैले तपाईको समय लिइदिएँ यसका लागि माफी चाहन्छु । तपाईंहरूलाई मेरा कुरा तीता लाग्ला तर औषधी तीतो भए पनि हितकारी भए झैं मेरा कुरा पनि हितकारी छन्, मनन् गर्नुहोला । लौ ककसलाई काम गर्ने मन छ ? मलाई नाम र फोन नम्बर टिपाइदिनुहोला म भोलि नै काममा लगाइदिन्छु ।'

प्रज्ञा फर्केर आफ्नै गन्तव्य, आफ्नै काममा लागिन् । उनी झन् व्यस्त मान्छे । अध्ययन जारी छ तर पनि काम गर्न भ्याउँछिन अनि त्यसैबाट अलिकति समय निकालेर समाजलाई दिन्छिन् । अरूले झैं आफैलाई मात्र सोच्ने भए यो समयमा कति आफ्नो निजी फाइदा उठाउँथिन् होला । उनको अनुसरण गर्ने प्रतापगञ्जमा कोही निक्केलान् कि ?

○○

**राष्ट्रका नाममा राष्ट्रनायकको सम्बोधन ।**

नयाँ वानेश्वरस्थित अन्तर्राष्ट्रिय समेलन केन्द्रमा राष्ट्रिय अन्तर्राष्ट्रिय पत्रकार विज्ञ र बुद्धिजीवीहरूको माझ 'राष्ट्रनायक डायमण्डराज'ले सम्बोधन गर्दै- 'राष्ट्र प्रेम र राष्ट्रियताको डोरीले बाँधिएर एक ढिक्का हुनुभएका हाम्रा प्यारा नागरिक दाजुभाइ तथा दिदी बहिनीहरू यहाँहरूलाई सर्वप्रथम हार्दिक बधाई तथा शुभकामना ! तपाईंहरूको साथ र सहयोगले देशले काँचुली फेर्ने जमर्को गर्दै छ । तपाई हामी सबैले देखेकै हो भोगेकै हो । संसारका जुन देश र संस्थाले निकाल्ने विकासको सूचीमा नेपाल सधैं पुच्छारमा रहनुपर्ने अभिशप्तबाट मुक्त हुदैं छौं । हिजै मात्र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाबाट निकालिएको सूचीमा हाम्रो देश नेपाल अटाइसकेकोछ । यसको श्रेय यहाँहरूके हो । मेरो आह्वानलाई स्वीकार गर्दै देशको निम्ति भन्दै सम्पूर्ण कष्ट उठाउनु भयो । त्यसको हिसाब किताब सरकारसँग छ, राज्यसँग छ । केही वर्षपछि तपाईंहरूको चित बुझ्ने गरी चुक्ता गदै जानेछौं । नर्वे, डेनमार्कका जनता भन्दा खुसी राख्ने हाम्रो अभीष्ट छ । त्यो पूरा गरेर छाड्छौं ।देश अझै पनि पूर्ण लयमा नआइसकेकोले अझ चार पाँच वर्ष यसैगरी कटिबद्ध भई साथ दिन अनुरोध गर्दछु । यसो गर्नुमा मेरो कुनै पनि निजी स्वार्थ नभएको अहिलेसम्मको कामले प्रमाणित गरिसकेको छ । जे जति गरियो, गरिँदै छ तपाईं हाम्रो राष्ट्रहितलाई सर्वोपरी ठानी गरिएको छ ।

**हाम्रा प्रतिबद्धताहरू**

**उपभोग सम्बन्धमा**

१. उपभोग सम्बन्धमा मैले सत्ता लिइसकेपछि हाम्रा पुराना कारखाना खोल्ने जुन सङ्कल्प गरेको थिएँ त्यसै अनुरूप बाँसवारी छाला जुता कारखानाबाट उत्पादित जुता र हेटौडा कपडा उधोगबाट उत्पादित कपडा आफूले आफ्ना छोरा-

छोरीलाई स्कुल कलेजमा प्रयोग अनिवार्य गरिदिनुहुन अनुरोध गर्दछु । साथै प्रयोग नगरेको पाइएमा कडा कारबाही गरिने ब्यहोरा जानकारी गराउँछु ।

**उत्पादन सम्बन्धमा**

स्वदेशमा उत्पादित अन्य खाद्य, पेय, शृङ्गार जुनसुकै उत्पादन जुन नागरिकले जति धेरै प्रयोग गर्छ उति नै राष्ट्रसम्मान पाउने छ । प्रत्येक नागरिकले सोच्नुपर्ने बेला आएको छ । खस्रो मोटो खाएर स्वाभिमानी नागरिक भएर बाँच्ने हो कि अर्काले दिएको मीठो खाएर अपमानित नागरिक भई बाच्ने हो ? केही वर्षका लागि दुःख गर्नै पर्छ । स्वदेशी उत्पादन गुणस्तरीय नभए प्रश्न गर्न पाइने छ, उजुरी दिने पाइने छ । हामी हाम्रा उत्पादन अन्तर्राष्ट्रिय मापदण्ड अनुसार बनाउने छौं । खुल्ला बजारको सस्तो र राम्रो भन्दै हिंड्दा हामी नराम्रोसँग पर निर्भर हुन पुग्यौं । अर्काले दिए बाँच्ने नभए मने वा अपमानित भई बाँच्न बाध्य भयौ । देशको यस्तो अवस्था देखेर यो कदम चाल्नु परेको हो तैपनि छ महिनाभित्र नागरिक राय लिने छौं । हाम्रो कदम अस्वीकार्य भए एक दिन पनि सत्तामा रहने छैन । देशले आफ्नो खुट्टाले टेकेपछि, आत्मनिर्भर भएपछि, नागरिकले चाहेको व्यवस्थामा जुनसुकैमा जान सक्नेछन् । २०७२ को संविधानमा रहेर देश हाँक्न पनि देश त बलियो बन्नै पर्छ ।

**ऊर्जा सम्बन्धमा**

तपाईंहरूकै लगानीमा उत्पादित बिजुलीले देशले चलाउने रेल, कारखाना, यातायातका साधन चलाउन पुग्ने देखिएकोले विगतदेखि दिंदै आएको अनुदान कायम राखी बरु अबदेखि सम्पूर्ण पेट्रोल, डिजेल, इन्जिन, साधन विद्युतीयमा रूपान्तरण गरिहाल्न अनुरोध छ । अबको तीन महिनाभित्र देशमा विधुतीय साधन मात्र चल्न पाउने छन् । कसैसँग अझै रहेका बचेका छन् भने पनि विद्युतीय प्रणालीमा रूपान्तरण गरिहाल्न निर्देशन दिइन्छ । यसको लागि आवश्यक सेवा र सुविधा सरकारले दिइरहेको छ ।

**करखाना सम्बन्धमा**

हाम्रा कृषिमा आधारित कारखाना चिनी मिल, जुट मील धागो कारखाना आदिका लागि आवश्यक कच्चा पदार्थ एक टुक्रा पनि आयत नगर्ने सरकारको निर्णयअनुसार केही जग्गा नपुगेकाले तपाईं नागरिकसँग जग्गा लीजमा लिन चाहन्छौं उचित मूल्य दिएर सरकारले जग्गा लिने भएकाले सरकारले लिन रोजेको ठाउँको पर्ने नागरिकले तुरुन्तै सम्पर्क राख्न आह्वान गर्छु ।

**कृषि सम्बन्धमा**

कृषि औजार कारखानबाट कृषिलाई चाहिने ठूला ठूला मेशिन इजरायली सरकारको सहयोगमा उत्पादन भइराखेका छन् । हामी हामीलाई चाहिने कुनै पनि मेशिन आयत गर्नु नपर्ने अवस्थामा पुगिसक्यौं । हाम्रै देशमा उत्पादित मेशिन प्रयोग गरी सयौं हेक्टर बाली लगाउने सिहार्न सक्ने भएकाले अहिले नै हाम्रो

उत्पादन लागत भारतको बरावर भइसकेको छ । अबको केही वर्षभित्र अझ लागत घटाई भारतमा भन्दा सस्तोमा उत्पादन गर्ने छौं जसले गर्दा आयात स्वतः रोकिने छ बरु निर्याततिर लाग्नेछ । गत वर्षको भन्सारको अभिलेखले नै आयत प्रतिस्थापना भइसकेको छ । अब हामी कुषि उत्पादन पनि निर्यात उन्मुख छौं । हाम्रा सम्पूर्ण कृषि तथा गैर कृषि कारखानाहरू पूर्ण क्षमतामा चलिरहेका छन् । यसले गर्दा बेरोजगारी समस्या स्वतः हल भइसकेको छ । एक महिनाभित्र देशका सबै खानी उखनन गर्ने व्यवस्था तयारी गरेको छौं । यसले थप विदेशी मुद्रा र थप रोजगारीको अवस्था सृजना हुनेछ । गृह मन्त्रालयअन्तर्गतको कारागारलाई पनि सुधार गरी व्यवस्थित तथा सुरक्षित गरिएको छ । प्रत्येक कैदी बन्दीलाई अनिवार्य श्रमदान गर्नुपर्ने व्यवस्था गरिएको छ किनकि राष्ट्र उनीहरूको पनि हो तसर्थ उनीहरूको योग्दान पनि देशका लागि आवश्यक छ ।

**प्रेस स्वतन्त्रता तथा वाकस्वतन्त्रता सम्बन्धमा**

प्रत्येक नागरिकले सरकारप्रति चित नबुझे सुझावसहित स्वास्थ आलोचना जति पनि गर्न पाउने छन् । प्रेस तथा कुनै पनि मिडियाको हकमा पनि यही लागु हुनेछ । उपयुक्त कारण, तथ्य र गहन सुझावसहित सभ्य भाषामा जति पनि आलोचना गर्न पाइने छ । ढुक्क हुनुहोस् तर तथ्यहीन अनुमानका भरमा गरिएका छाडा आलोचनाको लागि क्षम्य हुने छैन । सहि बाटो देखाउने सञ्चार कर्मीलाई पुरस्कृत गरिने छ ।

**भूमिसुधार सम्बन्धमा**

यसअन्तर्गत खेतीयोग्य उर्वर जमिनलाई घर बनाउन नक्सा पास गरिने छैन । अबदेखि जर्जर रुखो जमिनमा एकिकृत बस्ती विकास गरी उर्वरभूमि खाली गराइने छ । नागरिकका रोजाइका डिजाइनका बलिया घर बनाई बहु वर्षे किस्तामा घर आवास उपलब्ध गराइने काम सरकारको हुनेछ । अबदेखि नागरिकले आफ्नो घर बनाउनु छ भनेर चिन्ता लिनुपर्ने छैन । आफूले बनाएको भन्दा बलियो राम्रो, सस्तो लागतमा घर उपलब्ध गराउने काम सरकारको हुनेछ । यसो गर्दा उर्वरभूमि नासिनबाट जोगिने छ । कङ्क्रिटको जङ्गल जथाभावी विस्तार हुन दिंदा भावी पुस्तालाई खाद्य समस्या आउने हुनाले यो कदम चालिएको हो ।

**परराष्ट्र सम्बन्धमा**

यस अघि पनि धेरै पटक छिमेकी तथा शक्ति राष्ट्रहरूलाई आर्थिक र प्रविधिको सहयोग गर्नुहोस् तर राजनैतिक कुटनैतिक र रणनैतिक लगानी सके सधैंभरिलाई नसक्ने भए कमसेकम दश वर्षलाई नगरिदिन अनुरोध गरिरहेका छौं । हामीलाई आत्मनिर्भर बन्ने अवसर दिन अनुरोध जारी राखिने छ । हामी सम्पन्न र आत्मनिर्भर भएपछि हाम्रा मित्र राष्ट्रहरूसँग झन् बढी गाढा र हार्दिक सम्बन्ध हुने कुराको विश्वास दिलाइसकेका छौं । फलस्वरूप हामीले अपेक्षा राखे अनुसारकै व्यवहार देख्न पाएका छौं ।

**विज्ञान तथा प्रविधि सम्बन्धमा**

अविष्कारकेन्द्र जस्ता जागरुक तथा उद्यमी संस्थालाई अफ आर्थिक सहयोग, नीतिगत अनुकुलता तथा बाहय प्रविधि दिई राष्ट्रकै प्रमुख यातायातका साधन बनाउने प्रमुख केन्द्रको रूपमा विकास गरिने छ ।

**तीन वर्षपछि**

शीतल निवासमा भव्य पत्रकार सम्मेलन हुँदै थियो । त्यहाँ राष्ट्र नायक डायमण्ड राज भट्टराईले पत्रकार सँग जवाफ दिँदै थिए । सबै पत्रकारले सत्ता पलटको औचित्य सावित गर्न राष्ट्रनायकलाई चुनौती दिइरहेको थिए ।

पत्रकार– 'हामीलाई बोल्न, सोध्न अनुमाति छ ? राष्ट्रनायकज्यू !'

राष्ट्रनायक– 'अवश्य छ । एकदम निर्भीक तरिकाले जस्तोसुकै प्रश्न सोध्न सक्नुहुन्छ । पूर्ण स्वतन्त्रताको उपयोग गर्नुहोस् !'

पत्रकार–'तपाईंले नेपालको संविधान निलम्बन गरी २०८२ जारी गर्नुभयो । अहिलेको युगमा पनि सीमित समयको नाममा यस्तो शासन चलाउन पाइन्छ ?

राष्ट्रनायक– 'यी सबै बाध्यताका उपज हुन् । तपाईंहरूलाई थाहै छ नेपालको २०८५ का नागरिकका खुसीको मापन गर्नुहोस्, फरक पाउनुहुनेछ । देशका सम्पूर्ण नागरिकले समर्थन गर्नुभएको छ । लामो समयसम्म यही सरकार कायम रहोस् भनेर सामाजिक सञ्जाल भरिएको देख्नुभएकै छ तैपनि देश ट्र्याकमा आइसकेको छ । चुनाव घोषण गरिसकेका छौं । छिटै नागरिकबाट अनुमोदित भएर आउने छौं । नभए नआउँला तर अब आउने राजनेता पहिला जस्तो राजषी ठाँटबाँटको, भ्रष्ट, सुविधा भोगी, नैतिक आचरण नभएको, सत्तालोलुप, आर्थिक अनुशासन नभएको व्यक्तिलाई नागरिकले स्वीकार्नेवाला छैन । उसले चरम नैतिक आचारणको भट्टीमा खारिएर आएको हुर्नुपर्ने छ । यदि त्यस्तो व्यक्ति कोही भेटिए जन अनुमोदित भएर आउँछ भने म अहिले नै सत्ता छोड्न तयार छु तर प्रक्रिया पुऱ्याउनु पऱ्यो । चुनावसम्म त पर्खन पऱ्यो नि होइन र ? मलाई पनि प्रजातन्त्रप्रति उति नै आस्था र विश्वास छ । ममा पनि प्रजान्तान्त्रिक संस्कार छ । तपाईंले देख्नुभएकै छ । मेरो जीवनशैली साँझ बिहान म आफ्नो नीजि पेशामा व्यस्त हुन्छु । अफिस समयमा मात्र राष्ट्र नायकको भूमिकामा हुन्छु । मेरो खर्च मेरो आफ्नै पेशाको कमाइले चलाएको छु । राष्ट्रसेवक कर्मचारीमध्ये सबैभन्दा कम स्केलको सुविधा लिएको छु । एउटा सैनिक जवानले जे खान्छ मैले पनि त्यही खाएको छु । त्यति त मेरो अधिकारभित्र पर्छ होला ?'

पत्रकार– 'तर ०७८/०७९ तिरको जस्तो आलोचना गर्न पाइएको छैन नि ?'

राष्ट्रनायक– 'किन छैन, असभ्य छाडा गाली गलोजलाई मात्र आलोचनाको अर्थमा बुझ्नुभएको छ भने त मेरो भन्नु केही छैन तर सुझावसहितको आलेचना जति पनि गर्न पाइएको छ । विरोधको लागि विरोध हुनु भएन । अहिले नै मेरो र सरकारको कमी कमजोरी औंल्याई दिनुहोस् र समाधन गर्न उपाय पनि

बताइदिनुहोला कृपया । के भयो ? के हुनुपर्थ्यो ? समधान पनि दिन सक्नुपर्छ । देश शुसासन र सम्पन्ता तिर गइसके पछि आलोचना गर्ने ठाउँ पनि रहँदैन । ठाउँ नरहेकोले कसैले विरोध गरेन भन्दैमा मुख थुनेको अर्थमा बुझ्नु पूर्वाग्रह हुन्छ । मैले बेला बेलामा जनमत सर्वेक्षण गर्ने गरेको छु । नागरिकको मत-राय पाइला पाइलामा लिएको छु । मेरो दृष्टि विवेक नपुगेको त्यस्तो ठाउँ कमजोरी छ भने त्यो देखाउने सञ्चारकर्मीलाई त मैले झन् पुरस्कृत गर्ने गरेको छ । अन्त कतै देख्नुभएको छ ? कडा आलोचना गर्नेलाई पुरस्कृत गरेको देख्नुभएको छ ? राम्रो संस्कार, सभ्य संस्कार, शिष्टताको विकास गर्नको लागि छाडा गाली गलोज, मानहानि, चरित्र हत्या गर्ने कामसम्म रोकेको हो ।

पत्रकार- 'साविकका शासकले कानूनतः पाएका सुविधा पनि तपाईंले किन लिनु भएन ?'

राष्ट्रनायक- सहि कुरो उठाउनुभयो । सबैलाई थाहा नहोला । विगतका शासकले यहीं शीतल निवासमा र वालुवाटारमा बसेर देशको सम्पत्तिमा आराम-दायक बास र भोजभतेर गर्थे तर मैले आर्मी क्याम्पमा पाक्ने सिपाहीको खाना उनीहरूसँगै बसेर खान्छु । उनीहरूसँगै उस्तै बिस्तारामा सुत्ने गर्नु । यो शीतल निवास त दिउँसो कार्यालय चलिरहँदा मात्र बस्ने गर्छु । मलाई खानलगाउन सरकारी पैसाले हुने भएपछि बढी तलब किन चाहियो ? यदि चाहियो भने आफ्नै निजी व्यवसाय छ । म पदको शान देखाउँदै, झन्डा हल्लाउँदै हिंड्न र सोही मुताबिकको सुविधा भोग्न यहाँ आएको होइन । अब यहाँ आउनेहरू पनि उच्च नैतिक संस्कार र सेवाको भावनाले ओतप्रोत भएको जनबललाई हार्न नसकेर मात्र यहाँ आउने छन् न कि रहर पूरा गर्न । अब यहाँ जो जति पदप्रति त्यागी देखिन्छन् उति नै शासक बन्न योग्य ठहरिनेछ । जसले इच्छा जाहेर गर्छ ऊ अयोग्य सावित हुने छ । सेवा मात्र गर्नुपर्ने भएकोले पाहिले जस्तो तँछाड-मछाडको अवस्था पनि देखिएको छैन । आश्चर्य लाग्छ कति छिटो नेपालका राजनीति कर्मीहरू त्यागी र नैतिकवान् भइसकेछन् । मन्त्री परिषद्मा मन्त्रीको आह्वान गर्दा पनि कसैले नाम दिन सक्नुभएको छैन । अब रिक्त रहेको पाँच मन्त्रालयमा कसलाई ल्याउने नागरिकलाई सोध्नेछौं । अत्याधिकले जसलाई सिफारिस गर्नुहुन्छ, वहाँहरूलाई पनि विषय विज्ञता मिल्छ मिल्दैन अन्य विषय माथि पनि विज्ञ राखेर छलफल गर्छौं अनि नियुक्ति गर्ने छौं वा भनौं वहाँहरूलाई मन्त्री बनिदिन आग्रह गर्ने छौं ।'

पत्रकार- 'अति आदर्शवादी बन्दा, सानो कुरामा पनि राजिनामा दिंदै हिंड्दा सेवा प्रवाहमा बाधा पुग्दैन राष्ट्रनायकज्यू ?'

राष्ट्रनायक- 'बाधा त हुन्छ नै तर नैतिकताको उच्च मूल्य र मान्यता स्थापित गर्नु छ । नयाँलें अवसर पाँउछन् । अर्को कुरा राष्ट्रलाई आवश्यक व्यक्तित्व हो भन्ने सबैलाई लाग्यो भने राजीनामा स्वीकृत नहुन पनि सक्छ तर

नागरिकको चाहनाअनुसार हिजैमात्र देख्नुभयो, धारामा धमिलो पानी आएको थाहा पाउने बित्तिकै खानेपानी मन्त्री रन्जना श्रेष्ठले राजीनामा दिनुभयो । त्यसैगरी एक हप्ता अगाडि कानून मन्त्री अर्जुन थापाले विदेशी जुत्ता लगाई आएकोले मन्त्रीपरिषद्मा भाग लिन पाउनुभएन साथै तुरुन्तै राजीनामा दिनुभयो । मैले सत्ता लिनुमा नै यही उद्देश्य थियो । यही मान्यता स्थापित गर्नुथियो । भइरहेको पनि छ । यो नैतिक मान्यता सम्पूर्ण नागरिकमा पनि विकास होस, म सत्ता तुरुन्तै प्रजातान्त्रिक पार्टीहरूलाई छोडिदिन्छु । यस्तो देशप्रेमी नैतिकवान् व्यक्ति तयार होस् जसले आफूले चाहेर पनि सरकार छाड्न नपाओस् । जन दबाव यस्तो होस् कि सत्ता छोड्न पाइँदैन अन्य व्यक्ति चाहिँदैन को नारा घन्कियोस् । अब यो देश भ्रस्टाचारी व्यभिचारी, अनाचारी, पदलोलुप, लोभीपापी, देशघाती, अर्काको इशारामा नाच्ने कठपुतलीबाट मुक्त भइसक्यो । देश आत्मनिर्भर भइसक्यो । कसैको दयामा बाँच्नुपर्ने अवस्थालाई पार गरिसक्यौं । अबको हाम्रो लक्ष्य निर्याततिर हो र त्यो सुरु भइसकेको छ । आयात कम निर्यात बढी त गत आर्थिक वर्षको तथ्याङ्कले पनि देखाइसकेको छ । दश वर्षलाई पुग्ने विदेशी मुद्रा सञ्चित भइसक्यो । हाम्रो आयात घटेकोले विदेशी मुद्रा सञ्चिति बढेको हो । तपाईंलाई यो जानकारी गराऊँ कि भोलि बस्ने मन्त्री परिषद् बैठकले केही महत्त्वपूर्ण निर्णय गर्दै छ ।

पत्रकार- 'केही भन्न मिल्छ ?'

राष्ट्रनायक- 'केही सङ्केत दिन्छु, पूर्वपश्चिम रेलको उद्घाटन गरिसकेपछि हाम्रो वैठक बस्नेछ । साथै त्यसमा यात्रा गर्ने नेपालीलाई अत्यन्तै न्यून मूल्यको टिकट राख्ने छौं र बच्चा, वृद्ध अपाङ्ग, असक्त अनि आर्थिक रूपमा कमजोर नागरिकलाई निशुल्क यात्राको सुविधा पनि मिल्नेछ । यो मात्र होइन अबदेखि नागरिकले शिक्षाको नाममा, स्वास्थ्यको नाममा एक पैसा पनि खर्च गर्नुपर्ने छैन । जेष्ठ नागरिक भएपछि सरकारले नै सम्पूर्ण सेवा सुविधा दिएर हेरचाहसहित पालन पोषण गर्नेछ । रोजगारको त के कुरा गर्नु कसैलाई फाल्टु बस्न परेको छैन । कामै गर्न नचाहने बसे होलान् । हिजो मात्र एउटा रिपोर्ट आएको थियो कृषि फार्ममा विज्ञापन खोल्दा चाहिने जति भन्दा आधा मात्र आवेदन परे अरे ! त्यस्तै रिपोर्ट आएको थियो औद्योगिक क्षेत्रबाट पनि । सम्पूर्ण उद्योग कारखाना आफ्नो पूर्ण क्षमतामा चलिरहँदा मजदुरको माग पनि अत्याधिक हुँदो रहेछ । जुन पुग्न सकेको छैन । यो एउटा सुखद क्षण हो, कोही नागरिक बेरोजगार बस्नु परेन । केही समस्या पनि भयो, नपुग जनशक्ति कहाँबाट आपूर्ति गर्ने भनेर । ल पत्रकार भाइहरू आजलाई यति नै गरौं । धेरै महत्त्वपूर्ण निर्णयहरू गर्नु छ । यसैमा समय खेर नफालौं, फेरि भेटौंला धन्यवाद ।'

मन्त्रीपरिषद्को वैठक बस्दै

राष्ट्रनायकबाट वैठकको एजेण्डा माग गरियो । सञ्चार मन्त्री तथा सरकारको प्रवक्ता माधवी राईले वैठकको एजेण्डा प्रस्तुत गर्दै भनिन्- 'राष्ट्रनायकज्यू आजको

वैठकको मूख्य एजेण्डा राजीनामा सम्बन्धमा छ । पाँच जना मन्त्रीहरूले नैतिकताको आधारमा राजिनामा दिनुभएको छ । नागरिकबाट, मिडियाबाट त्यस्तो कुनै आपत्ति जनाइएको छैन । सोझै वहाँहरू संलग्न हुनु भएको पनि छैन तर पनि राष्ट्रनायकको चाहना उच्च नैतिक मूल्य मान्यता कायम गराउने जुन अभिष्ट छ, त्यसैका निम्ति वहाँहरूको राजिनामा आएको छ । वहाँहरू स्वयं पनि भन्ने गर्नुहुन्छ । उच्च नैतिकताको भट्टीमा खारिएर आएको मान्छे सधैंलाई योग्य हुन्छ । जति चोटि राजीनामा दिन पाइन्छ उति नै आफ्नो कद बढ्ने हो । कुर्सीमा पुग्दैमा कोही ठूलो हुन सक्दैन ।

राजीनामा दिने मन्त्रीहरूमा हुनुहुन्छ

१. अर्थमन्त्री डा. प्रधुम्न श्रेष्ठ

२. सामान्य प्रशासन मन्त्री जगजीवन चौधरी

३. जलश्रोत मन्त्री मान्यता बुढाथोकी

४. खानेपानी मन्त्री मन्जिला नेपाली

५. उर्जा मन्त्री बलराम रूपाखेती

मैले सबैको राजिनामा पढेको छु तर यहाँ उपस्थित अन्य मन्त्रीज्यूहरूलाई अवगत नहोला । त्यसैले पालैपालो राजिनामा दिनुपर्नाको कारण खुलेरै भनिदिनुहोला । पहिला अर्थमन्त्रीले भनिदिनुस् त ।

'यो बोल्ने अवसरका लागि हार्दिक आभार राष्ट्रनायकज्यू । मैले राजिनामा दिनुको तात्पर्य अरू केही होइन । एउटा भन्सार विभागको कर्मचारीले कार्य सम्पादन गर्दा वास्तविक मूल्यभन्दा कम मूल्य कायम गरेको खुल्न आएकोले निजलाई तत्कालै कारवाही गरी नयाँ नियुक्ति गरियो तर मेरो मातहतको विभागमा मैले जति सुशासनको प्रयास गर्दा पनि अझै कता कतै त्यस्तो गैर जिम्मेवार पूर्ण काम भइरहेको पाइएपछि मैले आफूलाई असक्षम महसुस गरी राजिनामा दिएँ । देशमा अन्य मभन्दा पनि सक्षम हजारौं हुनुहुन्छ । सक्षम व्यक्तिलाई बाहिर राखेर म बसिरहन मेरो नैतिक आचारणले दिएन, त्यसकारण राजिनामा दिएको हुँ राष्ट्रनायकज्यू ।

'ठीक छ तपाईं बस्नुहोस् । जलश्रोत मन्त्रीले आफ्नो भनाइ राख्नुहोस्' हार्दिक धन्यवाद राष्ट्रनायकज्यू । मेरो हकमा के भएको हो भने चमेना गृहमा एक्लै खाजा खान लाग्दा कुनै ठुलै ठेकेदार कम्पनीका एजेन्ट एक्कासी म कहाँ आई आफ्नो फाइल अगाडि बढाउन आग्रह गरेको त्यस वापत ............ भन्दै कुरा रोकें । मैले आशय बुझिहालें अनि उनलाई त्यहाँबाट गइहाल्न र आफूबाट त्यस्तो हुनै नसक्ने जानकारी गराई पठाएको थिएँ तर त्यस्तो अपवित्र कामबारे अनैतिक कुरा सुन्न परेकोले म अब यस पदमा नबस्ने मनसाय गरी राजिनामा दिएको हुँ राष्ट्रनायकज्यू ।'

राष्ट्रनायक- 'यसमा तपाईंको के दोष ?'

'दोष होला नहोला राष्ट्रनायकज्यू, मेरो आजसम्मको छविमा यस्तै मान्छेले दाग लाग्ने सम्भावना भयो । आफ्नो छविमा दाग लाग्यो भने सधैँलाई अयोग्य भइन्छ । स्वच्छै रहे आवश्यकता परे फेरि पनि आउन सकियो । प्रमाणित हुन नसके पनि हल्लैहल्लाको भरमा पनि बदनाम भइन्छ ।'

'ल ठीक छ, तपाईं बस्नुहोस्, अब खाने पानी मन्त्रीले आफ्नो धारणा राख्नुस् । बोल्दा कुनै सम्बोधन नगर्दा हुन्छ ।'

'हार्दिक धन्यवाद राष्ट्रनायकज्यू', राष्ट्रनायकसहित सबै मन्त्रीहरू गलल्ल हाँस्छन् । दुई मिनेट हाँसो चलेपछि खानेपानी मन्त्रीज्यू बोल्नुहुन्छ- 'सम्बोधन गर्ने बानी परेकोले दोहोराइएछ । अब म आफ्नो भनाइ राख्छु । मेरो राजिनामा आउनुको कारण यहाँ उपस्थित सम्पूर्ण मन्त्रीगणलाई अवगत होला । विगत तीन दिनदेखि खानेपानी आपुर्ती सप्लाई हुन नसकी पानीको हाहाकार भएको देख्दादेख्दै म कसरी पदमा बसिरहन सक्छु राष्ट्रनायकज्यू, मेरो असक्षमता उजागर भयो । हुन त सडक विभागले बाटो खन्ने क्रममा पाइप फुटाएको हो । तैपनि दुई विभागको समन्वय हुन नसकेरे यस्तो हुन गयो । यसमा म जिम्मेवार छु । यस्तो भवितव्य हुन सक्ला भनेर पूर्वानुमान लगाउन नसक्नु मेरो ठूलो कमजोरी हुन पुग्यो । त्यसैले मेरो राजिनामा स्वीकृत गरियोस् राष्ट्रनायकज्यू ।'

'ल तपाईं बस्नुहोस्, अब सामान्य प्रशासन मन्त्रीले आफ्नो धारण राख्नुहोस् ।'

'विना सम्बोधन बोल्न अनुमति पाएपछि मैले आफ्नो प्रष्टिकरण सिधैं राख्न चाहें । मेरो राजिनामाको कारण कर्मचारी सरुवा बढुवा गर्ने क्रममा भर्खर मात्र बढुवा सिफारिस गरिएको कर्मचारीलाई आर्थिक उपचलन गरेको आशङ्कामा अख्तियार दुरुप्रयोग अनुसन्धान आयोगले सोधपुछको लागि बोलाएकोले मैले राजिनामा दिएको हुँ यद्यपि प्रमाणित हुन बाँकी छ । निर्दोष सावित हुन सक्लान् तर आरोप त लागिसक्यो । हावा नचली पात हल्लिँदैन भन्ने हाम्रो उखान छ, मान्यता छ । यसैको आधारमा पनि मेले दोषी देखें आफैलाई । भोलि दोषी ठहरिए मेरो कार्य क्षमतामा ठूलो प्रश्न उठ्न सक्छ । त्यसैले भोलि जे होला मैले आज सिफारिस गरेको व्यक्ति आशङ्कमा परिसकेपछि मैले उच्च नैतिकताको आधारमा राजिनामा दिएको हुँ ।'

'तपाईंहरू मेरो नजरमा निर्दोष जस्तै भए पनि नागरिकको विश्वास र देशप्रतिको वफादारिताको भट्टीमा खारिएर पुनः योग्य भई आउनुपर्ने भएकोले तपाईंहरूको राजिनामा स्वीकृत गरें । यसै वैठकबाट योग्य व्यक्तिलाई यिनै मन्त्रालय सम्हाल्न आइदिनुहुन आह्वान गर्दछु । साथै आजको बैठक यही समाप्त भएको जानकारी गराउँदछु ।'

करिब एक हप्ता समयसीमा तोकिएको थियो । मन्त्री छनोटको लागि नयाँ संविधानमा मन्त्री हुनलाई सांसद हुनु नै पर्दैन थियो तर लब्ध प्रतिस्ठित, सारा समाजले, राज्यले पत्याएको चाहिँ हुनुपर्ने थियो । कतै दाग नलाएको, उच्च

नैतिक आचारण भएको, अब्बल क्षमता तथा देश र नागरिकप्रति वफादार मात्र मन्त्री हुन योग्य हुन्छन् । मन्त्रीको सुविधा पहिलाको जस्तो छैन । मन्त्री हुनु भनेको नागरिक सेवक हो भन्ने मान्यता स्थापित भइसकेको छ । कोही पनि मन्त्री खानलाई लुछाचुँडी गर्दैनन् । यस माथि कार्य सम्पादन गरिरहँदा आफूले गल्ती नगरे पनि अरूबाट गरिएको गल्तीमा पनि आफू तानिने जोखिम उत्तिकै छ । आजकल मन्त्री भइदिनुस् भनेर मनाउन हम्मे हम्मे पर्छ राष्ट्रनायकलाई । मन्त्री हुँदा समाजमा भएको अलिकति राम्रो छवि पनि धुमिल हुने डरले कोही मन्त्री हुन चाहन्नन् । सबै सरकार अनि नागरिकको दबावपछि मात्र मन्त्री हुन राजी हुन्छन् ।

प्रबुद्धवर्ग तथा विज्ञहरूबाट दर्जनौ नाम सिफारिस भएर आए पनि सजिलै मन्त्रीपद नस्वीकार्दा मन्त्रालय रित्तै भएपछि रास्ट्रप्रमुखले देशको नागरिकको कर्तव्यबारे अवगत गराउँदै भने । परिआए, नागरिक देशको सीमा रक्षार्थ लड्न मर्न तयार हुनुपर्दछ भने मन्त्रीजस्तो उच्च ओहोदामा बसी देशको सेवा गर्नु पनि कर्तव्य हुन आउँछ । त्यो कर्तव्य जो कोही योग्य नागरिकले स्वीकार गर्नै पर्छ भन्ने राष्ट्र नायकको दबाव, नागरिक र मिडियाको दबावपछि मन्त्री बन्न तयार भए ।

केही वर्ष पहिला यही पद नपाएर कति पार्टी फुटे । कति गुट उपगुट जन्माई पार्टी नेतालाई दबाव धम्की दिन्थे, कति तानातान हुन्थ्यो मन्त्री पद पाउन । यी आँखाले अहिले यस्तो पनि देख्नुपरेको छ भन्थे नागरिकले ।

केन्द्रमा राष्ट्रनायकले देशलाई सही ट्रयाकमा ल्याई भ्रस्टचार मुक्त, सबल, सक्षम, वास्तविक रूपमा सार्वभौम सम्पन्न स्वाभिमानी आत्मनिर्भर भएको मुलुक बनाएका थिए भने जनस्तरमा हेर्दा समग्रमा माथिकै संस्कारयुक्त प्रभाव परेको थियो । स्थानीय निकायमा पनि वार्ड अध्यक्ष बन्न पहिलेजस्तो हानथाप लुछाचुँडी हुन छाडेको थियो । आखिर प्रभाव त माथिकै पर्दो रहेछ । स्थानीय तहमा पनि वार्ड अध्यक्ष खोज्दै हिँड्नुपर्ने अवस्था आइसकेका थियो । अझ त्यसमा पनि प्रतापगञ्जको स्थिाति झन् सुसंकृत, सभ्य, शालीन थियो । त्यो सबै प्रज्ञा शर्माको योगदान थियो । अब फेरि प्रतापगञ्ज र प्रज्ञाका गतिविधि नजर फर्काऔं ।

००

प्रज्ञा आज त अलग पोशकमा पो हिँडिरहेकी छन् त कस्तो अचम्म ! रातो टिशर्ट र स्काइ ब्लु जीन्स पाइन्टमा देखिने प्रज्ञा आज नीलो कुर्ता सुरूवालमा देखिएकी थिइन् । हातको झोलामा फलफुल, अगरबत्ती पनि छ सायद पूजामा हुनुपर्दछ । निमान्त्रणा गर्ने आयोजकले पनि प्रज्ञाको साटो अन्य सदस्य आए हुन्थ्यो भन्थे मनमनले । प्रज्ञाले भड्किलो प्रदर्शन गरेको मन पराउन्नथिन् । केही न केही प्वाक्क भनिहाल्छिन् । फजुल खर्च देखेपछि उनको सुरिलो चुच्चो नाक पनि खुम्चेर डल्लो हुन्छ । पूजा आजामा गएर थोरै फूल प्रसाद

पञ्चगव्य खाने हाम्रो परम्परा प्रज्ञालाई थाहा छ तर अहिले त बिहे भोजमा गएर टन्न खान पाइन्छ, खुवाउँछन् । यो सब खर्च पर्दशन प्रज्ञालाई पच्दै पच्दैन तर सजिलै पच्छ प्लेटभरिको पुरी खीर । 'यसरी गरिने बढी खर्च बचाएर एउटा पीडितलाई दिएर उसको उज्यालिएको अनुहार हेर्दा कम्ता सन्तुस्टि मिल्छ ।' प्रज्ञा यही भन्छिन् बारम्बार ।

आज डिल्लीनारायणका घरमा गएर पनि यही कुरो गर्छे छोरीले भनेर प्रज्ञाका बाआमा आफै आउन नखोजेका पनि होइनन् तर असक्त भएपछि प्रज्ञालाई पठाए ।

कुनै कार्यालय जाँदा अव्यवस्थित र अमिल्दो व्यवस्थापन देखेपछि कसैलाई केही नभनी आफै गएर मिलाई च्याट्ट व्यवस्थित गरी दिन्छिन् । यसले गर्दा उनीहरूलाई लज्जाबोध हुन्छ । त्यही भएर प्रज्ञालाई परै देखे पनि सतर्क हुन्छन् । कोही एउटाले देखे ऊ प्रज्ञा भनेर सबैलाई सजक बनाउँदछन् ।

आफूमा निहित ज्ञान विवेक, ऊर्जा निजी स्वार्थमा मात्र प्रयोग गर्न हुँदैन । थोरै भए पनि समाज कल्याण हेतु प्रयोग गरिनुपर्छ भन्ने मान्यता छ प्रज्ञाको । आफ्नो घरको प्रतिकुलता छलेर, छिमेकको छड्के नजर सबै सहेर उनी अघि बढिरहन्छिन्, परिणाम राम्रो देख्दाख्दै पनि अपजसको भारी बोकाउने समाजसँग पौठेजोरी खेल्दै मैले गर्दा केही त होला, परिवर्तन होला, सुधार होला भनेर लागि रहन्छिन प्रज्ञा । सबैको भलो गर्दै छु भन्दाभन्दै पनि एक दिन ठुलै अपजसको भारी बोक्न पऱ्यो प्रज्ञालाई । प्रज्ञाले तास खेलेर बसेको सेतेलाई करबल गरी उद्योगमा पठाएको त हात खुट्टा भाँचेर घाइते भएछ । केही ठाउँ पाएपछि सुषुप्त अवस्था रहेका डाह, रिस, कुण्ठा सबै उर्लेर आए सतहमा कतिपयलाई उनको कामले चित्त बुझेको थिएन । श्रीमतीको कमाइमा जाँड खाएर हल्लिनेलाई चित्त बुझ्ने कुरा पनि त थिएन । न त चित्त बुझेको थियो श्रीमान्को कमाइमा दिनभर गफ चुट्दै घाम तापेर दिन बिताउने श्रीमतीहरूलाई । न त चित्त बुझेको थियो दिनभरि तास खेलेर समय खेर फाल्नेहरूलाई । न त चित्त बुझेको थियो दिनरात मोबाइलमा घोप्टिनेहरूलाई । यहाँसम्म कि मोबाइलामा चौबिसै घन्टा टाँसिने केटाकेटीको नजरमा पनि प्रज्ञा कसिङ्गर थिइन् ।

सेतेलाई प्रज्ञाको घरमा ल्याएर छोडिएको थियो । उद्योगले भन्थ्यो- कम्पनी बाहिर भएको दुर्घटनाको जिम्मेवार कम्पनी हुन सक्दैन । प्रज्ञाका घरमा बुवा आमा सबैभन्दा बढी आक्रोशित थिए । प्रज्ञाका बुवा प्रज्वलले बारम्बार छोरीतिर हेर्दै भन्थे- 'छोरी तिमीलाई हामीले भनिरहेकै थियौँ, बढी चासो नलिऊ समाजले नमागेको कुरा किन जान्ने भएर अग्रसरता लिन्छ्यौ ? देख्यौ नि त्यसको फल ?'

टन्न मान्छेका बीच आक्रोशको पहिलो प्रहार बाबुबाटै पाइन् प्रज्ञाले । त्यसपछि थपिइन् आमा- 'मैले पनि पटक पटक भने खुरुखुरु पिएचडीको तयारी गर भनेर मान्ने होइनौ ।'

छिमेकीले भन्न भ्याए- 'खुरुखुरु आफ्नो काम गरे हुन्छ प्रज्ञा नानी। यी बिग्रे भट्केकालाई बनाउँछु भन्नु त आफ्नो समय मात्र खेर फाल्नु हो।'

अर्का छिमेकीले भन्न भ्याए- 'नमागेको सल्लाह नदिएकै राम्रो' कर्नेले मौका छोपिहाल्यो- 'कहिलेकाहीँ यसो रमाइलो गरौँ भने पनि पाइन्न यार।'

साहिँलीले पनि मेसो पारिहाली- 'कहिलेकाहीँ दिदीबहिनी बसेर दुःखसुखका गफ गरौँ भने पनि प्रज्ञा नानीसँग डर लाग्छ।'

जन प्रतिनिधिले भन्न भ्याए- 'नानी पढ्ने उमेर अझ बाँकी छ, त्यतैतिर लाग। समाजसेवा गर्न अहिलेलाई हामी पनि छौँ, नानीले अलि पछि गरे पनि समय छ'। उद्योग तथा फर्म सञ्चालकले पनि कमजोर ठाउँ भेटाएपछि मौकाको फाइदा लिन खोज्दै भने- 'हामी आफ्नै तनावमा हुन्छौँ प्रज्ञा नानीले काम लगाइदिनु भनेर दिनहुँ सिफारिस लिएर आउनुहुन्छ। नमानौँ भने भोलि फेरि वहाँलाई मान्छे खोजिदिनु भन्नुपर्छ, मानौँ भने खाली नभएको अवस्था पनि हुन्छ। जसोतसो मिलाइ दिनुपर्छ।'

एक युवकले भन्यो- 'यत्तिको मान्छे त मन्त्रीपद खान जानु पर्छ नि। किन अल्झिरहेको होला यहाँ। राष्ट्रनायकले मन्त्री नपाएर रोइरहेका छन्।'

एकछिन कोही बोल्ने छाँट नदेखेपछि प्रज्ञाले चारैतिर हेरिन् अनि एकछिन फेरि पनि पर्खिन त्यसपछि कोही नबोलेपछि प्रज्ञा बोल्न थालिन्- 'अरू कोही हुनुहुन्छ बोल्न बाँकी ? म अझ एकछिन पर्खिन्छु। कोही हुनुहुन्छ भने भन्नुहोस्। सबैले आफ्नो विचार राख्न पाइन्छ। सबैको सकिएपछि म बोलौँला।' फेरि पनि पाँच मिनेट पर्खदा कसैले बोल्ने तत्परता नदेखाएपछि प्रज्ञा उठेर बोल्न थालिन्- 'अब म बालौँ ? अनुमति पाउँछु ? पाउन्नस् भन्नुहुन्छ भने बोल्दिन हैं ?'

'पाइन्छ, पाइन्छ किन नपाउँनु ? अरू बोल्ने तपाईं नबोल्ने भन्ने हुन्छ र ? वाक्स्वतन्त्रता सबैलाई बराबर छ।' मस्तिष्क

त्यही समाजले विरोध पनि गर्छ, समर्थन पनि गर्छ। 'उपस्थित सम्पूर्ण दाजुभाई, दिदी बहिनी तथा आमा बुवाहरू सबै मान्यजनप्रति हार्दिक नमन गर्दछु। मेरो कारणबाट यहाँहरू सबैलाई कष्ट भयो। त्यसको लागि क्षमा चहान्छु। अवश्य पनि दिनुहुने छ। म पनि मान्छे हुँ। गल्ती मान्छेबाट नै हुन्छ। त्यसमा पनि भर्खर जिन्दगीको सुरुआती चरणमा वा भनौँ काँचो उमेरमा छु। कहिलेकाहीँ गल्ती हुन सक्छन् तर जे जति गल्ती भए होलान् नियतवश र जानाजान गरिएको छैन। पहिलो कुरा त मेरो विवेकले स्वीकार्न सकेको छैन किनकि मैले मेरो स्वार्थका लागि गरेको देख्नुभएको छ र ? तपाईंहरूलाई काममा पठाएर मैले पैसा बुझेकी छु र ? पैसा तपाईंहरूलाई नै भएको थियो। कुनै कमाई मैले बुझे पनि राम्रो ठाउँमा लगानी गरिदिएकी छु। त्यसको प्रतिफल प्रतिवर्ष बोनस खाइरहनु भएकै छ।'

सेते करायो- 'यो मेरो दशा कसका कारणले भयो ? अब कसले गर्छ उपचार ? तासै त खेलेको थिएँ, मान्छे मार्न लागेको थिएन नि !

'ल ल दाइ तपाईं ठीक हुनुहुन्छ । यसमा मेरो गल्ती भयो यसको उपचार पनि मै गरौँला । तपाईंसँग माफ पनि माग्छु । तपाईंलाई मैले नपठाएको भए तपाईंको यस्तो अवस्था हुने थिएन तर दुईटा कुराको जवाफ दिनुस् है त ? पहिलेको कुरा तपाईंले कमाएको पैसा कसका लागि खर्च गर्नुभयो ? अर्को कुरा पैसा बुझेर रक्सी खाएर उद्योग बाहिर बाटोमा नालीमा लड्दै हिँड्नुभयो । त्यसको दोष मैले पनि लिएँ । मैले त पैसा कमाएर घर जानुहुन्छ होला भनेर पठाएको हो रक्सी खान होइन । पैसा दिने रोजगार कम्पनीको पनि दोष भयो ? दोष अरूको होस नहोस् तर पूर्ण जिम्मेवारी मैले लिन्छु । अब एकैछिनपछि हस्पिटल जाउँला । बाँकी दाजुभाइ दिदी बहिनीको पनि जवाफ दिने प्रयास गर्नेछु । सर्वप्रथम बाबालाई नै सोध्न चाहन्छु । हजुरले पनि समाजसेवा गर्नुभएको होइन ? कति पटक निजी काम छोडेर, आफ्नो आर्थिक नोक्सानी व्यहोरेर पनि समाजको लागि भनेर लागि पर्नुभयो । त्यसको बदलामा प्रशस्तै अपजस खेपेको मैले पनि देखेकी छु । आखिर छोड्नु भएन त । हजुरकै रगत अलि अलि गुण ममा पनि सरेछ ।

सुरेन्द्र दाइले भन्नुभयो- समाज जस्तो छ त्यस्तै छोडिदिनु भनेर । के यो ठीक होला र ? कसैले केही पहल नगरे कसरी समाज अगाडि बढ्छ ? कोही न कोही त निस्कनै पर्छ । निरिहता निष्क्रियता पलायनवादी विचार म सहनै सक्दिनँ जो सुकैबाट भएको होस् ।

मैले सबैलाई राम्रै बाटो देखाएकी छु । आफूलाई खर्च गर्नु पर्ने पैसा आफै कमाए राम्रो हुन्छ भनेकी हुँ । दिदी बहिनीले सुखदुःखका कुरा गर्न पाइएन भन्नुभयो । मैले तपाईंहरूका कुरा सुनिरहँदा कसैको दुःख पीडाबारे बोलेको सुनेको थिइनँ । बरु त्यति बेला उपस्थित नभएका अन्य दिदीबहिनीहरूको कुरा काटेको सुनेकी छु । त्यो पनि सानातिना विषयमा, सामान्य ऐँचोपैँचोका ।

वार्ड अध्यक्षले भन्नुभयो- हामी पनि छौं तिमीले गर्ने बेला भएको छैन भन्ने आशयका कुरा गर्नुभयो । के समाजसेवा जति धेरैले गऱ्यो उति राम्रो होइन र ? समाज एकलकाटे बन्दै गएको छ । मोबाइलले गर्दा मान्छे एकातिर एक्लिँदै गएको छ अर्कोतिर निस्क्रिय र अल्छी भएको छ, स्वास्थ्य बिगारेको छ, धन खर्च गरेको छ । यस्तो बेलामा मेरो पनि केही योगदान होस् भन्ने चाहन्थे । एकजना साथीले भन्नुभयो- मन्त्री बन्न जा, मन्त्री बन्न पनि विशेष क्षमता चाहिन्छ । देशै हाँक्ने हो । देश हाँक्न इच्छा राख्नेले झन् समाजमा भिजेको, समाजले स्वीकारेको चाहिएन ? सबैको मन मस्तिष्कमा बसेको हुनुपर्ला । सबैको मनमा बस्न समाजमा काम गर्न सक्नुपऱ्यो । मलाई आज आशंका लागि रहेछ यो भेला कसले केका लागि आयोजना गऱ्यो ? आजको यो अवस्थाले

लोकप्रिय होइन अलोक प्रिय भई नै रहेछ तर थोरै कसैलाई चित्त नबुझेकोले यो सबै भइरहेको छ । मेरो ब्रह्मले, मेरो विवेकले त समाजलाई फाइदै भएको देख्छ ।

तास खेल्ने दाजुभाइहरू जसले समय खेर फालेर तास खेल्नुहुन्छ, वहाँहरूलाइ मेरो काम मन परेन । तपाईंहरूले नै भनिदिनुहोस् न । पैसा कमाउनु राम्रो कि थपक्क बसेर तास खेल्नु ? यहाँ उपस्थित सबैलाई के भन्छु भने मैले मेरो अभियान छोड्ने वाला छैन । म यति छिटै गल्ने वाला र ढल्ने वाला केटी होइन । अहिले समाजले नबुझे पनि पछि बुझ्नेछ । बुझ्ने पनि मैले नै बनाउँछु । तपाईंहरूले मन नपराए पनि फेरि एउटा सूचना भनिहाल्छु । पर्सि प्रतापगञ्जको बल्क नम्बर ५ मा सबैजना आउनुहोला । त्यहाँ तपाईंहरूलाई फाइदैफाइदा हुने कार्यक्रम मैले नै समन्वय गरेर केन्द्रबाट ल्याएकी छु । आजसम्म तपाईंहरू खुसी नभए पनि त्यसपछि हुनुहोला, जसरी भए पनि आउनुहोला ।

बच्चालाई दूध जस्तो आवश्यक चीज त नखाइदिएर कोच्चाउनुपर्छ । समाज पनि त्यस्तै हो । राम्रो हो भन्ने थाहा हुँदाहुँदै पनि अग्रसरता नलिने । आउनुहोला प्रज्ञाले तपाईंहरूलाई तीतो औषधी खुवाउँदै छ तर त्यसले तपाईहरूलाई दीर्घकाल हित गर्छ ।

ल मेरो भन्नु यत्ति हो । मलाई आफूले जानेको सकेको कुरा समाजलाई दिन श्रद्धेय मेरा आमा बुवासँग अनुमति माग्छु । साथै मेरातर्फबाट राख्नुपर्ने कुरा राखिसकेँ । अरू महानुभावहरूलाई केही भन्नु छ भने भन्नुहोस् नत्र भने आजको यस अनौपचारिक भेलालाई यहीँ समाप्त गरौँ । मलाई सेते दाइलाई लिएर अस्पताल पनि जानु छ ।'

प्रज्ञाले सबैलाई हाँसेर बिदा गरिन् । रिसाए पनि उनको मुख हँसिलो जस्तो देखिन्छ । उनको कृत्रिम हाँसो पनि वास्तविक जस्तो लाग्छ । सबैलाई घर जान हतार भइरहेको थियो, कोही बोल्न खोजेनन् । जाऊँ जाऊँ घर भन्दै सबैले आ-आफ्नो गुँडतिर बाटो तताए ।

OO

शीतल निवास प्राङ्गण भरिभराउ छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पाहुनाहरूले आ-आफ्नो आसन ग्रहण गरिसकेका छन् । छापा तथा विद्युतीय सञ्चार कर्मीहरू ठूला स्टयाण्ड क्यामेरा लिएर झुम्मिएका छन् । प्रमुख निर्वाचन आयुक्त भर्खर सम्पन्न निर्वाचनको नतिजा घोषणा गर्न तमतयार छन् । कसैलाई थाहा छैन कुन पार्टीले बहुमत ल्याउने हो । पहिलेको निर्वाचन पद्धति र प्रक्रिया बेग्लै हुन्थ्यो । मतगणना थाल्दादेखि नै अग्रताको आधारमा कसले जित्छ भन्ने अनुमान लगाउन सक्थ्यौं तर विद्युतीय मेसिनबाट गरिएको मतदानमा मत परिणाम निर्वाचन आयोललाई मात्र थाहा छ र आयोगप्रति सबैलाई विश्वास छ । राजनीति संस्कार नै बदलिएको छ आजकाल ।

राष्ट्रनायकले राष्ट्रको नाममा छोटो सम्बोधन गरिसकेपछि परिणाम सार्वजनिक गर्ने र सतहत्तर जना सांसदलाई आजै सपथ ग्रहण गराउने कार्यक्रम छ । राष्ट्रनायकको ओहोदाबाट मैले सम्बोधन गर्दै भने- 'मेरा प्यारा देशवासी तपाई सबैलाइै धन्यवादसहित हार्दिक नमन गर्न चाहन्छु । विगत पाँच वर्षदेखि आजसम्म पूर्ण सहयोग र समर्थन गर्नुभयो यसको लागि फेरि पनि धन्यवाद दिन्छु ।

विगत पाँच वर्ष यताका भौतिक तथा नैतिक र आचारणगत उल्लेखनीय विकास भएको यहाँहरूलाई अवगतै छ । देश पूर्ण रूपमा आत्मनिर्भर भईकन पनि निर्यात गर्ने ल्याकतमा पुगिसक्यो । देशमा सुशासन कायम भएको छ । सरकारका उच्च पदमा लुछाचुँडी तिक्डमबाजी बन्द भएको छ । भ्रष्टाचार शून्य छ । बाह्य हस्तक्षेप पूर्णरूमा बन्द भइसकेको छ । राजनैतिक स्थिरता कायम भएको छ । बाहिरबाट कसैले कसैलाई सिफरिस गऱ्यो भने स्वतः अयोग्य साबित हुन्छ । त्यसैले कसैले कसैलाई सिफरिस गर्ने कुरा इतिहास भइसक्यो । मैले जे जति गरें गरिनँ मूल्याङ्कन तपाईंहरूको हातमा छ । औपचारिक रूपमा मैले पनि आजैदेखि राष्ट्रनायकको पदबाट बिदा लिँदै छु । अब आउने सरकारले चलिरहेको देशको यो लयलाई कायम राखोस् भन्ने शुभकामना छ ।

तल प्राङ्गणबाट ठूलो स्वरमा हुटिङ्ग भइरहेको थियो ।

'सत्ता छोड्न पाइँदैन, पाइँदैन पाइँदैन

अर्को सरकार चाहिँदैन, चाहिँदैन चाहिँदैन ।'

लगातार नारा घन्किरहेकोले बोल्न मिलेन । यहीँ पाइँदैन पाइँदैनको आवाज सुन्दासुन्दै झल्यास्स ब्यूँझिएछु । बाहिर सडकमा रित्तो ट्र्याक्टर ढ्याङ्र्याङ ढ्याङ्र्याङको आवाजमा दौडिरहेको रहेछ । बिहानी पख, आँखा खोली हेर्दा साविकका उही बिस्तरा उही घर, उही समाज अनि उही लथालिङ्ग देश । जागिसकेपछि पनि त्यो राष्ट्रनायकको शानको ह्याङ्गओभरले छोडेको थिएन । अघि जगाउने ट्र्याक्टरको आवाज अझै पनि आउँदै थियो । त्यसको आवाज पनि कति मीठो ! सत्ताबाट झर्न पर्दैन पर्दैन पर्दैन । कस्तो मीठो सपना ! यस्तै सपना विपना भइदिए................................ ?

ä ã

पुछारको पातो

# आख्यान संरचनाका सापेक्षतामा लघुउपन्यासको रचनाविधान

डा. रमेश शुभेच्छु

### १. विषयपरिचय

लघुउपन्यास उपन्यासको लघु संरचना हो । यसलाई आख्यानात्मक विधा उपविधाहरूमा बृहत् र लघु संरचनाका उपविधामध्ये मभ्रौलो आख्यानात्मक उपविधाका रूपमा चिनाउन सकिन्छ । आधुनिक आख्यानले लघुकथा, कथा र उपन्यासका तीन उपविधा प्रस्ट विकास गरिसकेको छ । यी तीनवटा उपविधामा अनेक सिर्जना अभ्यास भइसकेका छन् । तिनमा बिस्तारै लामोकथा र लघुउपन्यासको पनि विकास हुँदै आएको देखिन्छ । लघुउपन्यास र लामोकथा उस्तै विधा जस्तो देखिए पनि यिनका बीचमा पनि अन्तर छ । यी सबै उपविधाहरूका सन्दर्भमा आख्यानले लघुकथा, कथा, लामोकथा, लघुउपन्यास र उपन्यास उपन्यासका साथै बृहत् उपन्यास विधाको विकास गरेको देखिन्छ । यी उपविधाहरूमध्ये यस समीक्षामा सारभूत रूपमा लघुउपन्यासको मात्र चर्चा गरिएको छ । यस समीक्षामा मूलतः आख्यानका उपविधाहरू के कसरी विकास भइराखेका छन् ? आख्यानका उपविधाका सापेक्षामा लघुउपन्यास कहाँ पर्छ ? लघुउपन्यासका प्रमुख विशेषताहरू के के हुन् ? लघुउपन्यासका प्रमुख तत्त्व के के हुन् ? भन्ने जिज्ञासालाई अगाडि सारी तिनै जिज्ञासाको सरसरती खोजी गरिएको छ ।

### २. बहुल आख्यानात्मक स्वरूपमा लघुउपन्यास

उपन्यास आधुनिक आख्यानको सर्वाधिक चर्चित विधा हो । यस विधालाई एक्काइसौँ शताब्दीका महाकाव्यका रूपमा पनि साहित्यशास्त्रीहरूले व्याख्या गरिरहेका छन् । यसको अर्थ उपन्यासले कविताका बृहत् उपविधा महाकाव्यका गुण पनि आफ्ना गर्भमा गर्भित गर्नुपर्छ वा गर्न सक्छ भन्ने हो । आजको विश्वबजारमा नाटक सिर्जना पनि कम हुन थालेको र चलचित्र सिर्जनामा कथाकै वा उपन्यासकै सिर्जनाको उपयोग हुन थालेको, पटकथा बनाएर नाटकका रूपमा आख्यानहरू नै प्रदर्शन हुन थालेको पनि नदेखिएको होइन । यस आधारमा उपन्यासले कवितात्मक र नाट्य बृहत् उपविधालाई पनि आफूमा गर्भित गर्न थालेको बोध हुन्छ । यसो हुँदाहुँदै पनि हरेक विधाका आफ्नै शास्त्रीय मूल्य मान्यता हुन्छन् र तिनका फरक फरक उपविधाहरू विकास भएका हुन्छन् । ती शास्त्रीय पक्षहरू विधामिश्रण र विधाभञ्जन वा विलयनका माध्यमबाट प्रकट भइरहेका छन् । यहाँ त्यस पक्षको पनि सङ्केत मात्र गरिएको छ ।

आजको विश्व साहित्यको समृद्धशाली परम्परालाई हेर्दा उपन्यास यसै किसिमका महान् विधाका विशेषतालाई गर्भित गर्दै अनेक प्रयोगशील स्वरूपमा सिर्जना भइरहेको विधा हो । यसका क्रमशः लघु, बृहत् र बृहत्तर आकारहरू विकास भइरहेका छन् ।

कविता काव्यमा मुक्तकदेखि कविता, लघुकाव्य, काव्य, महाकाव्य र वृहत्तर काव्यको विकास भए जस्तै आख्यानले पनि लघुतम, लघु, मझौला र बृहत एवम् बृहत्तर संरचना खोजिरहेको जस्तो देखिन्छ (शुभेच्छु, २०७९, पृ. २७)। यस सम्बन्धमा नेपाली साहित्यशास्त्री वासुदेव त्रिपाठीले केही तथ्य अगाडि सारेका छन् । त्रिपाठी (२०६६) का अनुसार कविताका विभिन्न विधागत रूपसँग आख्यानका विधा उपविधाको तुलना हुन सक्छ । उनकाअनुसार जीवनको सानोभन्दा सानो मझौला वा ठूलो प्रक्षेपलाई अँगालेअनुसार आख्यानका लघु, मध्यम र बृहत् रूप देखापर्छन् । यसको सूक्ष्म वर्गीकरणमा लघु र बृहत् रूप पर्छन् र ती सबै रूपलाई समग्र विभाजित गर्दा लघुतम, लघु, मध्यम, बृहत् र बृहत्तर रूप देखिन्छन् ( पृ. २१९) । त्रिपाठीले यस वर्गीकरणलाई अन्य विधासँगसँग पनि सन्तुलित तुलना गर्दै प्रस्तुत गरेका छन् । उनको त्यस प्रस्तुतिलाई थप बुँदामा प्रकाश पार्न सकिन्छ ।

**२.१ लघुतम रूप :**

आख्यानको लघुतम रूपअन्तर्गत त्रिपाठीकै शब्दमा नेपाली कथा परम्पराका पुराना आहान, हिजोका कुथुङ्ग्री, वा आजका लघुकथा पर्दछन् । त्रिपाठीले लघुकथालाई लघुलघुकथा र लघुतम कथाका रूपमा चिनाएका छन् । यसमा आजका छोटाकथा र चुट्किलाहरू पनि पर्दछन् । यी लघु आख्यानहरू कविता विधाका मुक्तक विधासँग समानान्तर छन् । त्यस्तै उपदृश्य स्तरका छोटाभन्दा छोटा नाट्य रूपहरूसँग पनि मिल्दाजुल्दा छन् (पृ.२२०) । यस दृष्टिले हेर्दा आजका लघुकथाभित्र हाम्रो समाजमा रहेका चुट्किला, कुथुङ्ग्री, मिनीकथाका सबै प्रकार्य समाहित हुन सक्छन् । यिनले एक क्षण वा कुनै एक घटनालाई सकेसम्म छोटोमा प्रस्तुत गरिरहेका हुन्छन् ।

आख्यानको लघुतम रूपलाई लोकाख्यानका लघुतम रूपसँग पनि तुलना गर्न सकिन्छ । नेपाली लोकसाहित्यशास्त्री मोतीलाल पराजुली (२०७१) का अनुसार लोककथाका पृष्ठभूमिमा बनेका उखानहरूमा झिनो कथा रूपको अभिव्यञ्जना पाइन्छ । उखानमा लोककथाका लघुतम रूपभित्र पर्दछन् । उखानको मर्मबोध गर्न र गराउन लोककथाको उपयोग गरिन्छ (पृ. २५) । 'भेडो काटी बेच्नु, त्यही पैसाले नुन किन्नू र त्यही भेडालाई नुन बोकाएर ल्याउनू', 'मुकुन्द सेनले राज्य हान्न जानेको तँ फुम्राले खीर खान नजानेको', घरै पिँडालु, वनै पिँडालु ससुराल गयो बाह्र हातको पिँडालु, जस्ता उखानका साथै ससाना चुट्किलाहरूमा यस्ता कथा निहित हुन्छन् । माथिका उखान बुझ्न र बुझाउन कथा भन्नुपर्ने हुन्छ भने चुट्किला आफैमा रमाइला छोटा कथा हुन् ।

**२.२ लघुरूप**

आख्यानको लघुरूप हामीले पढ्दै र लेखन अभ्यास गर्दै आएका कथाविधासँग मिल्दोजुल्दो छ । त्रिपाठीले यो रूपलाई हाम्रा दन्त्यकथा (लोककथा) र आधुनिक कथासँग मिल्दो रूप हो भनी चित्रण गरेका छन् । यसलाई उनले कविता क्षेत्रको फुटकर कविता र एकै दृश्यमा पूर्ण हुने अपेक्षाकृत लघु नाटकसँग पनि तुल्य स्वरूपका रूपमा चिनाएका छन् । यस आधारमा आख्यानको लघु रूप आधुनिक गुरुप्रसाद मैनाली, विश्वेश्वरप्रसाद कोइराला, भवानी भिक्षु, रमेश विकल, गोविन्दबहादुर मल्ल गोठाले, पारिजात, मनु ब्राजाकी, ऋषिराज बराल, भागीरथी श्रेष्ठ, माया ठकुरी, पद्मावती सिंह आदिका कथाकृतिमा देखिन्छ । यी स्रष्टाका कथाका आयाम लगभग बीस तीस मिनेटमा पढेर सकिने खालका छन् । भावनी भिक्षु, रमेश विकल, राजेन्द्र विमल आदिका कथामा

केही लामो रूप रहे पनि तिनमा लघु औपन्यासिक रूप भन्दा कथाकै लामो रूप मात्र देखिन्छ । ती रचनाहरू कथा हुन् र बरु लामा कथाहरू हुन् । लामो कथाका बारेमा भने सैद्धान्तिक विमर्श भएको छैन तर केही कथाहरूले यसको सैद्धान्तिकरण खोजिरहेका छन् ।

पछिल्लो समय देखा परेका हरि भट्टराईका सुसाइट नोट र शैक्षिक भ्रमण एवम् गोविन्द बहादुर कुँवरका निमिका जस्ता कथाको विश्लेषण गर्न लामो कथात्मक स्वरूपले मात्र भ्याउने देखिन्छ । गोविन्द गिरी प्रेरणाले लामोकथाकृतिको सङ्ग्रह नै प्रकाशन गरेका छन् । कृष्ण धरावासीको झोला, राजेन्द्र विमलको लङ्का काण्ड जस्ता कथाहरू यस किसिमका कथा हुन् । हाम्रा लोकपरम्परामा रहेका लोककथा र दन्त्यकथाहरूबाट आधुनिक कथाको लघुरूप विकास भएको हो । दन्त्यकथा र लोककथाहरू लोकाख्यानका लघु रूप हुन् । यिनको यिनलाई १० देखि २० मिनेटभित्र भनेर र सुनेर सकिन्छ । त्यस्तै ती कथाहरू पाँच सात पृष्ठमा लेखेर सकिने खालका हुन्छन् ( पराजुली, २०७१, पृ. २४) । नेपाली लोककथा परम्परामा रहेका धर्मात्मा राजा, वीर साहुको छोरो शूरबाहु, सुनकेसरी मैयाको कथा, सत्तलसिंह राजाको कथामा आधुनिक कथाको प्रारूप भेटिन्छ । ती कथा र आधुनिक कथाहरू आकार प्रकार र आश्वादनका दृष्टिले पनि समान जस्ता लाग्छन् । यस आधारमा आख्यानसाहित्यको लघुरूप लोकसाहित्यदेखि विकसित देखिन्छ ।

**२.३ मध्यम रूप**

आख्यानको मध्यम रूप लघुउपन्यासमा प्रकट हुन्छ । त्रिपाठीका अनुसार यो कविता फाँटको गाथा, खण्डकाव्य, लामोकविता आदि काव्यात्मक स्वरूपसँग समतुल्य हुन्छ । यस उपविधालाई एकाधिक दृश्यात्मक एकाङ्कीसँग तुलना गर्न सकिन्छ (२०६६, पृ. २०) । नेपाली साहित्य परम्परामा लैनसिंह बाङ्देलको *लङ्गडाको साथी* (२००८), गोविन्दबहादुर मल्ल गोठालेको *पल्लो घरको झ्याल* (२०१६) र *बालदलपारिको बस्ती* (२०५४), लक्ष्मीप्रसाद देवकोटाको *चम्पा* (२०२४) विश्लेश्वरप्रसाद कोइरालाको *मोदीआइन* (२०३६) राजेश्वर देवकोटाको *द्वन्द्वको अवसान* (२०४२), सरुभक्तको *चुली*, प्रदीप नेपालको *आमाको मन* (२०७३) आदि यसका उदाहरणहरू हुन् । यस्ता उपन्यासले जीवन जगत्का कुनै एक खण्ड मात्र नभई समग्रतालाई समेत समेट्न सकेको देखिन्छ ।

नेपाली लोकाख्यान परम्पराका दृष्टिले हेर्दा दुई चार घन्टा लगाएर सुनाउनुपर्ने र लेख्य रूपमा ७०-८० पृष्ठका कथाहरू यस उपविधामा पर्दछन् (पराजुली, २०७१, पृ. २८) । नेपाली लोकजीवनमा प्रचलित लालहीराको कथा, मधुमालतीको कथा, गुलबकावलीको कथा आदि यसका उदाहरण हुन् । पराजुलीका अनुसार कतिपय अवस्थामा दुई तीनवटा कथा जोडिँदै गएर अर्को एउटा मझौला कथा पनि बन्छ । त्यस्तै २०, ३० कथाको शृङ्खलाबाट पनि नयाँ कथा बन्छ । लोकजीवनमा प्रचलित तोतामैनाको कथा, बेताल पच्चीसी, बत्तीस पुतलीको कथाका साथै पञ्चतन्त्रका कथामा लोकआख्यानको मझौलो रूप फेला पर्छ । आधुनिक लघुउपन्यास र यस स्वरूपमा केही साम्य पक्ष फेलापर्छ । लघुउपन्यास र लामा कथासँग यी लोकसामग्रीको तुलनात्मक अध्ययन भने लोकासहित्यशास्त्री र कथाशास्त्रीहरूले पनि गरिरहेका छैनन् ।

**२.४ बृहत् रूप**

आख्यानको बृहत् रूप उपन्यास हो । त्रिपाठीका अनुसार यस आख्यानात्मक

उपविधालाई पहिले गद्यकावय, कथा आख्यायिका, गद्यमहाकाव्यका नामले पनि चिनाइएको थियो । यो कविताका फाँटको महाकाव्यसँग तुल्य उपविधा हो । यस विधालाई नाट्य क्षेत्रका पूर्णाङ्की नाटकसँग तुलना गर्न सकिन्छ (पृ. २२०) । नेपाली आख्यान परम्परामा उपन्यास भन्न सकिने त्यस्ता प्रमुख नमुना कृतिहरूमा लघुउपन्यास र बृहत् उपन्यास बीचका सबै उपन्यासहरू पर्दछन् । दैलत विक्रम विष्टका. भोक र भित्ताहरू, चपाइएका अनुहार आदि यसका नमुना हुन् ।

माथिका अन्य उपविधा जस्तै लोककथासँग तुलनात्मक रूपमा पनि हेर्न सकिन्छ । कतिपय लोककथाहरू एउटा अर्को गर्दै हजारौं कथाको एउटै शृङ्खला बनेका देखिन्छन् । ती शृङ्खलाको समापनसँगै सुरुमा भन्न लागेको कथा सकिन्छ । पराजुलीका अनुसार बृहत् रूपका लोककथाहरूमा वीरसिक्का, बहत्तरसुगाको कथा, पञ्चतन्त्र आदिलाई लिन सकिन्छ । यस्ता कथामा पचासदेखि १०० कथाहरू शृङ्खलित हुन्छन् (२०७१, पृ. २९) । यस कोणबाट हेर्दा आख्यानको बृहत् रूप लोक आख्यानमा पनि रहेको छ ।

### २.५ बृहत्तर रूप

आख्यानको बृहत्तर रूप उपन्यासका बृहत् रूपसँग मिल्दाजुल्दा हुन्छन् । यिनलाई त्रिपाठीले हिजोका बृहत् आख्ययिकाहरूमा र आधुनिक युगका महाउपन्यासहरूमा देखापर्छ भनेका छन् । उनले पद्य क्षेत्रमा विकसित आर्ष महाकाव्य पनि भनिने विशाल महाकाव्यहरूसँग र नाटक क्षेत्रका पूर्वीय महानाटक र पश्चिमी नाटकत्रयी आदिसँग बृहत्तर आख्यानको आयाम तुल्य हुने बताएका छन् । पूर्वीय साहित्यका पुराणका ठेलीहरू छन्दोबद्ध हुँदाहुँदै पनि बृहत्तर आख्यानका निकट देखिन्छन् । तिनीहरू कवित्वभन्दा बढी आख्यानका निकट देखिन्छन् (२०६६, पृ. २२०) । यस दृष्टिले नेपाली आख्यान परम्परामा देखा परेका बृहत् आख्यानमध्ये मदनमणि दीक्षितको माधवी, भवानी भिक्षुको ***आगत,*** गीताकेशरीको ***मुक्ति*** आदि पर्दछन् । यस्ता आख्यानहरूले जीवन जगत्का बहुल पक्षलाई एउटै रचनामा समेट्न सक्छन् ।

समग्रमा आख्यानको प्रभुत्व भएको सबै क्षेत्र आख्यान फाँट हो । आख्यानले कविता, निबन्ध र नाटकका साथै अन्य विधामा पनि यसको प्रभाव रहन्छ । यहाँ भने विशुद्ध आख्यानात्मक विधाहरूका खास खास रूपको विकास हुँदै आएको साहित्य परम्परामा देखिन्छ । यहाँ विमर्श गरिएका आख्यानात्मक स्वरूपका सिर्जनामध्ये लघुउपन्यास मझौला स्वरूपमा पर्दछ ।

लोकआख्यानका कोणबाट हेर्दा लोककथा परम्परामा पनि बृहत्तर स्वरूपका लोककथाहरू पाइन्छन् । बुधस्वामीद्वारा अनुवाद गरिएको नेपाली राष्ट्रिय अभिलेखालयमा रहेको बृहत्कथा, फारसी तथा अङ्ग्रेजी भाषामा छापिएको अरेबियन नाइट्स बृहत्तर स्वरूपका लोकाख्यान हुन् । बृहत् कथामा ४०० लोककथा र अरेबियन नाइट्समा १००१ लोककथा अनुस्यूत बनेको पाइन्छ । यी कथाहरू प्रारम्भमा एउटा कथाबाट आरम्भ भएर विकास भएका हुन् (पराजुली, २०७१, पृ २९) । यस दृष्टिले आधुनिक बृहद् आख्यानको प्रारूप लोकाख्यानहरूमै भेटिन्छ । प्रस्तुत आलेखमा आख्यानका यी स्वरूपगत विविध पक्षको सङ्केत मात्र गरेर लघुउपन्यासलाई चिनाउने प्रयत्न गरिएको छ । त्यस प्रयत्नमा मूलतः उपन्यास सिद्धान्तकै विविध पक्षको कसरी लघुकरण वा सङ्क्षिप्त रूप विकास भयो भन्ने जिज्ञासामा यो सैद्धान्तिक समीक्षा केन्द्रित रहेको छ ।

### ३. लघुउपन्यासको परिचय

लघुउपन्यास आकारले छोटो उपन्यास हो । यहाँ यस उपविधाका शाब्दिक अर्थ, परिभाषा, स्वरूप र प्रमुख तत्त्वहरूको निरूपण गरिएको छ ।

### ३.१ लघुउपन्यासको शाब्दिक अर्थ

नेपाली भाषामा लघुउपन्यास दुई पद 'लघु' र 'उपन्यास' मिलेर बनेको छ । यी दुई पदमध्ये 'लघु' पद संस्कृत भाषाको आफैमा पूर्ण छोटो अर्थवाचक विशेषण पद हो । यसको मूल निर्माण घु+ध्वी (लङ्घे+कु पनि) बाट भएको पाइन्छ । यहाँ प्रयोग भएको उपन्यास शब्द संस्कृत भाषाका उप+न्यास दुई पद मिलेर बनेको व्युत्पन्न शब्द हो । यसको मूल व्युत्पादन उप+नि+अस्+घञ् हुन्छ । यसको संस्कृत भाषामा प्रकट हुने शाब्दिक अर्थ भने नजिक राख्नु, वरिपरि राख्नु भन्ने हुन्छ (आप्टे, २०७३, पृ. २०७) । यसको तत्सम अर्थ भूमिका, प्रस्तावना, शिक्षा, विधि आदि अनेक हुने भए पनि यहाँ प्रयोग भएको व्युत्पन्न 'उपन्यास' शब्दको अर्थ खास सामाजिक परिवेश तथा चरित्रहरूको चित्रण भएको धेरै परिच्छेदहरूमा विभाजित आख्यानात्मक गद्य रचना भन्ने हुन्छ ।

शाब्दिक दृष्टिले हेर्दा 'उप' पदको अर्थ अमुख्य, निकट, सहायक र लघुसमेत हुन्छ । उप पदको लघु अर्थ हेर्ने हो भने लघुउपन्यससको अर्थ शाब्दिक दृष्टिले त्रुटिपूर्ण देखिन्छ । यसका प्रयोक्ताहरूले 'उप' पदको अर्थ स्वयम्मा 'लघु' पनि हुन्छ भन्ने पक्षमा भने ध्यान पुऱ्याएका छैनन् । यस विधाको नामकरणमा प्रयोग भएको 'लघु' शब्दले उपन्यास जस्तो तर छोटो आख्यानात्मक गद्य रचना भन्ने बुझाउँछ । लघुउपन्यासकारहरूले यसै अर्थलाई रूढ बनाउँदै र सोही अनुसार प्रयोग गर्दै आएका छन् । यस विधालाई बालकृष्ण पोखरेल (२०७० पृ. १२६३) ले लघुन्यासका रूपमा पनि चिनाएका छन् । यो अर्थ देवकोटाले सुलोचनालाई काव्यन्यास भनेका अर्थबाट प्रभावित देखिन्छ । काव्यमा लेखिएको उपन्यास काव्यन्यास भए जस्तै छोटो उपन्यास लघुन्यास भन्ने अर्थमा पोखरेलले लघुन्यास पद प्रयोग गरेको जस्तो देखिन्छ । साहित्यमा उपकथाका रूपमा पनि अर्को विधा अभ्यासमा छ तर यस पक्षमा पनि कथाशास्त्रीहरू र कथाका प्रयोक्ताहरू प्रायः मौन छन् ।

लघुउपन्यासलाई अङ्ग्रेजी भाषामा नोभेला (Novella) भनिन्छ । नोभेला शब्द इटालियन भाषाको शब्द हो र यसको अर्थ नयाँ भन्ने हुन्छ । सम्भवतः यसलाई आकारका दृष्टिले नयाँ साहित्य भएकाले यसलाई नोभेला भनिएको हुन सक्छ । यसका अन्य अङ्ग्रेजी नामहरू सर्ट नोभल (Short novel) र नोभिलिटी (Novelette) हुन् (पोखरेल, २०७०, पृ. १२६३) । नेपालीमा प्रयोग हुने लघुउपन्यास पद भने लघु र उपन्यास पदका बीचको समस्त व्युत्पन्न पद हो । यसले छोटो उपन्यास भन्ने अर्थ बहन गर्दछ । आख्यानात्मक उपविधामध्ये उपन्यासकै सबै तत्त्व र विशेषता रहेर पनि आकारले छोटो तर आफैमा पूर्ण कलात्मक आख्यान रचना नै लघुउपन्यास हो । तारानाथ शर्माको कथन निकै उल्लेख्य लाग्छ :

कथालाई कहिलेकाहीँ बढाएर उपन्यास बनाउन नसकिने पनि होइन तर मुख्य भिन्नता भने बेग्लै छ । कथा थोरै पात्रको र भरिसक्के एउटै पात्रको, एकै क्षणको नाटकीय अभिव्यक्ति हो श्वेतभैरवीजस्ती पात्रको उद्वेगजस्तो अथवा एउटै भावको केन्द्रीयतामा एकोहोऱ्याइँ हो 'त्यो फेरि फर्कला ?' की सानीको प्रतीक्षा जस्तो । क्षणिक आवेग, एकै झमटको अनुभूति, चरित्रको एउटै पक्ष, घटनाको एउटै मार्मिक प्रस्तुति,

भावनाको एउटै प्रकटीकरण इवाम्म दिन सक्ने गद्यमा लिखित कलात्मक रचना नै कथा हो । त्यस्तो रचनाको पृष्ठ गन्नु अनुचित हो । यस केन्द्रीय विशेषतालाई हृदयङ्गम गरियो भने उपन्यास चिन्न पटक्कै गाह्रो पर्दैन, किनभने उपन्यासले एउटै मात्र पात्रलाई अँगाले पनि, एउटै मात्र घटनालाई टिपे पनि र चरित्रका एउटै पाटाको चित्रण गरे पनि इवाम्म एकैचोटि नगरेर बिस्तारै बिस्तारै विकसित गर्दै लगेर छर्लङ्ग पार्दै लान्छ । -पृ. उ.न)

शर्माको यस अभिव्यक्तिले कथा र उपन्यास चिन्न मात्र होइन लघुउपन्यास, कथा र उपन्यास चिन्न र छुट्याउन पनि सघाउँछ । शर्माले प्रयोगका लागि प्रयोगले मात्र नयाँ विधा नहुने तर्क गरेका छन् । लघुउपन्यासले उपन्यासकै विशेषतालाई धेरै चाँडो पनि होइन र धेरै छिटो पनि होइन मध्यम गतिमा आत्मसात गरेको हुनुपर्छ । यस उपविधाले आफूलाई कथाका रूपमा नछोडी अधिकतम उपन्यासकै कित्तामा उभ्याउन सक्नुपर्छ ।

**३.२ लघुउपन्यासको परिभाषा**

नेपाली उपन्यास परम्परामा लेखिएका अधिकांश उपन्यास लघुउपन्यास हुन् तर तिनको सैद्धान्तिकीकरण भने उपन्यासका रूपमा भइरहेको छ । उपन्यासशास्त्रीहरूले पनि उपन्यास भनिएका कृतिलाई लघु, बृहत् वा बृहत्तर कुन कित्ताको रचना हो भन्ने पक्षलाई ख्याल नगरी सम्बन्धित रचनालाई उपन्यासका रूपमा मात्र चर्चा गरिरहेका छन् । एक किसिम नेपाली समीक्षा परम्परामा लघुउपन्यासको सैद्धान्तिक विमर्श भएको छैन । यस सम्बन्धमा नन्दु उप्रेती (२०७९) ले नेपाल प्रज्ञाप्रतिष्ठानको अनुसन्धान परियोजनामा र हेर केही अध्ययन गरेका छन् । उनको अध्ययनले प्रारम्भिक सूचना दिए पनि यस उपविधाका सबै पक्षलाई समेट्न सकेको छैन । यहाँ उप्रेती (२०७९, पृ २-३) का साथै अन्य विविध स्रोतबाट उपलब्ध परिभाषाहरूको सङ्कलन गरिएको छ ।

**३.२. १ लघुउपन्यासका कोशीय परिभाषा**

लघुउपन्यासका विषयमा सैद्धान्तिक परिभाषा ज्यादै कम भएको छ । सैद्धान्तिक र साहित्यशास्त्रीय परिभाषा नभए पनि नेपाली शब्दकोशहरूले लघुउपन्यास पदलाई प्रवृष्टि दिने र अर्थ राख्ने काम गरेका छन् । यहाँ त्यस्ता केही नेपाली र अन्य भाषाका शब्दकोश र साहित्यकोशका परिभाषालाई समेट्ने प्रयत्न गरिएको छ ।

**क) *नेपाली बृहत् शब्दकोश* (२०४०) का अनुसार** : लघुउपन्यास 'सङ्क्षिप्त औपन्यासिक तत्त्व भएको लामो कथाजस्तो सानो उपन्यास' हो । (त्रिपाठी/दाहाल, पृ. ११५९)

**ख) *नेपाली शब्दसागर* (२०५७) का अनुसार** : लघुउपन्यास 'औपन्यासिकता भएको लामो कथा, छोटो उपन्यास' हो । (नेपाल, पृ. ११४९)

**ग) *हिन्दी साहित्यकोश* (सन् १९८५) का अनुसार** : कथा विधाको अर्को लघुकथात्मक उपविधा विकास भएजस्तै उपन्यास विधाको छोटो आकारको अर्को उपविधात्मक रचना हो, यस उपविधाको उपन्याससँग भिन्नता एउटै छोटो आकारको उपन्यास हो भनेर भन्न सकिँदैन, मूलतः लामो-छोटो कथा लेखिनु मात्र होइन कि यसको स्वतन्त्र सिर्जनात्मक विशेष कला पनि हुन्छ । (बर्मा र अन्य, पृ. ५८३)

**घ) *इनकार्टा वर्ल्ड इङ्लिस डिक्सनरी* (सन् १९९९) का अनुसार** : लघुउपन्यास 'लघुकथा/कथाभन्दा लामो तर उपन्यासभन्दा छोटो आख्यानात्मक लघुऔपन्यासिक संरचना हो । (पृ.१२९५)

**ङ) द अक्सफोर्ड अमेरिकन डिक्सनरी अफ करेन्ट इङ्लिसका अनुसार** : लघुउपन्यास 'एउटा छोटो उपन्यास अथवा घटनाप्रधान कथा' हो । (पृ. ५३८)

माथिका कोशीय परिभाषाहरूले लघुउपन्यासलाई कथाभन्दा लामो र उपन्यास भन्दा छोटो मझौलो आफैमा पूर्ण आख्यान संरचनाका रूपमा चिनाएका छन् । कोशहरूले कुनै साहित्यिक विधा उपविधाको परिभाषा नै गर्नुपर्छ भन्ने छैन । कोशका पारिभाषा सर्वेक्षण भनेको कोशहरूले सम्बन्धित विधा र विषयलाई कसरी प्रवृष्टि दिएका छन् भन्ने पक्ष मात्रै समेटेका छन् ।

### ३.२.२ नेपाली र हिन्दी साहित्यका विद्वान्हरूका परिभाषा

लघुउपन्यासको सैद्धान्तिक बहस नहुँदा नहुँदै पनि केही नेपाली हिन्दी र अङ्ग्रेजी भाषाका विद्वान्हरूले यस विषयमा चर्चा गरेका छन् । यहाँ केही नेपाली र हिन्दी भाषाका विद्वान्हरूका परिभाषाका रूपमा लिन मिल्ने चिन्तन र अनुचिन्तनलाई प्रस्तुत गरिएको छ ।

**वासुदेव त्रिपाठी (२०६६) का अनुसार** : आख्यानको मध्यम रूप मूलतः लघुउपन्यासमा प्रकट हुन्छ र यो कविता फाँटको गाथा, खण्डकाव्य, लामोकविता आदिका साथै नाट्य क्षेत्रको एकाधिक दृश्यात्मक एकाङ्कीसँग आयामका दृष्टिले तुलनीय छ । (पृ. २०२०)

**राजेन्द्र सुवेदी (२०७९) का अनुसार** : कथावस्तुको सानो घेरो अँगालिएको हुन्छ - लघुउपन्यासमा । कथानक पनि सानो परिधिमा वितरित भएको हुन्छ । सीमित आयतनमा विस्तारित हुने कथाले कथानकका सम्भावना विस्तारका क्षेत्रहरू पनि सीमित मात्र प्राप्त गरेको हुन्छ । सीमित वस्तु र कथानकका भोक्ता पनि सीमितबाटै काम चल्ने भएकाले पात्रको उपस्थिति पनि कमै रहन्छ । थोरै तर स्पष्ट र ठोस समस्याबाट ग्रस्त पात्रहरूको सहभागितामा विषयवस्तुले गति प्राप्त गरेको हुन्छ । प्रमुख चरित्रको आचरणको स्पष्टता र परिशोधनका निम्ति नजिकै सहायक पात्रहरूका सकारात्मक र नकारात्मक आचरणहरू पनि प्रस्तुत भएका हुन्छन् । (पृ. ९१)

**यादव प्रकाश लामिछाने (२०६३) का अनुसार** : जीवनको सम्पूर्ण पक्षको चित्रण वर्णन नगरी केही खण्डको मात्र वर्णन गरिएको उपन्यास लघुउपन्यास मानिन्छ भने जीवनको व्यापक आयामलाई समेटेर विविध पक्षमा केन्द्रित रहेको बृहत् उपन्यास मानिन्छ । (पृ. १८३)

**त्रिभुवन सिंह (सन् १९७३) का अनुसार** : लघुउपन्यास लेखकको विषयगत स्वरूपको सार्थक एवम् कलात्मक अभिव्यक्तिको परिचय हो । यसका निश्चित कलात्मक स्वरूपमा लेखकको आत्माभिव्यक्ति र गहन अनुभूति प्रकट भएको हुन्छ । (पृ. ९३)

**प्रताप नारायण टण्डन (सन् १९६५) का अनुसार** : जीवनमा भएका वा हुने गरेका विशिष्ट घटना संवेदनशील र अनुभूतिबद्ध लेखाजोखा नै लघुउपन्यास बन्दछ ।' (पृ. १७)

**नन्दु उप्रेती (२०७९) का अनुसार** : छोटो एक बसाइमा पढेर सकिने सानो आकार वा आयामको उपन्यासलाई नै लघुउपन्यास भनिन्छ । (पृ. २६)

माथिका परिभाषाहरूको सर्वेक्षणबाट लघुउपन्यास आख्यानात्मक साहित्यका विविध उपविधामध्ये उपन्यासकै पूर्ण तर लघु आकृति हो भन्ने देखिन्छ । कोशीय परिभाषाहरू साहित्यिक गम्भीरता भन्दा पनि अर्थमै सीमित जस्ता लाग्छन् यद्यपि *नेपाली बृहत् शब्दकोश* (२०४०) को परिभाषाले 'सङ्क्षिप्त औपन्यासिक तत्त्व भएको लामो कथा जस्तो सानो उपन्यास' भनेर यसलाई प्रस्टसँग चिनाएको छ । *नेपाली शब्दसागर* (२०५७) को 'औपन्यासिकता भएको लामो कथा' भन्ने अर्थले लघुउपन्यासलाई लामो कथाका रूपमा

चिनाउने प्रयास गरेको छ र यसै कोशको 'छोटो उपन्यास' भन्ने अर्थले लघुउपन्यासका रूपमा चिनाउने प्रयास गरेको छ । *इनकार्टा वर्ल्ड इङ्लिस डिक्सनरी* (सन् १९९९) कथाभन्दा लामो तर उपन्यासभन्दा छोटो आख्यानात्मक लघु औपन्यासिक संरचना हो भन्ने दृष्टिकोण उल्लेख्य छ । कतिपय कोशहरूले लघुउपन्यासलाई प्रवृष्टि नै दिएका छैनन् । आख्यानशास्त्रीहरूले पनि कथा र उपन्यासको चर्चा गर्ने क्रममा लघुउपन्यासलाई उपविधाका रूपमा चर्चा गर्न चाहेका छैनन् ।

माथि प्रस्तुत गरिएका नेपाली र हिन्दी साहित्यशास्त्रीहरूका परिभाषामध्ये नेपाली साहित्यशास्त्री त्रिपाठी (२०६६) को चिन्तन निकै महत्त्वपूर्ण छ । उनले लघुउपन्यासलाई आख्यानको मध्यमरूपका रूपमा चिनाएका छन् । उनले यो मध्यमरूपलाई कविता फाँटको गाथा, खण्डकाव्य, लामोकविता आदिका साथै नाट्य क्षेत्रको एकाधिक दृश्यात्मक एकाङ्कीसँग पनि तुलना गरेका छन् । यस तुलनात्मक परिभाषाले लघुउपन्यासलाई चिन्न सहज बनाएको छ । राजेन्द्र सुवेदी (२०७९) को परिभाषाले लघुउपन्यासमा सबै उपन्यासकै तत्त्वहरूको सीमितता रहने पूर्ण रचनाका रूपमा चिनाएको छ । त्यस्तै लामिछाने (२०६३) को परिभाषामा रहेका जीवनको सम्पूर्ण पक्षको चित्रण वर्णन नगरी केही खण्डको मात्र वर्णन गरिएको उपन्यास भन्ने विचारले लघुउपन्यासलाई कथा विधा निकट बनाउँछ । यो परिभाषाले उपन्यासभन्दा बढी कथाका विशेषतालाई बोकेको छ । यस परिभाषाले जीवनको एक पक्षले मात्र पनि उपन्यास हुन सक्ने पक्ष भने बहसमा ल्याएको छ तर लघुउपन्यासका नाममा उपन्यासको अर्थ सङ्कुचनतर्फ अभिप्रेरित गरेको छ । सिंह (सन् १९७३) को परिभाषाले उपन्यासको भन्दा पनि उपन्यासको कलापक्षको मात्र उद्घाटन गरेको छ । यसले लेखकले निश्चित विषयगत स्वरूपको सार्थक एवम् कलात्मक अभिव्यक्तिका साथ लघुउपन्यास लेख्न सक्ने पक्ष उजागर गरेको छ । छोटोमा गहन अभिव्यक्ति प्रकट गर्ने रचनाका रूपमा भने यस परिभाषाको अर्थ गहिरो छ । टण्डन (सन् १९६५) ले लघुउपन्यासलाई जीवनगजत्का यथार्थको प्रकटनका रूपमा चिनाएका छन् । विशिष्ट घटनाको संवेदनशीलताको उद्घाटनलाई जोड दिएका छन् । उप्रेती (२०७९) को परिभाषाले लघुउपन्यासको अर्थलाई कथा वा लामोकथामा सीमित गरिदिएको छ । उनले छोटो, एक बसाइमा पढेर सकिने लघु आकारको उपन्यासका रूपमा चिनाएका छन् । यो परिभाषा आकारमा केन्द्रित र कथाकै परिभाषा जस्तो लाग्छ । यस विमर्शअनुसार लघुउपन्यासका प्रमुख स्वरूपलाई यसप्रकार टिपोट गर्न सकिन्छ :

(क) लघुआयाम भएको आख्यानात्मक उपविधा, (ख) लघुकथानकको प्रस्तुति भएको आख्यान, (ग) सीमित पात्रको प्रयोग भएको लघुआख्यान, (घ) सीमित आन्तरिक वा बाह्य परिवेशको चित्रण भएको आख्यान, (ङ) जीवनका कुनै एक पक्ष वा खण्डको आयामलाई समेट्ने आख्यान, (च) तीव्र गतिमा प्रवाहित हुने र केही घटनामा पढ्न सकिने आख्यान, (छ) निश्चित आन्तरिक वा वाह्य द्वन्द्वको प्रकटन, (ज) लघु आकार भएर पनि बृहत्आकारउन्मुख मध्यम आयामको आख्यान ।

माथिका परिभाषा र स्वरूप निर्धारणबाट लघुउपन्यासलाई केही मात्रामा चिन्न सकिन्छ । यहाँ समीक्षक एवम् उपन्यासकार तारानाथ शर्मा (२०५६) को यो भनाइ पनि उपन्यासको वा आख्यानको लघु र बृहत् रूपको चर्चाका क्रममा स्मरणीय छ :

...उपन्यासमा भने पात्र, पात्रको कथा, चारित्रिक विकास, जीवनका उकाली-ओरालीहरू भएनन् भने त्यो पट्टाइलाग्दो ढ्याङ्ग्रो ठटाइ हुन पुग्छ । छोटा विधामा

कथासँग यस विधाको रगतको साइनु छ । धेरै व्याख्याताहरूले र यस ग्रन्थका प्रणेताहरूले समेत छोटो कथालाई लम्याएर उपन्यास बनाउन सकिँदैन र उपन्यासलाई छोट्याउँदै लगेर कथामा पुङ्क्याउन सकिँदैन भनी ठोकुवा गरेका छन् । गोठालेको पल्लो घरको झ्याल कथाका रूपमा लेखिएको थियो, पछि त्यो कथाका लागि सेख लामो र उपन्यासका लागि सेख छोटो ठानिएर त्रिशङ्क भई केही कालबीच आकाशमा भुन्डिएको थियो । हुन पनि गोठाले उपन्यासकार थिएनन्, होइनन् अनि एक जना अनुभवी कथाकार एउटा कृतिमा अलिक लामा हुन पुगे भन्दैमा त्यस कृतिले आफ्नो जातबाट हटक हुनुपर्ने कुनै ऐन पनि थिएन, तर लहैलहैमा सबैले त्यस कृतिलाई उपन्यास भनिदिए र आजसम्मका समस्त समालोचक त्यसै हुइयाका पछि दुगुरिरहेका छन् । लामा र छोटाको कुरा गर्दा कोही-कोही लेखकहरू मुसो र हात्तीलाई पनि उभ्याउँछन् । मुसालाई विशाल बनाउँदा हात्ती हुँदैन र हात्तीलाई सानो पार्दै लाँदा मुसो हुँदैन भन्ने तिनको रमाइलो उदाहरण सुन्न पाइन्छ । उनीहरूले प्रतीकात्मक रुपले व्याख्या गर्न खोजेझैं मुसो कथा र हात्ती उपन्यास नभई दुवैको मिश्रण हुने धेरै सम्भावना छ । त्यति बेला यस्तो यान्त्रिक व्याख्या अपुग हुन्छ । (पृ. उ.न)

शर्माको यस दृष्टिकोणले लघुउपन्यास र उपन्यास भनेर वा कथा र लघुउपन्यास भनेर कुनै आख्यानको उपविधा छुट्याउन सजिलो छैन भन्ने पक्षलाई सङ्केत गर्दछ । उनले यसै सन्दर्भमा कथा र उपन्यासको फरक लामो र छोटो जस्ता बाहिरी नपाइबाट छुट्टयाउन खोज्नु कृत्रिम तरिका हो भनेका छन् । उनका अनुसार कति कथाहरू केही प्रसिद्ध उपन्यासभन्दा लामा पनि हुन सक्छन् । यस दृष्टिले लघुउपन्यासको निर्धारण पृष्ठ गनेर हुन नसक्ने र त्यसका गुणगरिमाका आधारमा मात्र निर्धारण हुने देखिन्छ ।

माथिको विमर्शले लघुउपन्यास हुन्छ तर यसको पहिचान पृष्ठ मात्र गनेर वा शब्द सङ्ख्या मात्र गनेर हुँदैन भन्ने बुझिन्छ । लघुउपन्यासले कथातिर भन्दा उपन्यासको व्यापकतातिरै पाइला लम्काएको र जीवनगजत्का बहुल पक्षलाई समेट्न प्रयत्न गरको हुनुपर्छ । धीरेन्द्र वर्मा र अन्यले पनि यसलाई लघु मात्र भनेर नपुग्ने र यसका शिल्प-विधानमा उपन्यासको परिणाम निस्कनुपर्ने विचार राखेका छन् (पृ. ५८३) । बर्मालगायतले ४००० पृष्ठदेखि २०००० शब्दसम्मको उपन्यासलाई उपन्यास भनिने परम्परालाई औंल्याउँदै कम शब्दमा औपन्यासिक ओज पनि बोक्ने कृतिलाई लघुउपन्यास मान्न सकिने धारणा राखेका छन् । मोटामोटी सय डेढसय पेजभित्रका १००० देखि २०००० -३००० शब्दसम्मका लघुआकारका उपन्यासलाई लघुउपन्यास भन्न र मान्न सकिन्छ । शब्दशङ्ख्या र पृष्ठसङ्ख्याले मात्र उपन्यासलाई लघुउपन्यास मान्न सकिँदैन । यस्तो सङ्ख्या र अन्य दृष्टिले पनि हेर्ने हो भने नेपाली उपन्यास परम्परामा देखापरेका आधाभन्दा बढी उपन्यास भनिएका कृतिहरू लघुउपन्यासभित्र पर्दछन् यद्यपि ती कृतिहरू कुन लघुउपन्यास हुन् र कुन उपन्यास हुन् भन्ने विमर्श हुन सकेको छैन ।

माथिका विभिन्न धारणा र विमर्शका आधारमा लघुउपन्यासलाई यसरी परिभाषित गर्न सकिन्छ :

लघुउपन्यास आख्यानात्मक उपविधाहरूमध्ये आफैमा पूर्ण न धेरै लामो न धेरै छोटो मझौला आकारको आख्यान संरचना हो । यसले उपन्यासको व्यापकतालाई सङ्केतिक रूपमा आत्मसात गर्दै बृहत् आख्यानका सम्पूर्ण तत्त्वलाई संयोजन गरेको हुन्छ । प्रायः एक वा दुई नायकको केन्द्रीयता, समीमित आन्तरिक र वाह्य परिवेशको

संयोजन र द्रूत गतिमा अगाडि बढ्ने कथानक यसका मूल पक्षहरू हुन् । यस्तो रचनालाई पृष्ठ गनेर वा शब्द सङ्ख्या गनेर भन्दा पनि औपन्यासिक पूर्णताकै आधारमा निर्धारण गर्नु सान्दर्भिक हुन्छ ।

### ३.३ लघुउपन्यासका तत्त्वहरू

लघुउपन्यास आख्यानात्मक उपविधामध्ये बृहत् विधा मानिने उपन्यासकै लघु रूप हो । यसलाई कथा वा लामो कथाका रूपमा मात्र चिन्न र चिनाउन सकिँदैन । यसका सबै गुणहरू उपन्यासका गुणसँग मिल्दाजुल्दा हुन्छन् । जीवनको एक खण्डभन्दा पनि यस विधाले व्यापक पक्षलाई नै समेटेको हुन्छ । यस उपविधाको प्रस्तुति शैली द्रूत हुने हुँदा समग्रमा कृतिको आकार छोटो वा खँदिलो बनिदिन्छ । लघुउपन्यासका तत्त्वहरू पनि आख्यानतत्त्व र मूलतः उपन्यास तत्त्वहरू नै हुन् । यहाँ औपन्यासिक तत्त्वकै आधारमा लघुउपन्यसका तत्त्वहरूको निर्धारण र सारभूत परिचय पनि दिइएको छ ।

उपन्यासका प्रत्यक्ष र अप्रत्यक्ष अनेक तत्त्वहरू छन् । आधुनिक युगमा यसलाई गद्य महाकाव्यका रूपमा चिनाउन थालेपछि त यसले कवितात्मक र नाट्यतत्त्वहरूलाई पनि गर्भित गर्न थालेको छ । लघुउपन्यासका सन्दर्भमा ती सबै पक्षको चर्चा नगरी केही अग्रज नेपाली उपन्यासशास्त्रीका चिन्तन र निर्धारणलाई पनि साक्षी राख्दै लघुउपन्यासका तत्त्व निर्धारण गर्ने प्रयास गरिएको छ । नेपाली अग्रज समीक्षक कृष्णचन्द्रसिंह प्रधान (२०५२) ले उपन्यासका आधारभूत तत्त्वका रूपमा कथानक, चरित्र, कथोपकथन, शैली, भाषा, वातावरण र उद्देश्यलाई लिएका छन् (पृ .७) । यी तत्त्वहरू उपन्यास संरचनाका लागि उपयुक्त नै देखिन्छ । त्यसै गरी अर्का नेपाली उपन्यासशास्त्री राजेन्द्र सुवेदी (२०५३) ले उपन्यासका गौण तत्त्व अरू पनि हुन सक्ने सङ्केत गर्दै मूल तत्त्वका रूपमा वस्तु, चरित्र, कथोपकथन, द्वन्द्व, परिवेश र उद्देश्यलाई मूल तत्त्वका रूप्मा मानेका छन् (पृ. १२-१३) । नेपाली उपन्यासका अध्येता कृष्णहरि बराल र नेत्र एटम (२०५६) ले उपन्यासका तत्त्वहरू निर्धारण गर्दा *इलिमेन्टस अफ लिटरेचर, स्टडिङ द नोभल एन इन्ट्रोड्क्सन* (सन् १९९२), द *बेडफर्ट इन्ट्रोडक्सन टु लिटरेचर* (१९८७) का साथै अर्का नेपाली उपन्यासशास्त्री घनश्याम नेपालको *आख्यानका कुरा* (२०४४) जस्ता कृतिलाई आधार मानी कथानक, चरित्र र चरित्रचित्रण, पर्यावरण, दृष्टिविन्दु, सारवस्तु, भाषा, प्रतीक र विम्ब, गति र लयजस्ता आठवटा तत्त्व निर्धारण गरेका छन् (पृ. २२) । यहाँ नेपाली एवम् अन्य भाषा साहित्यका उपन्यासलाई चिनाउन प्रयोग हुने गरेका प्रमुख तत्त्वलाई नै उपन्यास तत्त्व मानी तिनको लघुउपन्यासमा कसरी अनुकूलन गरिएको हुन्छ भन्ने पक्ष उद्घाटन गरिएको छ ।

लघुउपन्यासका तत्त्वलाई उपन्यासका मूल तत्त्वभन्दा पर राखेर व्याख्या विश्लेषण गर्न सकिने अवस्था छैन । यस उपविधालाई उपन्यासकै र त्यसमा पनि आख्यानकै साझा तत्त्वका आधारमा चिनाउनु सान्दर्भिक हुन्छ । यस दृष्टिले लघुउपन्यासका तत्त्वहरू कथानक, पात्रयोजना, परिवेशयोजना, भाषाशैली, उद्देश्य, दृष्टिविन्दु र रूपक सामर्थ्य हुन् । लघुउपन्यासमा अन्य सूक्ष्म तत्त्व पनि हुन सक्ने पक्षलाई मध्यनजर गर्दै यहाँ यिनको चर्चा गर्ने क्रममा उपन्यासकै केन्द्रीयतामा कसरी लघुउपन्यासानुकूलन गर्ने भन्ने पक्ष उद्घाटन गरिएको छ ।

#### ३.३.१ कथावस्तु र कथानक

उपन्यास सिर्जनामा प्रयोग भएको कथा वा विषयवस्तुलाई कथा र त्यस कथावस्तुको

प्रस्तुति ढाँचालाई कथानक भनिन्छ । वस्तु र कथानक भनेर यसै तत्त्वलाई भिन्नाभिन्नै चर्चा गर्न सकिने र गरेको पनि पाइन्छ । कथानकले नै उपन्यासको विकासमा टेवा पुऱ्याउँछ । कथानक उपन्यास र लघुउपन्यासमा मात्र होइन माथि सङ्केत गरिएका सबै आख्यानात्मक लघुतम, लघु, मध्यम, बृहत् र बृहत्तर उपविधाको मेरुदण्ड हो । यस आधारमा पनि लघुउपन्यासमा कथानकको प्रमुख भूमिका रहन्छ ।

उपन्यासको कथावस्तु बहुल विषय क्षेत्रलाई समेटेर सोहीअनुसार अगाडि बढिरहेको हुन्छ भने लघुउपन्यासको कथावस्तुअनुसार यसको कथानक तीव्र गतिमा अगाडि बढ्दछ । उपन्यासका तुलनमा लघुउपन्यासको कथानक एकात्मक हुन्छ । उपकथाहरू कम हुने वा हुँदै नहुने र मूल कथा पनि कसिलो हुने हुँदा यो एकात्मक कथानकप्रधान हुन्छ (बर्मा, सन् १९५८, पृ. ६७९) । यस्तो छोटो कथावस्तु सोझो भन्दा बढी साङ्केतीक वा ध्वन्यार्थप्रधान भएको पाइन्छ । गोविन्दबहादुर मल्ल गोठालेको *पल्लो घरको झ्याल,* विश्वेश्वरप्रसाद कोइरालाको *मोदीआइन,* केशवराज पिँडालीको *बाँच्ने एउटा जिन्दगी,* सरुभक्तको *चुली,* नयराज पन्तको *उलार* आदि उपन्यासका कथावस्तुलाई साङ्केतीक कथावस्तुका रूपमा लिन सकिन्छ र तिनको कथानक ढाँचा निकै आकर्षक लाग्छ ।

कथावस्तु उपन्यासको विषय वा मूल कथा हो भने त्यसको सङ्गठन कथानक हो । नेपाली लघुउपन्यासको अनुगमन गर्दा पुराण, इतिहास, यथार्थमूलक अनुभव, मिथक, विशेष रागात्मक सौन्दर्य, स्वैरकल्पना आदि उपन्यासका विषय वा कथावस्तु देखिन्छन् । तिनको कथानक ढाँचा प्राय रैखिक र केही वृत्ताकारीय देखिन्छ । नेपाली उपन्यास परम्परामा *बसाइँ, चुली* आदि रैखिक ढाँचाका नमुनायोग्य कथानक ढाँचा हुन् भने आधुनिक थुप्रै लघुपन्यासले वृत्ताकारीय ढाँचाको अवलम्बन गरेका छन् । आधुनिक पाठकको रुचि पनि रैखिक भन्दा वृत्ताकारीय ढाँचाको कथानक बुनोटमा केन्द्रित छ । यो उपन्यास र लघुउपन्यासमाथि परेको आधुनिक चलचित्र र नाट्य सिर्जनाहरूको प्रभाव पनि हो ।

लघुउपन्यासको कथानक विकास आरम्भ, सङ्घर्ष विकास, उत्कर्ष, सङ्घर्ष ह्रास र उपसंहारकै क्रममा हुन्छ । यसको प्रस्तुति वृत्ताकारीय ढाँचामा प्रस्तुत गरेका सन्दर्भमा सङ्घर्ष विकास, उत्कर्ष वा संघर्षह्रासको अवस्थाबाट पनि कथावस्तुको आरम्भ हुन सक्छ र उक्त क्रमको विचलन गर्दै रहस्यमय ढङ्गले अगाडि बढ्छ ।

लघुउपन्यासमा बृहत् र बृहत्तर उपन्यासम जस्तो सहायक कथानकहरूले उति ठाउँ पाउँदैनन् । पाए पनि तिनीहरू मूल कथावस्तु जस्तो शक्तिशाली बन्न पाउँदैनन् । लघुमध्यम (मझौला) उपविधा हुँदा यस उपविधाको कथानक सुगठित र व्यवस्थित रूपमा प्रस्तुत गरिएको हुन्छ । यस उपविधामा संयुक्तभन्दा पनि सरल कथानकको प्रयोग बढी भएको देखिन्छ । कतिपय लघुउपन्यासले दुखान्तक, हास्यप्रधान सुखान्तक, व्यङ्ग्यात्मक एवम् रागात्मक कथावस्तु र सोहीअनुसारको कथानकको प्रयोग गरेको देखिन्छ । आजका अधिकांश उपन्यासका कथानकमा त्रासद परिस्थितिको सामना र मुक्तिको रहस्यमय उद्घाटन देखिन्छ । *चुली* जस्ता लघुउपन्यासले झिनो कथानकलाई विषय बनाएका भए पनि मूलतः उपन्यासले कथा नै भनेको हुन्छ (फोस्टर, १९९०, पृ. ४०) भन्ने धारणालाई बिर्सनु हुँदैन । झिनो वा सघन कथानकका जतिसुकै चर्चा भए पनि र प्रयोग भए पनि सबल र सुगठित कथानकले नै लघुउपन्यास र उपन्यासलाई

प्रबल बनाउँछ ।

### ३.३.२ पात्रविधान

उपन्यासको वस्तु वा कथावस्तुलाई गति दिने र सम्पूर्ण कार्यव्यापारलाई अगाडि बढाउने तत्त्व पात्र हो । पात्रको उपस्थितिले कथावस्तुलाई गति दिन्छ । पात्रयोजनाअन्तर्गत पात्रको भूमिका, उपस्थिति, आन्तरिक वा बाह्य द्वन्द्वको अवस्था के कसरी प्रस्तुत गरिएको छ भन्ने पक्षलाई समेट्न सकिन्छ । यसलाई पात्र र चरित्रचित्रण, पात्रयोजना, पात्रविधान पनि भनिन्छ ।

पात्र उपन्यासको कथावस्तुको संवाहक तत्त्व हो । लेखकले आफ्नो प्रवक्ता वा उदेश्य संवाहकका रूपमा पात्रलाई उभ्याएको हुन्छ । यस दृष्टिले लघुउपन्यासमा सीमित पात्रहरूको प्रयोग भएको हुन्छ । प्रायः लघुउपन्यासमा प्रयोग हुने पात्रहरू प्रमुख, सहायक र गौण भूमिकामा देखिन्छन् । सीमित भूमिकाबाटै पात्रहरू उपन्यासको कथानकको विकास र उद्‌देश्य प्राप्तिमा लम्किइरहेका हुन्छन् । गोविन्द गिरी प्रेरणाले ***मात्र एक रात*** लघुउपन्यासलाई दुई वटा पात्रको प्रयोगले पूर्ण गरेका छन् । विश्वेश्वरप्रसाद कोइरालाको *मोदीआइन* उपन्यासमा मोदीआइन र सानोबाबु दुई पात्रको केन्द्रीय भूमिका उदाहरण योग्य लाग्छ । सरुभक्तको *चुली* उपन्यासमा ऊ पात्रको मात्र केन्द्रीयता छ र अरू सबै पात्र गौण भूमिकामा छन् । लैनसिंह बाङ्देलको *लङ्गडाको साथी* उपन्यासको लङ्गडाको भूमिका, लीलबहादुर क्षेत्रीको *बसाइँ*को धने, नयराज पाण्डेको *उलार*को ललवा, आहुतिको *स्खलन*को ग्रीष्मराज पौड्याल आदि लघुउपन्यासलाई सुहाउँदा उदाहरणयोग्य पात्र हुन् र तिनको योजना पनि उदारहणयोग्य छन् ।

लघुउपन्यासमा उपन्यासमा जस्तै प्रमुख, सहायक र गौण पात्रहरूको प्रयोग हुन्छ । कतिपय पात्रहरू प्रसहायक पात्रका रूपमा देखापर्दछन् । तिनको वर्गीकृत विश्लेषण भने भएको पाइँदैन । गौण पात्रका रूपमा छोड्न पनि नसकिने र कथानकसँग बद्ध भएर आउने विषयवस्तु वा घटनाको विशेष सूचना दिने सहायक पात्रलाई प्रसहायक पात्र मान्न सकिन्छ । प्रायः लघुउपन्यासका पात्रहरू यथार्थ र आदर्श, अन्तर्मुखी र बहिर्मुखी, गोला र च्याप्टा, सार्वभौम र आञ्चलिक, पारम्परिक र मौलिक द्वन्द्वमा अगाडि बढेका हुन्छन् । उपन्याको विकासमा गोला र च्याप्टा पात्रहरूको विशेष मूमिका हुन्छ । गोलापात्रले लघुउपन्यासलाई पठनीय बनाउँछन् । पल्लोघरको झ्याल उपन्यासकी मिसरी यस किसिमका पात्रहरूकी उदाहरण हो ।

उपन्यासको पात्रविधानअन्तर्गत चरित्रचित्रणका अनेक आधार विकसित छन् । त्यस्ता आधारहरू लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता, आबद्धता जस्ता हुन सक्छन् (शर्मा, २०४८, पृ. १७५) यस आधारलाई शैलीवैज्ञानिक आधारका रूपमा अनुचिन्तन र व्याख्या विश्लेषण गर्दै आइएको छ । आजका लघुउपन्यासमा नायक अनायक, एकल नायकत्व, बहुनायकत्व आदिको प्रयोग पनि हुन थालेको छ । सबै खलनायकमा नकारात्मक चरित्र रहने र सबै नायकमा सकारात्मक चरित्र मात्र रहने पक्ष कमजोर बन्दै गएको देखिन्छ ।

उपन्यासमा पात्र र तिनको चरित्रचित्रण विषयमा विभिन्न पक्ष समेटिँदै आएका छन् । डब्लु एच हड्सनले उपन्यासमा प्रत्यक्ष वा वर्णनात्मक (वर्णनात्मक) र अप्रत्यक्ष (नाटकीय) पद्धतिबाट चरित्र चित्रण गर्न सकिने विषय अगाडि सारेका छन् (सन् १९७९, पृ. १४६) यद्यपि लघुउपन्यासका सन्दर्भमा र आधुनिक उपन्यास एवम् आख्यानात्मक अन्य

विधाका सन्दर्भमा पनि चरित्रचित्रणका पद्धतिहरू फरक ढङ्गले विकास भएका छन् । प्रायः घटना र दृश्यका माध्यमबाट नाटकमा जस्तै चारित्रिक विशेषतालाई देखाउन सकिन्छ ।

### ३.३.३ परिवेश योजना

परिवेश योजना आख्यानात्मक विधा उपविधाहरूको साझा तत्त्व हो । यस तत्त्वले कथावस्तु र पात्रलाई नाच्ने ठाउँ दिन्छ । लघुउपन्यासमा परिवेशको विशेष भूमिका हुन्छ । परिवेशअन्तर्गत देश, काल र वातावरण पर्दछ । परिवेशकै रूपमा सांस्कृतिक मूल्यहरू उपन्यासमा अभिन्न बनेर आउँछन् ।

देश र काल दुवै भौतिक (स्थूल), सामाजिक (सूक्ष्म) दुवै किसिमको हुन सक्छ । हट्सनले भौतिक परिवेशलाई चरित्रले कार्य गरेको स्थान, स्थिति र समयवृत्त मानेका छन् । त्यस्तै सामाजिक परिवेशमा सामाजिक भावभूमि, रीतिथिति, रहनसहन आदिको समष्टि समेटिएको हुन्छ । यसमा भौगोलिक विशेषताका संस्कारहरू पनि समेटिएका हुन्छन् । नेपाली उपन्यास परम्परामा लघुउपन्यास मान्न सकिने *बसाइँ र खैरिनी घाट, लङ्गडाको साथी* आदिको परिवेश योजना निकै चित्रात्मक र विशेष लाग्छ । आधुनिक लघुउपन्यास र अन्य आख्यानात्मक विधा पनि सांस्कृतिक मौलिक परिवेश केन्द्रित र क्रमशः आञ्चलिक र ग्रामीण एवम् मिथकीय परिवेशहरूमा केन्द्रित हुँदै गएका देखिन्छन् । यो प्रभाव र प्रयोग अन्य भन्दा आख्यानका उपविधामध्ये लघुउपन्यासमा बढी प्रतीकात्मक रूपमा प्रयोग भएको देखिन्छ ।

लघुउपन्यासमा कुनै सांस्कृतिक, ऐतिहासिक, आञ्चलिक आदि परिवेश प्रयोग गर्न सहज हुन्छ । नेपाली लघुउपन्यासले यही सजिलोलाई निश्चित जाति, तिनका परम्परागत चाडपर्व, निश्चित पेसा व्यवसाय, निश्चित क्षेत्र एवम् समूह केन्द्रित परिवेशलाई प्रस्तुत गरेको पाइन्छ । राजेन्द्र सुवेदीका अनुसार जुनसुकै पात्र नयाँ क्रियाकलापमा प्रवृत्त भएको देखिन लाग्यो भने त्यस पात्रका आचरणमा नवीनता जन्माउन सक्रिय भूमिका खेल्ने तत्त्वका रूपमा परिवेशको प्रभाव हुन्छ (२०५३, पृ. १९) । समय र परिस्थितिका प्रभावमा पात्र चलायमान हुन्छ । मानिसका फरक फरक व्यवहार, जीवनवृत्तिका पेसा व्यवसाय, जीवनपद्धतिका मूल्यहरू परिवेश केन्द्रित भएर प्रकट भएका हुन्छन् । यस तत्त्वले आन्तरिक र वाह्य दुवै तलबाट पात्रलाई प्रभाव पारिरहेको हुन्छ । आख्यानका कथा र लघुउपन्यासका साथै उपन्यास जस्ता विधामा यस तत्त्वको भूमिका निकै सशक्त हुन्छ ।

### ३.३.४ उद्देश्य

सबै साहित्यिक रचनाको र कलाको पनि निश्चित उद्देश्य हुन्छ । उद्देश्यलाई अन्तर्वस्तु, भाव वा विचार पनि भन्न सकिन्छ । उद्देश्यले लेखकले सम्बन्धित विधाको सम्बन्धित कृति किन लेख्यो भन्ने कुरा प्रस्ट पार्दछ । लघुउपन्यासको सिर्जनामा पनि निश्चित उद्देश्य वा लेखकीय विश्वदृष्टि रहन्छ ।

लघुउपन्यासका सन्दर्भमा 'उद्देश्य' अति आवश्यक तत्त्व हो । उपन्यासकारले के उद्देश्य राखेर उपन्यास लेखेको हो ? भन्ने कुरा बुझ्नलाई उद्देश्य तत्त्व सहायक हुन्छ । उद्देश्यले नै कृतिको प्राप्ति अप्राप्तिको निर्क्योल गर्दछ । केन्द्रीय कथ्य वा भाव प्रकटनका लागि होस् वा लघुउपन्यासकारको विचार अभिव्यक्त गर्न होस् उद्देश्यको भूमिका महत्त्वपूर्ण रहन्छ ।

समग्र साहित्य परम्परालाई हेर्दा पूर्वीय काव्यशास्त्रमा धर्म, अर्थ, काम र मोक्ष

जस्ता चतुर्वर्गको प्राप्तिलाई सिर्जनाको उद्देश्य मानिएको थियो । आजका सिर्जनामा त्यो उद्देश्य परिवर्तन भएर आएको छ । सम्बन्धित विषयसापेक्ष समाजअपेक्षित विचारको, ज्ञानको प्रवाह वा यथार्थको प्रकटीकरणमा आजका लघुउपन्यास केन्द्रित देखिन्छन् । उद्देश्यले उपन्यासकारको वैचारिक धरातल निर्धारण गर्ने भएकाले लघुउपन्यासमा यसको प्रधानता रहन्छ । छोटो आयतनभित्र कस्तो उद्देश्य प्रकट गर्ने भन्ने पक्षमा लघुउपन्यासकार सचेत देखिन्छन् । लघुउपन्यासको उद्देश्यले लेखकको समाजप्रतिको, मानवप्रतिको, विश्वप्रतिको धारणा निर्धारण गर्दछ । लघुउपन्यासहरू आधुनिक समाजका उपज भएकाले यिनका उद्देश्यमा बहुलता विविध यथार्थको प्रकटनका साथै विश्व मानवकल्याणको कामना अपेक्षित देखिन्छ ।

**३.३.५ दृष्टिविन्दु**

दृष्टिविन्दुलाई कतिपय द्रष्टाले सिर्जनाको उद्देश्यसँग पनि जोडेको देखिन्छ यद्यपि दृष्टिविन्दु रचनामा पात्रको उपस्थिति हो । लघुउपन्यासका सन्दर्भमा यस तत्त्वले पात्रको उपस्थितिका साथै स्रष्टा र पात्रका बीचको सम्बन्धलाई पनि सङ्केत गरेको हुन्छ ।

उपन्यास कुन दृष्टिविन्दुमा प्रस्तुत गर्ने भन्ने विषयमा उपन्यासकार बेलैमा सचेत हुन्छ । आफूले प्रस्तुत गर्ने कथावस्तुलाई आफ्नै केन्द्रीयतामा प्रस्तुत गर्दा उपयुक्त हुन्छ भन्ने लाग्यो भने 'म', 'हामी' जस्ता पात्रको प्रयोग सान्दर्भिक हुन्छ । यस्तो प्रयोगलाई प्रथम पुरुषात्मक आन्तरिक दृष्टिविन्दु भनिन्छ । आजका धेरै लघुउपन्यासहरू यस दृष्टिविन्दुको प्रयोगमा रुचि राख्छन् ।

उपन्यासमा अर्कै पात्रलाई उभ्याएर विषयवस्तु प्रस्तुत गर्ने दृष्टिविन्दु तृतीयपुरुष दृष्टिविन्दु हो । अन्य पात्र (ऊ, त्यो अथवा सम्बन्धित पात्रको नाम) को प्रयोग गरिएका उपन्यास यस कित्तामा पर्दछन् । यस्तो प्रयोगलाई तृतीय पुरुषात्मक बाह्य दृष्टिविन्दु भनिन्छ । नेपाली लघुउपन्यास परम्पराम हेर्दा आहुतिको *स्खलन* केन्द्रीय प्रथमपुरुष दृष्टिविन्दुको प्रयोग भएको औपन्यासिक कृति हो भने केशवराराज पिँडालीको *बाँच्ने एउटा जिन्दगी* परिधीय आन्तरिक दृष्टिविन्दुको प्रयोग भएको लघुउपन्यास हो ।

नेपाली लघुउपन्यासको अनुगमन गर्दा धेरै उपन्यासहरू बाह्य दृष्टिविन्दुको प्रयोग भएको देखिन्छ । गोविन्दबहादुर गोठालेको पल्लोघरको झ्याल, सरुभक्तको चुली आदि बाह्य दृष्टिविन्दुको प्रयोग भएका लघुउपन्यास हुन् ।

**३.३.६ कथोपकथन**

साहित्यिक कृतिमा कथोपकथनलाई संवाद पनि भनिन्छ । लघुउपन्यासमा पात्रका बीचमा विचार विनिमय गर्ने तत्त्वका रूपमा कथोपकथनको प्रमुख भूमिका हुन्छ । यस तत्त्वले एउटा पात्रको विचारलाई अर्को पात्रसम्म पुऱ्याउनका लागि माध्यमको काम गर्दछ । संवाद नाट्यरचनाको प्रधान तत्त्व हो तर आधुनिक आख्यानमा यसको प्रयोग प्रशस्त मात्रामा हुन थालेको छ । कविता विधालेसमेत आख्यानलाई लिन थालेको छ । आख्यानका उपन्यास र लघुउपन्यासमा यस तत्त्वको प्रधानता छ । लघुउपन्यासमा संवादको प्रयोग भयो भने कथानकलाई पात्रले नै अगाडि बढाउन सक्छन् । उपन्यासको गति तीव्र हुनुपर्ने र छोटो आयाममा सकिनुपर्ने भएकाले लघुउपन्यासमा संवादको भूमिका अहम् रहन्छ ।

संवाद छोटो छरितो विषयवस्तु विकासको माध्यमका रूपमा काम गर्ने शैली हो । संवादको उपयोग भएन भने उपन्यासकारले कथालाई वर्णनात्मक शैलीमा अगाडि

बढाउनुपर्ने हुन्छ र त्यस्तो वर्णनका लागि लघुउपन्यास र कथाहरूमा उपन्यास र बृहत् उपन्यासमा जस्तो पर्याप्त ठाउँ हुँदैन । सीमित लेखन एवम् प्रशारणभूमिमा विषयवस्तु प्रस्तुतिको तीव्रताका लागि संवाद महत्त्वपूर्ण माध्यम बनिदिन्छ । संवादात्मक शैलीका माध्यमबाट कथावस्तुलाई अगाडि बढाउने वा विषयवस्तुको कार्यकारण शृङ्खला अनुकूल बनाएर गति दिने कार्यमा संवाद वा कथोपकथनको भूमिका उल्लेख्य रहन्छ । संवादले उपन्यासभित्र पर्याप्त मात्रामा गति, यति र लयको पनि सिर्जना गर्दछ । बराल र एटमले त गति यति र लयलाई पनि उपन्यासको तत्त्वकै रूपमा चर्चा गरेका छन् । यी शैली प्रधान तत्त्व हुन् । नयराज पाण्डेको *उलार,* आहुतीको *स्खलन* आदि लघुउपन्यास संवाद प्रयोगका दृष्टिले उल्लेख्य छन् । उपन्यासशास्त्रीहरूले संवाद वा कथोपकथनलाई छुट्टै तत्त्व नमानी भाषाशैलीकै एक अङ्गका रूपमा पनि चर्चा गर्ने गरेका छन् तर यसलाई भाषाशैलीमा सीमित गरिनु भन्दा यसकै केन्द्रीयतामा उपन्यासको बनोट र बुनोट पनि पहिल्याउने सम्भावना रहेकाले यहाँ छुट्टै तत्त्वका रूपमा चर्चा गरिएको हो ।

**३.३.७ भाषाशैली**

साहित्यिक सिर्जनामा विषयवस्तुको सम्प्रेषणका लागि भाषा र त्यसको प्रस्तुति शैलीको आवश्यकता पर्दछ । लघुउपन्यासलगायत आख्यानात्मक रचनाहरूमा विषय वा कथावस्तुको सम्प्रेषणका लागि 'भाषा' चाहिन्छ । तिनको प्रस्तुतिको कलात्मकताका लागि 'शैली'को आवश्यकता पर्दछ । उपन्यासको भाषाशैली वर्णनात्मक, विवरणात्मक, संस्मरणात्मक, आत्मकथात्मक, संवादात्मक, अन्तर्क्रियात्मक आदि जुनसकुकै हुन सक्छ । यीमध्ये कुनै शैलीलाई उपन्यासकारले छनोट गरेको हुन सक्छ ।

उपन्यासको भाषामा विचलनशील भन्दा पनि कम विचलनशील भाषाको प्रयोग अपेक्षित रहन्छ । सरुभक्तको *चुली* लघुउपन्यासको भाषा निकै विचलनशील र कवितात्मक पनि छ त्यत्ति भएर पनि उनले भाषिक विचलनलाई सन्तुलित रूपमा प्रयोग गरेका छन् । कविता र आख्यान जस्ता विधामा मञ्चनका वा भेषभूषाका माध्यमबाट केही भन्ने ठाउँ रहँदैन । सबै कुरा लेखकले भाषामा नै भन्नुपर्ने हुन्छ । त्यस आधारमा उपन्यासको भाषा शक्तिशाली हुनुपर्दछ । आवश्यकताअनुसार स्थानीय, मौलिक आगन्तुक र तद्भवशब्दको प्रयोगले नेपाली उपन्यासको भाषालाई प्रबल बनाएको देखिन्छ ।

नेपाली लघुउपन्यासको अनुगमन गर्दा वर्णनात्मक र विवरणात्मक भाषाशैलीको प्रयोग बढी देखिए पनि संवादात्मक र अन्तक्रियात्मक शैली बढी उपयुक्त देखिएको छ । वर्णनात्मक र विवरणात्मक एवम् व्याख्यात्मक शैली बृहत् आकारका उपन्यासमा मात्र उपयोगी देखिएका छन् । यस्तो शैलीमा उपन्यासकारको सक्रियता देखिन्छ र यो लघुउपन्यासमा त्यत्ति सुहाउँदो हुँदैन । संवादात्मक शैलीमा पात्रको सक्रियता हुने गर्दछ र यसले विषयवस्तुलाई छिटोभन्दा छिटो अगाडि बढाउन सघाउँछ । यस विषयमा छुट्टै बुँदामा चर्चा भइसकेको छ ।

लघुउपन्यासलगायत आख्यानात्मक रचनाहरूको अनुगमन गर्दा तिनको भाषा पात्रअनुकूल भयो भने बढी सम्प्रेष्य भएको देखिन्छ । त्यस्तै भाषा परिवेशअनुकूल भयो भने त्यो सिर्जना अझ सुन्दर र स्वाभाविक पनि बनेको पाइन्छ । उपन्यासको शैली स्थानीय लवजको भाषासहित आकर्षक, कुतूहलपूर्ण, उत्सुकता जागृत गर्ने खालको हुन आवश्यक छ । यसका लागि उपन्यासले सही शैलीको चयन गरेका खण्डमा उपन्यास सफल भएको देखिन्छ ।

लघुउपन्यासको प्रस्तुतीकरण घटनाको तीव्र प्रस्तुतिमै केन्द्रित देखिँदादेखिँदै पनि तीव्र वर्णनले कुनै रचनालाई असल उपन्यास बन्न दिँदैन । लैनसिंह बाङ्देलको *लङ्गडाको साथी* र शंकर लामिछानेको *खैरेनीघाट* उपन्यासको भाषा एवम् चित्रात्मक वर्णन गर्ने शैली नेपाली लघुउपन्यास परम्परामा उल्लेख्य छन् । यसै कित्तामा विश्वेश्वरप्रसाद *कोइरालाको मोदीआइनलाई* पनि लिन सकिन्छ । हिरण्य भोजपुरेको *छिटेन* को वर्णनात्मक शैली निकै आकर्षक लाग्छ । गोविन्दराज भट्टराईको मणिपुरको चिठी (२०३४) को पत्रात्मक एवम् वर्णनात्मक शैली निकै आकर्षक छ ।

लघुउपन्यासमा घटनाको सन्तुलित विकासक साथै कथानकको कसिलो बुनोट अपेक्षित रहन्छ । यस्तो रचनामा चरित्रको आकर्षक वा कुरूप निर्माण, परिवेशको चित्रात्मक वा संस्कृतिप्रधान उद्घाटन, सुसंस्कृत समाज र विकृत समाज वा प्रवृत्तिको उठान आदिका लागि द्रूत शैली प्रत्युत्पादक बनिदिन्छ । यसका लागि लेखकले सन्तुलित शैलीको प्रयोग गर्न आवश्यक छ । सकेसम्म पाठकका मनमा अब के हुन्छ ? को जिज्ञासा जागृत गर्ने खालको सन्तुलित शैली लघुउपन्यासमा उपयुक्त देखिएको छ । शैलीले नै लघुउपन्यासको समापनलाई पनि सङ्केत गर्दछ । लघुउपन्यासको र अन्य आख्यानात्मक विधाको पनि समापन प्रभावकारी बनाउनलाई समेत शैलीको विशेष भूमिका हुन्छ ।

### ३.३.८ विम्ब-प्रतीकजन्य रूपक सामर्थ्य

विम्ब, प्रतीक, अलङ्कार जस्ता कलात्मक भाषा निर्माणका तत्त्वहरूको चर्चा आख्यान र अन्य गद्यविधामा कम मात्र गरिन्छ । त्यसो भए पनि आख्यानात्मक विधामा पनि र अन्य साहित्यिक मूल्यका जुनसुकै विधामा विम्ब प्रतीक र रूपक सामर्थ्यको आवश्यकता हुन्छ । त्यस सामर्थ्यको प्रयोग लेखकले शीर्षक चयनदेखि नै गरिरहेको हुन्छ । पात्र, परिवेश निर्माण र ससाना घटनाले पनि यसपतर्फ संङ्केत गरिरहेका हुन्छन् । आधुनिक उपन्यास र लघुउपन्यास एवम् कथा र लघुकतामा विम्ब र प्रतीकको प्रयोग अत्यधिक भइराखेको हुन्छ ।

नेपाली लघुपन्यासको प्रयोग परम्पराको अनुगमन गर्दा केही छोटा उपन्यासले पनि विम्ब प्रतीक र अन्य रूपक र रूपकातिशयोक्तिका माध्यमबाट बृहत् उपन्यासले दिने सन्देश दिइरहेका छन् । यस अर्थमा लघुउपन्यासमा र अन्य आख्यानात्मक र गैर आख्यानात्मक गद्यमा पनि रूपक सामर्थ्यजन्य विम्ब र प्रतीकको प्रयोग अभिन्न तत्त्वकै रूपमा भएको हुन्छ । यस तत्त्वको प्रयोगले रचनालाई अझ विशेष र दीर्घप्रभावी बनाउँछ ।

साहित्यशास्त्रमा परको अर्थ बुझाउने वस्तु वा घटनालाई सिम्बोल वा प्रतीक भनिन्छ । यो थोरैमा धेरै भन्न सकिने विशेष तत्त्व हो । आजका सबै साहित्यको रूपका सामर्थ्यलाई हेर्ने पश्चिमी ज्यावल वा तत्त्व यही विम्ब हो । *पल्लोघरको झ्याल* उपन्यासमा प्रयोग भएको पल्लोघरको झ्याल आफैमा प्रतीक हो । *चुली* उपन्यासको चुली वा सगरमाथा आफैमा एउटा प्रतीक हो । *लङ्गडाको साथी* उपन्यासको लङ्गडो, उसको लाठी आफैमा प्रतीक हो । त्यहाँको बादलमा छिपेको परिवेश अर्को प्रतीक हो ।

उपन्यास आधुनिक महाकाव्य हो वा लघुउपन्यास आधुनिक काव्य हो भने यसमा प्रतीकको वा प्रतीकसापेक्ष रूपक सामर्थ्यको प्रयोग र अध्ययन दुवै हुन आवश्यक छ । अग्रज उपन्यासशास्त्रीमध्ये कृष्णहरि बराल र नेत्र एटमले प्रतीकलाई पनि अभिन्न

तत्त्वकै रूपमा लिएका छन् । उनीहरूले उपन्यासलाई एउटा भाषिक प्रतीकका रूपमा चर्चा गरेका छन् (पृ. ४४) । यस दृष्टिले हेर्दा नेपाली भषामा लेखिएका प्रयोगशील उपन्यास र लघुउपन्यासहरू प्रतीकमय लाग्छन् ।

विम्ब कला आस्वादनका क्रममा हुने छाया हो । यसलाई वस्तुको मस्तिष्कमा पार्ने छायाका रूपमा बुझ्न सकिन्छ । उपन्यासभित्र कुनै पात्र, परिवेश, स्थिति वस्तु आदिका माध्यमबाट विषयलाई प्रबल बनाउनमा यसको प्रमुख भूमिका हुन्छ । यसले अमूर्त पक्षको मूर्तनका लागि अमूर्त विषय वा वस्तुलाई नै अगाडि सार्दै साहित्यिक कलात्मक एवम् रागात्मक भाषाको निर्माण गर्न सघाउ पुर्‍याउँछ । विम्बले विषयवस्तुको बोधलाई सहज बनाउने मात्र होइन भाषा र कथ्यलाई एकाकार गर्ने भूमिका पनि खेलिरहेको हुन्छ ।

रूपक सामर्थ्यसापेक्ष विम्ब र प्रतीकको प्रयोग कवितात्मक र नाट्यविधाकेन्द्रित तत्त्व भए पनि अहिले यसको प्रयोग उपन्यास र अन्य विधामा पनि हुन थालेको छ । लघुउपन्यासमा थोरै समयसीमामा धेरै भन्नुपर्ने, थोरै शब्दमा धेरै अभिव्यक्त गर्नुपर्ने हुँदा यसमा रूपक सामर्थ्य अपेक्षित रहन्छ ।

### ४. निष्कर्ष

आजको विश्वसाहित्यमा कवितात्मक, नाट्य र निबन्धात्मक विधाका तुलनामा आख्यानात्मक विधा र उपविधाहरू लोकप्रिय बनिरहेका छन् । तिनमा आख्यानका कथा र उपन्यास जस्ता विधा विचार र विषय सम्प्रेषणका प्रभावकारी माध्यम बनिरहेका छन् । त्यस्ता सहज र सम्प्रेष्य माध्यम भएकैले यिनका लघुकथा, कथा, लामोकथा, लघुउपन्यास, उपन्यास र बृहत् उपन्यास जस्ता संरचनात्मक स्वरूपहरू देखा परिरहेका छन् । त्यस्ता स्वरूपहरूमध्ये एक प्रमुख स्वरूप लघुउपन्यास हो । यस विधामा घटनाको प्रधानता हुने र त्यस्तो घटनाले मानवका दैनिकीका साथै आधुनिक जनजीवन र जीवन जगत्को चित्र खिच्ने क्षमता राख्ने हुनाले यसको सिर्जना र पठनमा विकास भइरहेको छ ।

लघुउपन्यास उपन्यासकै लघु रूप हो । यसको रक्तसम्बन्ध कथासँग रहे पनि संरचनात्त्मक आयाम कथाभन्दा बढी उपन्याससँगै निकट हुन्छ । कथा लम्बिएर लामो कथा मात्र बन्न सक्छ त्यो उपन्यास नै नबन्न सक्छ । लघुउपन्यासको ढपढाँचा उपन्यासका शैलीमा निर्माण भई अगाडि बढेको हुन्छ । सरसरती हेर्दा लघुउपन्यास उपन्यासको एउटा प्रयोग हो । आजका उपन्यासशास्त्रीहरूले उपन्यास विधालाई नाटक, कथा र महाकाव्यसँग दाँजेर हेरिरहेका छन् । कथा भन्दा पनि नाटक र महाकाव्यसँग दाँज्दै उपन्यासले नाटक र महाकाव्यलाई गर्भित गर्दैछ । ती विधालाई अतीतका विधा बनाएर स्थापित हुँदैछ भन्ने दावी गरिरहको छन् । यो दावीको सन्दर्भ सुहाउँदो भइसकेको छैन । सबै विधाका आआफ्ना मूल्य रहेका छन् ।

सरसरती हेर्दा उपन्यासको जन्म पनि पश्चिममै भएका हो र लघुउपन्यास, बृहत् उपन्यासको प्रयोग पनि उतै भएको हो । लघुउपन्यास उपन्यासकै अनुकूलन हो । उपन्यासकै प्रयोग र नवप्रयोग वा सङ्क्षिप्त प्रयोग हो भन्ने कुरा बिर्सनु हुँदैन । यस विधामा सम्पूर्ण उपन्यासका शास्त्रीय मूल्यहरू रहन्छन्, त्यस्ता मूल्यका बिचमा सङ्क्षिप्तता र तीव्रताले लघुउपन्यासको अस्तित्त्व रहन्छ ।

लघुउपन्यासमा घटना पौराणिक, ऐतिहासिक, यथार्थ, काल्पनिक, अतिकाल्पनिक

जे भए पनि युगसापेक्ष साधारणीकरण गरिएको हुन्छ । गम्भीर र अस्थीर सबै पाठकका लागि शक्तिशाली भावविधान लघुउपन्यासको सिर्जनात्मक वा प्रयोगगत सामर्थ्य हो । यस उपविधामा उपन्यासको लम्बेतान वर्णनलाई प्रतीक र विम्ब एवम् अन्य रूपक सामर्थ्य र कथोपकथनका माध्यमबाट सारभूत बनाइएको हुन्छ र नै आधुनिक एवम् उत्तरआधुनिक सिर्जनाको प्रिय विधा बनिरहेको छ ।

### सन्दर्भ सामग्री सूची

### (क) देवनागरी लिपिका सन्दर्भ सामग्री

अधिकारी, हेमाङ्गराज र भट्टराई, वद्रीविशाल (२०६१). *प्रयोगात्मक नेपाली शब्दकोश.* काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि ।

आप्टे, वामन शिवराम (२०७३). *संस्कृत- हिन्दी कोश.* वाराणसी : चौखम्भा संस्कृत भवन ।

उप्रेती, नन्दु (२०७९). *नेपाली लघुउपन्यास परम्परा र प्रवृत्ति.* काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

कोइराला, विश्वेश्वरप्रसाद (२०५०) *मोदीआइन* (तेस्रो संस्क.). ललितपुर : साझा प्रकाशन ।

कोइराला, शङ्कर (२०५४). *खैरेनीघाट* (नवौं संस्क.). ललितपुर : साझा प्रकाशन ।

क्षेत्री, लीलबहादुर (२०७६) *बसाइँ* (आठौं संस्क.). ललितपुर : साझा प्रकाशन ।

गोठाले, गोविन्दबहादुर मल्ल (२०५०) *पल्लोघरको झ्याल* (आठौं संस्क.). ललितपुर : साझा प्रकाशन ।

टण्डन, प्रताप नारायण (सन् १९६५) *हिन्दी उपन्यास का कला.* लखनउ : हिन्दी समिति सूचना विभाग ।

त्रिपाठी, वासुदेव (२०६६). *साहित्य-सिद्धान्त : शोध तथा सृजनविधि.* काठमाडौं : पाठ्य-सामग्री पसल ।

त्रिपाठी, वासुदेव र दाहाल, बल्लभमणि (२०४०) *नेपाली बृहत् शब्दकोश.* काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

देवकोटा, लक्ष्मीप्रसाद (२०७४). चम्पा. काठमाडौं : मञ्जरी पब्लिकेसन ।

नेपाल, घनश्याम (२०४४) *आख्यानका कुरा.* सिलिगुडी : नेपाली साहित्य प्रचार समिति ।

नेपाल, वसन्तकुमार शर्म्मा (२०५७). *नेपाली शब्दसागर.* काठमाडौं : भाभा पुस्तक भण्डार ।

पराजुली, मोतीलाल (२०७१) *नेपाली लोककथा : सिद्धान्त र विश्लेषण.* काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।

पाण्डे, नयनराज (२०७२) *उलार* (पाँचौं संस्क). काठमाडौं : पाइन प्रिन्ट बुक्स ।

पिँडाली, केशवराज (२०६५). *बाँच्ने यौटा जिन्दगी* (छैटौं संस्क.) ललितपुर : साझा प्रकाशन ।

पोखरेल, बालकृष्ण (२०७०). *पोखरेलको बृहत् नेपाली-अङ्ग्रेजी-नेपाली कोश.* विराटनगर : श्याम पुस्तक भण्डार ।

प्रधान, कृष्णचन्द्रसिंह (२०५२). *नेपाली उपन्यास र उपन्यासकार* (तेस्रो संस्क.). ललितपुर : साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०३७). *नेपाली उपन्यास र उपन्यासकार* . काठमाडौं : साझा प्रकाशन ।

प्रेरणा, गोविन्द गिरी (२०५५). मात्र एक रात. काडमाडौं : राइटर्स क्लब ।

बर्मा, धीरेन्द्र र अन्य (१९८५). *हिन्दी साहित्य कोश.* वाराणसी : ज्ञानमण्डल लिमिटेड ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०५६). *उपन्यास-सिद्धान्त र नेपाली उपन्यास.* ललितपुर :

साझा प्रकाशन ।
बराल, कृष्णहरि र एटम, नेत्र (२०५८). *उपन्यास-सिद्धान्त र नेपाली उपन्यास* (दोस्रो संस्क.). ललितपुर : साझा प्रकाशन ।
भिक्षु, भवानी (२०३४).*पाइप नं २*. ललितपुर : साझा प्रकाशन ।
भट्टराई, गोविन्दराज (२०३४). मणिपुरको चिठी. ललितपुर : साझा प्रकाशन ।
भोजपुरे, हिरण्य (२०५४). *छिटेन गोरी* ललितपुर : साझा प्रकाशन ।
राई, इन्द्रबहादुर (२०७६). *नेपाली उपन्यासका आधारहरू* (पाँचौं संस्क.). ललितपुर : साझा प्रकाशन ।
लामिछाने, यादवप्रकाश (२०६३) *नेपाली कथा र उपन्यास सिद्धान्त- समीक्षा.* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।
शर्मा, तारानाथ (२०५८). 'भूमिका' (पृ. उ.न). *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* (दोस्रो संस्क.). कृष्णहरि बराल र नेत्र एटम (ले.). ललितपुर : साझा प्रकाशन ।
शर्मा, मोहनराज (२०४८) *शैलीविज्ञान*. काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।
शुभेच्छु, रमेश (२०७९) 'सुसाइट नोट कथाकृतिका केन्द्रीयतामा हरि भट्टराईको कथाकारिता '(पृ. ४-२७) *सुसाइट नोट*. हरिभट्टराई (ले.). काठमाडौं शब्दार्थ प्रकाशन ।
सरुभक्त (२०६०). *चुली*. कास्की : पोखरेली युवा सांस्कृतिक परिवार ।
सिंह, त्रिभुवन (सन् १९७३) *उपन्यास शिल्प और प्रयोग*. वाराणसी : हिन्दी प्रचार संस्था ।
सुवेदी, राजेन्द्र (२०५३). *नेपाली उपन्यास परम्परा र प्रवृत्ति*. वाराणसी : भूमिका प्रकाशन ।
सुवेदी राजेन्द्र (२०७९). *राजेन्द्र सुवेदीका समकालीन समालोचना*. दुवसु क्षेत्री (सम्पा.). काठमाडौं : वसुन्धरा मान प्रज्ञाप्रतिष्ठान ।

**(ख) रोमन लिपिका सन्दर्भ सामग्री**

Abate, Frank R. (1999) . *The Oxford American Dictionary of Current English*. New York : Oxford University Press Oxford
Forster, E.M. (1990) *Aspects of the Novel (Reprinted)*. England: Penguin Books
Fox, Ralph (1994). *The Novel and the people*. London : Cobet Publishing Limited.
Hudsan, W.H. (1979) *An Intriduction to the studay of literature(Reprinted)*. New Delhi: Kalyani Publishers.
Johnson,Greg (2021). 'Novels for the Nineties'. *Contemporary literary criticism*. Georgia: Georgia Review (45/2).Roney, Kathy (1999).*ENCARTA WORLD ENGLISH DICTIONARY*. Londen: Bloomsbury Publishing plc.
www.oxfordreference.com.

ä ã

**के तपाईंले शब्दार्थका शब्दकोशहरू पढ्नुभएको छ ?**

# नेपाल राष्ट्र बैंकको अनुरोध

तपाईंलाई फोन वा इमेलबाट विदेशमा चिट्ठा परेको वा रकम सहयोग प्राप्त भएको भन्ने जस्ता आकस्मिक लाभको सूचना आएमा ठगी धन्दा हुन सक्छ ।

---

पैसा पठाउन तपाईंको बैंक खाता पठाउनुहोला अथवा कर लगायत प्रक्रिया पुऱ्याउनका लागि यति रकम जम्मा गर्नुहोला भनेर मेसेज आएमा पनि ठगी नै हुन सक्छ ।

---

आफूले नकिनिकन चिट्ठा परेको भन्ने जस्ता कल्पित भ्रममा नपरौं ।

---

बैंक तथा वित्तीय संस्थाबाट बोलेको भनी तपाईंको युजर नेम/पासवर्ड मागेमा नदिनुहोस् ।

---

यसप्रकारका ठगी धन्दाबाट बेलैमा सजग बनौं र वित्तीय क्षति हुनबाट बचौं ।